## परिच्छेद एक

## १. शोध परिचय

### १.१ शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **धवलागिरि अञ्चलका प्रतिनिधि कथाकार र तिनका प्रमख कृतिको अध्ययन** रहेको छ ।

### १.२. शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्कायअन्तर्गत स्नातकोत्तर तहको नेपाली विषयको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

### १.३. विषय प्रवेश

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने धवलागिरि अञ्चलको सांस्कृतिक, ऐतिहासिक एवम् साहित्यिक पृष्ठभूमि गरिमामय रहेको छ । लोक साहित्यको धनी धवलागिरि अञ्चलको लिखित साहित्य समग्र नेपाली साहित्यको प्राथमिककालदेखि नै क्रमिक रूपमा विकास हुँदै आएको छ । यस अञ्चलमा जन्मिएर वा यसै अञ्चललाई कर्मभूमि बनाएर प्राथमिककालीन कवि वीरशाली पन्तदेखि हालसम्म थुप्रै साहित्यकारहरूले साहित्यको सिर्जना गरी धवलागिरि अञ्चल र समग्र नेपाली साहित्यको श्रीवृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याएका छन् । यसै सिलसिलामा नेपाली साहित्यको आधुनिककालको प्रथम प्रहरमै यथार्थवादी कथा लेखेर कथाकारका रूपमा स्थापित बन्न सफल कृष्णबम मल्ल, मोहनबहादुर मल्ल र पछिल्लो समयमा कथालेखनमा सक्रिय, प्रेम छोटा, गोविन्दलाल श्रेष्ठ, नरसिंहभक्त तुलाचन, शिवकुमार प्रधान, अविनाश श्रेष्ठ, साधना प्रतीक्षा, भास्कर, दिल साहनी, सदानन्द अभागी, इन्द्रकुमार विकल्प, दिनबन्धु शर्मा आदि थुप्रै कथाकारले कथाको विधागत सचेतता, उपविधागत वर्गीकरण, विभिन्न वाद तथा सिद्धान्तको प्रयोगका साथ यस क्षेत्रको कथापरम्परालाई अगाडि बढाएका छन् । यसरी धवलागिरि अञ्चलको साहित्यिक विकासका सन्दर्भमा यहाँको समग्र कथापरम्पराको सर्वेक्षण, उल्लेखनीय योगदान पुऱ्याउने प्रतिनिधि कथाकारहरू छनोट तथा तिनका कथाकृतिको अध्ययन विश्लेषण नै यस शोधकार्यको विषय हो ।

### १.४ समस्याकथन

धवलागिरि अञ्चलको साहित्यिक पृष्ठभूमि धरै पुरानो भए तापनि यहाँको साहित्यको विधागत अध्ययन पर्याप्त छैन । त्यसमा पनि धवालागिरि अञ्चलका कथाको छुट्टै अध्ययन भएको छैन । त्यसैले यस शोधमा धवलागिरिका कथाको स्वरूप, विकासक्रम र कथाकारको प्रवृत्तिका

सम्बन्धमा विस्तृत अध्ययन विश्लेषण र मूल्याङ्कन गर्नु यस शोधकार्यको मुख्य समस्या बनेको छ। साथै यस शोधकार्यमा निम्नानुसार समस्या रहेका छन् :

क) धवलागिरि अञ्चलको नेपाली कथापरम्परा कस्तो छ ?

ख) धवलागिरि अञ्चलका कथाकार र तिनका कथाकृतिहरू के कति छन् ?

ग) धवलागिरि अञ्चलका कथाकृति के कस्ता छन् ?

घ) धवलागिरि अञ्चलका प्रतिनिधि कथाकार कसकसलाई मान्न सकिन्छ ?

उपर्युक्त समस्याहरूको समाधानमा केन्द्रित रहँदै अन्य सान्दर्भिक र प्रासङ्गिक प्रश्नहरूको उत्तरहरूको खोजीबाट यस शोधकार्यलाई पूर्णता दिइएको छ।

**१.५ शोधको उद्देश्य**

धवलागिरि अञ्चलको कथा परम्परा र त्यस परम्परामा देखिएका कथाकारहरूको योगदानको अध्ययन र विश्लेषण गरिएको छ। प्रस्तुत शोधपत्रले निम्न उद्देश्यको परिपूर्ति गर्ने लक्ष्य राखेको छ।

क) धवलागिरि अञ्चलको साहित्यिक पृष्ठभूमिमा कथा परम्पराको अध्ययन गर्नु।

ख) धवलागिरि अञ्चलका कथाकारहरूको सर्वेक्षण गर्नु,

ग) धवलागिरि अञ्चलमा कथा विधाको सङ्ख्यात्मक तथा गुणात्मक उपलब्धिको मूल्याङ्कन गर्नु।

घ) धवलागिरि अञ्चलको प्रतिनिधि कथाकारहरू छनोट गर्नु।

**१.६ पूर्वकार्यको समीक्षा**

धवलागिरि अञ्चलको नेपाली साहित्यपरम्परा पुरानो भए पनि यहाँको कथा र कथाकारका बारेमा जति चर्चा हुनुपर्ने हो त्यति मात्रामा चर्चा हुन सकेको पाइँदैन। केही राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा धवलागिरिका कथा र कथाकारका बारेमा गरिएका पूर्व प्रयासहरू निम्नानुसार उल्लेख गरिएको छः

क) डा. दयाराम श्रेष्ठ र मोहनराज शर्माले **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास** (२०५९) मा कृष्णबम मल्ललाई यथार्थवादी युगका कथाकारका रूपमा उल्लेख गरेका छन्।

ख) यदुनाथ पौड्यालले **उपन्यासकार मोहनबहादुर मल्ल र उनका प्रतिनिधि उपन्यास** शीर्षकको शोधपत्र (अप्रकाशित-२०४८) मा मोहनबहादुर मल्ल लोकपरम्परा र सामाजिक

धरातलमा उभिएका आदर्शोन्मुख कथाकार भनी उल्लेख गरेका छन् । तर उनको कथा र कथाकारिताको विस्तृत चर्चा गरेका छैनन् ।

ग) प्रेम छोटाले मधुपर्क (२०५३) मा प्रकाशित **धवलागिरि अञ्चलका साहित्यकार र कृतिहरू** लेखमा धवलागिरिका केही कथाकारहरूको उल्लेख गरेका छन् ।

घ) ठाकुरप्रसाद पराजुलीले **धवलागिरिका कथाहरू** (२०५३) को भूमिकामा नेपाली साहित्यको सन्दर्भमा धौलागिरि अञ्चलको साहित्यिक परम्पराको चर्चा गर्दै कथाकार मोहनबहादुर मल्ल र कृष्णबम मल्लबाट धवलागिरिमा आधुनिकताको प्रादुर्भाव भएको उल्लेख गरेका छन् ।

ङ) गणेशप्रसाद शर्माले **नेपाली साहित्यमा बागलुङ जिल्लाको योगदान** (२०५५) मा बागलुङ जिल्लाका सम्पूर्ण साहित्यकारहरूको चर्चा गर्ने क्रममा केही कथाकारहरूका बारेमा चर्चा गरेका छन् ।

च) सुमन्तनाथ सुबेदीले **नेपाली साहित्यमा पर्वत जिल्लाको योगदान** (२०५६) शीर्षकको शोधपत्रमा पर्वत जिल्लाको सङ्क्षिप्त परिचय, साहित्यिक पृष्ठभूमि र गतिविधि उल्लेख गर्दै केही कथाकार र तिनका कथाकृतिहरूको उल्लेख गरेका छन् ।

छ) वेलकमारी उच्चैले **कृष्णबम मल्लको कथाकारिता** (२०५७) शीर्षकको शोधपत्र ( अप्रकाशित) मा कथाकार कृष्णबम मल्लको परिचय दिँदै उनका विशेषता र प्रकाशित तीन ओटा कथासङ्ग्रहको विश्लेषण गरेकी छन् जसमा कथाकार मल्ललाई आदर्शोन्मुख यथार्थवादी कथाकारका रूपमा चिनाउने प्रयास गरेकी छन् ।

यसरी विभिन्न लेखक तथा समालोचकले धवलागिरिका कथाकार र तिनका कृतिको अध्ययन र समालोचना गरेको भए तापनि समग्र धवलागिरि अञ्चलको कथा परम्परा र यहाँका कथाकारहरूको विस्तृत अध्ययन र मूल्याङ्कन भएको पाइँदैन । आजसम्मका अध्ययनमा भएका यिनै कमी र कमजोरीलाई मध्यनजर गरी प्रस्तुत शोधकार्यलाई पूर्णता दिइएको छ ।

## १.७ शोधको औचित्य

यस शोधकार्यबाट धवलागिरि अञ्चलको सामान्य परिचयका साथै यहाँको साहित्यिक पृष्ठभूमि, कथा लेखनको परम्परा, कथाकारहरूको परिचय र तिनका कथाकृतिहरूको बारेमा जानकारी दिने प्रयास गरिएको छ । धवलागिरि अञ्चलअन्तर्गतको साहित्यिक गतिविधिका बारेमा जति पनि खोज अनुसन्धान र मूल्याङ्कनका कार्य भएका छन् ती यस क्षेत्रको कथापरम्पराको यथार्थ अवस्था र स्वरूप प्रस्तुत गर्न पर्याप्त छैनन् । त्यसैले धवलागिरिका प्रतिनिधि कथाकार र तिनका

कथाकृतिको अध्ययन गरी ती कथाहरूको विधागत सैद्धान्तिक स्वरूप, साहित्यिक विकासमा तिनको भूमिका र समाजलाई दिने सन्देश वा प्रभाव के कस्तो छ भन्ने कुराको अध्ययन गरिएको छ जुन सम्बन्धित विषयमा अध्ययन गर्न चाहने पाठक, विद्यार्थी र अनुसन्धानकर्ताका लागि उपयोगी सामग्री बन्नेछ ।

## १.८ सीमाङ्कन

प्रस्तुत शोधपत्रमा धवलागिरि अञ्चलको सीमाभित्र रही यस अञ्चलअन्तर्गतका चार जिल्ला (पर्वत, बागलुङ, म्याग्दी र मुस्ताङ) को सङ्क्षिप्त परिचय दिँदै यहाँको साहित्यिक पृष्ठभूमि, यस अञ्चलमा जन्मिएर यहीँ बसोबास गरेका र पेसागत रूपमा त्यस अञ्चलभन्दा बाहिर रहेका साहित्यकार र तिनका साहित्यिक कृतिको सर्वेक्षण गरिएको छ । साथै धवलागिरि अञ्चलका कथाकारहरूको सामान्य परिचय र कथाकृतिको अध्ययन र विश्लेषण गर्दै नेपाली कथाका क्षेत्रमा तिनले पुऱ्याएका यागदानको पनि चर्चा गरिएको छ । धवलागिरिमा कथालेखनको आरम्भदेखि हालसम्म प्रकाशित कथा र कथाकारहरूको अध्ययनमा यो शोधकार्य केन्द्रित रहेको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्रमा शोध विषयसँग सम्बन्धित आवस्यक सामग्रीहरू प्राथमिक तथा द्वितीय स्रोतबाट सङ्कलन गरिएको छ । यसमा सामग्री सङ्कलनका लागि क्षेत्रीय अध्ययन पद्दति ( प्रश्नावली र अन्तर्वार्ता) र पुस्तकालयीय अध्ययन पद्दतिको प्रयोग गरिएको छ । सम्बन्धित विषयका बारेमा पत्रपत्रिकामा गरिएका टिप्पणी र समीक्षालाई सहायक सामग्रीका रूपमा लिइएको छ । आवस्यकताअनुसार सम्बद्ध क्षेत्रका विभिन्न विद्वान्, प्राध्यापक, समालोचक र सङ्घ-संस्थाबाट पनि लिखित तथा मौखिक जानकारी लिइएको छ । धवलागिरि अञ्चलको चिनारी, समग्र साहित्यक सर्वेक्षण, कथा लेखनमा प्रवृत्त कथाकार र तिनका कृतिको अध्ययन विश्लेषणमा केन्द्रित यस शोधकार्यका लागि ऐतिहासिक, वर्णनात्मक र विश्लेषणत्मक पद्दतिलाई अवलम्बन गरिएको छ ।

प्रतिनिधि कथाकार छनोटका लागि निश्चित आधार तयार गरिएको छ । सोहीअनुसार आवश्यक सामग्री सङ्कलन गरी तिनको प्रारम्भिक अध्ययनपश्चात् केही कथाकारहरूलाई प्रतिनिधि कथाकारका रूपमा छनोट गरिएको छ । यसरी छनोट गरिएका कथाकारहरूलाईं तिनको कृति प्रकाशनको वर्षका आधारमा क्रमशः प्रस्तुत गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

शोधकार्यलाई सहज र सुव्यवस्थित बनाउन र शोधपत्रको संरचनालाई सुसङ्गठित पार्नका लागि शोधपत्रलाई निम्नानुसार परिच्छेदमा विभाजन गरिएको छ :

**परिच्छेद एकः  शोध परिचय**

यस परिच्छेदमा शोधपत्रको सामान्य परिचय दिइएको छ ।

**परिच्छेद दुईः:  धवलागिरि अञ्चलको सङ्क्षिप्त चिनारी**

यस परिच्छेदअन्तर्गत धवलागिरि अञ्चलको भौगोलिक, सांस्कृतिक, सामाजिक, ऐतिहासिक तथा शैक्षिक अवस्था एवम् गतिविधिको सङ्क्षेपमा चर्चा गरिएको छ ।

**परिच्छेद तीनः  धवलागिरि अञ्चलको साहित्यिक पृष्ठभूमि र परम्परा**

यस परिच्छेदमा धवलागिरि अञ्चलको साहित्यिक पृष्ठभूमि, नेपाली साहित्यको विकास प्रक्रिया, विविध साहित्यिक गतिविधि र यहाँका प्रमुख साहित्यकारहरूको परिचय प्रस्तुत गरिएको छ । यहाँको साहित्यिक गतिविधिअन्तर्गत साहित्यिक सङ्घ-संस्थाहरू, पत्रपत्रिका र अन्य साहित्यिक कार्यक्रमहरूको योगदानलाई प्रस्तुत गरिएको छ ।

**परिच्छेद चारः कथा-सिद्धान्त र धवलागिरि अञ्चलको कथा-परम्परा**

यस परिच्छेदमा नेपाली कथा सिद्धान्त र विकासक्रम साथै धवलागिरिको नेपाली कथा परम्परालाई सङक्षिप्तमा प्रस्तुत गरिएको छ ।

**परिच्छेद पाँचः  धवलागिरि अञ्चलका प्रतिनिधि कथाकार र तिनका कथाकृतिको विश्लेषण**

यस परिच्छेदमा धवलागिरि अञ्चलका प्रमुख कथाकारहरूमध्येबाट नेपाली कथा विधामा उल्लेखनीय योगदान पुऱ्याउने केही कथाकारहरूलाई प्रतिनिधि कथाकारका रूपमा छनोट गरी तिनीहरूको परिचय र कथाकारिताको विवेचना गरिएको छ ।

**परिच्छेद छ : उपसंहार**

यस परिच्छेदमा शोधपत्रमा प्रस्तुत गरिएका सम्पूर्ण कुराहरूलाई निष्कर्षमा प्रस्तुत गरिएको छ ।

## परिच्छेद दुई

## २. धवलागिरि अञ्चलको सङ्क्षिप्त चिनारी

### २.१ भौगोलिक अवस्था

#### २.१.१ अवस्थिति

धवलागिरि अञ्चल नेपालको पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गतका तीन अञ्चल मध्यको एक हो । यो अञ्चल महाभारत पर्वत श्रृङ्खलाअन्तर्गत पर्दछ । यो सामुद्रिक सतहबाट न्युनतम ५४० मिटरदेखि अधिकतम ८१६९ मिटरसम्मको उचाइमा रहेको छ । यस अञ्चलको कुल क्षेत्रफल ८१४८ वर्ग कि. मि. छ । विश्वमानचित्रमा हेर्दा यो अञ्चल ८३°' देखि[1] ८४° १५' सम्म[2] पूर्वी देशान्तर तथा २७° ५८' देखि[3] २९° ५' सम्म[4] उत्तरी अक्षांशसम्म फैलिएको छ ।

यस अञ्चलको पूर्वी सीमाना गण्डकी अञ्चलका कास्की र स्याङ्जा जिल्ला, दक्षिणमा गण्डकी अञ्चलको स्याङ्जा र लुम्बिनी अञ्चलको गुल्मी जिल्ला तथा पश्चिममा राप्ती अञ्चलको डोल्पा जिल्ला पर्दछन् । यस अञ्चलको उत्तरी सीमाना चीनको स्वशासित क्षेत्र तिब्बतसँग जोडिएको छ । मध्य पहाडी क्षेत्रमा पर्ने जिल्ला पर्वत र बागलुङ, पहाडका साथै हिमाललाई समेटेको म्याग्दी जिल्ला र हिमालपारीको जिल्ला मुस्ताङले धवलागिरि अञ्चललाई भौगोलिक विविधता प्रदान गरेको छ । मूलतः अति शीतोष्ण हिमाली प्रदेश, शीतोष्ण महाभारत तथा मध्यवर्ती पहाडी प्रदेशमा फैलिएर रहेको छ । पहाडी प्रदेशलाई पनि लेकाली भाग, पहाडी भाग र बेँशी गरी तीन भागमा वर्गीकरण गरिएको पाइन्छ ।[5] यो अञ्चलमा गल्छी, नदी किनारका समथर बेँसी, टार, भिर-पाखा, भन्ज्याङ-देउरालीका अतिरिक्त धवलागिरिलगायतका हिमशिखरहरू अवस्थित छन् ।

यो अञ्चल भौगालिक विविधताले युक्त भएकाले यहाँको हावापानीमा पनि विविधता रहेको पाइन्छ । तापक्रम र वर्षाको विभिन्न अनुपात हुने यहाँका विभिन्न भौगोलिक प्रदेशहरूमा उष्ण मनसुनी, शीतोष्ण मनसुनी, लेकाली र हिमाली अथवा ध्रुवीय हावापानी पाइन्छ ।

---

[1] **बागलुङ जिल्ला : एक चिनारी**, केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं, (२०६१), पृष्ठ : १ ।

[2] **मुस्ताङ जिल्ला : एक चिनारी**, केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं, (२०६१), पृष्ठ : १ ।

[3] **पर्वत जिल्ला : एक चिनारी**, केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं, (२०६१), पृष्ठ : १ ।

[4] **मुस्ताङ जिल्ला : एक चिनारी**, केन्द्रीय तथ्याङ्क विभाग, काठमाडौं, (२०६१), पृष्ठ : १ ।

[5] **मेचीदेखी महाकाली, भाग ३**, श्री ५ को सरकार,सूचना विभाग, काठमाडौं (२०३१) पृष्ठ ३ ।

### २.१.२ धवलागिरि अञ्चलको नामकरण

नेपालका चौध अञ्चलमध्ये अधिकांश (दस ओटा) अञ्चलका नाम नदीहरूको नामबाट, दुई ओटा अञ्चल सांस्कृतिक स्थलको नामबाट र बाँकी दुई अञ्चलको नाम हिमशिखरको नामबाट नामकरण गरिएको पाइन्छ । धवलागिरि अञ्चलको नामाकरण पनि विश्वका १० सर्वोच्च शिखरहरूमध्येको यसै क्षेत्रमा अवस्थित एक शिखर धवलागिरिको नामबाट गरिएको छ ।[६]

## २.२ राजनैतिक अवस्था

### २.२.१ ऐतिहासिक स्वरूप

धवलागिरि अञ्चलको ऐतिहासिक सन्दर्भमा चर्चा गर्दा लिच्छविकालसम्म पुग्न सकिन्छ । पश्चिमाञ्चलको जुम्लामा लिच्छवीकालीन अभिलेख अङ्कित चैत्यहरू र बागलुङमा मानाङ्क मुद्रा प्राप्त भएकाले यो क्षेत्र (गण्डक प्रदेश) लिच्छवि राजाहरूको अधिनमा रहेको कुरा पुष्टि हुन आउँछ ।[७] लिच्छवी राजा धर्मदेवको निधनपछि उनका नाबालक छोरा मानदेव गद्दीमा बसे । केन्द्रमा राजा कमजोर भएको मौका छोपी पूर्व र पश्चिमका सामन्तहरूले विद्रोह गर्दथे । मानदेवको पालामा पनि यो समस्या देखिएपछि पहिले पूर्वका सामन्तलाई नियन्त्रणमा लिए । त्यसपछि गण्डकी नदी तरी मल्लपुरीका सामन्तलाई आफ्नो नियन्त्रणमा लिएका थिए ।[८] यसरी मध्यकालपूर्व यस क्षेत्रमा लिच्छवि शासन कायम रहेको कुरा पुष्टि हुन आउँछ ।

पर्वत राज्यको स्थापनाका सम्बन्धमा इतिहासकारहरूका बीचमा मतैक्यता देखिँदैन । पर्वत राज्यको स्थापनाका सम्बन्धमा कुनै ठोस प्रमाण नभेटिए तापनि वि. सं. १४९३ तिर पर्वतराज्यको स्थापना भएको अनुमान गरिएको छ । जसअनुसार पर्वत राज्यका प्रथम राजा आनम्न मल्ललाई मानिएको छ । उनी पर्वत प्रदेशका जनताको सहयोगबाट यहाँको राजा बन्न सफल बनेका थिए ।[९] त्यसबेला यस राज्यको विस्तार वर्तमान म्याग्दी, डोल्पा, बागलुङ र पर्वतका साथै मुस्ताङ जिल्लासम्म भएको जानकारी पाइन्छ । पर्वत राज्यको प्रशासनिक केन्द्र ताकम रहेको थियो भने पछि वेणीमा शीतकालीन दरबार र ढोरलठानामा ग्रिष्मकालीन दरबार बनाएर शासन सञ्चालन गरिएको थियो ।

---

[६] ज्ञानेश्वर भट्टराई, **बृहत् ज्ञान कोश**, नवीन प्रकाशन, काठमाडौं, (२०६१) पृष्ठ : ।

[७] टेकबहादुर श्रेष्ठ, **पर्वत राज्यको एतिहासिक रूपरेखा**, (कीर्तिपुरः २०५९) पृ. २ ।

[८] ऐजन्, पृष्ठ : ३ ।

[९] ऐजन्, पृष्ठ : २३ ।

विक्रमको १७ औं सताब्दीको सुरुतिर पर्वतका राजा नारायण मल्ल प्रथमका छोराहरूबीच राज्य विभाजन गर्दा जितारी मल्ल गलकोटका राजा भएका थिए ।[१०] मुस्ताङ राज्य भने पन्ध्रौं सताब्दीदेखि नै अस्तित्वमा थियो । यसरी धवलागिरि क्षेत्रमा तीनओटा राज्यको स्थापना भएको देखिन्छ- पर्वत, मुस्ताङ र गुल्मी । पर्वत र गलकोट राज्यका राजाहरूबीच पारिवारिक सम्बन्ध रहेको थियो तर त्यो सम्बन्ध राम्रो भने थिएन । मुस्ताङ राज्य सानो भएर पनि व्यापारिक दृष्टिले महत्त्वपूर्ण भएकाले पर्वतले यो राज्यसँग सुमधुर सम्बन्ध राखेको थियो । यी तीन राज्यहरूमध्ये भौगोलिक तथा प्रशासनिक रूपमा पर्वत राज्य सशक्त र विशाल देखा पर्दछ ।

गोर्खाका राजा पृथ्वीनारायण शाहले थालेको नेपाल एकीकरण अभियानलाई पूर्णता दिने क्रममा बहादुर शाहले वि. सं. १८४३ मा पर्वत राज्यमाथि आक्रमण गरे । त्यतिबेला कीर्तिबम मल्ल यहाँका राजा थिए । उनले सुरूमा गोर्खाली सेनाको सशक्त रूपमा सामना गरे । अन्ततः उनी पराजित भएर भारतको बलिरामपुरमा शरण लिन गए ।[११] यसरी सिङ्गो नेपालमा गाभिएपछि पर्वत राज्यको पतन हुन पुग्यो ।

### २.२.२ प्रशासनिक विभाजन

वि. सं. २०१८ भन्दा अघि नेपाललाई पहाडतर्फ २३ र तराइतर्फ १२ गरी जम्मा ३५ जिल्ला (तहसिल) मा विभाजन गरिएको थियो । २०१८ साल बैशाख १ गतेका दिन नेपाललाई १४ अञ्चल र ७५ जिल्लामा विभाजन गरिएको हो ।[१२] यसरी गरिएको विभाजनअनुसार धवलागिरि हिमश्रृङ्खलाको वरिपरिको भूभागलाई डोल्पा, मुस्ताङ, म्याग्दी र बागलुङ गरी जिल्ला कायम गरिएको थियो । वि. सं. २०३८ मा पहिले गरिएको प्रशासनिक विभाजनलाई हेरफेर गरी डोल्पा जिल्लालाई धवलागिरि अञ्चलबाट अलग्याएर कर्णाली अञ्चलमा समावेश गरिय ो भने तत्कालीन गण्डकी अञ्चलअन्तर्गतको पर्वत जिल्लालाई धवलागिरि अञ्चलमा समावेश गरियो । यस विभाजनअनुसार जिल्ला सीमानामा पनि केही हेरफेर गरिएको छ ।

धवलागिरि अञ्चलका चार जिल्लामध्ये मुस्ताङ जिल्लाको सदरमुकाम जोमसोम, म्याग्दी जिल्लाको सदरमुकाम बेनी, बागलुङ जिल्लाको सदरमुकाम बागलुङ बजार र पर्वत जिल्लाको सदरमुकाम कुश्मा रहेका छन् भने अञ्चल सदरमुकाम बागलुङ बजार रहेको छ । यस अञ्चलअन्तर्गत मुस्ताङ जिल्लामा एक, म्याग्दी जिल्लामा एक, बागलुङ जिल्लामा तीन र पर्वत

[१०] ऐजन्, पृष्ठ : १७१ ।

[११] ऐजन्, पृष्ठ : ८३ ।

[१२] ज्ञानेश्वर भट्टराई, पूर्ववत्, पृष्ठ : ३५७ ।

जिल्लामा दुई गरी जम्मा सात निर्वाचन क्षेत्र कायम गरिएको छ ।[13] यसैगरी मुस्ताङ जिल्लामा १६, म्याग्दी जिल्लामा ४१, पर्वत जिल्लामा ५५ र बागलुङ जिल्लामा ५९ ओटा गा. वि. स. र एक नगरपालिका रहेका छन् । बागलुङ जिल्लामा पर्ने बागलुङ नगरपालिका यस अञ्चलमा रहेको एक मात्र नगरपालिका हो ।[14]

### २.३ प्राकृतिक अवस्था

#### २.३.१ जलश्रोत

मुस्ताङ जिल्लाको मुक्तिनाथ क्षेत्रबाट सुरु भएर धवलागिरि र अन्नपूर्णा हिमालको बीचमा गहिरो गल्छी बनाई धवलागिरि अञ्चललाई नै चिरेर बग्ने कालीगण्डकी नदी यहाँको प्रमुख नदी हो । सप्तगण्डकीको सबैभन्दा ठूलो नदीको रूपमा रहेको यो नदी शालीग्राम पाइने विश्वकै एक मात्र नदी हो ।[15] नीलगिरि हिमालबाट उत्पत्ति भई आएको म्याग्दी खोला र अन्नपूर्णा हिमालबाट उत्पत्ति भई आएको मोदी खोला यहाँका प्रमुख सहायक नदी हुन् । घार, रहुगङ्गा, लुङ्दी खोला, लस्ती खोला, ढोडेनी खोला, काठेखोला, लमाय खोला, बाच्छाखोला, भुरुङ्दीखोला, सेतीवेनी, बडिगाड, उत्तरगङ्गा, निशी खोला, तमान खोलाआदि यहाँका अन्य प्रमुख खोलाहरू हुन् । यसैगरी ताल, कुण्ड र झरनाहरू यस क्षेत्रका अन्य सम्पदा हुन् । म्याग्दी र कालीगण्डकीका किनारमा रहेका तातोपानी कुण्डहरू, रूप्से झरना, पर्वतको पर्यटकीय स्थल पञ्चासे लेकमा अवस्थित ताल, गाजाको दह आदि पर्यटकीय दृष्टिले महत्त्वपूर्ण मानिन्छन् ।

#### २.३.२ वनस्पति

यस अञ्चलमा शीतोष्ण, समशीतोष्ण र अर्धोष्ण हावापानी भएकाले यहाँको वनस्पतिमा पनि विविधता पाइन्छ । यहाँ पतझर, सदावहार र लेकाली वनस्पति पाइन्छन् । हिमाली क्षेत्रमा बाह्रै महिना हिउँले ढाकिने हुनाले यहाँ कुनै पनि वनस्पति उम्रदैन तर हिउँ नहुने भागमा भने कतैकतै झ्याउ र लेउ उम्रेको पाइन्छ । लेकाली भूभागमा हिउँद महिनामा अधिकांश हिउँले ढाकिने र अत्याधिक चिसो हुने भएकाले झार र बुट्यानहरू पाइन्छन् । उच्च पहाडी भागमा सल्ला, गुराँस, ओखर, धुपी, भोज आदि कोणधारी रुखहरू पाइन्छन् । मुख्य गरी साल, सल्लो, सिसौ, टुनी, खयर, चिलाउने, सिमल, साज, अमला, बकाइनो, चाँप, हर्रो, बर्रो, चिउरी आदि रुखहरू पाइन्छन् । वनपैदावारहरूमा यहाँ विभिन्न किसिमका जडिबुटीहरू पाइन्छन् । यहाँका जङ्गलमा टिमुर, बोझो,

---

[13] ज्ञानेश्वर भट्टराई, पूर्ववत्, पृष्ठ : ३५७ ।

[14] ऐजन् ।

[15] ऐजन् ।

पाँचऔंले, चिराइतो, निरमसी, जटामासी, तेजपात, भोजा, बोझो, कुरिलो, चुत्रो, नागवेली, सतुवालगायतका अनगिन्ती जडिबुटीहरू पाइन्छन् । हिमाली भेगमा यार्सागुम्वा पनि पाइन्छ ।[१६]

### २.३.३ जीवजन्तु

यहाँ पहाडी र हिमाली अञ्चलमा पाइने वन्यजन्तुहरू पाइन्छन् । यहाँ बाघ, भालु, चितुवा, झारल, घोरल, थार, कस्तुरी मृग, स्याल, बाँदर, ब्वाँसो, दुम्सी, मलसाँप्रो, फ्याउरो आदि जङ्गली जनावरहरू र अन्य घरपालुवा जनावरहरू पाइन्छन् भने डाँफे, मुनाल, कालिज, वनकुखुरा, तित्रा, ढुकुर, सारौं, गिद्ध, जुरेली, फिस्टा, चिल, भँगेरा, कोइली, काग, सुगा आदि पक्षीहरू पाइन्छन् । वन्यजन्तुको संरक्षणका लागि धौलागिरि हिमालको काखमा म्याग्दी, बागलुङ र रुकुम जिल्लाका १३२५ वर्ग कि. मि. क्षेत्रफलमा ढोरपाटन शिकार आरक्ष स्थापना गरिएको छ । यसैगरी प्राकृतिक श्रोत संरक्षण गर्ने उद्देश्यले धवलागिरि अञ्चलका दुई जिल्ला म्याग्दी र मुस्ताङको भूभाग समेत पर्ने गरी अन्नपूर्ण संरक्षण क्षेत्र स्थापना गरिएको छ ।[१७]

### २.३.४ खानी

प्राकृतिक सम्पदाको रूपमा यहाँको खानीको पनि ठूलो महत्त्व रहेको पाइन्छ । यस क्षेत्रमा तामा, फलाम, जस्ता, सिसा, नुन, सुन, ग्याँस आदि विभिन्न खनिज तत्वहरू रहेको र विगतमा विभिन्न स्थानमा तामा खानी, फलाम खानी, ढुङ्गा खानी जस्ता खानीहरू परम्परागत रूपमा सञ्चालन भइसकेको पाइन्छ । बागलुङ, म्याग्दी र पर्वत जिल्लाका केही क्षेत्रमा प्रशस्त तामाको भण्डार रहेको अनुमान गरिएको छ । म्याग्दी र रहुगङ्गाको किनारको बालुवामा सुनका कण रहेकाले र परम्परागत रूपमा बालुवा चालेर सुन निकाल्ने प्रचलन रहेको पाइन्छ । यसबाट कालीगण्डकी क्षेत्रका चट्टानहरूमा सुन रहेको पुष्टी हुन्छ । यसैगरी मुक्तिनाथमा प्राकृतिक ग्याँस पाइएकाले यहाँ खनिज तेलसमेत रहेको अनुमान गर्न सकिन्छ । मुस्ताङ जिल्लाको नरसिङ्गा नदीमा नुन रहेको र विगतमा यहीँको नुन धवलागिरिको तल्लो भेगमा प्रचलित रहेको पनि पाइन्छ ।[१८]

## २.४ सामाजिक अवस्था

### २.४.१ जनजाति

कुनै पनि जातजातिले त्यस देशको सांस्कृतिक अस्तित्वमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । नेपाल बहुभाषी, बहुजाति, बहुसंस्कृति भएको मुलुक भएकाले यहाँ अनेकतामा एकता रहेको छ ।

---

[१६] ईश्वर सुबेदी, **मुस्ताङ**, अन्तर्राष्ट्रिय मञ्च, ? ।

[१७] **म्याग्दी जिल्लाको वस्तुगत विवरण**, शाखा तथ्याङ्क कार्यालय, बागलुङ (२०६१), पृष्ठ : १८ ।

[१८] हरि कँडेल, **खनिज श्रोतका दृष्टिमा धौलागिरि**, धौलागिरि प्रवाह, धौलागिरि विद्यार्थी समाज, त्रि. वि., काठमाडौं, २०६३, पृष्ठः ९२ ।

यहाँ बाहुन, क्षेत्री, मगर, गुरुङ, नेवार, थकाली, कामी, सार्की, दमाई, छन्त्याल, सन्यासी, ठकुरी, कुमाल, मुसलमान, चमार, तामाङ, तेली, राजी, गन्धर्व, चेपाङ, माझी, राई, थारु, जिरेल, कोइरी, शेर्पा, कायस्थ, यादव, बानियाँ, थामी, सुनुवार, लिम्बु जस्ता विभिन्न जातजातिहरूको बसोबास रहेको पाइन्छ ।[१९]

ब्राह्मणहरूमा पौडेल, आचार्य, अधिकारी, भण्डारी, तिमिल्सिना, सापकोटा, सुबेदी, भुसाल, रेग्मी, पन्त, पोखरेल, बास्तोला, न्यौपाने, लम्साल, लामिछाने, बस्याल, पन्थी, चालिसे, गौतम, भट्टराई, चापागाईं, काफ्ले, घिमिरे आदि विभिन्न थरहरू रहेको पाइन्छ । क्षेत्रीहरूमा कार्की, खड्का, रोका, खत्री, कुँवर, घर्ती, पौडेल, अधिकारी, भण्डारी आदि थर रहेका छन् । थकाली जातिका पनि शेरचन, भट्टचन, तुलाचन, गौचन आदि विभिन्न थर रहेका छन् । ठकुरी जातिमा मल्ल, हमाल, शाही, सेन, प्रसाईं आदि थर रहेका छन् ।[२०] यसैगरी मगर, नेवार, सन्यासी, मुसलमान आदि जातिहरूमा पनि विभिन्न थरहरू रहेका पाइन्छन् ।

यसरी जातीय विविधताले युक्त यस अञ्चलका हिमाली क्षेत्र र खासगरी मुस्ताङ जिल्लाको थाकखोलाको आसपासका क्षेत्रमा थकाली जातिको बाहुल्यता रहेको पाइन्छ भने छन्त्याल जातिको बसोबास बागलुङ जिल्लाको पश्चिमी क्षेत्रमा रहेको पाइन्छ । अन्य क्षेत्रमा माथि उल्लेखित सबै जातजातिका मानिसहरू छरिएर रहेको पाइन्छ ।

### २.४.२ भाषा र भाषिका

भाषा विचार विनिमयको साधन हो । मानिसका विचार, भाव र इच्छाहरूलाई प्रकट गर्ने सशक्त माध्यम हो । ध्वनि, शब्द र वाक्यका माध्यमबाट गरिने विचारविनिमय नै भाषा हो ।[२१] भाषा भाषा परिवर्तित भइरहने गतिशील वस्तु भएकाले यसको स्वरूप सधैँ र सबै ठाउँमा एकैनास रहँदैन । भौगालिक दुरी, सामाजिक तथा सांस्कृतिक परिवेश र समयको अन्तरालमा भाषाको स्वरूपमा पनि परिवर्तन भइरहन्छ । समयको अन्तरालमा देखिने यही भाषिक भेदलाई नै भाषिका भनिन्छ ।

यस क्षेत्रमा भारोपेली र तिब्बती भाषा परिवारका विभिन्न भाषाहरू मातृभाषाको रूपमा बोल्ने गरिन्छ ।  भारोपेली परिवारअन्तर्गतको नेपाली भाषा यहाँको प्रमुख भाषा हो । यो राष्ट्रभाषा भएकाले यहाँको कूल जनसङ्ख्याको ७२ प्रतिशतले यही भाषाको प्रयोग गर्दछन् । यसका अतिरिक्त तिब्बती परिवारअन्तर्गतको मगर ७ प्रतिशतले, गुरुङ ३.५ प्रतिशतले, नेवारी १.१४ प्रतिशतले,

---

[१९] **बागलुङ जिल्लाको वस्तुगत विवरण**, जिल्ला विकास समिति, बागलुङ, (२०६३/०६४) पृष्ठ १

[२०] ऐजन् ।

[२१] योगेन्द्र यादव र भीमनारायण रेग्मी, **भाषाविज्ञान**, न्यु हिरा बुक्स इन्टरप्राइजेज, कीर्तिपुर, (२०५९), पृष्ठ : ८ ।

तामाङ १.२४ प्रतिशतले, छन्त्याल १ प्रतिशतले, अन्य विभिन्न भाषाहरू १३ प्रतिशतले बोल्छन् । यसैगरी वान्तवा, हिन्दी, उर्दु, भोजपुरी, मैथलीलगायतका भाषाहरू पनि यस क्षेत्रमा बोलिने भाषा हुन् ।[२२] यस क्षेत्रको भाषिक विकासको दृष्टिले हेर्दा नेपाली भाषापछि गुरुङ, मगर, नेवारी र थकाली भाषाको स्थिति बलियो रहेको पाइन्छ भने अन्य भाषाको उपयुक्त विकास हुन सकेको देखिँदैन । धवलागिरि अञ्चल भौगालिक र सामाजिक विविधताले युक्त हुनाले यहाँ बोलिने भाषामा भौगोलिक र सामाजिक भेदहरू पाइन्छन् । यहाँ बोलिने नेपाली भाषा पर्वती भाषिका हो । यो भाषिका धवलागिरि अञ्चलको पर्वत जिल्लाका अतिरिक्त गण्डकी र लुम्बिनी अञ्चलका केही भू-भागमा समेत बोलिने गरिएको पाइन्छ ।[२३]

### २.४.३ धर्म र संस्कृति

धवलागिरि अञ्चलमा धार्मिक रूपमा पनि विविधता पाइन्छ । यहाँका बासिन्दाहरूले हिन्दू, बौद्ध, इस्लाम, किरात, क्रिश्चियन, शिख र छिटपुट रूपमा अन्य धर्म पनि मान्ने गर्दछन् । जनसङ्ख्याका आधारमा हेर्दा यहाँका अधिकांश बासिन्दाले हिन्दू धर्म मान्ने गरेको पाइन्छ । धर्मका आधारमा जनसङ्ख्याको वितरण हेर्दा कुल जनसङ्ख्याको ६६.९८ प्रतिशत मानिसहरूले  हिन्दू धर्म मान्ने गरेका छन् भने ३१.५२ प्रतिशतले बौद्ध धर्म मान्ने गरेको पाइन्छ । यसै गरी इस्लाम धर्म मान्ने ०.११ प्रतिशत, इसाई धर्म मान्ने ०.०५ प्रतिशत अन्य विभिन्न धर्म मान्नेहरूको जनसङख्या १.३४ प्रतिशत रहेको पाइन्छ ।[२४] यी विभिन्न धर्मावलम्बीहरूका आआफ्नो धर्मअनुसारका संस्कार र परम्परा भए तापनि एकआपसमा धार्मिक सहिष्णुता पाइन्छ ।

यहाँ विभिन्न जातिका आआफ्नै संस्कार र परम्परा रहेका छन् । जन्मदेखि मृत्युसम्म विभिन्न संस्कार र कर्महरू जाति र धर्मका आधारमा गर्ने गरिन्छ । हिन्दू समाजमा बालक जन्मेपछि छैँठी, न्वारान, वर्तबन्ध, विवाह आदि षोडश संस्कारको अनुसरण गरिन्छ । हिन्दू धर्मावलम्बी भए तापनि केही जातिहरूका आफ्ना अलग संस्कारहरू प्रचलित रहेका पाइन्छ । ब्राह्मण र क्षेत्रीहरूले बालकको व्रतबन्ध गर्ने, नेवार जातिमा कन्याको बेलसँग विवाह गर्ने, मगर जातिको छेवर गर्ने जस्ता परम्परा एकै धार्मिक सम्प्रदायमा विद्यमान जातीय रूपमा फरक परम्पराहरू हुन् । धार्मिक तथा सांस्कृतिक उद्देश्यले  विभिन्न समयमा गरिने पूजाआजा र पितृकार्यहरू पनि यस क्षेत्रका सांस्कृतिक पक्ष हुन् । उमेर र नाताअनुसार आफूभन्दा ठूलालाई आदरसत्कार र आफूभन्दा सानालाई माया गर्नु पनि यस

---

[२२] **बागलुङ जिल्लाको वस्तुगत विवरण,** जिल्ला विकास समिति, बागलुङ, (२०६३/०६४) पृष्ठ १ ।

[२३] हीरामणि शर्मा पौड्याल, **पर्वत भाषिकाको स्वरुप र संरचना**, पर्वत, (२०४४) पृष्ठ : ८ ।

[२४] शाखा तथ्याङ्क कार्यालय, बागुलङबाट प्राप्त सूचनाका आधारमा ।

क्षेत्रको संस्कृतिको विशेषता हो । समान जातिमा तर फरक गोत्रमा विवाह गर्ने, मृत्युमा नजिकको आफन्तबाट काजक्रिया गर्ने, जन्म तथा मृत्युमा सुतक बार्ने जस्ता प्रचलन पाइन्छ ।

यहाँका बासिन्दाहरूको जातिअनुसारको वेशभुषा हुने गर्दछ । पुरुषहरूका दौरा सुरुवाल, कोट, टोपी, कछाड, धोती, इस्टकोट, पाखी , जुत्ता आदि र महिलाहरका गुन्यू, चोली, पटुका, मजेत्रोका साथै चुरा, पोते आदि परम्परागत पहिरन हुन् । पर्व र उत्सवमा वेशभुषा र लवाइखवाइ पनि विशेष किसिमको हुने गर्दछ । यस्ता पर्व र उत्सवहरूमा देउसी, भैलो, रोदी, मारुनी जस्ता मनोरञ्नात्मक क्रियाकलापहरू हुने गर्दछन् । धार्मिक अवसरमा यज्ञ, उपवास, कुलपूजा, भूमेपूजा गर्नुका साथै भाकल गर्ने, बिरामी हुँदा झारफुक गर्ने, टुनामुनामा विश्वास गर्ने जस्ता रुढीवादी परम्परा पनि यहाँको संस्कृतिका रूपमा रहेको छ ।

जातीय विविधता भएका कारणले यहाँ जातिअनुसारका विभिन्न चाडपर्वहरू मनाउने गरिएको पाइन्छ । हिन्दू धर्मावलम्बीहरूको बाहुल्यता रहेको कारण हिन्दू परम्पराअनुसार मनाइने चाडहरू जस्तै दसैं, तिहार, फागु, श्रीपञ्चमी, तीज, जनैपूर्णिमा, कृष्णष्टमी, माघेसंक्रान्ति, नागपञ्चमी, शिवरात्रि, चैतेदशैं, नयाँ वर्ष जस्ता थुप्रै चाडपर्वहरू सबै जातजातिका मानिसहरूले मनाउने गर्दछन् । नेवार, गुरुङ, मगर आदि जातिका आफ्ना अलग-अलग चाडपर्वहरू रहेका पाइन्छन् । यसैगरी बौद्ध, मुस्लिम, इसाई आदि विभिन्न धर्मावलम्बीहरूका आआफ्नै चाडपर्वहरू प्रचलित रहेको पाइन्छ ।

### २.४.४ शिक्षा

धवलागिरि अञ्चलको शैक्षिक परम्परा गुरुकुल शिक्षा पद्दतिबाट विकसित हुँदै आएको पाइन्छ । सुरुमा गाउँमै पण्डित ज्योतिषी र अन्य शिक्षित व्यक्तिसँग प्रारम्भिक शिक्षा हासिल गरेपछि बाँकी शिक्षा भारतको वनारस, हरिद्वार आदि विभिन्न क्षेत्रमा गएर हासिल गर्ने परम्परा रहेको पाइन्छ । यसरी लिइने शिक्षामा धर्मशास्त्र, नीतिशास्त्र, ज्योतिषशास्त्र र आयुर्वेद सम्बन्धी विषय रहेका थिए ।

धवलागिरिमा स्थानीयस्तरमा शैक्षिक संस्थाको स्थापना गरेर शिक्षा प्रदान गर्ने कार्य २००७ सालपछि मात्र भएको हो । धवलागिरि अञ्चलका विभिन्न जिल्लामा गरी प्रा. वि., नि. मा. वि. र मा. वि. गरी जम्मा १,११८ वटा सरकारी विद्यालय रहेका छन् । निजी स्तरमा संचालित विद्यालयहरूबाट पनि शिक्षाको क्षेत्रमा महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । यस अञ्चलमा विभिन्न तहका ३९ वटा निजी विद्यालयहरू संचालित छन् । यसैगरी एउटा स्नातकोत्तर क्याम्पस सहित ९ ओटा क्याम्पस  र ४८ ओटा उच्च मा. वि. संचालित हुनाले उच्च शिक्षा पनि सुलभ बन्न पुगेको छ ।

धवलागिरि अञ्चलको साक्षरता प्रतिशत ५९.५ रहेको छ जसमा महिला साक्षरता प्रतिशत ५५.५ रहेको छ । धवलागिरिका चार जिल्लामध्ये पर्वत जिल्ला बढी साक्षरता प्रतिशत रहेको छ भने मुस्ताङ जिल्लामा कम साक्षरता प्रतिशत छ ।

### २.५ आर्थिक स्थिति

### २.५.१ कृषि

धवलागिरि अञ्चलको आर्थिक अवस्था सामान्य रहेको पाइन्छ । यहाँको प्रमुख आयस्रोत कृषि हो । हिमाली र उच्च लेकाली क्षेत्रमा चिसो हावापानी हुने र खेतीयोग्य जमीन कम हुने भएकाले यहाँ उवा, गहुँ, मकै, फापर, आलु र दलहन तथा तेलहनको उत्पादन बढी हुन्छ ।[२५] फलफूल तथा तरकारी खेतीमा स्याउ, आरु, ओखर, खुर्पानी, नास्पती, कागती, सुन्तला आदि प्रशस्त उत्पादन हुन्छ । तल्लो भेगका टार, बेँशीमा खेतीयोग्य उर्वर जमीन बढी भएकाले यहाँ धान, मकै, गहुँ, तोरी, कोदो, दलहन र तेलहनको उत्पादन गरिन्छ । यहाँ व्यवसायिक रूपमा फलफूल तथा तरकारी खेती गरिन्छ । पछिल्लो समयमा यस क्षेत्रमा आधुनिक कृषि प्रविधिको विकास हुन थालेको पाइन्छ । पशुपालन पनि यस क्षेत्रका मानिसहरूको महत्त्वपूर्ण व्यवसाय हो । हिमाली भेगका अधिकांश बासिन्दाहरूले परम्परागत रूपमा र केहीले नयाँ प्रविधिका साथ व्यवसायिक रूपमा चौरी, भेडा, च्याङ्ग्रा पाल्ने गरेका छन् । यसरी नै पहाडी भेगका बासिन्दाहरूले पनि गाई, भैँसी, बाखा, सुँगुर, कुखुरा, हाँस आदि पाल्ने गरेको पाइन्छ ।[२६]

### २.५.२ व्यापार

व्यापारका दृष्टिले पनि धवलागिरि अञ्चल राम्रो सम्भावना बोकेको अञ्चल हो । प्राचीन र मध्यकालमा पनि पर्वत र मुस्ताङ राज्य भारत र तिब्बतको व्यापारिक मार्गका रूपमा रहेकाले व्यापारिक दृष्टिले यो भेगको ऐतिहासिक महत्त्व रहेको पाइन्छ । हाल पर्वत जिल्लाका कुश्मा, वेनीबजार, नयाँपुल र फलेवास, बागलुङ जिल्लाका बागलुङ बजार, हटिया बजार, म्याग्दी जिल्लाका बेनी र बाबियाचौर र मुस्ताङ जिल्लाका तातोपानी, थाकखोला, जोमसोम जस्ता प्रमुख बजारहरू आन्तरिक व्यापारका दृष्टिले महत्त्वपूर्ण मानिन्छन् । यस क्षेत्रमा हुने व्यापारमा कृषि, पशुपक्षी, घरेलु तथा साना उद्योगका उत्पादन तथा हस्तकलाका सामग्री जस्ता स्थानीय उत्पादन पर्दछन् ।[२७]

---

[२५] ईश्वर सुबेदी, पूर्ववत्, पृष्ठ : ४० ।

[२६] ऐजन् ।

[२७] शाखा तथ्याङ्क कार्यालय, बागुलङबाट प्राप्त सूचनाका आधारमा ।

### २.५.३ उद्योग

धवलागिरिको उद्योग व्यवसाय त्यति फस्टाउन नसके तापनि यहाँ प्रशस्त घरेलु तथा साना उद्योग सञ्चालन भइरहेका छन् । जिल्ला सदरमुकामहरूमा मोटरबाटो पुगेर यातायातको सुविधा प्राप्त भएकाले विभिन्न मझौला उद्योगहरू पनि सञ्चालन हुन थालेको पाइन्छ । गलैँचा तथा कपडा उद्योग, नेपाली हातेकागज उद्योग, जडिबुटी सङ्कलन तथा प्रसोधन, विभिन्न खाद्यसामग्री उत्पादनजस्ता धरेलु उद्योगहरू यहाँ संचालन भइरहेका छन् । हस्तकला, मुर्तिकला, काष्ठकलालगायत निर्माणसम्बन्धी विभिन्न उद्योगहरू यहाँ संचालन भइरहेको पाइन्छ । यस क्षेत्रमा भएको प्राकृतिक स्रोत र सम्पदा पर्याप्त भएर पनि स्रोत साधन र प्रविधिको कमीले तिनको सही उपयोग हुन सकेको छैन ।[२८]

### २.५.४ पर्यटन

कुनै पनि देशको आर्थिक अवस्थालाई सुधार गर्न पर्यटन व्यवसायको पनि महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । धवलागिरि अञ्चलमा पनि पर्यटन विकासका प्रशस्त सम्भावनाहरू रहेका छन् । यस क्षेत्रमा पर्ने अग्ला-अग्ला हिमालहरू, नौका विहारका लागि उपयुक्त कालीगण्डकीलगायतका नदीहरू, विभिन्न धार्मिक स्थलहरू, शिकार आरक्ष तथा संरक्षण क्षेत्र, विभिन्न ऐतिहासिक तथा पौराणिक महत्त्वका क्षेत्रहरूले गर्दा वर्षेनी हजारौंको सङ्ख्यामा पर्यटक भित्रिने गरेका छन् । यी पर्यटकीय महत्त्वका विभिन्न स्थलहरूको विकास गरी पर्यटन उद्योगलाई प्रवर्द्धन गर्न सकिए यस क्षेत्रको आर्थिक अवस्था सुदृढ बन्ने कुरामा दुई मत छैन ।

### २.५.५ रोजगार

पछिल्लो समयमा धवलागिरि अञ्चलको अर्थतन्त्रलाई उकास्नका लागि वैदेशिक रोजगारको पनि महत्त्वपूर्ण भूमिका रहेको पाइन्छ । यहाँका मानिसहरू रोजगारका लागि भारतका विभिन्न सहरहरूमा गई काम गर्ने तथा भारतीय र ब्रिटिस सेनामा भर्ती हुने पुरानो परम्परा कायम रहेको पाइन्छ । यसका अतिरिक्त एसिया, युरोप, अमेरिकालगायत विश्वका विभिन्न मुलुकमा जाने क्रम बढ्दो छ । नेपालकै सरकारी क्षेत्रमा रोजगारी पाउनेको सङ्ख्या ज्यादै न्यून रहेको छ ।

## २.६ मन्दिर एवम् धार्मिक स्थलहरू

धवलागिरि अञ्चलमा धार्मिक तथा सांस्कृतिक महत्त्वले भरिएका प्रशस्त स्थलहरू रहेका छन् । मुस्ताङ जिल्लामा अवस्थित हिन्दू तथा बौद्धहरूको आस्थाको केन्द्र तथा पवित्र तीर्थस्थल मुक्तिनाथ यस क्षेत्रको सांस्कृतिक गौरव बनेर रहेको छ । समुद्र सतहदेखि ३७४९ मिटरको उचाइमा

---

[२८] ऐजन् ।

रहेको करिब २००० वर्ष पुरानो मानिने यो मन्दिर वि. सं. १८७१ मा निमार्ण गरिएको प्यागोडा शैलीको मन्दिर हो ।[२९] यसै जिल्लाको विकट हिमाली क्षेत्रमा अवस्थित दामोदर कुण्ड र कागबेनी पनि प्रसिद्ध तीर्थस्थल हुन् । धवलागिरि अञ्चलको अर्को महत्त्वपूर्ण तीर्थस्थल म्याग्दी जिल्लामा पर्ने गलेश्वर हो । कालिगण्डकी र रघुगङ्गाको किनारमा अवस्थित विशाल दक्षशिलामाथि रहेको गलेश्वर मन्दिरमा महादेवको पूजा-आरधना गरिने भएकाले शिवरात्री तथा बालाचतुर्दशीमा विशेष भिड लाग्ने गर्दछ । म्याग्दी जिल्लाकै अर्को धार्मिक स्थल पुलहाश्रमलाई पनि विशेष महत्त्वपूर्ण मानिन्छन् ।[३०] बागलुङ जिल्लाको सदरमुकाम बागलुङ बजारको दक्षिणतर्फ अवस्थित कालिका भगवति मन्दिर पनि धवलागिरि अञ्चलको एक प्रसिद्ध मन्दिर हो । वर्षभरि नै पूजाआजा हुने यो मन्दिरमा नवदुर्गामा दर्शनार्थीको भिड लाग्छ भने चैतेदशैंमा विशेष जात्रा पनि लाग्ने गर्दछ । यसैगरी अमलाचौरमा रहेको भैरवस्थान मन्दिर र बिहुँको रामकोट मन्दिर पनि यस क्षेत्रका अन्य प्रमुख मन्दिर हुन् । बागलुङ बजारको पूर्वतर्फ कालीगण्डकी किनारमा अवस्थित निरहेघाट पनि यहाँको प्रसिद्ध तीर्थस्थल हो । पर्वत जिल्लाको सदरमुकाम कुश्मादेखि उत्तर-पश्चिममा रहेको गुप्तेश्वर गुफा र मन्दिर, मोदीवेनी, सेतीवेनी, पञ्चासे ताल र मन्दिर, खनियाघटस्थित शिवमन्दिर, सहस्रधारा आदि यहाँका प्रमुख धार्मिक स्थलहरू हुन् ।[३१] यिनका अतिरिक्त राष्ट्रियस्तरमा प्रसिद्ध नभए तापनि स्थानीयस्तरमा महत्त्वपूर्ण रूपमा पूजाआजा गरिने प्रशस्त धार्मिक स्थल तथा मन्दिरहरू यस अञ्चलमा अवथित छन् ।

यसरी धवलागिरि अञ्चल प्राकृतिक, भौगोलिक, सामाजिक-सांस्कृतिक रुपमा विविधता रहेको पाइन्छ । आर्थिक रुपमा आशातीत उन्नति गर्न नसकेको भए तापनि प्राकिृतिक स्रोत र सांस्कृतिक सम्पदाको पनि धनी छ । विभिन्न जातजाति, भाषा र धर्म अँगाल्ने यहाँका बासिन्दाहरूमा विविधतामा एकता रहेको पाइन्छ ।

---

[२९] ज्ञानेश्वर भट्टराई, पूर्ववत्, पृ. २०२ ।

[३०] रामचन्द्र सुबेदी, पूर्ववत्, पृष्ठ : १२ ।

[३१] **पर्वत जिल्लाको वस्तुगत विवरण**, जिल्ला विकास समिति, पर्वत, (२०६४), पृष्ठ : ३ ।

## परिच्छेद् तीन

## ३. धवलागिरि अञ्चलको साहित्यिक परम्परा

### ३.१ पृष्ठभूमि

मानिसले चेतन र अचेतन मनबाट उत्पन्न हुने भाव र संवेगलाई विभिन्न माध्यमबाट प्रस्तुतीकरण गर्दछ । यसरी अभिव्यक्त हुने भाव वा विचारले कलात्मक र शाश्वत रुप धारण गरेपछि त्यो सर्वग्राह्य बन्न पुग्दछ । मानव मनलाई विरेचित गर्ने र सुख प्रदान गर्ने चरित्र निर्माणका लागि उचित शिक्षा प्रदान गर्ने यस प्रकारका अभिव्यक्ति नै साहित्य हो । साहित्यको अस्तित्व वैदिककालदेखि  नै रहेको पाइन्छ । सुरुमा श्रुतिपरम्परा र पछि लेख्यपरम्पराबाट साहित्यको विकास भइरहेको पाइन्छ । त्यसैले लोकसाहित्य र लिखित (शिष्ट) साहित्य गरी साहित्यको स्वरुप दुई प्रकारको पाइन्छ ।

### ३.२ लोकसाहित्य

लोकमा प्रचलित विभिन्न लोकगीत, लोकगाथा, लोकनाटक, उखान, टुक्का, गाउँखाने कथालाई लोकसाहित्य भनिन्छ ।[३२] लोकसाहित्य श्रुतिपरम्परामा आधारित हुन्छ । यो एक पुस्तादेखि अर्को पुस्तासम्म  हस्तान्तरित हुँदै जान्छ ।  लोकसाहित्यमा लोकको भावना जोडिएको हुन्छ । यसमा कुनै किसिमको कृत्रिमता हुँदैन । सहज र सरल हुनु लोकसाहित्यको मुख्य विशेषता हो । लोकसाहित्य लोकजीवनको मौखिक परम्परामा हुर्केको कहिल्यै नओइल्याउने साहित्य हो । लोकभावनाको स्वतःस्फूर्त अभिव्यक्ति प्रवाहबाट लोकसाहित्यको निर्माण हुन्छ । लोकले कहिल्यै नबिर्सने श्रुतिपरम्परामा आधारित सरल र सहज साहित्यका रूपमा लोकसाहित्यलाई लिने गरिन्छ । नेपालको साहित्यिक इतिहास लोकसाहित्यसित प्रत्यक्ष सम्बन्धित छ । नेपाली साहित्यको इतिहासझैँ धवलागिरि अञ्चलको साहित्यिक पृष्ठभूमि पनि लोकसाहित्यसित सम्बन्धित रहेको छ ।

धवलागिरि अञ्चल लोकसाहित्यका दृष्टिले महत्त्वपूर्ण अञ्चलको रूपमा चिनिन्छ । यस अञ्चलमा लोकगीत, लोकगाथा, लोकनाटक, उखान, टुक्काको प्रयोग प्रशस्त मात्रामा भएको छ । लोकसाहित्यका दृष्टिले यो अञ्चल धनी अञ्चलका रूपमा चिनिन्छ । यस अञ्चलमा विभिन्न चाडपर्व, मेलापात आदिमा विभिन्न सवाई, बालुनहरू गाउने गरिन्छ । त्यस्तै यहाँ कामकाज, मेलापात, घाँसदाउरा गर्दा विभिन्न लोकगीत, लोकगाथा पनि गाउने गरिएको छ । यहाँका लोकगीत,

[३२] टेकप्रसाद न्यौपाने, **साहित्यको रूपरेखा**, साझा प्रकाशन, काठमाडौं (२०५५) पृष्ठ : ३ ।

लोकगाथा, नाटकहरू यहीँको सेरोफेरोसित सम्बन्धित छन् । कुनै प्रतीकात्मक छन् भने कुनै सहज र सरल छन् । तिनमा ग्रामीण समाजका मानिसहरूको दुःखसुखको भावना समेटिएको छ । धवलागिरि अञ्चलमा बढी फस्टाएको विधा लोकगीत हो । लोकगीतले धवलागिरि अञ्चलको स्थानीयतालाई झल्काएको पाइन्छ ।

### ३.३ लिखित (शिष्ट) साहित्यिक परम्परा

लोकसाहित्यिक परम्परा र बौद्धिक चिन्तनको परम्पराको पृष्ठभूमिमा धवलागिरि अञ्चलको साहित्यिक परम्परा आरम्भ भएको स्पष्ट हुन्छ । मध्यकालमा नेपालमा देखापरेका बाइसे र चौबीसे राज्यका राजाहरूका बीचमा निरन्तर रूपमा प्रतिस्पर्धा चलिरहन्थ्यो । बौद्धिक क्षेत्रमा पनि हुने यस्तो प्रतिस्पर्धाका कारण ती राज्यका राजाहरूले बौद्धिक व्यक्तिहरूलाई सम्मान र कदर गरी आफ्नो राज्यमा रहने वातावरण मिलाउने गर्दथे । यसै क्रममा पर्वत राज्यका राजा मलयबम मल्लले पनि विभिन्न विद्वान्हरूलाई आफ्नो राज्यमा आश्रय दिएर राखेको पाइन्छ ।

सत्रौं सताब्दीको अन्त्यदेखि नै कुमाउबाट बसाइँ सरेर यहाँ आएका विभिन्न विद्वान्हरूले संस्कृतमा साहित्यिक कृति रचना गरी यहाँको साहित्यिक उठानलाई आधार दिएका थिए । त्यस्तै संवत् १७०२ तिर कुमाउबाट आएका लक्ष्मीदत्त पन्तले हालको म्याग्दी जिल्लाको दानामा बसी पुराण र धर्मशास्त्र, तन्त्रशास्त्रको लेखनकार्य गरेका थिए ।[३३] कुमाउबाटै आएका प्रेमनिधि पन्तले बेनीमा बसेर **मल्लादर्श टीका** र **महैवमहात्म्य** लेखी साहित्यिक परम्पराको जग बसालेको बुझिन्छ । यिनले नै संवत् १७८० तिर **प्रायश्चित प्रदीप** र **नृपश्लोकी** जस्ता धर्मशास्त्रलाई नेपाली भाषामा रूपान्तरण गर्ने कार्य गरी नेपाली वाङ्मयको उठानमा महत्त्वपूर्ण भूमिका खेलेका थिए । प्रेमनिधि पन्तपछि बागलुङका केही पन्त विद्वान्हरूले धवलागिरि अञ्चलको साहित्यिक क्षेत्र विस्तार गर्ने प्रयत्न गरेका थिए ।[३४]

धवलागिरि अञ्चलमा सर्वप्रथम नेपाली साहित्यको सिर्जना आरम्भ गर्ने विद्वान् वीरशाली पन्त हुन् । उनको जन्ममिति तथा जन्मस्थानका बारेमा सुरुमा विभिन्न मत देखापरेको भए तापनि ती विवाद साम्य बन्दै गइरहेका छन् । उनको जन्म बागलुङको मूलपानीमा भएको प्रमाण प्राप्त भएको छ भने जन्ममितिका बारेमा अझै पनि विभिन्न अड्कल र अनुमान गरिएको पाइन्छ । उनी भानुभक्तभन्दा अघिका कवि थिए भन्ने कुरा बाबुराम आचार्यले उल्लेख गरेका छन् । यसबाट उनी

[३३] चन्द्रप्रकाश बानिया, **ऐतिहासिक पर्वतराज्य**, म्याग्दी पुस्तकालय, म्याग्दी (२०६३) पृष्ठ : ३४

[३४] डा. स्वामी प्रपन्नाचार्य, **प्रस्तावना**, कार्तवियोंदय महाकाव्य, ने. रा. प्र. प्र., काठमाडौं (२०५१), पृष्ठ : १३ ।

नेपाली साहित्यको प्राथमिककालका कवि भएको स्पष्ट हुन्छ । राजा कीर्तिबम मल्लका पालामा वीरशाली पन्तले **विमल बोधानुभव** र **कृष्ण चरित्र** जस्ता महाकाव्यको रचना गरेका थिए ।[३५]

कवि वीरशाली पन्तले धवलागिरि अञ्चलमा नेपाली साहित्यको जग बलियो बनाएको भए पनि यस क्षेत्रमा उनीपछि आधुनिककालको आरम्भसम्म अन्य सशक्त साहित्यकारहरू देखा परेनन् । यद्यपि पैतृक थलो बागलुङ मानिएका माध्यमिककालीन कवि एवम् गजलकार लक्ष्मीदत्त पन्तलाई बागलुङकै साहित्यकार मानेर चर्चा गर्ने प्रयास गरिएको पाइन्छ ।[३६] परन्तु पन्तको परिवार स्थायी रूपमा काठमाडौँमा बसोबास गर्न थालेको लामो समयपछि काठमाडौँमा नै जन्मिएकाले उनलाई बागलुङका कवि भनेर चर्चा गर्नु सान्दर्भिक हुँदैन । जे होस्, धवलागिरि अञ्चलमा सुकृतिदत्त पन्त, देवनारायण पौडेल, नरहरि सुबेदी आदि विद्वान्हरूको उपस्थितिले वीरशाली पन्तपछि माध्यमिककालमा पनि साहित्यिक सर्जक एवम् बौद्धिक चिन्तकहरूको अभाव नभएको कुरालाई पुष्टि गर्दछ ।[३७]

वि. सं. १९९१ मा **शारदा** पत्रिकाको प्रकाशनले नेपाली साहित्यमा आधुनिकता भित्राउनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको पाइन्छ । यही पत्रिकाको प्रकाशनसँगै धवलागिरि अञ्चलमा पनि नेपाली साहित्यले आधुनिककालमा प्रवेश गरेको हो । सर्वप्रथम वि. सं. १९९४ मा **शारदा** पत्रिकामा स्वच्छन्दतावादी काव्यधाराका कविता प्रकाशित गराई पर्वतकी कवयित्री गोमादेवी उपाध्याय आधुनिक नेपाली साहित्यको प्रवाहमा समाहित हुन पुगेको पाइन्छ ।[३८] आधुनिककालको प्रथम प्रहरमै धवलागिरि अञ्चलका अन्य केही साहित्यकारहरू **शारदा** पत्रिकाको माध्यमबाट नेपाली साहित्यको फाँटमा पाइला जमाउन सफल बनेको देखिन्छ । यस क्रममा मोहनबहादुर मल्ल, कृष्णबम मल्ल र भूपि शेरचन केन्द्रीय प्रतिभाका रूपमा देखा पर्दछन् । यसपछि धवलागिरिमा स्थानीयस्तरमा नै पत्रपत्रिकाको प्रकाशन तथा साहित्यिक सङ्घ-संस्थाहरूको प्रकाशन हुन थालेपछि शिवकुमार प्रधान, गणेशलाल श्रेष्ठ, , नरसिंहभक्त तुलाचन, प्रेम छोटा, ठाकुर पराजुली, शास्त्रदत्त पन्त, काजीरोशन, होमनाथ सुबेदी, ठाकुर पराजुली, चन्द्रप्रकाश बानियाँ, बानियाँ कान्छा, अविनाश

---

[३५] प्रेम छोटा, पूर्ववत्, पृष्ठ : ५ ।

[३६] गणेशप्रसाद शर्मा, **बागलुङ जिल्लाको साहित्यिक योगदान** (अप्रकाशित शोधपत्र), नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ( २०५५), पृष्ठ : ३३ ।

[३७] ठाकुर पराजुली, **धवलागिरि अञ्चलको साहित्यिक रूपरेखा र स्थानीय कथा क्षितिज-भूमिका**, धवलागिरिका कथाहरू, सम्पा. प्रेम छोटा, ने.रा.प्र.प्र., काठमाडौं (२०५३) पृष्ठ : ७ ।

[३८] ऐजन् ।

श्रेष्ठ, नरु थापा, शान्तिनारायण श्रेष्ठ, इन्द्रकुमार विकल्प, साधना प्रतीक्षालगायतका थुप्रै सशक्त साहित्यकारहरूले यहाँको साहित्यलाई समृद्ध बनाउन निरन्तर प्रयासरत छन् ।

## ३.४ धवलागिरि अञ्चलका साहित्यकारहरूको विधागत योगदान

धवलागिरि अञ्चलले साहित्यको क्षेत्रमा उल्लेखनीय प्रगति गरेको छ । यहाँका साहित्यकारहरूको साहित्यिक लेखन विविध विधामा छरिएको छ । यहाँका साहित्यकारहरूले कथा, कविता, निबन्ध, नाटक, समालोचना, उपन्यास, आदि विधामा साहित्य सिर्जना गर्दै आएका छन् । यस अञ्चलका साहित्यकारहरूले वर्तमानसम्म प्रकाशित गरेका रचना तथा विधागत योगदानलाई यस प्रकार प्रस्तुत गरिएको छ :

### ३.४.१ कविता

धवलागिरि अञ्चलको साहित्यिक परम्परा कविता विधाबाट नै भएको हो । लोकसाहित्यअन्तर्गत लोकगीत, लोकगाथा, सवाई आदिको श्रुतिपरमपराबाट अघि बढेर संस्कृत काव्यको रचना गर्न थालिएको हो । त्यसपछि क्रमशः संस्कृत काव्यहरूलाई नेपालीमा रूपान्तरण गर्ने र फुटकर रूपमा नेपाली भाषामै कविता सिर्जना गर्न थालिएको पाइन्छ । यसरी धवलागिरिको साहित्यिक फाँटमा १९ औं सताब्दीको अन्त्यतिर वीरशाली पन्तको उदयसँगै नेपाली कविताको सिर्जना हुन थालेको पाइन्छ । वीरशाली पन्तपछि लामो समयसम्म धवलागिरि अञ्चलमा कुनै कवि तथा कविता कृति देखा पर्दैनन् । नेपाली साहित्यको माध्यमिककालमा यस क्षेत्रमा कुनै पनि उल्लेखनीय कवि तथा कविता प्राप्त हुन सकेको पाइँदैन । वि. सं. १९९१ मा **शारदा** पत्रिकाको प्रकाशनपछि यो शून्य अवधि पार गरेर धवलागिरि अञ्चलमा पुनः धवलागिरि अञ्चलको साहित्यिक फाँट उर्वर बन्न पुग्दछ ।

वि. सं. १९९४ मा **शारदा** पत्रिकामा **जलन** शीर्षकको कविता प्रकाशन गराएर धवलागिरि अञ्चलको प्रतिनिधित्व गर्दै पर्वत जिल्लामा जन्मिएकी गोमादेवी उपाध्यायले नेपाली साहित्यको फाँटमा पदार्पण गर्न पुग्दछिन् ।[३९] त्यसपछि पर्वत जिल्लाकै भवानीशङ्कर उपाध्याय, नारायणप्रसाद उपाध्याय, अविनाश श्रेष्ठ, यज्ञप्रसाद सुबेदी, टिकाराम उपाध्याय, बलराम उपाध्याय रेग्मी, दण्डपाणि शर्मा, जगन्नाथ प्रसाद लम्साल, लक्ष्मीप्रसाद शर्मा, शान्तिनारायण श्रेष्ठ, इन्द्रकुमार विकल्प, लक्ष्मीराज शर्मा पौडेल, इन्द्रमान खत्री, गणेशकुमार, ओमप्रसाद घायल, आर. के. अदीप्त, सङ्गीतश्रोता, शोभाकान्त गौडेल, किशोर सापकोटा, उद्योगबहादुर श्रेष्ठ, वैभवदीप श्रेष्ठ, खेमनाथ शर्मा, सदानन्द अभागी, श्यामानन्द पौडेल, कृष्णदेवी शर्मा (श्रेष्ठ), सरस्वती शर्मा 'जिज्ञासु', वैकुण्ठ

[३९] ठाकुर पराजुली, पूर्ववत्, पृष्ठ : ८ ।

भुसाल, भरत विवश पौडेल, विक्रम विवश, गोविन्द पहाडी आदि कविहरूले नेपाली कवितामा योगदान दिएको पाइन्छ ।[४०]

कविता सिर्जनाका दृष्टिले धवलागिरि अञ्चलकै केन्द्रका रूपमा बागलुङ रहेको पाइन्छ । बागलुङ जिल्लामा जन्मिएका कवि वीरशाली पन्त धवलागिरि अञ्चलका आदिकवि नै हुन् । बागलुङ जिल्लालाई आधारभूमि बनाएर साहित्य सिर्जना गर्ने कविहरूमा पं. हयग्रीव पन्त, किन्जल्क (गोपाल वैद्य), गोविन्दलाल श्रेष्ठ, स्वामी रमेशानन्द केशरी, सूर्यप्रसाद श्रेष्ठ, डिल्लीप्रसाद शर्मा, लक्ष्मीराज शर्मा पौडेल, डा. शास्त्रदत्त पन्त, पं. देवीदत्त उपाध्याय, प्रेम छोटा, जगतनरसिंह अबोध, दिल शाहनी, काजी रोशन, टङ्कनाथ शर्मा पौडेल, नारायणदत्त कँडेल, कृष्णकुमार व्यथित, मुकुन्दप्रसाद शर्मा, सन्तु श्रेष्ठ, सुवर्ण कक्षपति, श्यामलाल सुवेदी, निर्मल श्रेष्ठ, प्रेम दर्पण, डा. प्रेमप्रसाद शर्मा, चेतराज कँडेल, भुपिन व्याकुल, कृष्ण पौडेल 'बी', प्रकटकुमार शिशिर, राम थापा 'अविरल' आदि रहेका छन् ।[४१]

म्याग्दी जिल्लाभित्र र बाहिर रही कविता विधामा योगदान पु¥याउनेहरूमा अजयमिलन श्रेष्ठ, कर्णबहादुर बानिया, ध्रुवलाल शर्मा, नवराज कार्की, भरतकुमार श्रेष्ठ, शङ्कर चोखाल र किसान चोखाल, सुदनकुमार श्रेष्ठ, सीमा रोशी, गणनाथ पौडेल, चक्र के.सी. 'सफल', मुकुन्द प्रसाद पौडेल, मीन द्वन्द्वी, भक्त कार्की, भव भिन्न, भेषराज रिजाल, होमनाथ सुवेदी, लोकेश पुन 'मगर', होमनाथ सुवेदी, नरबहादुर वि.सी., निर्मल चोखाल, भिवेन्द्र सिउथानी, मुक्तिकुमार पौडेल, सूर्य पूर्जा 'जहर', कविता शर्मा 'सङ्घर्ष', दिपक कार्की 'बिखर्ची' मुख्य रहेका छन् ।[४२] मुस्ताङ जिल्ला साहित्यिक गतिविधिमा पछाडि परेको भए तापनि नेपाली साहित्यको आकाशमा कहित्यै नअस्ताउने तारा भूपि शेरचनले यस जिल्लाको मात्र होइन धवलागिरि अञ्चलकै गौरवलाई उच्च तुल्याएका छन् । मुस्ताङ जिल्लाबाट योगदान पु¥याउने अन्य कविहरू नरसिंहभक्त तुलाचन, रोशन शेरचन आदि हुन् ।[४३]

### ३.४.२ कथा

लोककथाको श्रुतिपरम्परा धवलागिरि अञ्चलमा निकै निकै पुरानो रहेको पाइन्छ । पौराणिक तथा ऐतिहासिक पक्षसँग सम्बन्धित प्रशस्त किंवदन्तीहरू पनि धवलागिरिमा प्रचलित छन् । धवलागिरि अञ्चलमा नेपाली कविताको तुलनामा कथा विधाको केही कम विकास भएको देखिए

---

[४०] इन्द्रकुमार विकल्प, **पर्वत जिल्लाको सङ्क्षिप्त साहित्यिक गतिविधि**, जनमत, वर्ष २४, अङ्क ७-८, २०६४ ।

[४१] गणेशप्रसाद शर्मा, पूर्ववत्, पृष्ठः ३५ ।

[४२] रामचन्द्र सुबेदी, **म्याग्दी जिल्लाको साहित्यिक सर्वेक्षण** (अप्रकाशित शोधपत्र), नेपाली केन्द्रीय विभाग, त्रि. वि.,कीर्तिपुर, (२०६४), पृ: ३६ ।

[४३] प्रेम छोटा, पूर्ववत्, पृष्ठः ४८-४९ ।

पनि नेपाली साहित्यमा आधुनिकताको प्रवेशसँगै धवलागिरि अञ्चलमा पनि आधुनिक नेपाली कथाको विकास उल्लेखनीय रूपमा भएको पाइन्छ ।

वि. सं. १९९६ मा **शारदा** पत्रिकामा कथाकार कृष्णबम मल्लको **बच्ची** शीर्षकको कथा नै धवलागिरि अञ्चलको कथापरम्परामा प्रथम कथा मानिएको छ ।[४४] पर्वत जिल्लामा जन्मिएका कथाकार मल्ल नेपाली साहित्यको आधुनिककालका प्रमुख कथाकारहरूमा आफूलाई उभ्याउन सफल भएका छन् । उपन्यास, इतिहासलगायत विविध विधामा कलम चलाएर नेपाली साहित्य जगत्मा स्थान जमाइसकेका पर्वतकै साहित्यकार मोहनबहादुर मल्लले पनि कथा विधामा उल्लेखनीय योगदान दिएका छन् । यसैगरी पर्वत जिल्लाका साधना प्रतीक्षा, इन्द्रकुमार विकल्प, यज्ञप्रसाद सुबेदी, पूर्णबहादुर कार्की, सदानन्द अभागी, कृष्णादेवी शर्मा, षडानन्द पौडेल, झलक गुरुङ 'शिरिष', विष्णु अदिप्त, श्रीकृष्ण भुसाल, हरिहर पोखरेल आदि कथाकारहरू कथा विधाको विकासमा तल्लीन रहेका छन् ।[४५] बागलुङ जिल्लाका कथाकारहरू पनि वि. सं. २०१० को दशकदेखि नै नेपाली कथालेखनमा सक्रिय हुन थालेको पाइन्छ । यहाँका आधुनिक कथाकारहरूमा गोविन्दलाल श्रेष्ठ, शिवकुमार प्रधान, बैकुण्ठप्रसाद विजुक्ष, देवेन्द्रराज अधिकारी, बालकृष्ण नेभा, विष्णु शेरचन, भास्कर, दिल साहनी, नरु थापा, ओमकारप्रसाद गौचन, प्रेम छोटा, डा. शास्त्रदत्त पन्त, दिनबन्धु शर्मा, सन्तु श्रेष्ठसुवर्ण कक्षपति, सूर्यनाथ सापकोटा, भविलाल लामिछाने, लीलाधर शर्मा, धनराज सापकोटा आदि रहेका छन् ।[४६] म्याग्दी जिल्लाबाट कथा विधामा योगदान पुऱ्याउने साहित्यकारहरूमा ध्रुवलाल शर्मा, सीमा रोशी, होमनाथ सुवेदी, बानिया कान्छा आदि रहेका छन् भने मुस्ताङ जिल्लाबाट नरसिंहभक्त तुलाचन रहेका छन् ।[४७]

### ३.४.३ उपन्यास

धवलागिरि अञ्चल उपन्यास विधाका दृष्टिले पनि उर्वर भूमि मानिन्छ । वि. सं. २००८ मा पर्वतका साहित्यकार मोहनबहादुर मल्लले **उजेली छामा** उपन्यास प्रकाशित गराएपछि धवलागिरि अञ्चलमा उपन्यास विधाको जन्म भएको मान्न सकिन्छ । धवलागिरि अञ्चलमा हालसम्म सर्वाधिक उपन्यास लेख्ने उपन्यासकार पनि मल्ललाई नै मान्न सकिन्छ । त्यसपछि पर्वत जिल्लामा चन्द्रप्रकाश मल्ल, इन्द्रकुमार विकल्प, सदानन्द अभागी, विक्रम विवश, बाबुराम गिरी, बाबुराम

---

[४४] ठाकुर पराजुली, पूर्ववत्, पृः भूमिका-१९ ।

[४५] इन्द्रकुमार विकल्प, पूर्ववत्, पृष्ठः ३५-३७ ।

[४६] प्रेमप्रसाद शर्मा, पूर्ववत्, पृष्ठः ८१ ।

[४७] रामचन्द्र सुबेदी, पूर्ववत्, पृष्ठः ३५ ।

शील, शङ्कर लामिछाने आदि उपन्यासकार देखापर्दछन् ।[४८] बागलुङ जिल्लाका उपन्यासकारहरूमा नरु थापा, दिल साहनी आदि रहेका छन् । म्याग्दी जिल्लाभित्र र बाहिर रही उपन्यास विधामा योगदान पुऱ्याउने उपन्यासकारहरूमा होमनाथ सुवेदी, राजु के.सी., 'म्याग्देली' कुमार रिजाल, निराजन शिरिष, विक्रम घिमिरे, हरि 'विरही' आदि रहेका छन् ।[४९] मुस्ताङ जिल्लामा भने हालसम्म कुनै पनि उपन्यासकार तथा उपन्यास प्राप्त भएका छैनन् ।

### ३.४.४ नाटक

नाटक विधामा यहाँका साहित्यकारहरूले नेपाली साहित्यको प्राथमिककाल तथा माध्यमिककालमा पनि केही प्रयास गरेका थिए तर त्यो प्रयास संस्कृत नाटकको नेपालीमा रूपान्तरणमा नै सीमित रहेको पाइन्छ । यस क्षेत्रमा नेपाली नाटकको विकास भने आधुनिककालमा आएर नै भएको हो । धवलागिरि अञ्चलबाट नेपाली साहित्यको नाट्य विधामा योगदान पुऱ्याउने प्रथम व्यक्तिको रूपमा मोहनबहादुर मल्ललाई लिन सकिन्छ । वि. सं. २००८ मा प्रकाशित **पागल दुनियाँ** उनको पहिलो नाट्यकृति हो । लामो अन्तरालपछि वि. सं. २०५० मा **अश्वत्थामा हतोहत** नाटक प्रकाशित गरी सशक्त नाटककारका रूपमा पर्वत जिल्लाका अविनाश श्रेष्ठ देखापर्दछन् । त्यसपछि पर्वतकै बलराम उपाध्याय रेग्मी, वैकुण्ठ भुसाल, गोविन्द पहाडी आदि साहित्यकारहरूले नाटकको रचना गरेका छन् ।[५०]

नाटक विधामा कलम चलाउने बागलुङ जिल्लाका साहित्यकारहरूमा बैकुण्ठप्रसाद विजुक्ष, दिल साहनी, प्रदीपकुमार शाही, कृष्ण थापा आदि रहेका छन् । नवराज कार्की नाटक विधामा योगदान पुऱ्याउने म्याग्दीका एक मात्र नाटककार हुन् ।[५१] मुस्ताङ जिल्लाका साहित्यकारहरूमा भूपि शेरचन र इन्द्रबहादुर तुलाचनले नाटक विधामा कलम चलाएको पाइन्छ ।[५२]

### ३.४.५ निबन्ध

निबन्ध नेपाली साहित्यको सबैभन्दा कान्छो विधा हो । नेपाली साहित्यको आधुनिककालमा देखा परेको निबन्ध विधा धवलागिरि अञ्चलको नेपाली साहित्यमा पनि निकै पछि मात्र लेखिएका भए पनि धवलागिरि अञ्चलमा भने आधुनिककालको प्रारम्भिक चरणदेखि नै पर्वत जिल्लाका साहित्यकार गोमादेवी उपाध्याय, काली भक्त पन्त, षडानन्द पौड्याल आदि निबन्धकारहरूले

---

[४८] इन्द्रकुमार विकल्प, पूर्ववत्, पृष्ठः ३५-३७ ।

[४९] रामचन्द्र सुबेदी, पूर्ववत्, पृष्ठः ३६ ।

[५०] इन्द्रकुमार विकल्प, पूर्ववत्, पृष्ठः ३५-३७

[५१] रामचन्द्र सुबेदी, पूर्ववत्, पृष्ठः ३६ ।

[५२] प्रेम छोटा, पूर्ववत्, पृष्ठः ४९ ।

निबन्ध लेखेको पाइन्छ ।[५३] बागलुङ जिल्लामा पनि केही साहित्यकारहरूले नेपाली निबन्ध विधामा निरन्तर कलम चलाइरहेका छन् । निबन्धकार शिवकुमार प्रधान, विष्णु शेरचन, प्रेम छोटा, दिल साहनी, मुकुन्द शर्मा पौडेल, काजीरोशन आदि प्रमुख रहेका छन् ।[५४] म्याग्दी जिल्लाभित्र र बाहिर रही निबन्ध विधामा योगदान पुऱ्याउने निबन्धकारहरूमा कृष्ण बानिया, हरि बन्दी, लालबहादुर बानिया, दीपबहादुर खड्का, नरबहादुर बि.सी., मनोजबहादुर खत्री आदिको नाम स्मरणीय छ ।[५५]

### ३.४.६ समालोचना

पछिल्लो समयमा धवलागिरि अञ्चलमा नेपाली समालोचना विधा विकासोन्मुख अवस्थामा रहेको पाइन्छ । विभिन्न पत्रपत्रिकाको प्रकाशनले समालोचना विधाको विकासमा टेवा पुगेको छ भने पुस्तकाकार रूपमा  समालोचनात्मक कृतिहरू प्रकाशन गर्ने साहित्यकारहरू पनि प्रशस्त देखापरेका छन् । वि. सं. २०३७ देखि कृतिहरू प्रकाशन गरी नेपाली साहित्यमा आफ्नो स्थान सुरक्षित गरेकी साहित्यकार गोमादेवी उपाध्याय समालोचनाको क्षेत्रमा सङ्ख्यात्मक र गुणात्मक दुवै रूपमा अग्रणी समालोचक हुन् । यसैगरी पर्वत जिल्लाका अन्य समालोचकहरूमा कालीभक्त पन्त, हीरामणि शर्मा पौड्याल, कुसुमाकर न्यौपाने आदि रहेका छन् ।[५६] बागलुङ जिल्ला शिवकुमार प्रधान, प्रेम छोटा, दिल साहनी, काजीरोशन, भास्कर, मुकुन्दप्रसाद शर्मा चालिसे आदि साहित्यकारहरूले नेपाली समालोचना विधामा पनि कलम चलाएको पाइन्छ ।[५७] पुस्तकाकार रूपमा समालोचनात्मक कृति प्रकाशन गर्ने म्याग्दीका एक  मात्र समालोचक ठाकुरप्रसाद पराजुली हुन् । यिनी म्याग्दी जिल्लाका मात्र नभई सिङ्गो नेपाली समालोचनाका क्षेत्रमा पनि चर्चित प्रतिभाका रूपमा चिनिन्छन् ।[५८] मुस्ताङ जिल्लाका साहित्यकारहरूले इतिहासका पुस्तकाकार कृतिहरू प्राप्त छैनन् ।

### ३.४.७ इतिहास

धवलागिरि अञ्चलका केही साहित्यकारहरूले इतिहास लेखनमा पनि योगदान दिएको पाइन्छ । विभिन्न तथ्यका आधारमा नेपालको प्राचीन, मध्यकालीन र आधुनिक इतिहास लेखेर यहाँको ऐतिहासिक सामग्री तयार गर्ने कार्यमा यहाँका साहित्यकारहरूको प्रयास उल्लेखनीय रहेको छ । पर्वत जिल्लाका कालीभक्त पन्तले सर्वप्रथम वि. सं. २००९ मा **पश्चिम ४ नं. को इतिहास**

---

[५३] इन्द्रकुमार विकल्प, पूर्ववत्, पृष्ठः ३५-३७ ।

[५४] प्रेमप्रसाद शर्मा, पूर्ववत्, पृष्ठः १०५ ।

[५५] रामचन्द्र सुबेदी, पूर्ववत्, पृष्ठः ३६ ।

[५६] इन्द्रकुमार विकल्प, पूर्ववत्, पृष्ठः ३५-३७

[५७] प्रेम छोटा, पूर्ववत्, पृष्ठः ।

[५८] रामचन्द्र सुबेदी, पूर्ववत्, पृष्ठः ३६ ।

नामक कृति प्रकाशन गरेका थिए । इतिहास लेखनमा पर्वतकै साहित्यकार मोहनबहादुर मल्ल, टिकाराम उपाध्याय, कालीभक्त पन्त र यज्ञप्रसाद सुबेदीले महत्त्वपूर्ण योगदान दिएका छन् ।[५९] मोहनबहादुर मल्लले इतिहास विधाका कृतिहरूको लेखनका साथै साहित्यका अरु विधामा पनि ऐतिहासिक विषयवस्तु प्रयोग गरेको पाइन्छ ।

बागलुङ जिल्लाका साहित्यकारहरूले पनि इतिहास लेखनमा कलम चलाएको पाइन्छ । यस्ता साहित्यकारहरूमा गोविन्दलाल श्रेष्ठ र विष्णुप्रसाद मैत्रेयको नाम अगाडि आउँछ । इतिहास विधामा योगदान पुऱ्याउने इतिहासकारहरूमा चन्द्रप्रकाश बानिया र कर्णबहादुर बानियाको नाम अग्रपङ्क्तिमा रहेको छ ।[६०] यसैगरी मुस्ताङ् जिल्लाका साहित्यकारहरूले लेखेका स्पष्ट रूपमा ऐतिहासिक ग्रन्थहरू प्राप्त हुन सकेका छैनन् ।

### ३.४.८ जीवनी

धवलागिरि अञ्चलको साहित्यले जीवनी विधामा उल्लेखनीय प्राप्ति गर्न सकेको छैन तर यहाँका जीवनी लेखनका प्रयासहरू नभएका भने होइनन् । विशेष गरी यहाँ साहित्यकार तथा सामाजिक व्यक्तित्वहरूको जीवनी लेखिएको पाइन्छ । पर्वतका साहित्यकार इन्द्रकुमार विकल्प र बाबुराम गिरी, सदानन्द अभागी आदि साहित्यकारहरूले जीवनी लेख्ने प्रयास गरेका छन् ।[६१] बागलुङमा लक्ष्मीदत्त पन्त, शिवकुमार प्रधान, काजी रोशन, आनन्द सिलवाल आदि साहित्यकारहरूले जीवनी लेखेको भेट्न सकिन्छ । म्याग्दी जिल्लामा जीवनी विधाको उल्लेखनीय विकास हुन सकेको छैन । हरि बन्दी जीवनी विधामा योगदान पुऱ्याउने म्याग्दीका एकमात्र निबन्धकार हुन् ।[६२] जीवनी विधाको लेखनमा पनि मुस्ताङ जिल्लाबाट नरसिंहभक्त तुलाचनले केही प्रयास गरेका छन् ।[६३] यो नेपाली भाषामा नभए तापनि साहित्यिक रूपमा पछि परेको मुस्ताङ जिल्लामा जीवनी विधाको विकासका लागि यो उल्लेखनीय प्रयास बन्न सक्छ ।

माथि उल्लिखित साहित्यिक विधाहरूका अतिरिक्त अन्य उपविधाहरूमा पनि यहाँका साहित्यकारहरूले कलम चलाएको पाइन्छ । दर्शन, शिक्षा, स्वास्थ्य, कृषि, उद्योग, वाणिज्य आदि विभिन्न क्षेत्रसँग सम्बन्धित विषयका प्रबन्ध-कृतिहरू पनि यहाँबाट प्रकाशित भएको पाइन्छ । यात्रा

---

[५९] इन्द्रकुमार विकल्प, पूर्ववत्, पृष्ठः ३५-३७

[६०] रामचन्द्र सुबेदी, पूर्ववत्, पृष्ठः ३६ ।

[६१] इन्द्रकुमार विकल्प, पूर्ववत्, पृष्ठः ३५-३७ ।

[६२] रामचन्द्र सुबेदी, पूर्ववत्, पृष्ठः ३७ ।

[६३] प्रेम छोटा, पूर्ववत्, पृ. ।

संस्मरण, समसामयिक लेखहरूको सङ्कलन तथा फुटकर प्रकाशनले पनि धवलागिरि अञ्चलको नेपाली साहित्य समृद्ध बनेको छ ।

वर्तमान समयमा धवलागिरि अञ्चलको साहित्यिक गतिविधि तीव्र बनेको पाइन्छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिवेशले सिङ्गो साहित्य जगत् प्रभावित भइरहेको अवस्थामा यहाँको साहित्य पनि प्रभावित नभइरहन सकेको छैन । पूर्वीय तथा पाश्चात्य साहित्य जगत्मा विकसित उदार दृष्टिकोणको परिणामस्वरूप नेपाली साहित्यका विभिन्न विधाहरूमा पनि उपविधाहरू देखा परेका छन् । धवलागिरि अञ्चलमा पनि यस्तै विधा-उपविधाहरूको प्रयोग हुन थालेको छ ।

### ३.५ धवलागिरि अञ्चलमा स्थापित साहित्यिक सङ्घ-संस्थाहरू

साहित्यको विकासमा साहित्यिक सङ्घ-संस्थाहरूको उल्लेखनीय भूमिका रहेको हुन्छ । धवलागिरि अञ्चलमा विद्यालय, कलेज, पुस्तकालय, साहित्यिक समाज, पुरस्कार प्रतिष्ठान आदि संघ-संस्थाहरूले नेपाली साहित्यको श्रीवृद्धिमा योगदान दिएको पाइन्छ । धवलागिरि अञ्चलमा नेपाली साहित्यको विकासका लागि २००३ सालदेखि नै साहित्यिक संस्था स्थापनाको प्रयास भएको पाइन्छ । यस क्रममा बागलुङ बजारमा स्थापित विद्यामन्दिर पुस्तकालय धवलागिरि अञ्चलको साहित्यको संस्थागत विकासको पहिलो प्रयासको रूपमा रहेको छ । नेपाली भाषा र साहित्यका विकासका निम्ति साहित्यिक गोष्ठी राख्ने, प्रतियोगितात्मक कार्यक्रम गर्ने, अन्तर्क्रिया, पुस्तक प्रकाशन, साहित्यिक व्यक्तित्वहरूलाई सम्मानित गर्ने जस्ता कार्यमा यी विभिन्न सङ्घ-संस्थाहरू सक्रिय रूपमा लागेका छन् । धवलागिरिमा स्थापित प्रमुख संघ-संस्थाहरूको विवरण तल उल्लेख गरिएको छ :

#### ३.५.१ पुस्तकालय[६४]

| क्र. सं. | पुस्तकालयको नाम | स्थापना वर्ष | स्थान | हालको अवस्था |
|---|---|---|---|---|
| १ | विद्यामन्दिर पुस्तकालय | २००३ | बागलुङ | चालु |
| २ | ज्ञानोदय पुस्तकालय | २००९ | बागलुङ | बन्द |
| ३ | भगवती पुस्तकालय | २०११ | बागलुङ | बन्द |
| ४ | मोती पुस्तकालय | २०१६ | पर्वत | चालु |
| ५ | ज्ञानोदय-भगवती पुस्तकालय | २०२१ | बागलुङ | चालु |
| ६ | म्याग्दी पुस्तकालय | २०२७ | म्याग्दी | चालु |

[६४] प्रेम छोटाबाट प्राप्त मौखिक जानकारी ।

| | | | | |
|---|---|---|---|---|
| ७ | रत्नश्रेष्ठ पुस्तकालय | २०३७ | बागलुङ | चालु |
| ८ | युवा पुस्तकालय | २०४२ | पर्वत | बन्द |
| ९ | गुप्तेश्वर बहुद्देश्यीय पुस्तकालय | २०५६ | पर्वत | चालु |
| १० | भुपि स्मृति थाक पुस्तकालय | ? | मुस्ताङ | चालु |
| ११ | नागी पुस्तकालय | २०५८ | म्याग्दी | चालु |
| १२ | राधाकृष्ण पुस्तकालय | २०५८ | म्याग्दी | चालु |

### ३.५.२ साहित्यिक सङ्घ-संस्थाहरू[६५]

| क. सं. | संस्थाको नाम | स्थान | स्थापना वर्ष | संस्थापक/अध्यक्ष | हालको अवस्था |
|---|---|---|---|---|---|
| १ | युवा साहित्य मण्डल | बागलुङ | २०१४ | शिवकुमार प्रधान र सूर्यप्रसाद श्रेष्ठ | बन्द |
| २ | सरोज सुधा संघ | बागलुङ | २०१७ | कृष्णप्रसाद दुःखी, राधेश्याम राजभण्डारी, हरिहर श्रेष्ठ, प्रेम छोटा, आनन्दप्रसाद श्रेष्ठ | बन्द |
| ३ | नेपाली साहित्यकार सम्पर्क समिति | बागलुङ | २०२३ | ओमकार गौचन, देवेन्द्रराज अधिकारी, अक्कलबहादुर श्रेष्ठ, कृष्णप्रसाद दुःखी | बन्द |
| ४ | धवलागिरि साहित्य समाज | बागलुङ | २०२३ | शिवकुमार प्रधान | बन्द |
| ५ | धवलागिरि सांस्कृतिक मण्डल | बागलुङ | २०२३ | बैकुण्ठप्रसाद विजुक्ष | बन्द |
| ६ | धवलागिरि सांस्कृतिक परिषद | बागलुङ | ? | ? | बन्द |
| ७ | धवल कला मन्दिर | बागलुङ | २०३० | शत्रुघ्नप्रसाद श्रेष्ठ | बन्द |
| ८ | पर्वत साहित्य सङ्गम | पर्वत | २०५४ | इन्द्रकुमार विकल्प | सक्रिय |
| ९ | म्याग्दी साहित्यिक समाज | म्याग्दी | २०५४ | ध्रुबलाल शर्मा | सक्रिय |
| १० | एकता साहित्य सदन | पर्वत | २०५५ | गोपालप्रसाद भुसाल | सक्रिय |

[६५] ऐजन् ।

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | पौलत्स्य साहित्य समाज | म्याग्दी | २०५९ | भक्त कार्की | सक्रिय |
| १२ | मधुसूदन स्मृति साहित्य प्रतिष्ठान | म्याग्दी | २०६२ | ? | सक्रिय |
| १३ | बेनी वाङ्मय समाज | म्याग्दी | २०६२ | ? | सक्रिय |
| १४ | मिरमिरे साहित्यिक सदन | बागलुङ | २०६० | कृष्ण पौडेल 'बी' | सक्रिय |

### ३.५.३ पुरस्कार गुठी[६६]

| क्र. सं. | पुरस्कार गुठीको नाम | स्थापना वर्ष | स्थान | हालको अवस्था |
|---|---|---|---|---|
| १ | रत्न श्रेष्ठ पुरस्कार संस्थान | २०३४ | बागलुङ | चालु |
| २ | धवलागिरि साहित्य पुरस्कार प्रतिष्ठान | २०४१ | बागलुङ | चालु |
| ३ | सूर्यनारायण  पुरस्कार गुठी | २०४८ | म्याग्दी | चालु |
| ४ | पौलत्स्य साहित्य सम्मान पुरस्कार | २०६० | म्याग्दी | चालु |

## ३.६ धवलागिरि अञ्चलबाट प्रकाशन हुने पत्रपत्रिकाहरू

धवलागिरि अञ्चलको नेपाली साहित्यको श्रीवृद्धिमा यहाँबाट प्रकाशित हुने पत्रपत्रिकाहरूको योगदान उल्लेखनीय रहेको छ । समसामयिक विषय र घटनाक्रमको जानकारी दिन र बौद्धिक तथा प्राज्ञिक विकासको उद्देश्य लिएर यहाँका बौद्धिक वर्ग, साहित्यप्रेमी र समाजसेवी साहित्यिक विकासका लागि स्थापित विभिन्न सङ्घ-संस्थाहरूको पहलमा २००८ सालदेखि नै पत्रपत्रिकाको प्रकाशन आरम्भ भएको पाइन्छ । साहित्यिक पत्रपत्रिकाहरू साहित्यको विकासकै उद्देश्यले प्रकाशित हुने भएकाले यिनमा विभिन्न साहित्यिक लेख रचनाहरू प्रकाशन भएको पाइन्छ । यसैगरी समाचारमूलक पत्रपत्रिकाहरूमा समसामयिक घटनाहरूको समिक्षा र विवेचना गरिएका बौद्धिक लेख रचनाहरूका साथै साहित्यिक रचनाहरू पनि प्रकाशन हने गरेको पाइन्छ । समाचारमूलक पत्रपत्रिकाहरूमा केही पृष्ठ साहित्यका लागि छुट्याइएको पाइन्छ । धवलागिरि अञ्चलबाट प्रकाशित भएर नेपाली साहित्यको विकासमा योगदान पुऱ्याउने प्रमुख  साहित्यिक तथा समाचारमूलक पत्रपत्रिकाहरूको विवरण निम्नानुसार प्रस्तुत गरिएको छ :

[६६] ऐजन् ।

### ३.६.१ साहित्यिक पत्रपत्रिकाहरू

| क्र. सं. | नाम | प्रकाशन वर्ष | प्रकाशन स्थान | सम्पादक | किसिम | हालको अवस्था |
|---|---|---|---|---|---|---|
| १ | मञ्जरी | २०१४ | बागलुङ | शिवकुमार प्रधान | पाक्षिक | बन्द |
| २ | ज्योति | २०१५ | बागलुङ | ? | वार्षिक | बन्द |
| ३ | सरोज | २०१७ | बागलुङ | अज्ञात तेजकुमार | मासिक | बन्द |
| ४ | आँकुरो | २०१८ | पर्वत | शान्तिनारायण श्रेष्ठ | - | बन्द |
| ५ | धवलागिरि | २०१९ | बागलुङ | जगतनरसिंह अबोध | त्रैमासिक | बन्द |
| ६ | झर्ना | २०२० | पर्वत | श्यामानन्द पौडेल | - | बन्द |
| ७ | नवप्रकाश | २०२० | म्याग्दी | ? | मासिक | चालु |
| ८ | मुनो | २०२२ | बागलुङ | शस्त्रदत्त पन्त | वार्षिक | बन्द |
| ९ | पर्वतमाला | २०२२ | पर्वत | मोहनबहादुर मल्ल | अर्धवार्षिक | बन्द |
| १० | कोसेली | २०२३ | बागलुङ | गोविन्दलाल श्रेष्ठ | त्रैमासिक | बन्द |
| ११ | पालुवा | २०२३ | पर्वत | रुद्रप्रसाद शर्मा 'दुःखी', जगन्नाथप्रसाद लम्साल, दामोदर शर्मा घिमिरे | - | बन्द |
| १२ | बुकी | २०२५ | बागलुङ | बालकृष्ण नेभा | वार्षिक | बन्द |
| १३ | प्रतिभा | २०२७ | पर्वत | हीरामणि शर्मा पौड्याल | | |
| १३ | कालीको छाल | २०२८ | बागलुङ | काजीरोशन | | बन्द |
| १४ | झिल्का | २०२८ | बागलुङ | काजीरोशन, शत्रुघ्न श्रेष्ठ, प्रेम छोटा | अनियमित | बन्द |
| १५ | किरण | २०२९ | बागलुङ | युक्तप्रसाद पाखे, इन्दु नेपाल, रामकुमार रा.भ. | त्रैमासिक | बन्द |
| १६ | निर्झर | २०२९ | बागलुङ | भरतकुमार दिनबन्धु | मासिक | बन्द |
| १७ | सरोरुह | २०३० | बागलुङ | अरुण | त्रैमासिक | बन्द |
| १८ | यानीमायाँ | २०३० | बागलुङ | धर्मप्रसाद थापा | - | बन्द |
| १९ | नवबालक | २०३० | बागलुङ | वीरेन्द्रप्रकाश श्रेष्ठ | अनियमित | बन्द |
| २० | काँठेखोला | २०३१ | बागलुङ | महेन्द्रकुमार श्रेष्ठ | त्रैमासिक | बन्द |
| २१ | जलजला | २०३५ | बागलुङ | चन्द्रनरसिंह | त्रैमासिक | बन्द |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २२ | कालीको छाल | २०३६ | बागलुङ | चन्द्रनरसिंह, शन्तु श्रेष्ठ, कृष्णशङ्कर श्रेष्ठ | - | बन्द |
| २३ | नयाँ जाँगर | २०३६ | बागलुङ | निर्मल र विकास | - | बन्द |
| २४ | गङ्गा | २०३७ | पर्वत | असीम आजाद | - | बन्द |
| २५ | शिक्षा कुसुम | २०३७ | पर्वत | कोशप्रसाद रेग्मी, गोविन्दप्रसाद पन्त, पृथ्वीनारायण शर्मा | - | बन्द |
| २६ | प्रयास | २०३७ | बागलुङ | शोषितबिन्दु श्रेष्ठ र हितमान शाक्य | - | बन्द |
| २७ | सँगालो | २०३८ | बागलुङ | श्रीकान्त रेग्मी | - | बन्द |
| २८ | मुक्तिसन्देश | २०३८ | बागलुङ | स्व. वि. यू., महेन्द्र क्याम्पस, बागलुङ | - | बन्द |
| २९ | चौतारी | २०४१ | बागलुङ | | - | बन्द |
| ३० | उपहार | २०४२ | बागलुङ | काजीरोशन | - | बन्द |
| ३१ | जनयोद्धा | २०४८ | बागलुङ | राजेशचन्द्र राजभण्डारी र किस्मत राजभण्डारी | - | बन्द |
| ३२ | ज्योतिष जागरण | २०५० | पर्वत | बलराम रेग्मी | मासिक | बन्द |
| ३३ | पर्वतमाला | २०५१ | पर्वत | बिन्दुराज शर्मा | - | बन्द |
| ३४ | कालीको सुसेली | २०५२ | पर्वत | इन्द्रकुमार विकल्प | अर्धवार्षिक | चालु |
| ३५ | सगुन | २०५४ | पर्वत | शान्तिनारायण श्रेष्ठ | - | चालु |
| ३६ | उत्तरगङ्गा | २०५४ | बागलुङ | कमलकान्त रेग्मी, कृष्णप्रसाद पौडेल, राजेन्द्र सिग्देल | - | बन्द |
| ३७ | परिकल्पना | २०५५ | म्याग्दी | | वार्षिक | चालु |
| ३८ | बालसुसेली | २०५६ | पर्वत | इन्द्रकुमार विकल्प | अर्धवार्षिक | चालु |
| ३९ | चौतारी | | पर्वत | | मासिक | चालु |
| ४० | साहित्य र खोज | २०५७ | म्याग्दी | भव भिन्न | द्वैमासिक | बन्द |
| ४१ | सुनाखरी | २०६० | पर्वत | गणेशकुमार | - | बन्द |
| ४२ | पर्वत गुञ्जन | | पर्वत | | अनियमित | बन्द |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४३ | साहित्य माला | २०६० | म्याग्दी | | द्वैमासिक | चालु |
| ४४ | परिमल | | म्याग्दी | अर्जुन सुबेदी | मासिक | बन्द |

*(स्रोत: धवलागिरि पुस्तकालय)*

### ३.६.२ समाचारमूलक पत्रपत्रिकाहरू

| क्र. सं. | नाम | प्रकाशन वर्ष | प्रकाशन स्थान | प्रमुख सम्पादक | किसिम | हालको अवस्था |
|---|---|---|---|---|---|---|
| १. | सहीबाटो | २००८ | बागलुङ | | | **बन्द** |
| २. | धौलागिरि | २०२१ | बागलुङ | गोविन्दलाल श्रेष्ठ | पाक्षिक | बन्द |
| ३. | धौलाश्री | २०२८ | बागलुङ | विदुर खड्का | साप्ताहिक | अनियमित |
| ४. | खबरकागज | २०३६ | बागलुङ | पद्मनाथ शर्मा | साप्ताहिक | बन्द |
| ५. | पर्वतदुत | २०४८ | पर्वत | हरिहर पोखरेल | साप्ताहिक | बन्द |
| ६. | कालीगण्डकी | २०५० | बागलुङ | पद्मनाथ शर्मा | साप्ताहिक | बन्द |
| ७. | हलचल | २०५३ | म्याग्दी | डा. भुपेन्द्रबहादुर खड्का | साप्ताहिक | बन्द |
| ८. | श्री धौलागिरि | २०५४ | बागलुङ | देवेन्द्रराज अधिकारी | साप्ताहिक | बन्द |
| ९. | न्यू धौलागिरि | २०५५ | बागलुङ | शुभशङ्कर कंडेल | साप्ताहिक | बन्द |
| १०. | बागलुङ | २०५५ | बागलुङ | बद्रीप्रसाद शर्मा | साप्ताहिक | बन्द |
| ११. | धौलागिरि आवाज | २०५० | बागलुङ | धीरप्रताप सिंह | | |
| १२. | धौलागिरि स्टार | २०५६ | बागलुङ | कृष्णबहादुर अधिकारी | साप्ताहिक | बन्द |
| १३. | पर्वत सन्देश | २०५७ | पर्वत | सागरप्रसाद उपाध्याय | साप्ताहिक | बन्द |
| १४. | मोदी-काली | २०५७ | पर्वत | हरिनारायण रेग्मी | साप्ताहिक | चालु |
| १५. | निष्पक्ष अभिमत | २०५८ | पर्वत | भोलानाथ उपाध्याय | साप्ताहिक | चालु |
| १६. | उषाकालीन | २०५८ | बागलुङ | झपेन्द्रबहादुर क्षेत्री | साप्ताहिक | बन्द |
| १७. | म्याग्दी सन्देश | २०५८ | म्याग्दी | दुर्गा कार्की | साप्ताहिक | बन्द |
| १८. | म्याग्दी सञ्चार | २०५८ | म्याग्दी | सुदर्शनकुमार श्रेष्ठ | साप्ताहिक | बन्द |
| १९. | ढोरपाटन | २०६० | बागलुङ | बद्रिप्रसाद शर्मा | दैनिक | चालु |
| २०. | बागलुङ एक्सप्रेस | २०६१ | बागलुङ | चन्द्रबहादुर क्षेत्री | पाक्षिक | बन्द |

*(स्रोत: धवलागिरि पुस्तकालय)*

परिच्छेद् ४

# ४. कथा-सिद्धान्त र धवलागिरि अञ्चलको कथा-परम्परा

## ४.१ कथाको सैद्धान्तिक स्वरूप

### ४.१.१ परिचय

'कथ्' धातुमा 'अ' प्रत्यय लागेर कथा शब्दको निर्माण भएको हो । अङ्ग्रेजीमा Short Story भनिने कथालाई हिन्दीमा 'कहानी' र बङ्गालीमा 'गल्प' भनिन्छ ।[६७] साहित्यिक विधाको रूपमा कथा गद्य भाषामा लेखिएको आख्यानयुक्त साहित्यको लघुरूप भन्ने बुझिन्छ । यद्यपि समग्र साहित्यका सन्दर्भमा भने कथा भन्नाले नाटक, उपन्यास, महाकाव्य आदिको कथावस्तु, कथासार वा कथानक भन्ने बुझिन्छ ।[६८]

कथाको उत्पत्ति यही समयदेखि भएको भनेर निश्चित समय तोकेर बताउन नसके तापनि पूर्वीय तथा पाश्चात्य साहित्यको इतिहास हेर्दा मानिसको भाषिक प्रयोगको प्रारम्भसँगै कथाको पनि प्रारम्भ भएको मान्न सकिन्छ । कथाले लेख्य रूप प्राप्त गर्नुपूर्व सामान्य जनजीवनका अनुभव-अनुभूति, सुख-दुःख, आँशु-हाँसो जस्ता मानवीय सम्वेदनाहरूलाई आख्यान तत्त्व समावेश गरी कलात्मक रूपमा रहेको लोककथा समयको अन्तरालमा विभिन्न स्वरूप धारण गर्दै आएको पाइन्छ । समसामयिक युगमा यसले एउटा लेख्य विधाको रूपमा निश्चित स्वरूप प्राप्त गरेको छ । यद्यपि कथा कुनै शास्त्रीय नियम वा लक्षणहरूसित आबद्ध परम्परागत विधा होइन ।[६९]

कथा साहित्यको लोकप्रिय स्वतन्त्र विधा हो । साहित्यका अन्य विधाझैँ यसको पनि आफ्नै स्वरूप र ढाँचा हुन्छ । यो मूलतः गद्य भाषामा लेखिने आख्यान साहित्यको लघु रूप हो । छोटो आकारमा रचना हुने कथाको विषयवस्तु स्थुल वा सूक्ष्म जस्तो भए तापनि यो आफैमा पूर्ण हुन्छ । घटनाक्रममा विभिन्न पात्रहरूको संयोजन भई कथाले स्वाभाविकता प्राप्त गरेको हुन्छ । यसमा कुनै एक सत्यको झलक, कुनै स्थान विशेष सापेक्ष वा निरपेक्ष विचार वा धारण, कुनै क्षणविशेषका अनुभूति तथा कुनै व्यक्ति विशेषका चरित्र र प्रकृतिको उद्घाटन भएको हुन्छ ।[७०]

---

[६७] डा. देवीप्रसाद गौतम, **नेपाली कथा**, नवीन प्रकाशन, काठमाडौं (२०५४), पृष्ठ : १ ।

[६८] डा. बालकृष्ण पोखरेल र अन्य, **बृहत् नेपाली शब्दकोश**, ने. रा. प्र. प्र., काठमाडौं (२०५४), पृष्ठ : १९१ ।

[६९] डा. दयाराम श्रेष्ठ, **नेपाली कथा भाग -४**, साझा प्रकाशन, ललितपुर (२०५७), पृष्ठ : ६ ।

[७०] डा. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, साझा प्रकाशन, ललितपुर (२०४९), पृष्ठ: ७३ ।

### ४.१.२ कथाको परिभाषा

मानिसद्वारा गरिने सिर्जनाका हरेक वस्तुहरूमा मानिसका इच्छा-आकांछा र युगको प्रभाव रहेको हुन्छ । त्यसैले यस्ता वस्तुहरू समयसँगै परिवर्तन भइरहन्छन् । कथाको संरचनामा पनि मानिसको अभिरुचि र युग परिवर्तनको प्रत्यक्ष प्रभाव रहने हुनाले निरन्तर रूपमा संरचनागत भिन्नता भइरहेको पाइन्छ । यसरी सधैँ एउटै स्वरूप नहुने भएकोले कथालाई सर्वमान्य रूपमा परिभाषित गर्ने काम जटिल रहेको छ तापनि विभिन्न विद्वान्हरूले आ-आफ्नो तरिकाबाट कथालाई परिभाषित गर्दै आएका छन् । कथाको आकार वा आयाम, भाषा शैलीको प्रयोग, विषयवस्तुको छनौट र अभिप्राय वा उद्देश्यको आधारमा विभिन्न उनीहरूले कथालाई परिभाषित गरेको पाइन्छ ।

पाश्चात्य साहित्यका प्रथम आधुनिक कथाकार एडगर एलेन पोका अनुसार एकै बसाइमा पढीसकिने छाटो तर आफैमा पूर्ण इतिवृत्ति नै कथा हो ।[७१] एच. जी. वेल्सले बढीमा बीस मिनेटमा पढिसकिने आख्यानात्मक रचनालाई कथा भनेका छन् ।[७२] कुनै एक परिणामसम्म पुऱ्याउने घटनाहरूको श्रृङ्खलालाई कथा भनिन्छ भन्ने मान्यता ई. एम. फ्रोस्टर्सको रहेको छ ।[७३] यसैगरी जेम्स डब्ल्यू लिनले कुनै एक व्यक्तिको जीवनको एउटा विशिष्ट घटनाको नाटकीय प्रस्तुति कथा हो भनेका छन् भने डब्ल्यू. एच. हड्सनले कुनै पनि नाटकीय घटना वा स्थिति, मार्मिक दृश्य, अन्यत्तम घटनाको श्रृङ्खला चरित्रको कुनै एक रूप, कुनै एउटा अनुभूति, जीवनको कुनै एक पक्ष, कुनै नैतिक समस्या जस्ता असङ्ख्य विषय कुनै पनि सन्तोषप्रद कथाको लागि बीजको रूपमा प्रयुक्त हुन सक्छन् भन्ने मान्यता राखेका छन् ।[७४]

पूर्वीय साहित्यमा पनि विभिन्न विद्वान्हरूबाट कथालाई परिभाषित गर्ने कार्य हुँदै आएको पाइन्छ । पूर्वीय साहित्यको आदिकाव्य महाभारतमा कथालाई सत्यम्, शिवम् र सुन्दरम्लाई अभिव्यक्ति गर्ने आख्यानको रूपमा चर्चा गरिएको पाइन्छ ।[७५] भामहले कथाको चिनारी दिने क्रममा कथा सत्य घटनामा आधारित आख्यान हो भनेका छन् ।[७६] हिन्दी साहित्यका कथाकार प्रेमचन्दले कथा थरीथरीका फूल फुल्ने बगैंचा  नभई एउटै मात्र बोटको माधुर्य समुन्नत रुपमा देखा पर्ने एक गमला हो भनेका छन् ।[७७] कथाको परिभाषाबारे चर्चा गर्दा नेपाली साहित्यका महाकवि लक्ष्मीप्रसाद

---

[७१] डा. देवीप्रसाद गौतम, पूर्ववत्, पृष्ठ : ४ ।

[७२] ऐजन् ।

[७३] ऐजन् ।

[७४] ऐजन् ।

[७५] डा. देवीप्रसाद गौतम, पूर्ववत्, पृष्ठ : ३ ।

[७६] ऐजन् ।

[७७] डा. दयाराम श्रेष्ठ, पूर्ववत्, पृष्ठ : ७ ।

देवकोटाको कथन महत्त्वपूर्ण रहेको छ । उनका अनुसार कथा सानो आँखीझ्याल हो जहाँबाट एउटा सानो संसार चिहाइन्छ ।[७८] यसैगरी प्रथम आधुनिक नेपाली कथाकार गरूप्रसाद मैनालीको कथासम्बन्धी दृष्टिकोण प्रस्तुत गर्नु सान्दर्भिक लाग्दछ । उनका अनुसार कुनै एउटा पात्रको जीवनको सङ्कटमय घटनालाई कलापूर्ण रीतले लेख्नु नै कथा रचना हो ।[७९]

उपर्युक्त प्रमुख विद्वान्हरूको परिभाषा हेर्दा कसैले कथाको आकारमा जोड दिएको पाइन्छ भने कसैले घटनाको सघनतामा अनि कसैले उद्देश्यमा । कथाका यी सबै तत्त्व त्यत्तिकै महत्त्वपूर्ण रहन्छन् । सबै विद्वान्हरूको परिभाषाको विवेचना गरी मूलभूत स्वरुपलाई समेट्ने गरी कथालाई यसप्रकार चिनाउन सकिन्छ :

जीवन र जगत्को कुनै एक पक्ष वा घटनालाई मार्मिक रुपमा प्रस्तुत गर्ने छोटो तर आफैमा पूर्ण गद्य रचनालाई कथा भनिन्छ ।

**४.१.३ कथाका तत्त्व (उपकरण) हरू**

कुनै पनि रचनामा विभिन्न तत्त्वको योग भएको हुन्छ । वस्तुको संरचना प्रक्रियामा कतिपय आधारभूत तत्त्वहरू रचनाकारले सचेततापूर्वक समायोजित गरेको हुन्छ भने कतिपय तत्त्वहरू रचनामा स्वतः समायोजित हुन पुग्दछन् । यिनै मूर्त र अमूर्त तत्त्वहरूले वस्तुको स्वरूपलाई पूर्णता दिएका हुन्छन् । साहित्य पनि एक किसिमको संरचना हो । साहित्यका हरेक विधाहरूको आ-आफ्नै संरचक घटकहरू हुन्छन् । साहित्यका विविध विधाहरू मध्ये कथा आख्यान साहित्यअन्तर्गतको एउटा स्वतन्त्र विधा हो । अन्य विधाझैँ विभिन्न अवयव वा घटकहरूको योगबाट कथाको संरचना भएको हुन्छ । कथामा रहेका यिनै संरचक घटक वा अवयवलाई कथाका तत्त्व वा उपकरण भनिन्छ ।[८०]

पहिलो पल्ट नेपाली कथाको खोजमूलक कृति तयार गर्ने डा. ईश्वर बरालले आफ्नो कृति **'झ्यालबाट'** मा कथानक, क्रियाकलाप, चरित्र, घटना, सङ्घर्ष, परिवेश, कौतुहल, चरमोत्कर्ष र प्रभावैक्यलाई कथाका मुख्य उपकरण मानेका छन् ।[८१] बरालले उल्लेख गरेका यी उपकरणहरूलाई स्वीकार्दै समालोचक राजेन्द्र सुबेदीले कथामा कथोपकथन, द्वन्द्व वा सङ्घर्ष र चरमोत्कर्षलाई पनि कथाको महत्त्वपूर्ण उपकरणको रूपमा उल्लेख गरेका छन् ।[८२] कथाका विभिन्न तत्त्वहरूका बीचमा

[७८] डा. देवीप्रसाद गौतम, पूर्ववत्, पृष्ठ : ३ ।

[७९] ऐजन् ।

[८०] ऐजन् ।

[८१] डा. ईश्वर बराल, **झ्यालबाट**, साझा प्रकाशन, ललितपुर (२०५३) पृष्ठः १४ ।

[८२] राजेन्द्र सुवेदी, **स्नातकोत्तर नेपाली कथा**, साझा प्रकाशन, ललितपुर (२०६१) पृष्ठः २३ ।

अन्योन्याश्रित सम्बन्ध हुने भएकाले ती तत्त्वहरूलाई अलग गरी हेर्नु युक्तिपूर्ण हुँदैन भन्दै डा. दयाराम श्रेष्ठले कथालाई कथाका तत्त्वलाई फरक रूपमा प्रस्तुत गरेका छन् । उनका अनुसार संरचनाअन्तर्गत कथावस्तु, पात्र, कथात्मक दृटिबिन्दु र सारवस्तु पर्दछन् भने रूपविन्यासअन्तर्गत पदविन्यास, बिम्बविधान, व्यङ्ग्य, प्रतीक विधान, तुलना, शीर्षक आदि पर्दछन् ।[८३] कथाका संरचनात्मक तत्त्वअन्तर्गत कथानक, चरित्र, सारतत्त्व, दृष्टिबिन्दु, भाषा, प्रतीक र बिम्ब, पर्यावरण तथा लय र गति पर्दछन् जसमध्ये कथानक, चरित्र, सारतत्त्व, दृष्टिबिन्दु, भाषा प्रमुख तत्त्व हुन् भने पर्यावरण, लय र गति, प्रतीक र बिम्ब सहायक तत्त्व हुन् ।[८४] कथाका तत्त्वहरू मध्ये केही सूक्ष्म हुन्छन् भने केही स्थूल हुन्छन् । कथावस्तु, चरित्र र परिवेश स्थूल तत्त्वअन्तर्गत पर्दछन् । कथाको गहिरो अध्ययन गरी त्यसको अन्तर्विश्लेषणबाट अनुभव गरिने तत्त्वहरू अमूर्त वा सूक्ष्म तत्त्व हुन् । सूक्ष्म तत्त्वअन्तर्गत भाषाशैली, कथोपकथन, उद्देश्य, दृष्टिबिन्दु आदि पर्दछन् । कथामा प्रयुक्त हुने प्रमुख तत्त्वहरूको तल क्रमशः चर्चा गरिन्छ ।

**क) कथानक**

कथानकलाई कथावस्तु वा कथासार पनि भनिन्छ ।[८५] कथानक कथामा  स्पष्ट रूपमा देख्न सकिने स्थूल र महत्त्वपूर्ण तत्त्व हो । कथानक कथाको आधार हो अर्थात् कथामा वर्णित सम्पूर्ण घटना वा कार्यव्यापार श्रृङ्खलित रूपमा योजनाबद्ध ढङ्गले कथावस्तु प्रस्तुत भएको हुन्छ । कथामा आउने सबै घटनाहरू कार्यकारण सम्बन्धका आधारमा प्रस्तुत गरिएका हुन्छन् । पाठकहरूमा कुतुहलता र रोचकता उत्पन्न गराउनका निम्ति कथानकको निर्माणमा हमेसा सजगता र सचेतता अपनाइएको हुनुपर्दछ । कथावस्तुमा नवीनता र मौलिकता हुनु अति आवश्यक छ । कथावस्तु पुराण वा धर्मशास्त्र, इतिहास र समाज आदि स्रोतबाट प्राप्त गर्न सकिन्छ ।

इतिहासमा घटित कालक्रमिक घटनाहरूमा कथाकारले आफ्ना कल्पना र भावनाको सम्मिश्रण गरी कथा तयार पार्दछ । धार्मिक अभिप्राय रहने पौराणिक कथाहरूमा सिङ्गो युगको प्रस्तुति हुन्छ । यस्ता कथाहरूमा धार्मिक र आध्यात्मिक चिन्तनका साथै नैतिकता र औपदेशिकता रहने गर्दछन् । तर धार्मिक स्रोतबाट विषयवस्तु लिएर लेखिने कथाहरूमा आध्यात्मिक चेतना र नैतिक सन्देश रहेको पाइन्छ । सामाजिक विषयवस्तुमा लेखिएका कथाहरू यथार्थपरक, रागभावमूलक र स्वैरकल्पनात्मक गरी तीन प्रकारमा वर्गीकरण गर्न सकिन्छ । यस्ता कथाहरूको उद्देश्य मनोरञ्जनका साथै जीवन जगत्का विविध पक्षहरूको प्रस्तुति गर्नु रहेको हुन्छ ।

---

[८३] दयाराम श्रेष्ठ, पूर्ववत्, ।

[८४] ऋषिराज बराल र कृष्णप्रसाद घिमिरे, **नेपाली कथा, भाग ३**, साझा प्रकाशन, ललितपुर (२०५५), पृष्ठ ३ ।

[८५] बालकृष्ण पोखरेल र अन्य, **बृहत् शब्दकोश**, ने. रा. प्र. प्र., काठमाडौं (२०५५) पृष्ठ : १९१ ।

कथानक घटनाहरूको थुप्रो मात्र होइन, समयक्रममा घटेका घटनाहरूको अन्वितिपूर्ण प्रस्तुति हो । कथामा क्रमिक वा रैखिक र व्यतिक्रमिक गरी दुई किसिमले घटनाहरूको प्रस्तुतीकरण गर्न सकिन्छ ।[८६] कथामा घटित घटनाहरूलाई क्रमैसँग मिलाएर प्रस्तुत गरिने पद्दतिलाई क्रमिक प्रस्तुति भनिन्छ अर्थात् पहिले घटेका घटनालाई पहिले र पछि घटेका घटनालाई पछि नै प्रस्तुत गरिने प्रस्तुतीकरणलाई क्रमिक प्रस्तुतीकरण भनिन्छ । त्यस्तै पहिले घटेका घटनालाई पछि र पछि घटेका घटनालाई अघि प्रस्तुत गरी कथा लेख्ने पद्दतिलाई व्यतिक्रमिक प्रस्तुतीकरण भनिन्छ । यसरी पूर्वद्विप्ति र पश्चदृश्यको प्रयोगले कथामा व्यतिक्रम उत्पन्न भए तापनि कथाको कार्यकारण सम्बन्धलाई खलबल्याएको हुँदैन । कथालाई आदि, मध्य र अन्त्यको श्रृङ्खलामा प्रस्तुत गरिएको हुन्छ ।[८७] आदि भनेको कथाको प्रारम्भ हो । विषयवस्तुको सामान्य जानकारी, पात्रको परिचय र पछि आउने घटना तथा अन्त्यको पूर्वसङ्केत कथाको आदि भागमा पाइन्छ । कथाको प्रारम्भ वर्णनात्मक, विवरणात्मक, संवादात्मक र आकस्मिक आदि विभिन्न तरिकाबाट गर्न सकिन्छ । कथाको मध्य भागमा कथाका घटना, पात्रका विभिन्न समस्या अनि ती समस्याका विरुद्ध गरिएका सङ्घर्षको वर्णन गरिएको हुन्छ । मध्य भागमा नै कथाको केन्द्रीय भावको प्रस्फुटन हुन्छ र कथा चरमोत्कर्षतर्फ तीव्र गतिमा बढीरहेको हुन्छ । कथाको अन्त्य भागमा चरमोत्कर्ष त्यसपछिको अवस्थाको वर्णन गरिएको हुन्छ । यसै भागमा पात्रका सङ्घर्ष वा समस्या समाधानका लागि गरिएका सम्पूर्ण भाव र रहस्य उजागर हुन्छन् ।

**ख) पात्र वा चरित्रचित्रण**

कथानकमा उनिएर आएका व्यक्तिहरूलाई नै पात्र भनिन्छ । पात्र वा चरित्र कथाको एक प्रमुख तत्त्व हो । पात्रले नै कथावस्तुका समग्रतालाई गति दिने कार्य गर्दछन् ।[८८] पात्र कथामा स्पष्ट देख्न सकिने स्थूल तत्त्व हो । पात्र वा चरित्र सजीव वा निर्जीव जे भए तापनि व्यक्तिसरह नै चित्रण गरिएको हुन्छ । यस किसिमको चरित्रचित्रण कथानकको अनुकूल स्वाभाविक, सहज, जीवन्त र प्रभावकारी हुनु आवश्यक छ । कथामा पात्रले सोचेको निश्चित भौतिक तथा मानसिक प्रतिक्रियाको उपस्थापना हो । कथाको प्रभावकारिता कथानक र पात्रका बीचको अन्योन्याश्रित सम्बन्धको स्थापनामा निर्भर हुन्छ ।

---

[८६] महादेव अवस्थी, **नेपाली कथा भाग- २**, साझा प्रकाशन, ललितपुर (२०५५), पृष्ठ ६ ।

[८७] महादेव अवस्थी, पूर्ववत्, पृष्ठ : ६ ।

[८८] डा. ऋषिराज बराल र कृष्णप्रसाद घिमिरे, पूर्ववत्, पृष्ठ : ४ ।

कथामा पात्रहरू विभिन्न किसिमका हुन्छन् । तिनीहरूको भूमिका, प्रवृत्ति, स्वभाव, जीवन-चेतना, आबद्धता आदिको आधारमा वर्गीकरण गरिन्छ ।[८९] कथामा कार्य वा भूमिकाका आधारमा पात्रहरू प्रमुख, सहायक र गौण हुन्छन् । कथाका सम्पूर्ण घटना र परिवेश प्रमुख पात्रको वरिपरि केन्द्रित रहेका हुन्छन् । प्रमुख पात्रको सहायकका रूपमा घटनाक्रमलाई अघि बढाउन कथामा समेटिएर आएका पात्रहरू सहायक पात्र हुन् । कथामा समेटिएर आएका तर तिनीहरूलाई हटाइदिए पनि कथानकमा खासै प्रभाव नपर्ने खालका पात्रहरू गौण पात्र हुन् । पात्रको वर्गीकरण गर्ने अर्को आधार उनीहरूको प्रवृत्ति हो । यस आधारमा हेर्दा पात्रहरू अनुकूल र प्रतिकुल दुईथरी हुन्छन् । नैतिकता, आदर्श, सामाजिक मूल्य र मान्यताप्रति पात्रका विचार र क्रियाकलापले सकारात्मक प्रभाव पार्छ भने त्यस्ता पात्र अनुकूल पात्र हुन् । यसको ठीक विपरित नकरात्मक सोच र व्यवहार हुने पात्र प्रतिकुल हुन् । स्वभावका आधारमा पात्र गतिशील र गतिहीन दुई वर्गका हुन्छन् । कथाको प्रारम्भदेखि अन्त्यसम्ममा आफ्नो स्वभाव र दृष्टिकोण परिवर्तन हुने पात्रलाई गतिशील पात्र भनिन्छ भने सधैँ स्थिर स्वभाव र एकैनास व्यवहार गर्ने पात्र गतिहीन पात्र हुन् । जीवन चेतनाका आधारमा पात्रहरू व्यक्तिगत र वर्गगत हुन्छन् । सिङ्गो जाति वा समुदायको प्रतिनिधित्व गर्ने पात्र वर्गगत पात्र हुन् भने आफ्नै विचार र अनुभव प्रस्तुत गर्ने पात्र व्यक्तिगत पात्र हुन् । यसरी नै आसन्नताका आधारमा पनि पात्रलाई दुई किसिमले वर्गीकरण गर्न सकिन्छ- नेपथ्य र मञ्चीय पात्र । कथाका पात्रलाई बद्ध र मुक्त गरी आवद्धताका आधारमा पनि वर्गीकरण गर्न सकिन्छ । बद्ध पात्रका कथा प्रवाहमा सोझै आबद्ध हुने पात्र हुन् र मुक्त पात्र कथा-प्रवाहबाट अलग र स्वतन्त्र पात्र हुन् । बद्ध पात्र कथाप्रवाहबाट हटाउँदा कथानक अपूर्ण हुन्छ भने मुक्त पात्रलाई कथाबाट हटाए पनि कथाको भावनामा फरक पर्दैन ।

**ग) भाषाशैली**

कुनै पनि भाव वा विचार सम्प्रेषणको माध्यम नै भाषा हो । त्यसैले कथा पनि भाषाकै माध्यमबाट प्रस्तुत गरिन्छ । साहित्यमा भाषालाई गद्य र पद्यका रूपमा प्रयोग गरिन्छ । भाषा कथाको सूक्ष्म तत्त्व हो । कथामा प्रयोग गरिने भाषा गद्य हुन्छ । कथा सरल, सहज र प्रवाहमय हुनुपर्दछ । क्लिष्ट, दुरुह र जटिल भाषाको प्रयोगले कथाको आस्वादनमा बाधा पार्छ । कथामा प्रयोग गरिने भाषा सरल हुन्छ तर यो आफैमा विशिष्ट हुन्छ । यसमा भाषिकागत विशेषता मात्र नभएर वैयक्तिक भाषिक विशेषता, निपात, थेगो आदिको पनि प्रयोग गरिन्छ । सरल भइकन पनि विशिष्ट हुनु कथाको कलात्मक सौन्दर्य हो ।

[८९] महादेव अवस्थी, पूर्ववत्, पृष्ठ : ७ ।

कथा अभिव्यक्ति गर्ने ढङ्गलाई शैली भनिन्छ ।[९०] शैली कथामा सूक्ष्म तत्त्वका रूपमा रहेको हुन्छ । शैली रचना गर्ने व्यक्तिको व्यक्तित्वलाई दर्शाउने तत्त्व हो । कथामा ध्वनि वा वर्णदेखि शब्द, पदावली, वाक्य, अनुच्छेद आदि भाषिक तत्त्वहरूको विशिष्ट र सौन्दर्यपरक प्रयोग गरिएको हुन्छ । त्यसैले शैली कथालाई विशिष्ट तुल्याउने तत्त्व हो । शैली कथा प्रस्तुतीकरणको समग्र कला हो । यसै हुनाले कथाले अँगालेको कथावस्तुअनुसार शैली भिन्न भिन्न हुने गर्दछ ।

**घ) परिवेश**

कथाका घटनाहरू घटित हुने पात्रका कार्यव्यापार सम्पन्न हुने स्थान परिस्थिति वा समयलाई परिवेश भनिन्छ । परिवेश कथाको स्थूल तत्त्व हो । कथामा उल्लेखित परिवेशको चित्रण कथाकारले समाख्यानात्मक र दृश्यात्मक दुई तरिकाबाट गर्दछ ।[९१] समाख्यानात्मक विधिमा कथाकारले आफै परिवेशको वर्णन गर्दछ भने दृश्यात्मक विधिअन्तर्गत पात्रको संवाद वा क्रियाकलापबाट परिवेशको जानकारी प्राप्त हुन्छ ।

परिवेशले मूलतः कथाको सामाजिक पक्षलाई अङ्कन गर्दछ । जे जसरी चित्रण गरे पनि परिवेशअन्तर्गत विभिन्न समय र स्थानका स्थिति, रीतिस्थिति आवरण चालचलन, सोचविचार, जीवनशैली, मानसिकता, सांस्कृतिकता आदिले व्यक्त हुने अवसर पाएका हुन्छन् । कुनै क्षेत्र वा स्थान विशेषका परिवेशले बढी महत्व पाएमा आञ्चलिक कथा सिर्जना हुन पुग्दछन् भने त्यस्ता अवसरमा स्थानीय रङ पनि देखापर्दछन् । कथामा देखिने परिवेश बाह्य र आन्तरिक दुवै हुन सक्छन् । बाह्य परिवेशमा भौगोलिक सामाजिक परिवेश हुन्छन् भने आन्तरिक परिवेशमा पात्रका मानसिक वैयक्तिक परिवेश हुन्छन् । सामाजिक कथामा बाह्य वातावरणको प्रमुखता हुन्छ भने मानोवैज्ञानिक कथामा आन्तरिक वातावरणले ठाउँ पाएको हुन्छ । परिवेशको चित्रण गर्दा विश्वसनीयता अनुकूल समय परिस्थिति सुहाउँदो गरी गर्नुपर्दछ ।

**ङ) उद्देश्य (सारवस्तु)**

कथाकारले कथाका माध्यमबाट पाठकका सामु प्रस्तुत गर्न खोजेको सन्देश नै उद्देश्य हो । कथाकारले आफ्नो उद्देश्य कथामा प्रत्यक्ष रूपमा प्रस्तुत गर्नुहँदैन । कथामा उद्देश्यलाई प्रत्यक्ष रूपमा अभिव्यक्त गर्दा कलात्मकता हराउन पुग्छ । त्यसैले कथामा उद्देश्यको निर्धारण गर्दा युगसापेक्ष पाठकीय प्रवृत्तिलाई समेत ध्यान पुऱ्याउनु पर्दछ । कथाकारले सत्यको उद्घाटन गर्ने, अनुभूतिलाई देखाउने, चरित्रको चित्रण गर्ने र समयसापेक्ष विचार प्रस्तुत गर्ने आदि उद्देश्य लिई

---

[९०] नरहरि आचार्य र अन्य, **नेपाली कथा भाग १**, साझा प्रकाशन, ललितपुर, (२०५४) पृष्ठ च ।

[९१] डा. देवीप्रसाद गौतम, पूर्ववत्, पृष्ठ : १४ ।

कथा सिर्जना गर्ने गर्दछन् ।[९२] नीति चेतना, सुधारवादी भावना, यथार्थबोध मनका विभिन्न अवस्थाहरूको वर्णन सौन्दर्यात्मक प्रभाव आनन्द आदि कथाका उद्देश्य हुन सक्छन् ।

**च) दृष्टिबिन्दु**

कथामा आफ्ना भाव र विचार कुन पात्रको कार्यव्यापारका माध्यमबाट प्रस्तुत गर्ने भन्ने निश्चित भावना बनाई सकेपछि प्रस्तुतीकरणका लागि अपनाइने पद्दति नै दृष्टिबिन्दु हो ।[९३] कथामा पात्रको स्थिति कस्तो छ अर्थात् कथामा पात्र कुन भूमिका कस्तो रूपमा आएर वर्णन गर्दछ भन्ने कुरालाई दृटिबिन्दुले सङ्केत गर्दछ ।

कुनै एउटा विषयमा कथा लेख्नको निम्ति कथावस्तुको परिकल्पना गरिसकेपछि कुन पात्रलाई कुन स्थान राखेर त्यस कथावस्तुलाई लक्षित बिन्दुमा पुऱ्याउन सकिन्छ भन्ने कुराको निर्क्योल दृष्टिबिन्दुबाट गर्न सकिन्छ । दृष्टिबिन्दुका माध्यमबाट कथा भन्ने को हो र कसको कथा भनिरहेको छ भन्ने कुरा स्पष्टसँग छुट्याउन सकिन्छ । दृष्टिबिन्दुको सम्बन्ध कथावस्तु र चरित्रसित रहेको हुन्छ । दृष्टिबिन्दु मुख्यतः आन्तरिक र बाह्य गरी दुई किसिमका हुन्छन् ।[९४] कथाको प्रस्तुति प्रथम पुरुष शैलीमा गर्नु आन्तरिक दृष्टिबिन्दु हो । यसलाई प्रथम पुरुष दृष्टिबिन्दु पनि भनिन्छ । यस्तो दृष्टिबिन्दुमा कथाकार सोझै कथाको समाख्याता वा वर्णनकर्ता हुँदैन । यसमा म, हामी पात्र उपस्थित भएर आख्यानको वर्णन गरेको हुन्छ । प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएका कथाहरूमा पात्रका मानसिक द्वन्द्व र भौतिक संसारको वर्णन, परिवेश र घटनाको वर्णन विश्लेषण र मनका भावावेगहरूको उद्घाटन 'म' पात्रले गरेको हुन्छ । यस प्रकारको दृष्टिबिन्दुमा कथाको समाख्याता कथाको पात्र नभई कथाकार स्वयम् नै हुन्छ । यसमा कथाकार कथाभन्दा बाहिरै बसी आख्यानको सम्पूर्ण पक्षमा वर्णन गर्ने कार्य गर्छ । त्यसैले यसलाई बाह्य दृष्टिबिन्दु भनिएको हो । सामाजिक यथार्थवादी कथामा प्रायः तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ ।

कथाका तत्त्वसम्बन्धित उपर्युल्लिखित धारणालाई परम्परावादी अवधारणा मान्दै आधुनिक कथाकार एवम् समालोचकहरूले कथाका उपकरणहरूको चर्चा संरचना र रूपविन्यासका आधारमा गरेको पाइन्छ । जसअनुसार कथाको संरचना पक्षअन्तर्गत कथालाई आकार दिने स्थूलतत्त्वहरू पर्दछन् भने रूपविन्यासअन्तर्गत कथालाई सुन्दर बनाउनका लागि प्रयोग गरिने युक्ति अर्थात् सूक्ष्म तत्त्वहरू पर्दछन् ।[९५] यसरी हेर्दा कथावस्तु, पात्र, दृष्टिबिन्दु र सारवस्तु कथाको संरचनात्मक पक्षमा

---

[९२] डा. ऋषिराज बराल र कृष्णप्रसाद घिमिरे, पूर्ववत् । पृष्ठ ५ ।

[९३] ऐजन् ।

[९४] डा. दयाराम श्रेष्ठ, पूर्ववत्, पृष्ठ-९ ।

[९५] ऐजन् ।

पर्दछन् भने रूपविन्यासअन्तर्गत पदविन्यास, बिम्बविधान, व्यङ्ग्य, प्रतीकविधान, शीर्षक, उपमा आदि पर्दछन् । यी प्रमुख तत्वहरूका अतिरिक्त संवाद, द्वन्द्व, बिम्ब, प्रतीक, शीर्षक योजना जस्ता कुराहरू पनि त्यत्तिकै महत्त्वपूर्ण रहेका हुन्छन् । यिनै विभिन्न तत्त्वहरूको संयोगबाट नै कथाले पूर्णता पाएको हुन्छ ।

### ४.२ नेपाली कथाको विकासक्रम

#### ४.२.१ प्रारूप

कथा नेपाली साहित्यको प्राचीन र लोकप्रिय विधा हो । प्राचीनकालदेखि नै लोकजीवनमा व्याप्त रहेको कथा विधा सुरुमा लोककथा र दन्त्यकथाका रूपमा प्रचलित थियो । लोककथा, लोकगाथा, दन्त्यकथा जस्ता आख्यानयुक्त विभिन्न लोकसाहित्यका विधा उपविधाहरूमा आख्यान तत्त्व रहिआएको पाइन्छ । आख्यान साहित्यअन्तर्गत एक विशिष्ट विधाका रूपमा नेपाली भाषाका कथा लेखन कार्यको थालनी निकै पछि आएर मात्र भएको पाइन्छ । यद्दपि प्राचीनकालमा पनि कथाका लेख्य स्वरूप नभएका होइनन् । कथा विधाको लेख्य परम्पराको अध्ययन गर्दा पूर्वीय साहित्यमा वेदमा वर्णित कथाहरू, बुद्ध धर्मका **जातक कथाहरू**, **पञ्चतन्त्रका कथाहरू**, **हितोपदेश**, **बृहत्कथा**, **कथासरितसागर** आदि र पाश्चात्य साहित्यमा बाइबलका कथाहरू **इशपका नीतिकथाहरू**, **डेकामेरन** आदिको भूमिका उल्लेखनीय छ ।[९६] विक्रमको एघारौं शताब्दीबाट लेख्य रूप प्राप्त गरेको नेपाली भाषाले वि. सं. १८२७ अगाडि राजकाज र आचरणसम्बन्धी अभिलेखी सामग्रीहरू त्था शारीरिक रोग निदानका लागि तयार गरिएको सामग्रीहरूमा सीमित रह्यो । यस अवधिमा आख्यानमूलक भाषाको प्रयोगमा भएको वृद्धि आख्यान साहित्यको पृष्ठभूमि बन्न पुग्यो ।

साहित्यको इतिहासको निरन्तर अध्ययन अनुसन्धान भइरहेको छ । यसका अध्याताहरूले अध्ययन अनुसन्धानका क्रममा विभिन्न सामग्रीहरू पहिल्याउने काम जारी छ । कुनै भरपर्दो श्रोत र सामग्री फेला पर्न सकेमा र उचित तर्क प्रस्तुत गर्न सकिएमा पुराना मान्यताहरू बदलिन पनि सक्तछन्, तर आजसम्मको अध्ययनमा उपलब्ध सामग्रीको आधारमा भने नेपाली कथाको उठान बिन्दु वि. सं. १८२७ को शक्तिबल्लभ अर्यालको **महाभारत विराटपर्व** लाई नै मानिएको छ ।[९७]

#### ४.२.२ काल विभाजन

वि. सं. १८२७ लाई नेपाली कथाको लेख्यपरम्पराको प्रारम्भ बिन्दु मानेर सोही समयदेखि हालसम्मको अवधि र यस अवधिमा लेखिएका कृतिहरूको आधारमा नेपाली कथाको

---

[९६] डा. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृष्ठः ७४ .

[९७] ऐजन्, पृष्ठः ७६ ।

इतिहासको अध्ययन गरिन्छ । नेपाली कथाको परम्परालाई सबैजसो विद्वान्हरूले त्रिकालिक चरण विभाजन गरेको भए पनि माध्यमिक र आधुनिककालको समय सीमा निर्धारणमा केही मतान्तर रहेको पाइन्छ । जे होस्, 'नासो' कथाको प्रकाशनलाई आधुनिककालको प्रारम्भ बिन्दु मान्ने कुरामा सबै विद्वान्हरूको सहमति रहेको छ । कथामा प्रयुक्त भाषाशैली, वाद, सिद्धान्त र कृतिरचनाको तीव्रताका आधारमा कथाको इतिहासलाई निम्नानुसार तीन चरणमा काल विभाजन गरिएको पाइन्छः

१. प्रथमिक काल (सुरुदेखि १९५७ सालसम्म)

२. माध्यमिककाल (वि. सं. १९५८-१९९०)

३. आधुनिककाल (वि. सं. १९९१- हालसम्म) [९८]

### ४.२.२.१ प्राथमिक काल (सुरुदेखि १९५७ सालसम्म)

वि. सं. १८२८ को शक्तिबल्लभ अर्यालद्वारा लिखित **महाभारत विराटपर्व** देखि वि. सं. १९५८ मा 'गोर्खापत्र' को प्रकाशनपूर्व सिर्जित र प्रकाशित आख्यानात्मक कृतिहरू नेपाली साहित्यको इतिहासमा प्राथमिक कालअन्तर्गत पर्दछन् । शक्तिबल्लभद्वारा लिखित **महाभारत विराटपर्व** मा कथाको स्वरूप र संरचना शिल्पमा मौलिकता नपाइए तापनि आजसम्मको अनुसन्धानअनुसार यो नै पहिलो आख्यानात्मक कृति हो । प्रायः संस्कृतका विभिन्न पुराण, नीति तथा अरवी स्रोतका रचनाहरूको अनुवाद परम्पराको सुरुआत हुन लागेको त्यस समयको आख्यानात्मक कृतिहरूमा छिटपुट रूपमा अङ्ग्रेजी स्रोतका रचनाहरू पनि अनूदित हुन थालेको पाइन्छ । त्यसबेला धार्मिक उत्प्रेरणा दिने उपदेशमार्फत् आदर्शतिर उन्मुख गराउने मनोरञ्जन प्रदान गर्ने उद्देश्यबाट आख्यानहरू सिर्जना गरिन्थे ।[९९]

यस कालमा नेपाली कथाको स्वरूप निर्माणका पृष्ठाधार तयार गर्ने संस्कृतबाट अनूदित प्रमुख कृतिहरूमा शक्तिबल्लभ अर्यालको **महाभारत विराटपर्व** (१८२७), भानुदत्तको **हितोपदेश मित्रलाभ** (१८३३), अज्ञात लेखकद्वारा लेखिएको **पिनासको कथा** (१८७२), **दसकुमार चरित्** (१८७५), **स्वस्थानी व्रतकथा** (१८७८), **बेतालपञ्चबिंसति** (१८९३), **बृहत्कथा** (१९०७) आदि रहेका छन् । संस्कृतबाट अनूदित हुनुमा तत्कालीन शिक्षा प्रणालीमा संस्कृत भाषाको बाहुल्यता, परम्परागत संस्कृतिको रक्षा गर्ने मानसिकता, हिन्दू धर्मसम्बन्धी आख्यानात्मक कृतिप्रति जनचाहना नैतिक शिक्षा र मनोरञ्जन आदि प्रमुख कारणको रूपमा रहेका छन् । अङ्ग्रेजी साहित्यबाट पनि कतिपय कृतिहरू अनूदित भएको पाइन्छ । अज्ञात लेखकद्वारा अनूदित **सेरामपुरको बाइबल** (१८८४) र पादरी

---

[९८] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृ. ८० ।

[९९] डा. देवीप्रसाद गौतम, पूर्ववत्, पृष्ठ : २१ ।

गङ्गाप्रसादद्वारा अनूदित **बाइबल** (१९४०) अङ्ग्रेजीबाट अनूदित उल्लेखनीय कृति हुन् । अङ्ग्रेजीबाट अनूदित कृतिहरू मूलतः धर्म प्रचारको लागि भएको बुझिन्छ । **मुन्सीका तीन आहान** (१८७६) र **वीरबल चातुरी** (१९५६) भारतीय कृतिहरूबाट अनूदित कृतिहरू हुन् ।

भारतीय भाषा साहित्यको नेपाली भाषा साहित्यमा व्यापक रूपमा प्रभाव परेको कारणहरूमा भौगोलिक र सांस्कृतिक निकटतालाई लिन सकिन्छ । दुई देशबीचको खुला सीमा, सांस्कृतिक र जातीय समानताका कारण परम्परागत रूपमा नेपालीहरू भारतको वनारसमा विद्यार्जनको लागि आवतजावत भइरहन्थ्यो । त्यहाँ पुगेका व्यक्तिहरूले त्यहाँका साहित्यिक कृतिको अनुवाद गर्ने गरेको पाइन्छ । त्यस्ता कृतिहरूमा मनोरञ्जन प्रधान गर्ने र नैतिक शिक्षा दिने उद्देश्य प्रमुख रूपमा प्रकट भएको पाइन्छ ।

प्राथमिककालमा कथाहरू पूर्ण र वास्तविक कथा थिएनन् । केवल कथात्मक सूत्र भएका आख्यानात्मक कृति हुन् । माथि उल्लेखित जस्ता प्राथमिककालीन कथा कृतिहरूमा विधागत सचेतना पाइँदैन । कथाका लागि कथा नलेखेर प्राथमिककालमा संस्कृत, अङ्ग्रेजी र भारतीय भाषामा लेखिएका कृतिहरूलाई अनुवाद गरी समाजमा उपदेश, धर्म, शिक्षा, मनोरञ्जन भाषिक नमुना शैलीमा संरचित भई लोकप्रिय रहेका **मुद्राराक्षस** र **हास्यकदम्ब** नाटकहरूलाई आख्यानात्मक शैलीमा प्रस्तुत गर्ने कार्य प्रारम्भ भएको पाइन्छ । समग्रमा हेर्दा समसामयिक समस्याबाट विमुख भई पारलौकिक र जादुगरी अभिव्यक्तिमा मनोरञ्जन र नीतिमूलक प्रस्तुति बोकेका यस कालका कथाहरू वास्तविक कथाकारका रूपमा भन्दा बढी टीकाकार लिपिकार र अनुवादकका रूपमा प्रस्तुत भएका छन् ।

### ४.२.२.२ माध्यमिककाल (वि. सं. १९५८-१९९०)

नेपाली कथा साहित्यको माध्यामिककालको सुरुआत **गोरखापत्र** (१९५८) को प्रकाशनसँगै भएको पाइन्छ ।[१००] वि. सं. १९५८ मा 'गोरखापत्र' को प्रकाशन भएपछि किस्सा प्रपञ्च, कहानी, वृत्तान्तआदि विभिन्न नामबाट कथाको प्रकाशन हुन थाल्यो । **गोरखापत्र** को प्रकाशन (वि. सं. १९५८) देखि **शारदा** पत्रिकाको प्रकाशन (वि. सं. १९९१) सम्मको अवधि नेपाली कथाको माध्यामिककाल हो । विभिन्न पत्रपत्रिकाको प्रकाशनले गर्दा माध्यामिककालमा नेपाली कथाको लेखन र पाठक सङ्ख्यामा क्रमिक वृद्धि हुन गयो । विधागत सचेतताले गर्दा माध्यामिककालमा कथा र उपन्यासबीचको भिन्नता बिस्तारै प्रष्टिन थाल्यो । माधयामिककालको सुरुआतसँगै नेपाली कथामा सामाजिक आदर्शात्मक र भावनात्मक कथाहरू देखिए पनि मूलतः यस समयका कथाहरूमा आदर्शोन्मुखता नै पाइन्छ । कथामा गद्य र पद्यको मिश्रण गर्ने परम्परा पनि यस कालको प्रमुख

[१००] ऐजन् ।

प्रवृत्ति हो । यसै कालमा नेपाली साहित्यले मूद्रण युगमा प्रवेश पाएको थियो । प्रकाशनको प्रारम्भ भएपछि **गोरखापत्र** (१९५८), **सुन्दरी** (१९६३), **माधवी** (१९६५), **चन्द्र** (१९७१), **गोर्खाली** (१९७२), **चन्द्रिका** (१९७४), **जन्मभूमि** (१९७९), **गोर्खासंसार** (१९८३), **तरुणगोर्खा** (१९८५), **नेपाली साहित्य सम्मेलन** (१९८९) आदिले माध्यामिकालीन, नेपाली कथाको विकासमा विशिष्ट योगदान पुऱ्याए । माध्यामिककालका नेपाली कथालाई विकास गर्नमा सदाशिव शर्माको **सुन्दरी भुषण** (१९६३/६४), रसिकको **विलाशिनी** (१९६४), रामप्रसाद सत्यालको **कलावति** (१९६५/६६), राममणि आदिको **पतिव्रत्य प्रभाव** (१९६६), सूर्यविक्रम ज्ञवालीको **देवीको बली** (१९८३), रूपनारायण सिंहको **अन्नपूर्णा** (१९८४), प्रेमसिंह आलेको **करनीको फल** (१९८६) जस्ता कृतिहरूको उल्लेखनीय योगदान रहेको छ ।[१०१]

नेपाली कथाको माध्यामिककाललाई पूर्वमाध्यामिक उत्तरमाध्यामिक गरी दुई चरणमा विभाजन गर्न सकिन्छ । 'गोरखापत्र' को प्रकाशनदेखि **गोर्खासंसार** (१९८२) सम्मको अवधिलाई पूर्वमाध्यामिककाल भनिन्छ ।[१०२] यस कालमा **माधवी**, **गोर्खाली** र **चन्द्रिका** जस्ता पत्रिकाहरूका माध्यामबाट नेपाली कथाले अगाडि बढेको पाइन्छ । यस कालमा लेखिएका कथाहरूमा विषयगत विविधता पाइन्छ । गोरखापत्रमा प्रकाशित **प्राचीन प्रपञ्च** (१९६२), **गला** (१९६५), **माला** (१९६८), **सुकुलगुण्डाको कहानी** (१९६९) आदि यस कालका प्रमुख सामाजिक विषयवस्तु भएका कथाहरू हुन् । धर्म वा पुराणमा आधारित भएर कथाको सिर्जना गर्ने प्रवृत्ति माध्यामिककालमा पनि विद्यमान पाइन्छ । 'गोरखापत्र' मा प्रकाशित **प्राप्तव्यमर्थलभते** (१९५९), **भिक्षुको हृदय** (१९६८), **धर्मात्मा** ( १९६८) आदि यस प्रकारका प्रमुख कथा हुन् । जासुसी कथालेखन माध्यमिककालमा भित्रिएको लोकप्रिय र महत्त्वपूर्ण शैली हो । यही प्रवृत्ति अन्तर्गत **जासुसी** (१९७१) र **भूत लिला** (१९७३) आदि कथाहरू प्रकाशित भएका छन् । मनोरञ्जनात्मक विषयवस्तुमा **उट्पट्याङ** (१९५९), **हस्सी** (१८६२), **ठट्टाबाजा** (१९६८) आदि कथाकृति प्रकाशित भएको पाइन्ज्छ । त्यस्तै 'पतिव्रता चरित्र' (१९५९) **निचता र उदारता** (१९७२) आदि कृतिहरू नैति र औपदेशिक विषयवस्तु बोकेका कथाकृतिहरू हुन् ।

नेपाली साहित्यको उत्थानका लागि माध्यमिककालदेखि नै प्रवासमा रहेका नेपालीहरू सक्रिय बनेको पाइन्छ । विभिन्न पत्रपत्रिकाहरूको प्रकाशन गरी नेपाली साहित्यको समृद्धिमा खटिएका प्रवासी नेपाली साहित्यकारहरूले कथा लेखनतर्फ पनि त्यति बेलादेखि नै सक्रिय बनेका थिए । १९५८ मा दार्जलिङबाट पादरी गंगाप्रसाद प्रधानको सम्पादकत्वमा प्रकाशित **गोर्खेखबरकागज** मा धार्मिक विषयवस्तुका कथाहरू प्रकाशित छन् । वि. सं. १९७२ मा वनारसबाट प्रकाशित

---

[१०१] ऐजन् ।

[१०२] ऐजन् ।

**गोर्खाली**मा नीतिमूलक विषयवस्तुमा आधारित विज्ञानविलाशद्वारा **उपन्यास** शीर्षकको मौलिक कथा प्रकाशित भयो । नेपाली कथाको इतिहासमा मौलिक कथाको प्रवेश गराउने श्रेय यही **गोर्खाली** पत्रिकालाई जान्छ । दार्जिलिङबाट पारसमणि प्रधानको सम्पादकत्वमा प्रकाशित **चन्द्रिका** पत्रिकामा अनूदित कथाहरू प्रकाशित भएको पाइन्छ । यस कालमा अनुवाद परम्पराका साथै धार्मिक, पौराणिक, नैतिक, औपदेशिक, साहस र वीरता, ऐतिहासिक, जासुसी आदि विषयवस्तुमा मौलिकताको नजिक पुगेर लेखिएका कथाहरूको बाहुल्य पाइन्छ । सामाजिक परिवेश, आदर्शवादिता र मानवेतर तथा अतिमानवीय पात्रहरूको प्रयोग यस कालका अन्य विशेषता हुन् ।

उत्तर-माध्यामिककालमा **गोर्खासंसार**को योगदान महत्त्वपूर्ण रहेको छ । यस पत्रिकामा प्रकाशित कथाहरूले नेपालबाहिरको नेपली समाजमा व्याप्त आर्थिक विपन्नता र परम्परागत सामाजिक मूल्य र मान्यतालाई अँगालेको पाइन्छ । **गोरखापत्र**ले थालनी गरेको माध्यामिककाललाई आधुनिकतातर्फ विकास र बिस्तार गरी 'शारदा पत्रिकाको प्रकाशन (१९९१) सम्मको अवस्थामा ल्याइपुऱ्याउन 'गोरखासंसार' को भूमिका महत्त्वपूर्ण रहेको छ ।[१०३] नवीन विषयवस्तुको प्रस्तुति, मध्यम वर्गीय नेपाली समाजको चित्रण, अशक्त तथा दुःखी र गरिबप्रति सहानुभूतिपूर्ण दृष्टिकोण, प्रणय र श्रृङ्गारिक अभिव्यक्ति यस कालका प्रमुख प्रवृत्ति हुन् । यस कालमा समाज सुधार र देशभक्तिपूर्ण भावनाले युक्त स्वच्छन्दतावादी कथाहरूको प्रस्तुति भए तापनि भावुक आदर्शवादको प्रभावले कथा पूर्णतः आधुनिक बन्न सकेको छैनन् ।

### ४.२.२.३ आधुनिककाल

वि. सं. १९९१ सालमा **शारदा** पत्रिकाको प्रकाशन भएपछि नेपाली कथालगायत सम्पूर्ण साहित्यिक विधाहरूले आधुनिकतातर्फ प्रवेश गरेका थिए । त्यसैले **शारदा** पत्रिकाको प्रकाशनलाई एक ऐतिहासिक घटनाको रूपमा लिइन्छ । यसै पत्रिकामा वि. सं. १९९२ सालमा प्रकाशित हुन पुगेको गुरूप्रसाद मैनालीद्वारा लिखित **नासो** कथा प्रथम आधुनिक नेपाली कथा बन्न सफल भएको छ । **नासो** कथाको प्रकाशनलगत्तै पछि विश्वेश्वरप्रसाद कोइराला, बालकृष्ण सम, पुष्कर शमशेर, लक्ष्मीप्रसाद देवकोटा, रमेश विकललगायतका कथाकारहरूले अगाडि बढाउन पुगे ।

नेपाली कथाको आधुनिककाललाई पूर्वार्द्ध र उत्तरार्द्ध गरी मूलतः दुई चरणमा विभाजन गर्न सकिन्छ ।[१०४]

---

[१०३] ऐजन् ।

[१०४] महादेव अवस्थी, पूर्ववत्, पृष्ठ : १४ ।

(क) **पूर्वार्द्ध (वि. सं. १९९२-२०२०)**

वि. सं. १९९२ देखि २०२० सम्मको अवधिलाई नेपाली कथाको आधुनिककालको पूवार्द्ध मानिन्छ । वि. सं. १९९२ देखि वि. सं. १९९४ सम्मको अवधि आधुनिक नेपाली कथाको आधुनिककालको पूर्वार्द्धअन्तर्गत प्रथम उपचरण हो ।[१०५] यस बीचमा नेपाली कथामा आदर्शोन्मुख यथार्थवादी धारा, मनोवैज्ञानिक धारा र स्वच्छन्दतावादी धाराको प्रयोग भयो । यस उपचरणमा देखापरेका उल्लेख्य कथाकारहरूमा गुरूप्रसाद मैनाली, बालकृष्ण सम, विश्वेश्वरप्रसाद कोइराला, हृदयचन्द्रसिंह प्रधान, गंगाविक्रम सिंजापति, इन्दु सुन्दास, श्यामराजा, जितेन्द्रबहादुर शाही आदि पर्दछन् । गुरूप्रसाद मैनाली, गंगाविक्रम सिंजापति, हृदयचन्द्रसिंह प्रधान, इन्दु सुन्दासका कथाहरूमा नेपाली समाजको आदर्शोन्मुख यथार्थवादी चित्रण गर्ने प्रवृत्ति पाइन्छ भने विश्वेश्वरप्रसाद कोइरालाका कथामा फ्रायडेली मनोविश्लेष्णका सिद्धान्तबाट उत्प्रेरित नरनारीका मनका यौन भावनाको वैज्ञानिक चित्रण गर्ने प्रवृत्ति देखा पर्दछन् । यसैबीचमा बालकृष्ण समले आफ्ना कथामा सामाजिक यथार्थवादी र मनोवैज्ञानिक गरी दुवै धाराको प्रयोग गर्ने कौशल देखाए भने जितेन्द्रबहादुर शाही र श्यामराजाले स्वच्छन्दतावादी धाराका कथा लेखे । आधुनिक नेपाली कथाको प्रथम चरणअन्तर्गतको यस उपचरणको निर्माणमा 'शारदा' पत्रिकाको गहकिलो योगदान रह्यो भने गुरूप्रसाद मैनालीका कथाले प्रवर्तन गरेको आदर्शोन्मुख यथार्थवादी धारा र विश्वेश्वरप्रसाद कोइरालाले प्रवर्तन गरेको मनोवैज्ञानिक धारा यस उपचरणको नेपाली कथाका मुख्य उपलबधि एवं ऐतिहासिक प्राप्ति ठहरिए ।

आधुनिक नेपाली कथाको पूर्वार्द्धलाई पनि चार उपचरणमा विभाजन गर्न सकिन्छ । वि. सं. १९९५ देखि २००३ सम्मको अवधि आधुनिक नेपाली कथाको प्रथम चरणको द्वितीय उपचरण हो ।[१०६] यस उपचरणका नेपाली कथामा सामाजिक यथार्थवादी धारा र मनोवैज्ञानिक धाराको उत्कृष्ट प्रयोग भयो । १९९५ सालमा दार्जिलिङबाट प्रकाशित भएको आधुनिक नेपाली कथाको प्रथम प्रतिनिधि कथा सङ्कलन 'कथा कुशुम' (सम्पादकः सूर्यविक्रम ज्ञवाली) यस उपचरणको एक नयाँ र महत्त्वपूर्ण प्राप्ति थियो । त्यसैगरी प्रथम उपचरणका कथाकारहरूले पनि यस उपचरणमा आफ्नो सिर्जनात्मकतालई निरन्तरता दिइरहे भने यस उपचरणमा यी नयाँ कथाकारहरू पनि दखापरे- पुष्कर शमसेर, भवानी भिक्षु, लक्ष्मीप्रसाद देवकोटा, तारिणीप्रसाद कोइराला, रूपनारायण सिंह, गोविन्दबहादुर मल्ल 'गोठाले', विजय मल्ल शिवकुमार राई, देवकुमारी थापा आदि । यी कथाकारहरूमध्ये पुष्कर शमशेर, भवानी भिक्षु, गोविन्दबहादुर मल्ल 'गोठाले', विजय मल्ल र

---

[१०५] डा. देवीप्रसाद गौतम, पूर्ववत्, पृष्ठ : २३ ।

[१०६] ऐजन् ।

देवकुमारी थापाले सामाजिक यथार्थवादी कथाका साथै मनोवैज्ञानिक धाराका कथा पनि लेखे भने लक्ष्मीप्रसाद देवकोटा, रूपनारायण सिंह र शिवकुमार राईले सामाजिक स्वच्छन्दतावदी धाराका कथा लेखे । ऐतिहासिक र पौराणिक श्रोतबाट कथावस्तु लिएर आदर्शोन्मुख यथार्थवादी कथा लेखनमा बदरीनाथ भटराई, ललितजङ्ग सिँजापति, हरिभक्त कटुवाल प्रमुख रहेका छन् । यसैगरी यस उपचरणमा देखा परेका तारिणीप्रसाद कोइराला, भवानी भिक्षु, गोठाले र विजय मल्लले यौन मनोग्रन्थिको उद्घाटन गर्ने कथा लेख्नुका साथै मानव मनोविज्ञानका अरु पक्षका उद्घाटन गर्नेतर्फ पनि चासो देखाए । खासगरी भिक्षु, गोठाले र विजय मल्लले आधुनिक कथाको मनोवैज्ञानिक धारालाई यौन मनोविश्लेषणमा मात्र सीमित रहन नदिई मानव मनका अनेकौं कुण्ठा, ग्रन्थी, तनाव, आवेग आदिको चित्रणका साथै बालमनोविज्ञान र सामाजिक मनोविज्ञानको चित्रण गर्ने खालका कथाहरू पनि पछि गएर निकै लेखे । 'कथा कुसुम' को प्रकाशन, भिक्षु, गोठाले र विजय मल्ल जस्ता उत्कृष्ट कथाकारहरूको उदय, मनोवैज्ञानिक धाराको बिस्तार र सामाजिक यथार्थवादी एवम् सामाजिक स्वच्छन्दतावादी धाराको प्रयोग यस द्वितीय उपचरणका खास उपलबधि हुन् । यस उपचरणका कथाको विकासमा पनि 'शारदा' पत्रिकाको अग्रणी भूमिका रह्यो ।

वि. सं. २००४ देखि २००६ सम्मको अवधि आधुनिक नेपाली कथाको प्रथम चरणको तृतीय उपचरण हो ।[१०७] यस उपचरणमा एकातिर आधुनिक नेपाली कथामा यस अघि देखापरेका साहित्यिक धाराका प्रयोगको निरन्तरता कायमै रह्यो भने अर्कातिर प्रगतिवादी धाराको नवप्रयोग भयो । बेलायतको औद्योगिक क्रान्ति र संवैधानिक राजतन्त्रको स्थापना, फ्रान्सेली राज्यक्रान्ति र रुसको अक्टोबर क्रान्तिका ऐतिहासिक परिवर्तनसँग सम्बन्धित विश्व सन्दर्भसँग अनि सन् १९४७ अगष्ट १५ (२००४ भाद्र) मा सफल भएको भारतीय स्वतन्त्रता संग्राम र निर्णायक मोडतर्फ लम्किरहेको चिनियाँ नौलो जनवादी क्रान्तिका समयुगीन सन्दर्भसँग २००४ सालतिरको पढेलेखेको चेतनशील नेपाली समुदाय परिचित भइसकेको थियो । त्यसले नेपालको निरङ्कुश राणा शासनविरुद्ध कडा सङ्घर्ष गरी प्रजातन्त्रको स्थापना गर्ने अभियानलाई तीव्र तुल्याइरहेको थियो । यस युगीन वातावरणले त्यतिबेलाका साहित्यकर्मीहरूलाई पनि छोयो र त्यस युगका अग्रणी साहित्यकार लक्ष्मीप्रसाद देवकोटा राजनैतिक क्रान्तिलाई नै तीव्रता दिन २००४ सालको साउन महिनामा वनारसतर्फ गए । उनले त्यहाँ गई 'युगवाणी' पत्रिकाको सम्पादन गरेर 'राजा कसरी चलाउँछन'़, 'राजा र नपुंसक प्रजा' जस्ता प्रगतिवादी कथा लेखे । नेपालभित्र चाहिँ **साहित्य श्रोत** पत्रिकामा छापिएका हृदयचन्द्रसिंह प्रधानका कथाहरूले पनि प्रगतिवादी छनक दिए । २००६ मा 'गरिब' शिर्षकको प्रगतिवादी कथा लिई अर्का नयाँ कथाकार देखापरे र ती थिए रमेश विकल । यस बीचमा देखापरेका अरु केही नयाँ कथाकारमा भिमनिधि तिवारी, दौलतविक्रम बिष्ट, शङ्कर

[१०७] ऐजन् ।

लामीछाने, बदरीनाथ भट्टराई आदि थिए । यस उपचरणका नेपाली कथाको मूल धारा यथार्थवादी धारा रहे पनि त्यसले प्रगतिवादी प्रजातान्त्रिक जनचेतनालाई वरण गर्नु नै खास नयाँ उपलबधिका रूपमा देखापऱ्यो ।

वि. सं. २००७ साल देखि २०१९ सालसम्मको अवधि आधुनिक नेपाली कथाको प्रथम चरणको चतुर्थ उपचरण हो । यो उपचरण आधुनिक नेपलाी कथाका प्रगतिवादी धाराको विस्तारसँग सम्बन्धित छ । २००७ सालमा सम्पन्न भएको नेपालको राजनैतिक जनक्रान्तिको एक प्रमुख उपलबधि, अभिव्यक्ति स्वतन्त्रता थियो र नेपाली कथाकारहरूले त्यसको उपयोग गरी नयाँ परिवर्तनकामी, प्रगतिवादी विचारको अभिव्यक्तिमा व्यापकता ल्याए । वि. सं. २००७ सालदेखि २०१९ सालका बीच **प्रगतिशिल लेखक संघ** (वि. सं. २००९) खोलियो । कैयौँ प्रगतिवादी पत्रिका प्रकाशित भए र कैयौँ प्रगतिवादी कथा सङ्ग्रह देखा परे । वि. सं. २००४-०६ सालमा लक्ष्मीप्रसाद देवकोटा, हृदयचन्द्रसिंह प्रधान, र रमेश विकलका कथामा नवप्रयोगका रूपमा देखापरेको प्रगतिवादी धाराले यस उपचरणमा प्रचुर विस्तार प्राप्त गऱ्यो र त्यसलाई विस्तार दिने कथाकारहरूमा रमेश विकल, गोविन्दप्रसाद लोहनी, भवानी घिमिरे, बालकृष्ण पोखरेल, तारानाथ शर्मा, बल्लभमणि दाहाल, कृष्ण सर्वहारा आदि थिए । यी कथाकारहरूका त्यति बेलाका कथामा मार्क्सवादी, प्रगतिवादी चेतना पाइन्छ र त्यहाँ समाजका शोषक र शोषित बीचको वर्गसङ्घर्ष, सामन्ती शोषण र त्यसबाट उत्पन्न हुने सामाजिक एवं मानवीय समस्या, सामन्ती समाजमा प्रचलित प्रथा, र अन्धविश्वास, सामाजिक आर्थिक विभेद, गरिब वर्गको दयनीय जीवन र तिनमा रहेको क्रान्ति, चेतना, राजनैतिक स्वतन्त्रता र सामाजिक न्याय एवं आर्थिक समानताको माग, सामन्ती व्यवस्थाको अन्त्य र जनवादी व्यवस्थाको स्थापना गर्ने जनचाहना जस्ता अनेकौं विषयको अभिव्यक्ति भेटिन्छ ।

यस उपचरणमा प्रगतिवादी धाराको उपर्युक्त विस्तारक्रमसँग पूर्ववर्ती उपचरणका सामाजिक यथार्थवादी र मनोवैज्ञानिक धाराका कथाहरू पनि निकै देखा परे । पूर्ववर्ती चरणमै देखापरेका भिक्षु र गोठालेका मनोवैज्ञानिक कथाले मानवमनका अनेकौ नवआयामहरूको उद्घाटन गर्नुका साथै विजय मल्लका कथाले बौद्धिकता र प्रयोगशीलतातर्फको चासो पनि यस उपचरणमा देखाए । यस उपचरणका अरु उललेखनीय कथाकार पोषण पाण्डे, इन्द्रबहादुर राई, पुष्कर लोहनी, कुमार ज्ञवाली, प्रेमा शाह, दिलबहादुर क्षेत्री, मोहनराज शर्मा आदि थिए । यी कथाकारहरूले समाज एवं मानवमनका विविध समस्याको उद्घाटन गरे र यी मध्ये धेरैजसोमा यौन मनोवृत्तिको उद्घाटन गर्नेतर्फ चासो पनि निकै देखियो । वस्तुतः यस उपचरणको खास उपलबधि प्रगतिवादी धाराको विस्तार हो भने पोषण पाण्डे, परशु प्रधान, इन्द्रबहादुर राई, कुमार ज्ञवाली, मोहनराज शर्मा जस्ता प्रतिभाशाली कथाकारको उदय, कैयौं पत्रिका र कथासङ्ग्रहको प्रकाशन सामाजिक, याथार्थवादी धारा

र मनोवैज्ञानिक धाराको मौलिकपन सहितको निरन्तरता, विजय मल्लको कथामा देखापरेका प्रयोगशीलता र बौद्धिकता जस्ता पक्ष पनि यस उपचरणका उल्लेख्य उपलबधि हुन् ।

**(ख) उत्तरार्द्ध (वि. सं. २०२० देखि हालसम्म)**

वि. सं. २०२० सालदेखि यताको अवधिलाई नेपाली कथाको आधुनिककालको उत्तरार्द्ध मान्न सकिन्छ ।[१०८] यस अवधिलाई नेपाली कथाको नवयुग पनि भनिन्छ । वि. सं. २०२० सालमा आयामेली आन्दोलनको सुरुआत भएपछि नेपाली कथाको आधुनिककालको उत्तरार्द्धमा प्रवेश गरेको हो । **आयामेली आन्दोलन**ले सुरुआत गरेको प्रयोगवादी धारालाई विकसित गर्न **राल्फा आन्दोलन** ( २०२३), **अस्वीकृत जमात** (२०२६), **अमलेख** (२०३६), **योङ्ग राइटर्स फ्रन्ट** (२०३१), **तरलवाद** ( २०४०), **सडक कविता आन्दोलन** (२०३६) जस्ता विभिन्न साहित्यिक आन्दोलनहरूले महत्त्वपूर्ण भूमिका निभाएका छन् ।[१०९] आयामेली आन्दोलनका त्रिमूर्तिमध्ये एक इन्द्रबहादुर राईले नवीन विषयवस्तु र शिल्प शैलीका साथ सामाजिक तथा आर्थिक विसङ्गतिलाई समावेश गर्दै कथालेखनमा नयाँ परम्पराको थालनी गरे । स्थूल र सूक्ष्म कथानकको प्रयोग, परम्परित ढाँचाबाट फुत्किएर अकथात्मकतातर्फको आकर्षण र स्वचालित लेखन यस कालमा प्रमुख विशेषता हुन् । यिनै प्रवृत्तिका साथ अगाडि बढेको नेपाली कथाको उत्तरार्द्धलाई पनि दुई चरणमा विभाजन गर्न सकिन्छ- प्रथम चरण र द्वितीय चरण ।

वि. सं. २०२० देखि वि. सं. २०३५ सम्मको अवधि आधुनिक नेपाली कथाको उत्तरार्द्धको पहिलो चरण हो । यो चरणलाई आधुनिक नेपाली क्षेत्रमा नवीनता भित्राउने चरणका रूपमा लिइन्छ । तेस्रो आयामको प्रवर्तकमध्ये कथा विधामा विशिष्टता हासिल गर्न पुगेका साहित्यकार इन्द्रकुमार राईले परम्परागत कथाहरूमा जीवनको चेप्टोपन वा एक आयामको अभिव्यक्तिप्रति असन्तुष्टि प्रकट गरी आयामेली सिद्धान्तका आधारमा मानव जीवनको सम्पूर्णता (लम्बाई, चौडाई र गहिराई) को अभिव्यक्ति दिने अमूर्त कलावादी दृष्टिकोण अपनाई कथा लेखेर प्रयोगवादी धारालाई अघि बढाएका छन् । यसै चरणमा राल्फा आन्दोलनको माध्यमबाट नेपाली कथामा प्रगतिवादी विचारधारा उत्कर्षमा पुग्न सफल भएको पाइन्छ । खासगरी राजनैतिक अवस्थाप्रति सचेत बन्दै उग्ररूपमा सामाजिक असमानता, परम्परा र अन्धविश्वासको विरोध गर्दै कथा लेख्ने गरेको पाइन्छ ।

नेपाली साहित्यको विकासक्रममा देशको राजनैतिक घटनाक्रम र सरकारी गतिविधिले पनि विभिन्न मोडहरू सिर्जना गरेको पाइन्छ । तत्कालीन पञ्चायती शासन व्यवस्था र वि. सं. २०२४ सालमा लागु गरिएको गाउँ फर्क राष्ट्रिय अभियानले साहित्यकारमा निरङ्कुशता र दासताको कटु

---

[१०८] ऐजन् ।

[१०९] दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृ. ७९ ।

अनुभव छाउनुका साथै राष्ट्रवादी भावनाको विकास हुन पुग्यो । फलस्वरूप निर्दलीयता सामाजिक मान्यता, कृत्रिम जीवन, सभ्यता, र आदर्शवादलाई अस्वीकार गर्दै वि. सं. २०२५ सालमा साहित्यकारहरूले **अस्वीकृत जमात**को स्थापना गरे । यस पछि वि. सं. २०२६ सालमा **अमलेख** नामबाट साहित्यकारहरूको एक सङ्गठन स्थापना गरियो । द्वारिका श्रेष्ठ, मोहन कोइराला, मदन रेग्मी, ध्रुवचनद्र गौतम, नारानाथ शर्मा आदि यस संगठनमार्फत सक्रिय बनेका कथाकार हुन् । वि. सं. २०३१ सालमा युवा साहित्यकारहरूप्रति स्थापित पत्रपत्रिकाको पक्षपातपूर्ण व्यवहारको विरुद्ध युवा आवाजलाई युगानुकूल अघि बढाउने जोसका साथ **यङ्ग राइटर्स फ्रन्ट**को स्थापना गरे । यसको स्थापनामा मोहन घिमिरे, ध्रुव सापकोटा, भाउपन्थी, शैलेन्द्रकुमारलगायतका कथाकारहरूको महत्त्वपूर्ण भूमिका रहेको छ । यिनै कथाकारहरूले देशको राजनैतिक परिवेश र साहित्यकारहरूले बेहोर्नु परेको उपेक्षा र आर्थिक दरिद्रता दर्शाउनका लागि व्यङ्ग्य र विद्रोहको रूपमा 'बुट पालिस आन्दोलन' पनि चलाएका थिए ।[११०]

विभिन्न साहित्यिक आन्दोलनका साथ अघि बढेको यस चरणमा गोविन्दबहादुर मल्ल 'गोठाले', केशवराज 'पिँडाली', विजय मल्ल, दौलतविक्रम विष्ट, रमेश विकल, पोषण पाण्डे, शङ्कर लामिछाने, शङ्कर कोइराला, बालकृष्ण पोखरेल आदि कथाकारहरू नेपाली कथाको आधुनिककालको पूर्वार्द्धमै सक्रिय रहेका पाइन्छ ।  यस चरणमा नयाँ नयाँ प्रवृत्तिका साथ विभिन्न कथाकारहरूको उदय भएको छ । नयाँ-नयाँ प्रयोगको थालनीले कथालेखनको शिल्प र स्वरूपलाई व्यापक बनाए तापनि कथाको संरचना र विधागत पहिचानमा ह्रास आएको पाइन्छ । यस सन्दर्भमा आयामेली, राल्फा अकथा कथालेखन र स्वैरकल्पनालाई नवीन प्रयोगको रूपमा विकृति मान्न सकिन्छ ।

वि. सं. २०३६ सालमा घोषणा गरिएको जनमत सङ्ग्रह र ऐतिहासिक विद्यार्थी आन्दोलनले नेपाली कथाको आधुनिककालको उत्तरार्द्धलाई दोस्रो मोडतर्फ धकेल्न पुगेको पाइन्छ ।[१११] यस समयलाई नेपाली कथाको समकालीन तथा समसामयिक युग भनिन्छ । राजनैतिक परिवशेमा देखिएको हलचलले देशभर विभिन्न सङ्घ-सङ्गठनहरूको स्थापनामा वृद्धि हुनुका साथै अभिव्यक्तिगत स्वतन्त्रता पनि केही खुकुलो बन्न पुग्यो । यसले गर्दा साहित्यिक क्षेत्रमा सङ्घ-सङ्गठन र पत्रपत्रिका तथा समसामयिक साहित्य सँगालोहरूको अत्याधिक मात्रामा प्रकाशन हुन थाल्यो ।

यस चरणमा कतिपय नयाँ कथाकारहरूको उदय भए तापनि उत्तरार्द्धमा प्रथम प्रहरमा स्थापित बन्न पुगेका दौलतविक्रम विष्ट, माया ठकुरी, मदनमणि दिक्षित, खगेन्द्र संग्रौला, मनु

---

[११०] ऐजन्, पृष्ठः ७९ ।

[१११] डा. देवीप्रसाद गौतम, पूर्ववट् , पृष्ठ : ३० ।

ब्राजाकी, विश्वम्भर चञ्चल, भाउपन्थी, सनत रेग्मी, किशोर नेपाल, कविताराम आदि कथाकारहरू नै बढी सक्रिय बन्न पुगेका छन् । समसामयिककालमा आइपुग्दा पनि कथात्मक प्रवृत्ति भने प्रयोगवाद, प्रगतिवाद, अकथा कथालेखन र स्वैरकल्पना मुख्य रूपमा रहेको पाइन्छ । तर तार्किकता र बौद्धिकता, विश्लेषणात्मक र जीवनका गम्भीरतम अनुभूति र भोगाईलाई कथामा उतार्नु पनि यस कालको वैशिष्ट्य हो । कथ्यमा जोड दिई कथा संरचना गर्नु र शिल्पगत जटिलताबाट सरलतातर्फ उन्मूख बन्नु यस कालको मूल प्रवृत्ति बन्न पुगेको पाइन्छ । त्यसैले यस कालमा परम्पराकालीन अकथा कथालेखन र क्लिष्ट एवम् दुरुह भाषाशैली त्यागी कथा लेख्ने प्रवृत्तिको विकास हुने पुगेको छ ।

राजनैतिक अवस्था र त्यसबाट व्यक्ति वा समाजले भोग्नु परेका कठिनाइ, अन्तराष्ट्रिय परिवेश र मानवका भावनात्मक पक्षहरूलाई विषयवस्तु बनाई नवीन शिल्पका साथ कथा लेख्ने समसामयिककालका प्रभावशाली कथाकारहरूमा बेञ्जु शर्मा, राजव, पूर्णविराम, अविनाश श्रेष्ठ, अशेष मल्ल, इश्माली, गोरखबहादुर सिंह, विधान आचार्य, विनयकुमार कसजु, इन्दिरा प्रसाईं लव गाउँले, मधुवन पौडेल, इन्द्रकुमार श्रेष्ठ 'सरित्', पिटर जे कार्थक आदि पर्दछन् ।

समग्रमा नेपाली कथाको आधुनिककाल निकै उर्वर समयका रूपमा देखा पर्दछ । प्रारम्भमा सामाजिक यथार्थवादी धारा र साथसाथै मनोवैज्ञानिक धाराबाट सुरुआत भएको आधुनिककाल विभिन्न मोड र धारा उपधाराबाट विकसित भएको पाइन्छ ।

### ४.२.१ कथाको वर्गीकरण

नेपाली साहित्यको फाँटमा कथा विधाले धरै लामो फड्को मारिसकेको छ । जीवन भोगाइका विविध अनुभूतिहरूलाई कथात्मक र कलात्मक पारामा प्रस्तुत गरिँदै आएको कथा प्रारम्भमा लोककथा वा लोकगाथाका रूपमा श्रव्य परम्पराबाटै विकसित भएको हो । आधुनिक कथाको पूर्वरूप लोककथामा पनि लोककथा, दन्त्यकथा, परीकथा आदि विभिन्न भेद पाइन्छ । यसैगरी लोकगाथा पनि कथासूत्रमा उनिएको गेयात्मक अभिव्यक्ति हुने विधा हो । विधागत सचेतना विना नै मौखिक परम्परामा हुर्कँदै आएको कथाले समयको लामो अन्तरालमा आज एउटा साहित्यिक विधाको स्पष्ट स्वरूप मात्र प्राप्त गरेको छैन, यसका विविध रूपहरू समेत देखिन थालेका छन् । कथाका संरचक घटकहरू आफ्नो ठाउँमा छँदैछन् । कथाकारको लेखकीय शैली र प्रविधिले पनि कथामा उत्तिकै महत्व राखेको हुन्छ । यिनै आधारमा कथाको वर्गीकरण गर्न सकिन्छ ।

कथामा प्रयोग गरिएका विषयवस्तुका आधारमा कथालाई ऐतिहासिक, सांस्कृतिक, सामाजिक, आदर्शपरक, नीतिवादी, मनोवैज्ञानिक, राजनैतिक, रहस्यवादी, लोककथात्मक आदि भेदमा

वर्गीकरण गर्न सकिन्छ ।[११२] यसरी गरिने वर्गीकरणलाई विषयवस्तुगत वर्गीकरण भनिन्छ । यसरी वर्गीकरण गर्दा पात्र, परिवेश, घटना आदिको प्राधान्यलाई आधार बनाइन्छ । कथाकारको प्रवृत्तिका आधारमा प्रगतिवादी, अतियथार्थवादी, स्वच्छन्दतावादी, अस्तित्ववादी, विसङ्गतिवादी, प्रयोगवादी, प्रकृतिवादी आदि विभिन्न वर्गमा विभाजन गर्न सकिन्छ । कथालाई वर्गीकरण गर्ने अर्को आधार भनेको कथावस्तुको स्रोत हो । यस आधारमा कथालाई ऐतिहासिक, यथार्थपरक, रागभावमूलक र स्वैरकल्पनात्मक गरी चार भागमा वर्गीकरण गर्न सकिन्छ ।[११३]

आधुनिककालको पछिल्लो चरणसम्म आइपुग्दा कथाको क्षेत्र पनि धेरै उर्वर बनिसकेको छ । अब कथा विधाले विभिन्न उपविधाका रूपमा हाँगा हाल्न थालेको छ । संरचक घटक वा प्रमुख तत्त्वमा खासै भिन्नता नभए तापनि कथाको आकार, कथावस्तुको आयाम र लेखकले अपनाएका शैली र शिल्पका आधारमा लामा कथा, कथा, लघुकथा, चित्रकथा र सूत्रकथा जस्ता छुट्टाछुट्टै उपविधाका रूपमा कथा विकसित हुन थालेको छ । यी मध्ये वर्तमान परिप्रेक्ष्यमा कथा (छोटा कथा) र लघुकथा अति नै लोकप्रिय रहेका पाइन्छन् भने लामा कथा र सूत्रकथातर्फ पनि लेखक तथा पाठकको रुचि बढेको देखिन्छ ।

## ४.२ धवलागिरि अञ्चलको कथा-परम्परा

### ४.२.१ पृष्ठभूमि

नेपाली साहित्यको आधुनिककालमा आएर मात्र धवलागिरि अञ्चलमा नेपाली कथा लेखनको सूत्रपात भएको पाइन्छ । यसअघि यस क्षेत्रमा कथा लोककथाको श्रुतिपरम्परामा नै सीमित थियो । धवलागिरिमा प्राथमिककाल र माध्यमिककालमा कथालेखनको उपयुक्त विकास हुन नसक्नुमा यहाँको शिक्षित वर्ग र साहित्य साधकको अभाव नै हो । यद्यपि अन्यत्रबाट आएका विद्वान्हरूले यस क्षेत्रलाई कायक्षेत्र बनाएर साहित्य सिर्जना गरेका प्रसङ्गहरूको चर्चा भइसकेको छ । प्राथमिक र माध्यमिककालमा यस क्षेत्रमा जे-जति साहित्यकारहरू देखा परे तिनीहरूको कलम विशेषतः कविता विधामा नै केन्द्रित भएको र कथा लेखनतर्फ उनीहरूको ध्यान जान नसकेको देखिन्छ ।

कथाको विकासका लागि पत्रकारिताको पनि खाँचो पर्दछ । **शारदा** पत्रिकाको प्रकाशनपूर्व नेपाली साहित्यलाई मलजल गरेर उन्नत तुल्याउन **गोर्खापत्र** (१९५८), **सुन्दरी** (१९६३), **माधवी** (१९६५), **चन्द्र** (१९७१), **गोर्खाली** (१९७२), **जन्मभूमि** (१९७९) **गोर्खा संसार** (१९८३) लगायतका नेपालभित्र र नेपालबाहिरबाट प्रकाशित हुने थुप्रै पत्रपत्रिकाहरूको भूमिका महत्त्वपूर्ण

---

[११२] महादेव अवस्थी, पूर्ववत्, पृष्ठ : १० ।

[११३] दयाराम श्रेष्ठ, पूर्ववत्, पृष्ठः ।

रहेको छ ।[११४] तर धवलागिरिका साहित्यकारहरू पछिसम्म पनि विभिन्न भाषाका कथा र कथाका विधागत स्वरूपबाट परिचित बन्नका लागि आवश्यक पत्रकारिताबाट बञ्चित रहनु परेकाले पनि यस क्षेत्रमा कथाको अपेक्षित विकास हुन नसकेको देखिन्छ ।

धवलागिरि अञ्चलमा नेपाली साहित्यको आधुनिककाल आरम्भ हुनुपूर्व पनि कथा लेखिएको अनुमान गर्न सकिन्छ । नेपाली साहित्यमा आधुनिककाल प्रारम्भ भइसकेपछि नेपालमा प्रकाशनका माध्यम वा साधन पर्याप्त र सुलभ हुन पुगेको थियो । यसै कालमा आएर धवलागिरिका कथाकारहरूले पनि विभिन्न विधामा कृति प्रकाशन गरेको जानकारी पाइन्छ । प्रस्तुत शोधमा धवलागिरिका कथाकारहरूबाट लेखिएका प्राप्त कथाहरूको आधारमा धवलागिरिको कथापरम्परा निर्धारण हुने भएकाले तिनै कथा र कथाकारको चर्चा गरिन्छ ।

**४.२.२ कथा-परम्परा**

वि. सं. १९९१ मा **शारदा** साहित्यिक पत्रिकाको प्रकाशनपछि शून्य कथालेखनको काल समाप्त भई नेपाली कथा विधामा आधुनिकताको रङ चढ्न पुगेको हो । सर्वप्रथम वि. सं. १९९२ मा यसै पत्रिकाको चौंथो अङ्कमा **नासो** शीर्षकको कथा प्रकाशन गरेपछि नेपाली कथामा आधुनिकता भित्रिन पुगेको हो ।[११५] यसको चार वर्षपछि वि. सं. १९९६ मा शारदा पत्रिकामै **बच्ची** शीर्षकको कथा प्रकाशित गराएर नेपाली साहित्यमा धवलागिरिका प्रतिनिधि कथाकार कृष्णबम मल्लको उदय हुन पुग्छ ।[११६] यथार्थवादी कथाकारको रूपमा उनको कथाकारिता सशक्त रहेको छ । त्यसपछि कृष्णबम मल्लभन्दा अघिदेखि नै नेपाली साहित्यमा स्थान जमाइसकेका साहित्यकार मोहनबहादुर मल्ल पनि सामाजिक कथाकारको रूपमा देखा पर्दछन् । यसरी नेपाली कथाको आधुनिककालको पहिलो प्रहरबाटै धवलागिरिमा कथा लेखनको थालनी भए तापनि कथासङ्ग्रहको प्रकाशन भने २००९ सालमा आएर मात्र गरिएको छ र यस्तो महत्त्वपूर्ण कार्यको श्रेय पनि यिनै कथाकारद्वय कृष्णबम मल्ल र मोहनबहादुर मल्ललाई जान्छ । वि. सं. २००९ सम्म धवलागिरिको कथापरम्परालाई यिनै दुई जना कथाकारले बोकिरहे । वि. सं. २०१० पछि क्रमशः अन्य कथाकारहरू पनि देखा पर्न थाल्छन् । बागलुङका गोविन्दलाल श्रेष्ठ, ओमकार गौचन, शिवकुमार प्रधान, शास्त्रदत्त पन्त र मुस्ताङका नरसिंहभक्त तुलाचन यस समयका सशक्त कथाकारहरू हुन् । यसपछि धवलागिरिका केही प्रतिभाहरूले कथालेखनमा रुचि देखाएको भए तापनि तिनीहरू एक-दुई फुटकर कथामै सीमित रहेको पाइन्छ ।

---

[११४] डा. दयाराम श्रेष्ठ र मोहनराज शर्मा, पूर्ववत्, पृष्ठः ७७ ।

[११५] ऐजन्, पृष्ठः ।

[११६] ठाकुरप्रसाद पराजुली, पूर्ववत्, पृष्ठः भूमिका-१९ ।

विधागत सचेतता र नवीन शैली र शिल्पको प्रयोगका  दृष्टिले हेर्दा धवलागिरि अञ्चलमा कथाको लेखन र प्रकाशनका लागि पहिलो र दोस्रो दशक उपलब्धिपूर्ण बन्न पुगेको पाइन्छ । यस समयमा नेपाली कथाको विभिन्न लेखकका सात ओटाभन्दा बढी कथासङ्ग्रहहरू प्रकाशित भएको पाइन्छ । यसपछिको लामो कालखण्ड धवलागिरिको कथाको विकासका लागि त्यति उपलब्धिमूलक बन्न सकेको पाइँदैन । २०१८ सालमा कृष्णबम मल्लको **देवता** कथासङ्ग्रह र २०२० सालमा शिवकुमार प्रधानको जीवनीमूलक कथाहरूको सङ्ग्रह **अमरदीपमाला** को प्रकाशन भएपछि २०४१ सालमा मल्लकै अर्को कथासङ्ग्रह **श्री ५ राम शाहको न्याय** प्रकाशन नभएसम्म अन्य कुनै कथाकारको कथासङ्ग्रह प्रकाशन भएको पाइँदैन ।

फुटकर कथाको रचना र प्रकाशनमा नै सीमित रहेको २०१८ सालपछिको  साढे दुई दशक धवलागिरि अञ्चलको कथा परम्परामा खासै उपलब्धिमूलक बन्न सकेन । यो अवधिलाई शिवकुमार प्रधान, गोविन्दलाल श्रेष्ठ, नरसिंहभक्त तुलाचन, शास्त्रदत्त पन्त, बालकृष्ण नेभा, ठाकुरप्रसाद पराजुलीआदि कथाकारले प्रतिनिधित्व गरिरहे ।[११७] २०४२ सालपछि भने प्रेम छोटा, दिल साहनी, भास्कर, बानियाँ कान्छा, साधना प्रतीक्षा, अविनाश श्रेष्ठ, नरु थापा, इन्द्रकुमार विकल्प, ध्रुवलाल शर्मा, सदानन्द अभागी, दिनबन्धु शर्मा आदि कथाकार विधागत सचेता, शैलीशिल्पगत नवीनता र विविध प्रयोगका साथ सङ्ख्यात्मक र गुणात्मक रूपमा उत्कृष्ट कथा सिर्जन गर्ने सशक्त कथाकारका रूपमा देखा पर्दछन् । यस समयका कथाहरूमा समाजका यथार्थ पक्षलाई कथामा प्रतिबिम्बित गर्ने क्रममा गामीण तथा सहरिया जनजीवनको चित्रण, ऐतिहासिक सन्दर्भ, सामाजिक तथा राजनैतिक उतारचढाव, वर्गीय चेतना, समाज सुधारको भावना, प्रेमका विविध रूपको सौन्दर्यको प्रस्तुति स्वाभाविक रूपमा गरिएको पाइन्छ । पछिल्लो समयका अन्य कथाकारहरूमा षडानन्द पौड्याल, कृष्णादेवी शर्मा, पूर्णबहादुर कार्की, यज्ञप्रसाद सुवेदी, विष्णु अदीप्त, झलक गरुङ, रामजी आचार्य, गोविन्दप्रसाद भुषाल, सिमा रोशी, ओमप्रसाद घायल, सूर्य के. सी., लीलाधर शर्मा, धनराज सापकोटा, हरिहर पोखरेल, श्रीकृष्ण भुषाल, प्रदीप प्रधान, भविलाल लामिछाने सूर्यनाथ सापकोटा आदि सक्रिय रहेका छन् ।[११८]

धवलागिरिमा व्यक्तिगत एवम् संस्थागत रूपमा साहित्यिक गतिविधि तीव्र बन्नु, स्थानीय क्याम्पसमा नै नेपाली साहित्यमा स्नातकोत्तर तहको अध्ययन आरम्भ भई साहित्यिक अध्येताहरूको सङ्ख्यामा वृद्धि हुनु तथा साहित्यिक विधा-उपविधाहरूमाथि चर्चा-परिचर्चा र बहसको थालनी भई विधागत सचेता बढ्नाले  धवलागिरिको कथामा पनि विभिन्न स्वरूप, शैली र प्रवत्ति  देखापरेका

---

[११७] ठाकुरप्रसाद पराजुली, पूर्ववत्, पृष्ठः भूमिका- २२ ।

[११८] इन्द्रकुमार विकल्प, पूर्ववत्, पृ. ३७ ।

छन् । कथा, लामाकथा, लघुकथा, सूत्रकथा, चित्रकथा जस्ता विभिन्न स्वरूपका कथाहरू नेपाली कथाको मूल धारमा देखापरेका विभिन्न शैली र धारालाई आत्मसात् गरेर कथा लेख्ने प्रयास यहाँका कथाकारहरूबाट भएको पाइन्छ ।

### ४.२.३ चरण विभाजन

नेपाली साहित्यको आधुनिककालको पहिलो प्रहरबाट नै धवलागिरि अञ्चलको कथापरम्परा आरम्भ भएको हो । सात दशक लामो यो अवधिमा धवलागिरि अञ्चलको साहित्यले थुप्रै कथाकारहरू र कथाकृतिहरू प्राप्त गरिसकेको छ । साहित्यको भण्डारमा कथाको रिक्ततालाई समाप्त पारेर समृद्धितर्फ लैजान यहाँका कथाकारहरूको योगदान महत्त्वपूर्ण रहेको छ । यद्यपि सबै कथाकारहरूको प्रवृत्ति वा शैली  एकै किसिमको भएकाले धवलागिरि अञ्चलको कथापरम्पराले आरम्भदेखि हालसम्म स्पष्ट रूपमा कुनै नयाँ मोड लिन सकेको पाईंदैन । तर आरम्भदेखि हालको अवस्थासम्म यहाँको नेपाली कथापरम्पराले तीव्र गतिमा अघि बढेको कुरामा दुई मत छैन । अध्ययनलाई व्यवस्थित गर्न कथा लेखनको गति, कालक्रम र यही कालक्रममा देखिएका विषयवस्तु र भाषाशैलीगत अन्तरका आधारमा धवलागिरि अञ्चलको कथापरम्परालाई दुई चरणमा विभाजन गरी अध्ययन गरिएको छ । जसअनुसार आरम्भदेखि २०२० सालसम्मको अवधिलाई प्रथम चरण र २०२१ सालदेखि हालसम्मको अवधिलाई द्वितीय चरणमा विभाजन गरिएको छ ।

#### ४.२.३.१ पहिलो चरण (वि. सं. १९९६-२०२०)

धवलागिरि अञ्चलको कथा-परम्पराको पहिलो चरण सामाजिक यथार्थवादी धारामा अगाडि बढेको पाइन्छ । खास गरी यो क्षेत्रमा आधुनिक कथाका सूत्रपातकर्ता कथाकार कृष्णबम मल्लका कथामा यथार्थवादी प्रवृत्ति पाइन्छ । यो धारालाई यस चरणका अन्य कथाकारहरूले पनि अनुसरण गरेको पाइन्छ । सामाजिक यथार्थवादी धाराका अतिरिक्त मनोवैज्ञानिक यथार्थवादी प्रवृत्ति पनि केही मात्रामा यो चरणमा देखा परेको पाइन्छ । यस चरणका प्रमुख कथाकारहरू निम्नानुसार छन् :

**कृष्णबम मल्ल (१९७८, पर्वत)**

कथाकार मल्ल धवलागिरि अञ्चलको कथापरम्परामा प्रथम चरणमा देखा परेका सशक्त केन्द्रीय प्रतिभा हुन् । उनले वि. सं. १९९६ मा शारदा पत्रिकामा 'बच्ची' शीर्षकको कथा प्रकाशित गरेर नेपाली साहित्यमा प्रवेश गरेका हुन् । उनका **गुरुजीको मलामी** (२००९), **देवता** (२०१८) र **श्री ५ राम शाहको न्याय** (२०४१) कथासङ्ग्रहहरू प्रकाशित भएका छन् । **शारदा** पत्रिकामा आफ्नो पहिलो कथा रचना प्रकाशित गराएर नेपाली साहित्यको मूल धारमा समाहित हुन पुगेका मल्ल यथार्थवादी शैली अँगालेर कथा लेख्ने कथाकार हुन् ।  मल्लका  केही कथामा मनोवैज्ञानिक यथार्थवादको पनि छनक मिल्छ ।

**मोहनबहादुर मल्ल (१९६८, पर्वत)**

धवलागिरि अञ्चलको साहित्यिक उत्थानका अग्रणी व्यक्तित्वका रूपमा मोहनबहादुर मल्ललाई लिइन्छ । उपन्यास, कथा, नाटक, इतिहास जस्ता साहित्यका विविध विधामा कलम चलाएका भए तापनि उनले आख्यान विधामा विशिष्टता हासिल गरेका छन् । आख्यानअन्तर्गत उनले उपन्यास विधामा सङ्ख्यात्म र गुणात्मक दुवै दृष्टिले अगाडि छन् तापनि सीमित कथा लेखेर नेपाली साहित्यको इतिहासमा आधुनिक कथाकारका रूपमा आफ्नो उपस्थितिलाई सुरक्षित गर्न सफल भएका छन् । आदर्शोन्मुख यथार्थवादलाई अँगालेर कथा लेख्ने कथाकार मल्लको एक मात्र कथासङ्ग्रह **त्रिफला** (२००९) प्रकाशित भएको छ ।

**गोविन्दलाल श्रेष्ठ (१९८९, बागलुङ)**

वि. सं. २००८ मा वनारसबाट प्रकाशित हुने युगवाणी पत्रिकामा **हामी किन दुःखी** शीर्षकको रचना प्रकाशित गरेर साहित्यको क्षितिजमा देखापरेका हुन् । कथा विधामा सशक्त देखिएका श्रेष्ठले कविता, निबन्धलगायत साहित्यका विविध विधामा कलम चलाएका छन् । उनका हालसम्म **अधुरो सपना** (२०१६) र **दश कथा** (२०४१) कथासङ्ग्रह प्रकाशित भएका छन् । कथा विधालाई प्रमुख विधाका रूपमा लिई साहित्यको क्षेत्रमा अगाडि बढेका श्रेष्ठ बागलुङ जिल्लाका प्रमुख साहित्यकारका र रूपमा आफूलाई स्थापित गरेका छन् । कथाकार श्रेष्ठमा यथार्थवादी शैली पाइन्छ ।

**नरसिंहभत्त तुलाचन (मुस्ताङ, १९८७)**

मुस्ताङ जिल्ला जस्तो दुर्गम र विकासका दृष्टिले पिछडिएको क्षेत्रमा जन्मिएर पनि उनले लेखन, प्रकाशन र सम्पादन कार्यमा व्यक्तिगत र संस्थागत रूपमा सक्रिय रहेर नेपाली साहित्यको विकासमा ठूलो योगदान पुऱ्याएका छन् । साहित्यकार नरसिंहभक्त तुलाचनले कथा, कविता, नाटक, प्रबन्धआदि विभिन्न विधामा कलम चलाएका छन् । उनको एक मात्र प्रकाशित कथा-कृति **युगल प्रेमी** कथासङ्ग्रह (२०१३) हो । यिनका कथाहरूमा सामाजिक विषयवस्तु र यथार्थवादी शैली पाइन्छ ।

**शिवकुमार प्रधान (१९९२, बागलुङ)**

साहित्य लेखनका साथै सम्पादन र प्रकाशनमा समेत सक्रिय कथाकार शिवकुमार प्रधान कथा, कविता, नाटक, प्रबन्ध, जीवनी आदि विभिन्न विधामा कलम चलाएका छन् । संस्कृत व्याकरण र वेदान्तको गहिरो अध्ययन गरेका प्रधानले साहित्यको सबै विधामा वेदान्त दर्शनको प्रभाव देखिन्छ । उनका प्रकाशित कथासङ्ग्रहहरू **आकाश गङ्गा** (२०१२), **पञ्चपल्लव** (अनूदित

कथाहरूको सङ्ग्रह, २०१५), **अमरदीपमाला** (जीवनीमूलक कथा, २०२०) आदि रहेका छन् । आध्यात्मिक चिन्तन र दार्शनिक सूक्तिले उनका कथालाई मार्मिक तुल्याएको पाइन्छ ।

**दिल साहनी** (**२००२, बागलुङ**)

दिल साहनी वि. सं. २०२२ मा दिल्लीबाट प्रकाशित हुने **सैनिक समाचार** पत्रिकामा **ओइलाएको फूल** शीर्षकको कथा प्रकाशित गरी नेपाली साहित्यको क्षेत्रमा प्रवेश गरेका कथाकार हुन् । उनका हालसम्म **युगपुरुष** (२०२८) र **खरानी गाउँ** (२०५७) शीर्षकका दुई कथासङ्ग्रहहरू प्रकाशित भएका छन् । अध्ययनको सिलसिलामा बाल्यकालदेखि नै लामो समय भारत प्रवासमा रहेकाले उनका कथामा पनि प्रवासी नेपालीको जनजीवनलाई झल्काउने प्रयास पाइन्छ । सामाजिक विकृति र विसङ्गति, कमजोर आर्थिक अवस्थाका बीचमा जीवन निर्वाहका लागि गरिएका सङ्घर्ष, युवासुलभ प्रेमजस्ता कुराहरूलाई कथाको विषयवस्तु बनाएका छन् ।

पहिलो चरणका कथाकारहरूमध्ये पहिलो कथाकारका रूपमा देखापरेका कृष्णबम मल्लका कथामा शिल्प, शैली र विषयवस्तुगत प्रस्तुतीकरण सशक्त देखिन्छ । फुटकर रूपमा कथा प्रकाशन गराउने कथाकारहरूको योगदान पनि महत्त्वपूर्ण रहेको छ । यी कथाकारहरूबाट सामाजिक विषयवस्तु र आदर्शोन्मुख यथार्थवादलाई मुख्य प्रवृत्तिका रूपमा स्वीकारेर केही मात्रामा मनोवैज्ञानिक यथार्थवाद र प्रगतिवादी दृष्टिकोणलाई स्वच्छन्दवादी शैलीमा उतार्ने प्रयास गरिएको पाइन्छ । यस चरणमा नेपाली कथाको लेखनका लागि कुनै संस्थागत प्रयास नभए पनि विधागत सचेतताविना व्यक्तिगत रूपमै कथाकारहरू सक्रिय रहेको र उत्कृष्ट कथाहरू लेखिएको पाइन्छ । अतः सङ्ख्यात्मक र गुणात्मक हिसाबले यो चरण निकै उपलब्धिपूर्ण बनेको छ ।

**४.२.३.२ दोस्रो चरण** (**२०२१ देखि हालसम्म**)

धवलागिरि अञ्चलको कथा-परम्परामा २०२० सालपछिको समयलाई दोस्रो चरण मान्न सकिन्छ । कथागत प्रवृत्ति र धारामा उल्लेख्य परिवर्तन नभए तापनि पहिलो चरणभन्दा कथालेखनको गतिमा केही तीव्रता आउनु, कथालेखनमा विधागत सचेतता बढ्नु, प्रकाशनका माध्यममा सुलभ हुनु र साहित्यिक सङ्घ-संस्थाहरूको स्थापना र संस्थागत प्रयासमा वृद्धि हुनु आदि कारणले यो चरणमा कथा विधाको विकास तुलनात्मक रूपमा बढी भएको देखिन्छ । नयाँ पुस्ताका सक्रिय र सचेत कथाकारहरूले यस चरणको कथा-परम्परालाई समृद्ध तुल्याउने प्रयास गरिरहेका छन् । यस चरणका केही प्रमुख कथाकारहरू निम्नानुसार रहेका छन् :

**इन्द्रकुमार विकल्प** (**२०१८, पर्वत**)

वि. सं. २०३७ मा **पुरस्कार** शीर्षकको कविता प्रकाशित गरेर नेपाली साहित्यमा प्रवेश गरेका साहित्यकार इन्द्रकुमार विकल्पका हालसम्म तीन ओटा कथासङ्ग्रहहरू **सर्वदलीय घर** (२०६०), **बैंशका रहरहरू** (२०६३) र **निस्तो सम्झौता** (२०६४) प्रकाशित भएका छन् । सामाजिक यथार्थवादी शैलीलाई अँगालेर सहरी र ग्रामीण दुवै परिवेशमा कथा रचना गरेका छन् । सामाजिक, सांस्कृतिक, राजनीतिक विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्नुका साथै प्रेमका विभिन्न रूपलाई प्रस्तुत गरी आदर्श प्रेमको वकालत गर्नु विकल्पको कथाकारिताको मुख्य विशेषता बनेको पाइन्छ ।

**कृष्णादेवी शर्मा** (**श्रेष्ठ**) (**२००८, पर्वत**)

हालसम्म प्रकाशित एक मात्र कथासङ्ग्रह **घरबेटी भाउजू** (२०५९) र केही फुटकर कथाहरूको आधारमा कृष्णादेवी शर्माको कथाकारिताको मूल्याङ्कन गर्न सकिन्छ । उनका अधिकांश कथामा ग्रामीण जनजीवनको यथार्थ चित्र उतार्न खोजिएको छ भने केही कथाहरूमा सहरी जीवनका विसङ्गतिलाई पनि प्रस्तुत गरिएको पाइन्छ । कथाकार शर्माले नारीका समस्या, यौवन र प्रेमका विविध अवस्था, राजनीतिक विसङ्गति जस्ता कुरालाई कथामा सहज ढङ्गले प्रस्तुत गरेकी छन् । प्रस्तुतीकरणमा केही अपरिपक्वता देखिए तापनि उखान टुक्का र कथ्य भाषा अनि सरल र सहज अभिव्यक्तिले कथालाई सुन्दर बनाएको पाइन्छ ।

**गोविन्दप्रसाद भुसाल** ( **पर्वत**)

गोविन्दप्रसाद भुसालको एक मात्र कथासङ्ग्रह **आमा** (२०६३) हो । आर्थिक विषमताका कारण समाजमा देखापरेका समस्या, रोजगारीका लागि विदेशिने प्रवृत्ति र शिक्षा क्षेत्रका विसङ्गतिहरू प्रस्तुत भएका छन् । शिक्षा क्षेत्रमा संलग्न रहेकाले उनका कथामा शिक्षाको अभावमा मानिसको जीवन कष्टकर बनाउँछ भन्ने कुरालाई यथार्थपरक ढङ्गमा प्रस्तुत गरिएको पाइन्छ । उनले लोककथालाई पनि सामाजिक यथार्थवादी रङ दिएर प्रस्तुत गरेका छन् ।

**झलक गुरुङ 'शिरिष'** (**२०४१, पर्वत**)

नवोदित कथाकार झलक गुरुङ 'शिरिष' को प्रकाशित कथा-कृति **कुहिरोभित्र** (२०५९) बालकथा सङ्ग्रह हो । उनको कथागत प्रवृत्तिलाई हेर्दा चराचुरुङ्गी, जीवजनावर र मानिसलाई पात्र बनाएर बालबालिकाहरूलाई आदर्श, अनुशासन, साहस, धैर्य जस्ता कुरा सिकाइ सन्मार्गतर्फ उन्मुख गराउने उद्देश्यले प्रेरित रहेको पाइन्छ । उनको यस कथासङ्ग्रहको प्रकाशनपछि उनको कथा लेखनमा शिथिलता आएको पाइन्छ ।

**दीपकुमार बोहोरा (बागलुङ)**

स्थानीय समाजमा विद्यमान समसामयिक अवस्थाको चित्रण गर्ने कथाकार दीपकुमार बोहोराको कथासङ्ग्रह **आँशु** (२०६०) एक मात्र प्रकाशित पुस्तकाकार कृति हो । आर्थिक, सामाजिक तथा राजनैतिक विसङ्गतिलाई उनले कथामा प्रस्तुत गरेको पाइन्छ । निम्न आर्थिक अवस्थाका कारण विदेशिनुपर्ने नेपालीहरूको दयनीय अवस्थाको चित्रण गरिएको हुन्छ ।

**धनराज सापकोटा (२०२९, बागलुङ)**

वि. सं. २०६० मा **पैंतीस गते** कथासङ्ग्रह प्रकाशित गराई धवलागिरिका कथाकारहरूको पङ्क्तिमा उभिन सफल कथाकार धनराज सापकोटाले यथार्थवादी शैलीलाई अँगालेर कथा लेखेका छन् । निम्नमध्यम वर्गीय पात्रहरूको प्रयोग गरी उनले आर्थिक विषमता, राजनीतिक विकृति र राष्ट्रका जल्दाबल्दा समस्यालाई पनि कथामा प्रस्तुत गरेका छन् ।

**ध्रुवलाल शर्मा (२००५, म्याग्दी)**

**यौटा कथाको कथा** (२०६३) कथासङ्ग्रह प्रकाशित गराएका कथाकार ध्रुवलाल शर्मा म्याग्दी जिल्लाका सशक्त र सक्रिय साहित्यकार हुन् । शर्माले आफ्नो कथालेखनको मुख्य विषयवस्तु नेपाली ग्रामीण समाजलाई बनाएका छन् । उनले कथामा ग्रामीण समाजभित्रका ऐतिहासिक, सांस्कृतिक, भौतिक, आर्थिक, शैक्षिक, पारम्परिक यथार्थलाई प्रस्तुत गरेका छन् । नेपाली नारीहरूले भोग्नुपरेका पीडा र बाध्यतालाई सामाजिक यथार्थवादी ढङ्गले प्रस्तुत गरेका छन् ।

**नरनारायण शर्मा पौडेल (२००८, बागलुङ)**

**बिडम्बनै बिडम्बना** (२०६०) कथासङ्ग्रहका लेखक नरनारायण शर्मा पौडेल सामाजिक यथार्थवादी धाराका कथाकार हुन् । हत्या, हिंसा, आतङ्क समसामयिक यथार्थलाई उनेर प्रस्तुत गर्ने कथाकार पौडेलका कथामा राजनैतिक क्षेत्रका विकृतिहरूलाई विषयवस्तु बनाएको पाइन्छ । उनले नेपालको वर्तमान अवस्थाप्रति पनि कथामा व्यङ्ग्य गरेका छन् ।

**नरु थापा (२००९, बागलुङ)**

साहित्यका विभिन्न विधामा कलम चलाएको भए तापनि आख्यान विधामा सफलता प्राप्त गरेका साहित्यकार नरु थापाको एक मात्र कथासङ्ग्रह **मान्छे बोल्छ बोल्छ मान्छे** (२०५४) प्रकाशित भएको छ । सामाजिक यथार्थवादी धारामा कथा रचना गर्ने कथाकार थापाले ऐतिहासिक प्रसङ्गलाई कथात्मक रूपमा प्रस्तुत गर्नमा सफल छन् । उनको लेखन कथा विधामा भन्दा उपन्यासमा विशिष्ट रहेको पाइन्छ ।

**पदम राङखानी** (बागलुङ,)

सामाजिक यथार्थवादी धारालाई पछ्याएर कथा लेख्ने पदम राङ्खानी धवलागिरि अञ्चलका नवोदित कथाकार हुन् । उनको प्रथम प्रकाशित कथासङ्ग्रह **दाग लागेको अनुहार** हो । ससमसामयिक सन्दर्भका सामाजिक कथाहरूको सँगालो यो कृति उनको हालसम्म प्रकाशित एक मात्र कथासङ्ग्रह हो । स्वभाविक घटनाक्रमलाई पस्किएका उनका कथामा विभिन्न स्तरका पात्रहरूको यथार्थ चित्रण गरिएको हुन्छ ।

**बानिया कान्छा** (म्याग्दी, २०१२)

कविता विधाबाट साहित्यिक अभ्यास थालेका साहित्यकार बानिया कान्छा (वास्तविक नाम कर्णबहादुर बानिया) कविताका साथै कथा, निबन्ध, इतिहास आदि विभिन्न विधाहरूमा कलम चलाएका छन् । **अटेरी चल्लो** (२०४४), **अनौठो जङ्गल** (२०४९) र **चकलेटको पोको** (२०६२) जस्ता बालकथा सङ्ग्रहहरू प्रकाशन गरी धवलागिरि अञ्चलको नेपाली कथापरम्परामा आफ्नो फरक पहिचान कायम राख्न सफल भएका छन् । बालबालिकाहरूलाई मनोरञ्जनका अतिरिक्त शिक्षा र ज्ञान प्रदान गर्न उनका बालकथाहरू सफल देखिन्छन् । बालबालिकाहरूलाई अनुशासित र चरित्रवान बनाई भविष्यमा सक्षम र योग्य नागरिक बनाउने उद्देश्यले उनका कथाहरू प्रेरित छन् ।

**भास्कर** (२००४, बागलुङ)

वि. सं. २०४२ मा **पिचासको कसौंडी** शीर्षकको कथासङ्ग्रह प्रकाशित गराएर नेपाली कथा क्षेत्रमा स्थापित हुन सफल भास्करले कविता, उपन्यास, कथा, निवन्ध, समालोचना, समसामयिक लेख जस्ता साहित्यका विभिन्न विधामा कलम चलाउने गरेका छन् । कविता र उपन्यास विधामा आफ्नो दह्रो पहिचान कायम गर्न सफल भएका छन् । यद्यपि कथा विधामा पनि उनको लेखन उत्तिकै सशक्त रहेको छ । वि. सं. २०५४ मा प्रकाशित **चोरबत्ती** कथासङ्ग्रह उनको दोस्रो कथा कृति हो । पछिल्लो समयमा समसामयिक लेख र निबन्धलेखनमा बढी सक्रिय रहेका साहित्यकार भास्करले साहित्यलाई पनि निरन्तरता दिइरहेका छन् ।

**विष्णु अदिप्त** (२०३७, पर्वत)

वि. सं. २०५९ मा **परी** बालकथा-सङ्ग्रह प्रकाशित गरी विष्णु अदिप्त सफल कथाकारको रूपमा परिचित बनेका छन् । कथाकार विष्णु अदिप्तले परी, राक्षस, राजकुमार-राजकुमारी, मानव र अन्य पशुपक्षीलाई पनि कथाका पात्रका रूपमा प्रयोग गरेका छन् । उनका कथा मनोरञ्जनका साथ नैतिक शिक्षा दिने खालाका छन् ।

**शास्त्रदत्त पन्त (१९९८, बागलुङ)**

साहित्यको लेखन, सम्पादन र प्रकाशनका माध्यमबाट उनले साहित्यको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका पन्तले नेपालीमा 'साहित्य रत्न' हासिल गरेका छन् । उनको हालसम्म एक मात्र कथासङ्ग्रह **म किन भिडिन** (२०५३) प्रकाशित भएको छ । उनले साहित्यको अतिरिक्त सामाजिक र राजनीतिक विषयका कृतिहरू लेखेका छन् ।

**षडानन्द पौड्याल (२०२१, पर्वत)**

षडानन्द पौड्यालको **परिवेश** कथासङ्ग्रह (२०६१) हालसम्म प्रकाशित एकमात्र कथासङ्ग्रह हो । यसका अतिरिक्त विभिन्न पत्रपत्रिकाहरूमा उनका थुप्रै कथाहरू प्रकाशित भएको पाइन्छ । उनी यथार्थवादी कथाकार हुन् । समाजमा व्याप्त सङ्गति-असङ्गति, जीवनका आशा-निराशा, आवेग-संवेगलाई सटिक रूपमा प्रस्तुत गर्न कथाकार पौड्याल सक्षम देखिन्छन् । विशेष गरी कथाको लघु स्वरूप, झिनो आख्यान तर मार्मिक प्रसङ्गलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गर्नु उनको शैलीगत विशेषता हो । यसैगरी शिष्ट र परिमार्जित भाषा, बिम्ब, प्रतीकको प्रयोगले कथाको शैलीमा नवीनता ल्याएको पाइन्छ ।

**सदानन्द अभागी ( २००३, पर्वत)**

धवलागिरि अञ्चलका साहित्य साधकहरूमध्ये एक हुन् सदानन्द अभागी । उनी **पश्चातापको आँसु** (२०५८) र **परिवर्तन** (२०६३) कथासङ्ग्रह तथा केही फुटकर कथा प्रकाशित गरी धवलागिरिका कथाकारको पङ्क्तिमा दरिन पुगेका छन् । कविता, कथा, उपन्यास, यात्रासंस्मरण जस्ता विभिन्न विधामा कलम चलाएका अभागीको प्रतिभा कविता विधामा सशक्त देखा परेको छ । यद्यपि  उपन्यास र कथा विधामा पनि उनलाई त्यत्तिकै सफता मिलेको पाइनछ ।

**साधना प्रतीक्षा (२०३९, पर्वत)**

वि. सं. २०४२ मा 'सौगात' पत्रिकामा **सेवा** शीर्षकको कथा प्रकाशित गरेर नेपाली साहित्यमा प्रवेश गरेकी  साधना प्रतीक्षा धवलागिरि अञ्चलकी एक सशक्त साहित्यकार हुन् । नेपालका प्रमुख महिला कथाकारहरूको पङ्क्तिमा उभिन सफल प्रतीक्षाका **रगतका दुई रङ** (२०५३) र **अतृप्त आकाश** (२०६३) नामक दुई कथासङ्ग्रह प्रकाशित भएका छन् । उनका कथामा नेपाली नारीको कथा, व्यथा, पीडा, आक्रोश, विसङ्गति र विद्रोहलाई प्रस्तुत गरिएको पाइन्छ ।

**सीमा रोशी (२०३५, म्याग्दी)**

धवलागिरि अञ्चलका थोरै नारी कथाकारहरूमध्ये सीमा रोशी पनि एक हुन् । **अक्षरका धडकन** कविता प्रकाशन गरी नेपाली साहित्यमा प्रवेश गरेकी कथाकार रोशीको **एक अर्को सपना** (

कथासङ्ग्रह २०६२), प्रकाशित छ । उनले झिनो कथानकको प्रयोग गरी यथार्थवादी मान्यतामा सामाजिक विषयवस्तुमा आधारित कथाहरू लेखेकी छिन् । उनका कथामा ग्रामीण समाजमा भएका विभिन्न सामाजिक, सांस्कृतिक, शैक्षिक जस्ता विविध विसङ्गतिको प्रस्तुतीकरण गरिएका उनका कथामा नारीको समस्यालाई मुख्य रूपमा चित्रण गरिएको पाइन्छ ।

**सूर्यनाथ सामकोटा (२००५, बागलुङ)**

कथाकार वि. सं. २०५६ मा **घायल मुटु** कथासङ्ग्रह प्रकाशित गराएर धवलागिरिको नेपाली कथा क्षेत्रमा प्रवेश गरेका हुन् । कविता विधाबाट कथा विधातर्फ आकर्षित बनेका कथाकार सापकोटाका कथामा सामाजिक र राजनीतिक विकृतिप्रति तीखो व्यङ्ग्य प्रहार गरिएको पाइन्छ । उनका कथामा व्यङ्ग्य मिश्रित भाषाशैलीको प्रयोग गरिएका प्रयोग गरिएको पाइन्छ ।

**यम ढुङ्गाना के. सी. (२०००, बागलुङ)**

कथाकार यम ढुङ्गाना के. सी. धवलागिरि अञ्चलका उदयीमान कथाकार हुन् । उनको एकमात्र कथासङ्ग्रह **जीवनका लहरहरू** (२०६२) प्रकाशित भएको छ । वर्णनात्मक शैली अँगालेर लेखिएका कथाहरूमा एक सताब्दी अघिको सामाजिक परिवेशको चित्रण गरिएको पाइन्छ । आर्थिक समस्याले विदेशिनु पर्ने पुरुष एवम् लोग्नेको प्रतीक्षामा आँशु पिएर बाँचेका नारीका कारुणिक अवस्था उनका कथामा प्रस्तुत गरिएको पाइन्छ ।

यस चरणमा धवलागिरि अञ्चलको साहित्यिक फाँटमा थुप्रै कथाकारहरू देखापरेका छन् । विभिन्न प्रवृत्ति अँगालेर र अलग्गै पहिचान प्रस्तुत गर्ने प्रयासका साथ सक्रिय बन्न पुगेका कथाकारहरूकै कारण धवलागिरि अञ्चलको नेपाली कथाको विकासको गति निकै तीव्र बन्न पुगेको पाइन्छ । विधागत सचेतता, शिल्प, शैलीगत नवीनता र प्रयोगका दृष्टिले पहिलो चरणको तुलनामा कुनै उल्लेखनीय प्राप्ति नदेखिए तापनि कथाकारको सक्रियता र कथाको सङ्ख्यात्मकता र गुणात्मकताका दृष्टिले यो चरण उपलब्धिपूर्ण बनेको छ । सामाजिक, राजनीतिक, सांस्कृतिक, शैक्षिक क्षेत्रमा देखापरेका विकृति र विसङ्गतिको प्रस्तुतीकरणमा नै अधिकांश कथाकारहरूको लेखन केन्द्रित देखिन्छ ।

## परिच्छेद ५

## ५. धवलागिरि अञ्चलका प्रतिनिधि कथाकार र तिनका कथाकृतिहरूको अध्ययन

### ५.१ परिचय

धवलागिरि अञ्चलका कथाकारहरूको सर्वेक्षण अघिल्ला परिच्छेदहरूमा गरिसकिएको छ । धवलागिरि अञ्चलको समृद्ध कथापरम्परामा यहाँका कथाकारहरूको बारेमा आजसम्म जे जति चर्चा गरिएको छ त्यो उनीहरूको योगदानको उचित मूल्याङ्कनका लागि पर्याप्त छैन । फुटकर रूपमा गरिएका टिप्पणीमा कथाकारको विधागत र क्षेत्रगत योगदानलाई तुलनात्मक रूपमा प्रस्तुत गरिएको पाईंदैन । त्यसैले प्रस्तुत शोधपत्रको यस खण्डमा भौगोलिक, सांस्कृतिक, सामाजिक, ऐतिहासिक पक्षलाई समेटेर धवलागिरि अञ्चलका प्रतिनिधि कथाकारहरूको छनोट गरी चर्चा गरिएको छ ।

### ५.२ प्रतिनिधि छनोट गर्ने आधार

प्रतिनिधि छनोट गर्ने कार्य आफैमा जटिल कार्य हो । कुनै एक रचना वा कृति प्रकाशित हुनेबित्तिकै स्रष्टाले भाषा साहित्यको क्षेत्रमा प्रतिनिधित्व गरिसकेको हुन्छ । तर संकुचितताबाट व्यापकता र सामान्यबाट विशिष्टताको प्राप्ति प्रतिनिधि चयनको आधार हो । यसै सन्दर्भमा साहित्यको समग्र विकासमा समर्पित सम्पूर्ण साहित्यकारहरूबाट सीमित साहित्यकारहरूलाई प्रतिनिधिका रूपमा चर्चा गरिन्छ ।

कुनै निश्चित क्षेत्र वा परिवेशमा जन्मी त्यहीँ हुर्केर कुनै भाषाको साहित्यिक विकासमा उल्लेखनीय भूमिका  निभाउने साहित्यकारलााई उक्त क्षेत्रको प्रतिनिधि साहित्यकार मान्न सकिन्छ । प्रस्तुत शोधपत्रमा पनि धवलागिरि अञ्चलमा जन्मेका र यहीँको साहित्यिक फाँटमा क्रियाशील रही कथा विधाको माध्यमबाट समग्र नेपाली साहित्यको श्रीवृद्धिमा महत्त्वपूर्ण योगदान पुऱ्याउने केही कथाकारलाई धवलागिरि अञ्चलका प्रतिनिधि कथाकारका रूपमा छनोट गरी उनीहरूको योगदानको चर्चा गर्ने प्रयास गरिएको छ । यसरी प्रतिनिधि कथाकार छनोट गर्दा निश्चित आधारहरू निर्धारण गरिएको छ ।

प्रतिनिधि कथाकारको छनोटमा कृतित्वलाई मूल आधार मानिएको भए तापनि कथाकारको क्षेत्र, जाति, वर्ग आदि कुरालाई समेत यहाँ महत्त्व दिइएको छ । प्रस्तुत शोधपत्रमा धवलागिरिका प्रतिनिधि कथाकारहरूको छनोट गर्दा लिइएका आधारहरू निम्नानुसार उल्लेख गरिन्छ :

**क) कृतित्वको आधारः** प्रतिनिधि कथाकार छनोट गर्दा मूलतः कथाकारको कृतित्वलाई नै आधार मान्नुपर्ने हुन्छ । कुनै कथाकारको कृतित्वको मूल्याङ्कन गर्दा कथाकारको प्रकाशित

कथाकृतिको सङ्ख्या, कथा लेखनमा विधागत सचेतता, कथाको विषय, उद्देश्य र प्रकृतिजस्ता कुरालाई ध्यानमा राख्नुपर्ने हुन्छ । कथामा प्रयुक्त काल चेतना, जीवन चेतना, सौन्दर्य चेतना पनि कृतित्व मूल्याङ्कनको आधार हो । समग्रमा थोरै कथा लेखेर पनि नेपाली साहित्यको कुनै काल, युग वा पक्षलाई प्रत्यक्ष प्रभाव पार्न सक्ने कथाकारलाई प्रतिनिधि कथाकारको रूपमा लिन सकिन्छ । धवलागिरि अञ्चलका प्रतिनिधि कथाकार छनोटमा पनि यही मान्यतालाई अनुसरण गरिएको छ ।

ख) **व्यक्तित्वको आधारः** साहित्यलाई समाजको दर्पण भन्ने गरिन्छ । त्यसैले प्रतिनिधि कथाकारको छनोटका लागि कथाकारको व्यक्तित्व वा सामाजिक भूमिकालाई पनि प्रमुख मानिएको छ । कुनै पनि साहित्यमा स्रष्टाको परिवेश र कालको छाप रहेको हुन्छ । लिङ्ग, जाति, वर्गजस्ता कुराको आधारमा प्रतिनिधि कथाकार छनोट गर्दा सबै वर्ग, जाति वा सम्प्रदायका विविध भावनाले युक्त कथाकार र कथाकृतिलाई अध्ययनमा समेट्न सकिन्छ, जसले गर्दा कथाकारको वास्तविक योगदानको आँकलन गर्न सजिलो पर्दछ । त्यसैले धवलागिरि अञ्चलका प्रतिनिधि कथाकारको छनोट गर्दा यी कुराहरूमा पनि विशेष ध्यान दिइएको छ ।

ग) **क्षेत्रीय आधारः** प्रतितिधि कथाकारको छनोट गर्ने अर्को आधार क्षेत्रीय आधार हो । यसअन्तर्गत भौगोलिक बनावट र प्रशासनिक विभाजनलाई आधार मान्नु पर्ने देखिन्छ । क्षेत्रीय आधारमा प्रतिनिधि छनोट गरिएमा गाउँ-सहर, सुगम-दुर्गम, लेक-वेँसीआदि हरेक क्षेत्रका कथाकारको प्रतिनिधित्व गराउन सकिन्छ । यसरी क्षेत्रीय आधारमा प्रतिनिधि छनोट गर्दा तिनका कृतिहरूमार्फत् विभिन्न क्षेत्रको सामाजिक सांस्कृतिक भाषिक अवस्थाको पनि प्रस्तुतीकरण हुने भएकाले प्रस्तुत शोधपत्रमा पनि धवलागिरिका चारै जिल्लाका सबै भेग र क्षेत्रलाई समेटेर प्रतिनिधि कथाकार छनोट गरिएको छ ।

यसरी धवलागिरि अञ्चलको नेपाली साहित्यमा कथा विधाका माध्यमबाट उल्लेखनीय योगदान पुऱ्याउने कथाकारहरूमध्ये पनि उपर्युल्लिखित प्रमुख आधारहरूमा केही कथाकारहरूलाई प्रतिनिधि कथाकारका रूपमा छनोट गरी तिनको परिचय, योगदान र प्रकाशित कथासङ्ग्रहहरूको अध्ययन गरिएको छ । कथाको विश्लेषण विधातत्वका अधारमा गरिएको छ ।

### ५.३ प्रतिनिधि कथाकारहरू र तिनका कथाकृतिको विश्लेषण

धवलागिरि अञ्चललाई साहित्यिक कर्मभूमि मानेर कथा सिर्जना गरेका कथाकारहरूमध्ये करिब तीन दर्जन कथाकारहरूले सङ्ग्रहको रूपमा कृति प्रकाशन गरेको पाइन्छ । हरेक कथाकार कुनै न कुनै विशेषताले उत्कृष्ट रहेको पाइन्छ तर यस शोधकार्यको उद्देश्य, स्वरूप र सीमालाई

ध्यानमा राख्दा जम्मा सात जना कथाकारहरूलाई प्रतिनिधि छनोट गरी अध्ययन गर्नु सान्दर्भिक हुने देखिन्छ । यसरी छनोट गरिएका कथाकारहरूमा पर्वत जिल्लाका कृष्णबम मल्ल, साधना प्रतीक्षा र इन्द्रकुमार विकल्प, बागलुङ जिल्लाका गोविन्दलाल श्रेष्ठ र प्रेम छोटा, म्याग्दी जिल्लाका ध्रुबलाल शर्मा तथा मुस्ताङ जिल्लाका नरसिंहभक्त तुलाचन 'अथक' रहेका छन् ।

प्रस्तुत शोधपत्रमा प्रतिनिधि छनोट गरिएका कथाकारहरूको परिचय, प्रवृत्ति तथा तिनका प्रमुख कथा-सङ्ग्रहहरूको विश्लेषण क्रमशः प्रस्तुत गरिएको छ :

### ५.३.१ कथाकार कृष्णबम मल्ल र उनका प्रमुख कथा-सङ्ग्रहको अध्ययन

#### ५.३.१.१ कथाकार कृष्णबम मल्लको परिचय

कृष्णबम मल्लको जन्म वि. सं. १९७८ मा पर्वत जिल्लाको पकुवा गा. वि. स. वडा नं. ३ मा पिता तुलाबम मल्ल र माता रत्नराजेश्वरी मल्लका सुपुत्रका रूपमा भएको हो । उनले काशी विश्वविद्यालयबाट एम. एस्सी. उत्तिर्ण गरेका थिए । उनले वि. सं. १९९६ मा **शारदा** पत्रिकामा **बच्ची** शीर्षकको कथा प्रकाशित गरी नेपाली साहित्यको धरातलमा पदार्पण गरेका हुन् । नेपाली साहित्यको आधुनिककालका मुर्धन्य साहित्यकारका रूपमा स्थापित कृष्णबम मल्ल आधुनिक नेपाली कथकारको अग्रपङ्क्तिमा रहेका छन् ।

प्राध्यापक, भारतका राजदुत, कृषि विकास अधिकृत, श्री ५ को सरकारको सचिव, लोकसेवा आयोगको अध्यक्ष, नेपाल बैंक लिमिटेड सञ्चालन समितिका अध्यक्षजस्ता सरकारी क्षेत्रका उच्च पदमा रहेर कार्य गर्नुका साथै विभिन्न साहित्यिक सङ्घ-संस्थाहरूमा संलग्न रहेका मल्ल गोरखा दक्षिण बाहु, त्रिशक्तिपट, नेपाल श्रीपद (प्रथम, २०३०), सुगौरवमय तेजस्वी त्रिभुवन प्रजातन्त्र श्रीपद (२०३९) जस्ता मानपदवीले विभूषित भएका थिए ।[११९] उनले भारत, जापान, इजरायल, बेलायत, जर्मनी आदि देशको भ्रमण गरेका थिए । सामाजिक यथार्थवादी कथाकार गुरूप्रसाद मैनालीका कथाबाट प्रभावित भएर कथा सिर्जन गर्ने कथाकार मल्लका फुटकर कथा उदय, रत्नश्री, प्रगति आदि थुप्रै पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनका प्रकाशित पुस्तकाकार कृतिहरू निम्न लिखित रहेका छन् ।

१) गुरुजीको मलामी (कथासङ्ग्रह, २००९)

२) देवता (कथासङ्ग्रह, २०१८)

३) श्री ५ रामशाहको न्याय (कथासङ्ग्रह, २०४१)[१२०]

---

[११९] तोर्णबम मल्लबाट प्राप्त मौखिक जानकारी ।

[१२०] प्रेम छोटा, पूर्ववत्, पृ. ३० ।

कथाकार मल्लले साहित्यका विभिन्न विधाहरूमध्ये कथा र निबन्धमा कलम चलाएको भए पनि कथा विधामा नै विशिष्टता हासिल गरेको पाइन्छ । आधुनिक नेपाली कथाकार गुरूप्रसाद मैनालीका शैलीबाट प्रभावित कथाकार मल्ल धवलागिरि अञ्चलका प्रथम नेपाली कथाकार हुन् । वि. सं. २००९ सालमा प्रकाशित **गुरुजीको मलामी** कथासङ्ग्रह उनको पहिलो प्रकाशित पुस्तकाकार कृति हो । त्यसपछि २०१८ सालमा **देवता** र २०४१ सालमा **श्री ५ रामशाहको न्याय** कथासङ्ग्रहहरू प्रकाशित भएका छन् । यिनै तीनओटा प्रकाशित कथासङ्ग्रहहरूका आधारमा कथाकार मल्ल धवलागिरि अञ्चलका एक प्रमुख कथाकारका रूपमा स्थापित भएका छन् ।

### ५.३.१.२ 'गुरुजीको मलामी' कथा-सङ्ग्रहको विश्लेषण र मूल्याङ्कन

**गुरुजीको मलामी** कथाकार कृष्णबम मल्लको पहिलो प्रकाशित कथासङ्ग्रह हो । प्रस्तुत सङ्ग्रह १९५२ ई. (वि. सं. २००९) सालमा नेपाली साहित्य मण्डल वनारसबाट प्रकाशित १२ वटा सरस र मौलिक कथाहरूको सङ्ग्रह हो । यस सङ्ग्रहमा सङ्गृहित कथाहरूमध्ये गुरुजीको मलामी, अंतिम भेट, विपथ बिद्रोही कथाहरू **उदय**मा र जनसेनाको सिपाही **युगवाणी** पत्रिकामा प्रकाशित भइसकेका कथा हुन् भने बाँकी कथाहरू अन्यत्र प्रकाशित नभएका ताजा कथा हुन् ।[१२१]

#### क) कथावस्तु

**गुरुजीको मलामी** कथासङ्ग्रहमा सङ्गृहित सम्पूर्ण कथाहरूमा सामाजिक विषयवस्तु समावेश गरिएको छ । समाजमा घटेका घटनाहरूको यथार्थ प्रस्तुति गरिएका यी कथाहरूमा नेपाली ग्रामीण जनजीवनका रहनसहन र समस्याहरूको मार्मिक चित्रण गरिएको छ । सामाजिक, आर्थिक तथा राजनैतिक विषमताका कारण नेपाली जनताहरूले भोग्नुपरेका समस्याहरूलाई पनि यी कथाहरूमा झल्काइएको छ ।

**गुरुजीको मलामी** यस सङ्ग्रहमा सङ्कलित पहिलो कथा हो । यसमा एउटा आदर्श शिक्षकको त्याग र कारुणिक अन्त्यलाई कथावस्तु बनाइएको छ । हरिप्रसाद गुरुजी सम्पत्ति आर्जनको बाटो छोडेर निस्वार्थ रूपले निशुल्क शिक्षा प्रदान गर्नमा आफ्नो सम्पूर्ण जीवन समर्पित गरेका छन् । बाँचुन्जेल कुनै सहानुभूति नदेखाउने गाउँलेहरू उनको मृत्युमा शोकमग्न बन्न पुगेको विसङ्गत स्थितिलाई यस कथामा उल्लेख गरिएको छ । आमाको ममता र जन्मभूमिको महत्त्व बुझ्न नसक्ने एक नेपाली युवक विदेशबाट रित्तो हात फर्कनुपर्दा पछुताउन पुगेको स्थितिलाई **अंतिम भेट** कथामा प्रस्तुत गरिएको छ । गाउँमा स्वच्छन्द जीवन बिताइरहेको लाले आमाको एकदिनको कठोर व्यवहार असह्य भएर विदेशिन पुग्छ । ऊ विदेशिएपछि उसकी आमा मैना पागल बन्न पुग्छे । छोराको

---

[१२१] काशीबहादुर श्रेष्ठ, <u>दुई शब्द</u>, गुरुजीको मलामी, नेपाली साहित्य मण्डल, बनारस, २००९, ।

पुनरागमनको सपनामा सारा जीवन बिताएकी मैना जीवनको अन्तिम क्षणमा छोरो फर्केर घर आएपछि सन्तुष्ट भएर प्राणत्याग गर्नपुग्छे ।

**विपथ बिद्रोही** नेपालमा राणा शासनको समाप्तिपछि सामाजिक परिवर्तनको नाममा उन्मुक्त जीवन बिताउन थालेका विद्रोहीको क्रियाकलापलाई चित्रण गरिएको छ । क्रान्तिलाई पूर्णता दिने भन्दै २००७ सालको क्रान्तिको योद्धा नन्दराम क्रमशः तानाशाह बन्दै गएपछि गाउँले किसानहरूले नै उसको प्रतिकार गर्न पुग्छन् । अन्ततः प्रशासनले नै उसलाई सजाय गर्दछ । **जनसेनाको सिपाही** कथा २००७ सालको सशस्त्र क्रान्तिको पृष्ठभूमिमा लेखिएको कथा हो । यसमा कञ्चनपुर कब्जा गर्ने क्रममा जनसेनाको सिपाही रूपचन्द थारूले वीरगति प्राप्त गरेको प्रसङ्ग उल्लेख छ ।

**सन्तानको बोध** कथा परलोक सुधार्न छोरा चाहिने रुढीवादी सोच बोकेका नेपाली समाजको यथार्थ चित्रण गरिएको कथा हो । यस कथामा कास्कीको कुनै गाउँका मुखिया रणवीर घर्ती सबै कुराबाट सम्पन्न भएर पनि सन्तानको अभावमा तीनवटी श्रीमती भित्राउन पुगेको छ । आफू ५० वर्ष भएर पनि सन्तानको चाहनाले १४ वर्षकी बालिकालाई विवाह गर्न पछि नपर्ने रणवीर समाजले उपेक्षा थालेपछि मात्र आफ्नो परिवार तथा समस्त देशवासीहरूलाई  नै सन्तानको रूपमा देख्न थाल्छ ।

मनमा कुविचार राखेर गलत बाटो हिँड्ने मानिस अन्ततः पतनोन्मुख हुनपुग्छ भन्ने कुरा **फटाहाको बाटो** कथामा देखाइएको छ । अड्डा-अदालतसम्बन्धी कामकाजमा चतुर प्रेमबहादुरले बनवीरको बिरौटे खेतमा आँखा गाडेको हुन्छ तर त्यसमा सफल हुन नसकेपछि उसले डाँका मुद्दामा वनवीरलाई फसाउँछ ।  अन्तमा सारा कर्तुतको भण्डाफोर भएपछि ऊ सजायको भागिदार बन्न पुग्छ ।

**शोभा र विनोद** कथामा श्रीमतीको चाहनाको ख्याल राख्ने पति र आफ्नो चाहनाअनुसार पतिलाई सञ्चालन गर्न चाहने पत्नीको बीचको दाम्पत्य जीवनलाई प्रस्तुत गरिएको छ । पति हमेसा आफ्नो साथ रहोस् भन्ने चाहने शोभा र पत्नीले आफ्नो भावना बुझिदेओस् भन्ने चाहना राख्ने विनोदको दाम्पत्य जीवनको यथार्थ चित्रण गरिएको छ । परम्परागत संस्कार बोकेका नेपाली महिलाले आफ्ना बुहारीहरूप्रति गर्ने शासनलाई **सीप** कथामा प्रस्तुत गरिएको छ । घरमा बुहारी आएपछि आफ्नो छोरा नै आफूबाट टाढिएको ठानेर बुहारीलाई सबै दोष दिने सासु मायादेवी तिनै बुहारी निर्मलाको घरव्यवहार चलाउने कार्यकुशलताबाट प्रभावित बनी आफ्नो धारणलाई परिवर्तन गरेकी छ ।

**भूल** कथा गरिबी र अभावमा आफ्नो अस्मिता र स्वाभिमानलाई नै लिलाम गर्न बाध्य पवित्र हृदय भएका गाउँले दम्पत्तिको कथा हो । असिनाबाट खेतीबाली नष्ट भएपछि नोकरी खोज्न सहर

पसेका वीरे र चिनीले त्यहाँ पनि कुनै नोकरी नपाएर भोकै रहनुपरेपछि चिनीको जवानीको मोलतोल गर्ने सम्मका कुरा सोच्न पुग्छन् तर उनीहरूको बीचको प्रगाढ प्रेमले त्यो भूल गर्न दिँदैन । **जीवन** कथा कम तलबले सहरमा जीवन निर्वाह गर्दाका कठिनाईलाई प्रस्तुत गरिएको कथा हो । कुनै बैंकमा तीस रूपैयाँको नोकरीले आफू र आफ्नो परिवारका आवश्यकताहरू पूर्ति गर्नका लागि सङ्घर्षरत जीवनको अवस्था यस कथामा चित्रण गरिएको छ ।

**हली** र **बोनसका निमित्त** कथा वर्गीय सङ्घर्षमा आधारित कथा हुन् । **हली** कथामा आर्थिक विपन्नता र वर्गीय शोषणका कारण आफ्नो जन्मभूमि नै छाडेर विदेशिनुपर्ने नेपालीहरूको कारुणिक अवस्थाको चित्रण गरिएको छ । पुड्के र उजेली निम्न वर्गीय दलित दम्पति हुन् । उनीहरू स्वाभिमानी छन् तर गाउँको जमिनदार मणिधरको सामन्ती व्यवहारले गर्दा आफ्नो पुर्ख्यौली थलो छाडेर विदेश पलायन हुनु परेको छ । **बोनसका निमित्त** कथामा पनि धनी र गरिब बीचका वर्गीय सङ्घर्षलाई चित्रण गरिएको छ । गणेश मिलमा काम गर्ने चन्द्रलाललगायतका मजदुर बोनसका निमित्त हडताल गरिरहेका हुन्छन् । प्रशस्त नाफा हुँदा पनि आफ्नो मिलमा काम गर्ने मजदुरहरूलाई बोनस दिन तयार नभएपछि मजदुरहरूले विद्रोह गर्छन् तर मालिक धनकुँवरले उनीहरूलाई दमन गर्दछ र जेलमा पठाउँछ ।

यसरी नेपालमा प्रजातन्त्रको स्थापनापूर्व र त्यसपछिका सामाजिक सन्दर्भलाई यस सङ्ग्रहका कथाहरूको विषयवस्तु बनाइएको छ । आदि, मध्य र अन्त्यका सिलसिलामा लेखिएका कथाहरू सरल, सरस र यथार्थवादी ढाँचामा लेखिएका छन् । व्यक्तिका नैतिकता र आदर्श, पारिवारिक मर्यादा, सामाजिक परम्परा  सांस्कृतिक पक्षहरूलाई पनि यी कथाहरूमा समेटिएको पाइन्छ ।

**ख) चरित्रचित्रण**

यस सङ्ग्रहका कथाहरूमा सीमित पात्रहरू समावेश गरिएको छ । प्रमुख पात्रका रूपमा स्त्री र पुरुषलाई समानान्तर रूपमा प्रस्तुत गरिएको छ । विभिन्न लिङ्ग, वर्ग, जाति र पेसाका मानिसहरूको चरित्र, कार्य र अवस्थालाई यी कथाहरूमा चित्रण गरिएको छ ।

हरिप्रसाद गुरुजी **गुरुजीको मलामी** कथाको प्रमुख पात्र हो । पुर्ख्यौली रूपमा अपनाउँदै आएको पुरोहित कार्यलाई छाडेर गाउँका बालबालिकाहरूलाई निःश्वार्थ रूपमा निःशुल्क पढाउने ऊ एक आदर्श शिक्षक हो । **अंतिम भेट** कथाकी मैना छोराको वियोगमा पागल बन्ने ममतामयी नारी पात्र हो । छोराले गल्ती नगरोस् भन्ने चाहेर पनि उसको स्वच्छन्द व्यवहारलाई नियन्त्रण गर्न नसक्ने कमजोरी ऊसमा रहेको छ । यसै कथाको लाले लाहुरमा सुख देखेर आमा र जन्मभूमिलाई छाडेर विदेशिने आम नेपाली युवकहरूको प्रतिनिधि चरित्र हो । **विपथ विद्रोही** कथाको प्रमुख पात्र नन्दराम क्रान्ति गरेर देशमा परिवर्तन ल्याउन योगदान दिने तर प्रजातन्त्रको स्थापनापश्चात् पनि विद्रोहको

नाउँमा तानाशाही गतिविधि सञ्चालन गर्ने प्रतिकूल चरित्र हो । **जनसेनाको सिपाही** कथाको रूपचन्द थारू जनताको खुसीका लागि प्राण उत्सर्ग गर्न पछि नपर्ने देशभक्त र स्वतन्त्रताप्रेमी व्यक्ति हो । **सन्तानको बोध** कथाको प्रमुख पात्र रणवीर घर्ती सामाजिक कुसंस्कारले थिचिएका आम नेपाली जनताको प्रतिनिधि पात्र हो । **फटाहाको बाटो** कथाको प्रेमबहादुर आफ्नो स्वार्थपूर्तिका लागि जस्तोसुकै कुकृत्य गर्न पनि पछि नहट्ने खराब प्रवत्ति भएको प्रतिकूल चरित्र हो । **शोभा र विनोद** कथाकी नायिका शोभा आफ्नो गल्ती स्वीकार्ने स्त्रीसुलभ शङ्का र जिद्दी स्वभाव भएकी स्त्रीपात्र हो भने विनोद शिक्षित भएर पनि आर्थिक विपन्नताका कारण आफ्नो स्वाभिमान गुमाएर परिस्थितिसँग सम्झौता गर्ने कमजोर चरित्र हो । **सीप** कथाकी नायिका निर्मला एक आदर्श पत्नी र बुहारी हो । निर्मलाकी सासु मायादेवी रुढीवादी मान्यताबाट ग्रसित शङ्कालु र डाहाडे स्वभावकी स्त्री पात्र हो भने निर्मलाको पति रमाकान्त शिक्षित र शान्त खालको चरित्र हो । अवसरवादी स्वभावकी बाटुली यस कथाकी अर्की सहायक पात्र हो । **भूल** कथाका वीरे र चिनी, **जीवन** कथाका जीवन र माधुरी, **हली** कथाका पुड्के दमाई र उजेली तथा **बोनसका निमित्त** कथाका चन्द्रलाल, चन्द्रिका र सेती घर्तिनीकी आमा निम्न वर्गीय नेपालीहरूको प्रतिनिधित्व गर्ने पात्र हुन् । वीरे र चिनी सरल स्वभावका ग्रामीण र अशिक्षित चरित्र हुन् । जीवन परिश्रमी र आशावादी चरित्र हो भने माधुरी स्त्रीसुलभ आकाङ्क्षा बोकेकी सामान्य नारी हो । पुड्के दमाई स्वाभिमानी र परिश्रमी छ भने उजेली स्वाभिमानी र विद्रोही स्वभावकी छ । यी दुवै पात्रहरू आदर्श प्रेमीप्रेमिका तथा पतिपत्नी हुन् । चन्द्रलाल पनि स्वाभिमानी, विद्रोही र इमान्दार छ । ऊ व्यक्तिगत स्वार्थभन्दा सामूहिक हितका लागि समर्पित अनुकूल चरित्र हो । **हली** कथाको मणिधर र **बोनसका निमित्त** कथाको धनकुँवर उच्च वर्गीय, सामन्त तथा प्रतिकूल चरित्र हुन् ।

सीमित पात्रहरूको प्रयोग गरिएका यी कथाहरूमा सहायक र गौण पात्रहरूको पनि प्रयोग गरिएको देखिन्छ तर कथानकलाई गति दिन ती पात्रहरूको कुनै उल्लेखनीय भूमिका रहेको छैन । नेपाली समाजको यथार्थ बोकेका यी कथाका पात्रहरूको चरित्र पनि यथार्थ र स्वाभाविक पाइन्छ ।

**ग) परिवेश**

यस सङ्ग्रहका कथाहरू सामाजिक यथार्थवादी शैलीमा लेखिएका हुनाले कथामा घटित घटना, स्थान र समयलाई स्पष्ट रूपमा चित्रण गरिएको छ । अधिकांश कथा पहाडी भेगका ग्रामीण परिवेशलाई लिएर लेखिएका छन् भने **जनसेनाको सिपाही** र **बोनसका निमित्त** कथा तराईको परिवेशमा लेखिएका छन् । **शोभा र विनोद**, **सीप**, **भूल**, **जीवन** र **बोनसका निमित्त** कथाहरूमा सहरी परिवेश समेटिएको पाइन्छ । यस सङ्ग्रहका कथाहरू २००७ सालको क्रान्तिको सेरोफेरोमा लेखिएका छन् ।

यस सङ्ग्रहमा समावेश गरिएका कथाहरूमा पात्रका आन्तरिक परिवेशको चित्रणलाई त्यति महत्त्व नदिइएको भए तापनि तत्कालीन सामाजिक परिवेशलाई यथार्थ रूपमा प्रस्तुत गरिएको पाइन्छ । आर्थिक समस्या, बेरोजगारी, अशिक्षा, अज्ञानता, अन्धविश्वासजस्ता सामाजिक समस्याहरू र ती समस्यासँग सङ्घर्षरत नेपाली जनताको स्थितिलाई कथामा देखाइएको छ । राणाशासनको समाप्ति र त्यसपछि स्थापना भएको प्रजातान्त्रिक अभ्यासका क्रममा देखापरेका सामाजिक र राजनीतिक विकृति र विसङ्गतिलाई पनि कथामा प्रस्तुत गरिएको छ । २००७ सालको क्रान्तिको स्वरूप, त्यसमा नेपाली जनताको सहभागिता र त्यसपछिका दिनमा नेता तथा कार्यकर्ताका परिवर्तित चरित्र र व्यवहारलाई पनि कथामा प्रस्तुत गरिएको छ ।

**घ) भाषाशैली**

**गुरुजीको मलामी** कथासङ्ग्रहका कथाहरू यथार्थवादी ढाँचामा लेखिएको छ । विषयवस्तुको प्रस्तुतीकरणमा वर्णनात्मक तथा व्यङ्ग्यात्मक शैली अपनाइएको पाइन्छ । सरल भाषा, उखान-टुक्का र जनजीवनमा प्रचलित उक्तिको उचित प्रयोगले अभिव्यक्तिमा सशक्तता प्रदान गरेको पाइन्छ । जीवन-जगत्का विविध पक्षहरूलाई गहन रूपमा बोध गरी प्रकट भएका सूक्तिमय वाक्यहरूको प्रयोगले कथाको भाषालाई ओजिलो बनाएको पाइन्छ :

*"शहर रंगकै हो; मोहोर कमाउने काम भने पाइन्न, बाटामा मोहोर भने पाइन्छन् ।"*

*(भूल, पृष्ठ : ५६)*

कथ्यभाषाको प्रयोगलाई पनि कथामा स्थान दिने कथाकारले बेहान, वलत्र पलत्र, चबुतारा जस्ता वर्णविन्यासगत त्रुटिहरू रहेका शब्दको प्रयोग गरेको पाइन्छ । यसैगरी हवालात, इन्तजार, औ जस्ता केही हिन्दी र उर्दु भाषाका आगन्तुक शब्दहरू र अत्याधिक मात्रामा तत्सम शब्दको प्रयोग गरेर लेखेका छन् । जनजिब्रोमा झुण्डिएका यस्ता शब्दहरूले उनका कथाहरूमा भाषिक दुर्बोध्यता भने ल्याएको छैन ।

**गुरुजीको मलामी** कथासङ्ग्रहभित्रका कथाहरूमा स्वाभाविक रूपमा संवादको प्रयोग गरिएको पाइन्छ । कथामा पात्रअनुसारको संवाद प्रयोग गरिएकाले कथाकारले बढी बौद्धिकता र जटिलताको पाइँदैन । प्रायः छोटाछोटा संवादको प्रयोगले कथाको सम्प्रेषणीयतामा थप मीठास भरेको छ ।

*"तिमी र म ...."*
*"के त ?"*
*"दुई थियौं, भयौं अब एक ।"*
*"हो त ।"*
*"हामी दुबै मनलाई पनि अब एकै बनाऊँ ।" (शोभा र विनोद, पृष्ठ : ३९)*

यस प्रकारका संवादहरूमा रोचकता, सङ्क्षिप्तता, अभिव्यक्तिगत पूर्णता र भाषिक शिल्प झल्कने भएकाले कथाको प्रस्तुतीकरण उत्कृष्ट बन्न पुगेको पाइन्छ ।

**ङ) दृष्टिबिन्दु**

**गुरुजीको मलामी** कथासङ्ग्रहमा प्रथम पुरुष र द्वितीय पुरुष शैलीमा लेखिएका कथाहरू सङ्कलित छन् । **गुरुजीको मलामी**, **विपथ विद्रोही** र **जीवन** कथाहरू प्रथम पुरुष कथन ढाँचामा लेखिएका छन् । **गुरुजीको मलामी** कथामा प्रमुख पात्र हरिप्रसाद गुरुजीको जीवनचर्यालाई नजिकबाट नियाल्ने 'म' पात्रले गुरुजीको मृत्युपूर्व र मृत्युपश्चात्का सम्पूर्ण घटनाहरूको विवरण प्रस्तुत गरेको छ । त्यसैले यसमा प्रथम पुरुषअन्तर्गत पनि परिधीय दृष्टिबिन्दु रहेको छ । **विपथ विद्रोही** कथामा प्रमुख पात्र नन्दरामले आफ्ना सम्पूर्ण गतिविधिहरू आत्मवृत्तान्तको शैलीमा प्रस्तुत गरेको हुनाले यस कथामा प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दु रहेको छ । यसैगरी **जीवन** कथामा योगेन्द्रले 'म' पात्रका साथ जीवनको वृत्तान्त सुनाएको छ । त्यसैले यसमा प्रथमपुरुषको परिधीय दृष्टिबिन्दु रहेको छ । यी तीन कथाहरूबाहेक अन्य सबै कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । तृतीय पुरुष दृष्टिबिन्दु भएका कथाहरूमा प्रायः सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ ।

**च) उद्देश्य**

**गुरुजीको मलामी** कथासङ्ग्रहका कथाहरू कुनै जीवनदर्शन प्रस्तुत गर्ने उद्देश्यबाट प्रेरित रहेको पाइँदैन तापनि यी कथाहरूले कुनै न कुनै सन्देश प्रवाहित गरिरहेको पाइन्छ । जीवन र जगत्का सत्य र तथ्यलाई पाठकहरूमा प्रेषित गर्ने र मानिसको नैतिक सुधार गरेर आदर्श समाजको स्थापना गर्न यी कथाहरू सफल छन् । पारिवारिक तथा सामाजिक मर्यादाको पालना गर्न मानिसमा नैतिक विकास हुनु आवश्यक छ । गलत मार्गमा हिँडेर मानिसले क्षणिक सुख र सन्तुष्टि त प्राप्त गर्न सक्ला तर दिगो त्यो दिगो रहन सक्दैन । त्यसैले मानिसले बाँचुञ्जेल पौरख गर्नुपर्छ भन्ने सन्देश यी कथाहरूले दिएका छन् । सहिदको सपना साकार पार्न देश र जनताको हीतमा निरन्तर लागिरहनु पर्छ भन्दै त्यसका लागि प्राणको उत्सर्ग गर्न पछि नहट्न यी कथाहरूले प्रेरित गर्दछन् ।

### ५.३.१.३ 'देवता' कथा-सङ्ग्रहको विश्लेषण र मूल्याङ्कन

वि. सं. २०१८ मा साझा प्रकाशनबाट प्रकाशित **देवता** कथासङ्ग्रह प्रकाशनका हिसाबले कथाकार मल्लको दोस्रो कथासङ्ग्रह हो । प्रस्तुत सङ्ग्रहभित्रका कथाहरू यथार्थवादी धाराअन्तर्गत सामाजिक यथार्थवादी तथा मनोवैज्ञानिक यथार्थवादी प्रवृत्ति अँगालिएर लेखिएका छन् । **देवता,**

**सिन्दुरको चाहना, गोमा, भाइचाकी पत्नी, नायब राइटरी, नक्कली, अप्रजातान्त्रिक प्रजातन्त्री र तेसु खोला** गरी लामा छोटा आठ ओटा कथाहरू समावेस गरिएका छन् ।[१२२]

**क) कथावस्तु**

प्रस्तुत सङ्ग्रहमा सङ्कलित कथाहरूमा सामाजिक स्रोतबाट विषयवस्तु ग्रहण गरिएको पाइन्छ । निम्न-मध्यमवर्गीय जनजीवनका आर्थिक, सामाजिक, राजनीतिक समस्याको चित्रणमा उनका कथा केन्द्रित रहेका छन् । समाजमा व्याप्त विभिन्न किसिमका अभाव, समस्या, चुनौती र अभावहरूलाई प्रस्तुति गर्ने क्रममा शिक्षा तथा अर्थोपार्जनका लागि विदेशिनुपर्ने नेपालीहरूको नियति कथामा चित्रण गरिएको पाइन्छ ।

एकतन्त्रात्मक राणा शासनविरुद्ध सङ्घर्षमा होमिएको युवक जयदेवको देशभक्ति र आफूले आराध्य देव मानेको त्यही युवकका निम्ति भौतिक सुखसयल त्यागेर आश्रममा जीवन व्यतित गरिरहेकी युवती मन्दाकिनीको आत्मिक प्रेमलाई **देवता** कथामा प्रस्तुत गरिएको छ । मन्दाकिनी र जयदेवको परिवारले यिनीहरूको विवाह गरिदिने निर्णय गरिसकेको भए तापनि क्रान्तिमा लागेको कारण जयदेवले विवाह गर्न अस्वीकार गर्छ । त्यसपछि जयदेवलाई नै तन मन सुम्पिएकी मन्दाकीनी एक बाबासँग आश्रमको बास गर्न थाल्छे । एक रात प्रहरीबाट बच्न जयदेव भाग्दै गर्दा अनयासै मन्दाकिनीको आश्रममा पुग्छ । त्यसैबेला मन्दाकिनीले आफू ऊप्रति समर्पित रहेको बताउँछे तर आफ्नो लक्ष्य अर्कै भएकाले उसको इच्छा पूर्ण गर्न असमर्थ रहेको बताएर जयदेव त्यहाँबाट निस्किन्छ । अन्तमा जयदेव प्रहरीद्वारा समातिएको थाहा पाएपछि मन्दाकिनीले सत्याग्रह गर्ने प्रण गर्छे र कथा टुङ्गिन्छ ।

यस सङ्ग्रहको दोस्रो कथा **सिन्दुरको चाहना** हो । यस कथामा नेपाली समाजमा प्रचलित बालविवाहजस्तो कुप्रथाको सिकार हुनुपरेकी एक युवतीको मार्मिक अवस्थाको चित्रण गरिएको छ । बाह्र वर्षकै उमेरमा विवाह गर्नुपरे तापनि यौवन अवस्थासम्म आइपुग्दा विधवा बनिसकेकी सावित्रीले परम्परागत समाजमा अवहेलित बन्नुपरेको हुन्छ । यस अवस्थामा उसकै बालसखा कीर्तिलालले उसलाई सान्त्वना दिने गर्दछ । जीवन जिउनका लागि आत्मवल जगाउन प्रेरित गर्दा सावित्रीले उसैसमक्ष सिन्दुरको प्रस्ताव गर्छे र यही सुखान्तको सङ्केतमा कथा टुङ्गिन्छ ।

**गोमा** यौन र प्रेमको अतृप्तिले मानसिक अवस्था बिथोलिएकी एक युवतीको कथा हो । यस कथामा उच्च खानदानकी गोमा भित्रिनी र सुसारेसँगको विलासित जीवन बिताइरहेको पति बुलिराजाबाट सन्तुष्ट हुन नसकेर आफ्नै बगैँचामा काम गर्ने मालीसँग आसक्त बन्न पुगेकी छ ।

---

[१२२] कृष्णबम मल्ल, देवता, साझा प्रकाशन, ललितपुर, २०१८ ।

आफ्नी पत्नीको गतिविधिदेखि आजित बनेको वुलिराजा पतिव्रता धर्मको महत्त्व सम्झाई पत्नीलाई नियन्त्रण गर्न खोज्छ । मालीसँगको यौन आकाङ्क्षा र आफ्नी छोरी प्रतिको वात्सल्य प्रेमका बीचको द्वन्द्वमा परेकी गोमा मालीले घरकै अर्की सुसारेलाई भगाएर गएपछि छोरीप्रतिको वात्सल्यप्रेममा एकोहोरिन पग्छे ।

**भाइचाकी पत्नी** पतिव्रता धर्ममा दृढ एक स्त्रीको कथा हो । यस कथामा जस्तोसुकै परिस्थितिमा पनि अटल रहने देवमायाको पतिव्रता धर्म र आफूमा पुरुषत्वको अभाव भएकाले कुनै तरहले आफ्नी श्रीमतीले त्यसको अभाव पूर्ति गरोस् भन्ने चाहने भाइचाको उदार हृदयको चित्रण गरिएको छ । यौनेच्छाको दमन गर्दा त्यसले निम्त्याउन सक्ने दुर्घटनाबाट बचाउन भाइचाले आफ्नो एक मित्रमार्फत् श्रीमतीलाई तृप्त गराउन चाहन्छ तर पतिव्रता धर्ममा निष्ठ देवमाया श्रीमान्‌को त्यो क्रियाकलापबाट विक्षिप्त बन्न पुग्छे । यसरी मृत्युतर्फ प्रवृत्त बनेकी श्रीमतीलाई भाइचाले समयमै सम्हालेर दुर्घटनाबाट बचाउँछ ।

राणकालीन निरङ्कुशतन्त्र र राणाशासनपछिको लोकतान्त्रिक व्यवस्थामा पनि अवशेषका रूपमा रहेको सामन्ती संस्कारलाई **नायब राइटरी** कथाले उजागर गरेको छ । जिविकोपार्जनका लागि पर्याप्त सम्पत्ति भएर पनि सम्पत्ति र इज्जतको रक्षाका लागि 'मालिक' को चाकरी गर्नैपर्ने र नाम मात्रको भए पनि सरकारी नोकरी गर्नुपर्ने मान्यता तिले भँडारीको रहेको छ । त्यसैले ऊ नायब राइटरी हात पार्न मालिकको चाकरीमा व्यस्त रहन्छ । कुनै दिन अन्जानमा सानो गल्ती हुँदा मालिक क्रुद्ध बन्छन् र सदाका लागि तिले भँडारीले त्यो पदबाट बिमुख हुन पुग्छ ।

**नक्कली** कथाले आर्थिक विषमता, सामाजिक शोषण र वर्गीय शोषणलाई प्रस्तुत गरेको छ । यस कथामा सन्तवीरले लिएको ऋणको बदलामा उसको भर्खरै ब्याएको भैँसी हडप्न खोज्ने धर्मवीरको सामन्ती व्यवहार देखाइएको छ । सामन्ती प्रथाप्रतिको असन्तोष पनि यस कथामा देखाइएको छ ।

नेपालमा प्रजातन्त्रको स्थापनापछि विभिन्न दल र नेताहरूबीच हुने गरेका दाउपेच र खिँचातानीले विकृत बन्दै गएको राजनीतिक अवस्थालाई **अप्रजातान्त्रिक प्रजातान्त्री** कथामा प्रस्तुत गरिएको छ । एकतन्त्रात्मक शासनमा पनि माथिसम्मको पहुँच भएका रुद्रप्रसाद रिमाल प्रजातन्त्र स्थापना भएपछि लोकतन्त्रात्मक प्रजा पार्टीका सदस्य बन्न पुग्छन् र त्यसको एक वर्षमै दलका कार्यकारिणी समितिका सदस्य समेत बन्छन् । त्यस दलका नेता रघुवीर सिद्धान्तमा रहेर काम गर्नुपर्ने मान्यता राख्छन् भने रुद्रप्रसाद रिमाल पार्टीलाई अघि बढाउन कुटनीति आवश्यक पर्दछ भन्ने पक्षमा हुन्छन् । यसका लागि उनी अध्यक्षको काममा समेत हस्तक्षेप गर्न थाल्छन् । पार्टीमा आफ्नो बहुमत भएको ठान्ने उनी अन्त्यसम्म पनि आफ्नै स्वार्थले प्रेरित रहनछन् ।

सामाजिक शोषण र वर्गीय सङ्घर्षमा आधारित कथा हो **तेसु खोला** । वर्षा लाग्नेबित्तिकै तेसुखोलाले शेराबेशीको खेत खाइदिन्थ्यो । यो समस्याबाट पीडित भएर पनि गाउँलेहरू त्यसको उपायका बारेमा सोचेका थिएनन् । तेसुखोलालाई नियन्त्रण गरी त्यसबाट हुने नोक्सानीबाट बच्ने गतिलो उपाय सोचेर डम्बरेले मुखियालगायत सबै गाउँलेहरूसँग सहयोग माग्छ । आफ्नो खेत सुरक्षित ठाउँमा भएको र यसै बाहनामा गाउँलेहरूलाई शोषण गर्न पल्किएका जेठा पुरोहितले डम्बरेको कुराको विरोध गर्दछ । उसले डम्बरेलाई आफ्नो हठ छाड्न धम्की दिन्छ र केही नलागेपछि उसले रूपैयाँ र जग्गा दिएर फकाउन खोज्छ । तर स्वाभिमानी डम्बरेले जेठा पुरोहितको प्रस्ताव स्वीकार गर्दैन । यसै क्रममा भएको झडपमा सामान्य घाइते भएका जेठा पुरोहितले डम्बरेलाई जेल पठाउँछ । त्यतिबेला पनि उसले तेसुखोला नियन्त्रण गर्ने सपना देखिरहेकै हुन्छ ।

यस सङ्ग्रहका कथाहरूमा कथानक आदि, मध्य र अन्त्यको श्रृङ्खलामा बद्ध रहेर सरल र सरस प्रवाहमा अघि बढेको पाइन्छ ।

**ख) चरित्रचित्रण**

**देवता** कथासङ्ग्रहका कथामा चरित्रगत विविधता रहेको पाइन्छ । प्रमुख पात्रको रूपमा स्त्री र पुरुष पात्रको प्रयोग गरेका छन् । **देवता** कथाकी नायिका मन्दाकिनी र **सिन्दुरको चाहना** कथाकी नायिका साबित्री दुवै प्रेमका भोका छन् । मन्दाकिनी पनि आफ्नो अप्राप्तिमा पनि विचलित नहुने र आफ्नो देवता जयदेवको पाइला अनुसरण गर्ने स्थीर चरित्र हो भने सावित्री विधवा भएकीले कीर्तिलालप्रतिको प्रेम सजिलै प्रकट गर्न नसक्ने कमजोर चरित्र हो । सावित्रीको भन्दा मन्दाकिनीको प्रेममा बढी महानता रहेको छ । जयदेव क्रान्तिकारी, देशभक्त र स्वाभिमानी युवक हो । ऊ देशमा प्रजातन्त्रको स्थापनार्थ भूमिगत बनेको हुनाले मन्दाकिनीको प्रेमलाई ससम्मान अस्वीकार गरेको छ । विधवा साबित्रीलाई विवाह गरेर सामाजिक परिवर्तनको चाहना गर्ने कीर्तिलाल पनि क्रान्तिकारी चरित्र हो । **गोमा** कथाकी नायिका गोमा अतृप्त चाहनामा तड्पिएर बाँचेकी विवश र गतिहीन चरित्र हो भने **भाइचाकी पत्नी** कथाकी देवमाया पतिव्रता धर्ममा विश्वास गर्ने स्वाभिमानी र स्थीर पात्र हो । गोमाको पति बुलिराजा श्रीमतीप्रति अनुत्तरदायी स्वार्थी र परम्परावादी सोच भएको प्रतिकूल पात्र हो । देवमायाको पति भाइचा कमजोर र पलायनवादी चरित्र हो । **नायब राइटरी** कथाको तिले भँडारी कमजोर र अरिथर स्वभावको चरित्र हो । ऊ कुनै सानो कार्यमा असफल हुँदा पनि हतोत्साही बन्न पुग्छ । **नक्कली** कथाको नायक सन्तवीर र **तेसु खोला** कथाको डम्बरे निम्न वर्गीय चरित्र हुन् । अन्तिम अवस्थासम्म पनि अन्याय र अत्याचारको आवाज उठाइरहने यी पात्रहरू स्थिर चरित्र हुन् । सन्तवीरको भैँसी हडप्न विभिन्न प्रपञ्च रच्न धर्मवीर र समाजमा सुधार गर्न चाहने डम्बरेलाई विभिन्न षड्यन्त्र गरेर जेलसम्म पुऱ्याउने जेठा पुरोहित प्रतिकूल चरित्र हुन् ।

**अप्रजातान्त्रिक प्रजातन्त्री** कथाको रुद्रप्रसाद रिमाल अवसरवादी राजनीतिज्ञ हो भने रघुवीर स्वभिमानी र इमानदार व्यक्ति हो ।

**देवता** कथाको बाबा, **सिन्दुरको चाहना** कथाको धनमान र धनमाया, **गोमा** कथाको माली र बाहुनी, **भाइचाकी पत्नी** कथाको काजीमान, **नायब राइटरी** कथाको लक्ष्मण, **नक्कली** कथाको काले, **तेसु खोला** कथाको मुखिया सहायक पात्र हुन् । यिनीहरू कुनै खास चारित्रिक विशेषता नभएका तटस्थ चरित्र हुन् । कथानकमा उनिएर आएका यी सहायक पात्रहरूका अतिरिक्त अन्य गौण पात्रहरूको पनि प्रयोग गरिएको छ ।

**ग) परिवेश**

**देवता** कथामा ग्रामीण तथा सहरी परिवेशको चित्रण गरिएको छ । ज्ञानेश्वर, ताहचल, शेरावेशी आदि केही वास्तविक र केही काल्पनिक स्थानको चित्रण गरिएको छ । कथामा दुर्गम पहाडी गाउँको भौगोलिक, सामाजिक, सांस्कृतिक र व्यवहारिक पक्षको विस्तविक चित्र देखाइएको पाइन्छ । **देवता** शीर्षकको कथामा २००७ सालको क्रान्तिमा नेपाली जनताले गरेको भूमिगत सङ्घर्षलाई देखाइएको छ भने अन्य कथाहरूमा क्रान्तिपछिको राजनैतिक र सामाजिक अवस्थाको चित्रण गरिएको छ । प्रजातन्त्रको स्थापना भएर पनि समाजमा राणाकालीन सामन्ती प्रथाको अन्त्य नभएकाले पिछडिएको सामाजिक अवस्थाको चित्रण गरिएको छ । यसैगरी राजनीतिमा भित्रिएको विकृति र विसङ्गतिलाई पनि यस सङ्ग्रहका कथामा चित्रण गरिएको छ ।

**नक्कली** र **तेसु खोला** कथा ग्रामीण परिवेशमा लेखिएका कथा हुन् भने **सिन्दुरको चाहना**, **गोमा**, **भाइचाकी पत्नी**, **नायब राइटरी** र **अप्रजातान्त्रिक प्रजातन्त्री** कथाहरू सहरी परिवेशमा लेखिएका कथाहरू हुन् । ग्रामीण परिवेश अँगालेएर लेखिएका कथाहरूमा आर्थिक तथा सामाजिक विभेदको चित्रण गरिएको छ भने सहरी परिवेश अँगालेर लेखिएका कथाहरूमा उच्च र मध्यम वर्गको पारिवारिक समस्यालाई उजागर गरिएको छ । **गोमा**, **नायब राइटरी**, **नक्कली**, **तेसु खोला** कथाहरूमा समाजमा उच्च वर्गीय व्यक्तिहरू र निम्नवर्गका व्यक्तिहरूका बीचमा देखा परेको वर्गीय सङ्घर्षलाई प्रस्तुत गरिएको छ । यसैगरी कथामा आन्तरिक परिवेशलाई पनि यथार्थ रूपमा प्रस्तुत गरिएको पाइन्छ । पात्रका विभिन्न मानसिक स्थितिलाई चित्रण गरिएको छ । यसले गर्दा कथामा स्वाभाविकता पनि देखिएको छ ।

**घ) भाषाशैली**

कथालेखनमा यथार्थवाद कथाकार कृष्णबम मल्लको मूल प्रवृत्ति हो । यथार्थवादमा पनि सामाजिक यथार्थवादलाई यस सङ्ग्रहका कथाहरूमा प्रयोग गरेका छन् । भाषा अभिव्यक्तिको माध्यम भएकाले भाषामा जटिलता हुनुहुँदैन । कथाकारले यस कथामा सरल र विशिष्ट अभिव्यक्तिलाई एकै

प्रकारको सरल भाषा र शैलीमा प्रस्तुत गरेका छन् । कथाको परिवेश र घटनाहरूको प्रस्तुति वर्णनात्मक र विवरणात्मक रहेको पाइन्छ । केही कथाहरूको प्रस्तुतीकरणमा संवादात्मक शैलीको पनि प्रयोग गरिएको छ ।

यस सङ्ग्रहका सबै कथाहरू रैखिक वा क्रमिक कथानक ढाँचामा लेखिएका छन् । कथामा कथाकारका धारणा अभिधात्मक शैलीमा अभिव्यक्त भएका छन् भने कहीँकतै शिष्ट व्यङ्ग्य पनि पाइन्छ । कथाहरूमा संवादको प्रचुर प्रयोग गरिएको पाइन्छ । पात्रको स्तरअनुसारका छोटा छोटा संवादहरूले कथाको प्रस्तुतीकरणलाई रोचक बनाएको छ । छोटा तर पूर्ण अभिव्यक्ति दिने संवादको प्रयोगमा कथाकार सफल छन् । संवादमा पाइने व्यङ्ग्यले कथ्य भाषालाई अझ स्वाभाविकता थपेको पाइन्छ :

*"मेहनत गरे खोलो फर्कन्छ - किन फर्कने छैन ?"- डम्बरेले भन्यो ।*

*"तेरो बुढो गोरुले पनि दूध दिनेछ । नपत्याए दुहुने मेहनत गरी अज्मा ।" - जेठा पुरोहितले भने । (तेसु खोला, पृ. : ६५)*

निम्नवर्गका पात्रहरू र उच्चवर्गका पात्रहरूको संवादमा अभिव्यक्ति क्षमता एकैप्रकारको देखिए तापनि भाषाको प्रयोगमा केही भिन्नता पाइन्छ । उच्च वर्गीय परिवारका पात्रले बोलेका संवादमा विशिष्ट आदरार्थीको प्रयोग पाइन्छ । ग्रामीण परिवेशमा लेखिएका कथाका पात्रहरूको संवादमा स्वाभाविक कथ्य भाषाको प्रयोग पाइन्छ । संवादमा कथ्य भाषाको प्रयोग देखिए पनि मूलतः मानक भाषा नै प्रयोग गरिएको छ । कथामा प्रयुक्त भाषामा तत्सक शब्दको प्राचुर्य रहेको छ भने आगन्तुक शब्दहरूको विरलै प्रयोग गरिएको छ । उनको भाषा आगन्तुक शब्दको विकल्पमा नेपाली शिष्ट भाषाको प्रयोग गर्न खोजिएको भए तापनि नेपाली जनजिब्रोमा भिजीसकेका अङ्ग्रेजी शब्दको सट्टा नेपाली शब्दको प्रयोग केही खल्लो महसुस हुन्छ ।

**ङ) दृष्टिबिन्दु**

यस कथासङ्ग्रहमा रहेका सबै कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । उनले सर्वदर्शी, सीमित र वस्तुगत दृष्टिबिन्दु प्रयोग गरेर कथा लेखेका छन् । देवता कथाबाहेक अन्य कथाहरूमा आएका सबै पात्रको मानसिक र शारीरिक अवस्थालाई चित्रण गरेर सर्वदर्शी दृष्टिबिन्दु प्रस्तुत गरेका छन् भने देवता कथामा जयदेवको वस्तुगत चित्रण गरेका छन् भने नायिका मन्दाकिनीको अन्तरमनसम्म पुगेर मानसिक अवस्थाको यथार्थ चित्रण गरेका हुनाले यो कथामा प्रयोग गरेको दृष्टिबिन्दु सीमित रहेको छ । यसैगरी सिन्दुरको चाहना, गोमा, भाइचाकी पत्नी आदि कथाहरूमा पनि पात्रको मानसिकताको सुक्ष्म चित्रण गरिएको छ ।

### च) उद्देश्य

यस कथासङ्ग्रहभित्रका कथाहरू पाठकलाई कुनै नैतिक सन्देश दिने उद्देश्य नलिएको भए तापनि समाजका यथार्थलाई प्रस्तुत गरेर भरपुर मनोरञ्जन प्रदान गर्न सफल छन् । प्रणय प्रसङ्ग, राष्ट्रियता, वर्गीय सङ्घर्ष, लैङ्गिक समानताजस्ता विभिन्न सन्दर्भलाई कथामा प्रस्तुत गरिएको छ ।

आध्यात्मिक र नैतिक चेतना शून्य बन्दै गइरहेको वर्तमान समाजमा प्रेमको आदर्श रूपलाई प्रस्तुत गरेर मानवीय मूल्यको स्थापना गर्न खोजिएको पाइन्छ । गम्भीर समस्याका रूपमा समाजमा जरा गाडेर रहेको अशिक्षा, अज्ञानता, अन्धविश्वास, कुसंस्कारलाई हटाउनु तथा जातीय विभेद, लैङ्गिक असमानता, वर्गीय सङ्घर्षलाई समाप्त गरी उन्नत समाजको स्थापना गर्नु यी कथाको उद्देश्य रहेको पाइन्छ । यसैगरी नेपाली समाजको तत्कालीन परिवेशको यथार्थ जानकारी दिनु पनि यी कथाहरूको उद्देश्य रहेको छ ।

### ५.३.१.४ 'श्री ५ राम शाहको न्याय' कथा-सङ्ग्रहको विश्लेषण र मूल्याङ्कन

कथाकार कृष्णबम मल्लको  तेस्रो प्रकाशित कृति **श्री ५ रामशाहको न्याय** कथासङ्ग्रह हो । यो सङ्ग्रह पहिलो पल्ट वि. सं. २०४१ मा साझा प्रकाशनबाट प्रकाशित भएको हो । सामाजिक तथा ऐतिहासिक सन्दर्भलाई यथार्थवादी शैलीमा लेखिएका जम्मा बाइसओटा कथाहरू यस सङ्ग्रहमा समावेश छन् ।[१२३] सामाजिक कुरीति र अन्धविश्वासको आलोचना गर्नुका साथै राष्ट्रियता र मानवताको स्वर यी कथाहरूमा गुञ्जिएको पाइन्छ ।

### क) कथावस्तु

यस कथासङ्ग्रहमा सामाजिक तथा मानोवैज्ञानिक यथार्थवादी कथाहरू सङ्गृहित छन् । श्रीमान् र श्रीमती, बाबुआमा र छोराछोरी, दाजु र भाइ, देवर र भाउजू, शिक्षक र विद्यार्थी, मालिक र नोकर, नेता र जनताका बीचको सम्बन्ध र त्यसले सामाजिक संरचनामा पारेका सकारात्मक र नकारात्मक प्रभावलाई पनि कथाकार मल्लले कथामा समेट्ने प्रयास गरेको पाइन्छ । बालहृदयमा परेका आघात र कुण्ठा विकसित भई वयस्क उमेरमा विकराल बनेर प्रकट भएका समस्या र नारी मनका आत्मिक प्रेम, यौन, वासना र वात्सल्यको उत्कृष्ट प्रस्तुतीकरण उनका कथामा पाइन्छ ।

यस कथासङ्ग्रहभित्रको पहिलो कथा **उद्बोधन** हो । यसमा अर्थोपार्जन र शिक्षा हासिल गर्न विदेशिनु पर्ने नेपालीहरूको नियतिलाई प्रस्तुत गरिएको छ । घरको प्रतिकूल अवस्थाले परदेश लागेको श्रीराम उपाध्याय हरिद्वार पुग्छ  र त्यहाँ संस्कृत पाठशालामा अध्ययन गर्ने अवसर प्राप्त गर्छ । पढाइ सकेपछि त्यहीँ प्राध्यापकको रूपमा जागिर खान थालेको भए तापनि नेपालीहरूप्रति

---

[१२३] कृष्णबम मल्ल, श्री ५ राम शाहको न्याय, साझा प्रकाशन, ललितपुर, २०४१ ।

गरिने पूर्वाग्रही व्यवहार उसलाई असह्य हुन्न थाल्छ । यसरी नै २० वर्ष परदेशमा बिताएपछि केही समयका लागि घर फर्किंदा गाउँलेहरूको स्वाभिमानी जीवनशैली र आत्मविश्वासले उसलाई प्रभावित गर्छ । अन्ततः गाउँलेहरूको आग्रहमा गाउँकै पाठशालामा पढाउन मञ्जुर हुन्छ । निःश्वार्थ रूपमा सत्कर्म गर्नु नै कर्मयोग हो भन्ने आदर्श बोकेको कथा हो **ऊ** । उस कथामा जीवनलाई बुझ्न नसकेर अन्योलमा परेको ऊ पशुपतिलगायत काठमाडौंका विभिन्न मन्दिरमा भौंतारिने गर्छ । एकपटक महाशिवरात्रीको दिन एक स्वामीजीको प्रवचनबाट प्रभावित भएको ऊ एकाएक गायब हुन्छ । उसको रहस्यमय क्रियाकलापलाई नियालिरहेको 'म' पात्रले तीन वर्षपछि उसलाई बर्दियाको प्रतापपुर गाउँमा खेती गरेर बसिरहेको भेट्छ । त्यतिबेला उसले कर्मयोगको अनुसरण गरेझैं देखिन्छ ।

**मालती रोएर नै बसी** नारी मनको सूक्ष्म चित्र उतारिएको कथा हो । नारी अस्मिता भनेको नारीभित्रको मातृत्व र ममता हो तर त्यसबाट वञ्चित बन्नुपर्दा उनीहरू आफूलाई अपूर्ण सम्झन्छन् । मालती दिदीको असामयिक निधनपश्चात् आफूले मन पराएको आफ्नै भिनाजु डाक्टर दीपकजङ्गसँग विवाह गर्न मञ्जुर हुन्छे । भिनाजुले नसबन्दी गरेकाले ऊबाट सन्तान नहुने कुरा थाह पाएपछि ऊ त्यो विवाहलाई अस्वीकार गर्छे र रोएर नै बस्छे । **रामुको अवस्था** बालमनोविज्ञानमा आधारित कथा हो । श्यामुको विवाहमा जन्ती गएको रामुको मनमा दुलाहा-दुलहीलाई देखेपछि नयाँ रहर उत्पन्न हुन्छ । विवाहलाई रोमाञ्चक खेलका रूपमा लिएर त्यसको स्वर्गीय आनन्दको कल्पना गर्न थाल्छ । ऊ नौ वर्षको मात्र भए तापनि दुलहीसँग आएकी आफूभन्दा तीनगुना जेठी बाटुलीलाई आफ्नी दुलहीको रूपमा हेर्न थाल्छ ।

नारी र पुरुषका बीचका हरेक सम्बन्धलाई शङ्कास्पद रूपमा लिने पुरुषको मानसिकतालाई **विवेक** कथामा चित्रण गरिएको छ । सुदर्शन र सुधा नवविवाहित दम्पत्ति हुन् । सिनेमा हेर्न जाँदा भेट भएको युवक अमरसँग सुधाले हाँसेर कुरा गरेको देखेपछि सुदर्शनको मनमा शङ्का उत्पन्न हुन्छ र अमरले विवाहमा दिएको उपहार घरमा भेटेपछि त त्यो शङ्का झन व्यापक बन्न पुग्छ । तर त्यो युवक सुधाको दाजुको साथी भएकाले आफूहरूका बीचमा दाजु-बहिनीको सम्बन्ध भएको कुरा खुलस्त गरेपछि मात्र सुदर्शन शान्त बन्न पुग्छ ।

बालबालिकाहरूका क्रियाकलापमाथि हस्तक्षेप गर्नाले बाल मस्तिष्कमा कस्तो प्रभाव पर्छ र त्यसले पछिसम्म कस्तो असर गर्छ भन्ने कुरालाई **विद्रोह** कथामा प्रस्तुत गरिएको छ । बाल्यकालमा हरेक काम बाबुआमाको इच्छाअनुसार गर्नुपरेकाले गीताले विवाहपछि हरेक कुराका लागि स्वतन्त्र भएको महसुस गर्छे । आफ्ना आमाबाबुलाई तड्पाएर बदला लिन आफ्नो लोग्नेलाई समेत छाडेर अलग बस्न थाल्छे । यसरी आमाबाबुलाई दुःख दिन आफूले समेत दुःख खेपेकी छ । **ललिता** पनि

बाल मानसिकतामा परेको प्रभावलाई विषयवस्तु बनाएर लेखिएको कथा हो । यसमा बाल्यकालमै बलात्कारजस्तो जघन्य यौन अपराधलाई नजिकबाट नियाल्न पुगेकी ललिताको मस्तिष्कमा त्यसको गहिरो छाप परेको हुन्छ । उसको मनमा पुरुषपति तीव्र घृणा रहेको छ जसको परिणाम स्वरूप उसले आफ्नै लोग्नेको हत्या गरिदिन्छे ।

**सरुवा** कथा सङ्कुचित विचारका व्यक्तिहरूको निचता र सामाजिक लाञ्छनाबाट बच्न आफ्नो सरुवा माग्ने शिक्षकको मानसिकता प्रस्तुत गरिएको कथा हो । ज्ञानकुमार एक इमानदार एवम् आदर्श शिक्षक हो । उनले जेहेन्दार छात्रा श्यामासँगको पवित्र सम्बन्धलाई अन्य शिक्षकहरू तथा विद्यार्थीहरूले गलत ढङ्गले प्रचार गर्न थाल्छन् । यसबाट विचलित भएका ज्ञानकुमार सरुवा मागेर विराटनगर पुग्छन् तर त्यहाँ पनि उनको बारेमा उस्तै लाञ्छनाहरू लगाइन्छ ।

**मनशोभाको रक्सीको बोतल** कथामा निम्न वर्गको बुद्धिबल र मुखियाकी छोरी फूलमायाको प्रेमलाई सफल तुल्याउन गरिएको प्रयासहरूलाई रोचक पारामा प्रस्तुत गरिएको छ । बुद्धिबल र फूलमायाका बीचमा प्रेमसम्बन्ध रहेको थाह पाएपछि बुद्धिबलकी बज्यै उनीहरूको विवाहको प्रस्ताव लिएर मुखिनीको घरमा पुग्छिन् । मुखिनी सकारात्मक भए तापनि मुखियाको रवाफका कारण विवाहको कुरा अघि बढेको हुँदैन । यस्तैमा बुद्धिबलले धनुषवाणको खेलमा आफ्नो कौशल देखाई मुखियालाई प्रभावित गरेर विवाहको स्वकृति प्राप्त गर्छ । **गाउँमा उसको चौबीस घण्टा** कथा विधवा विवाहलाई विषयवस्तु बनाइएको कथा हो । यसमा गोपाल विवाहका लागि केटी हेर्न सहरबाट गाउँमा गएको हुन्छ । गाउँ पुग्दा उसले हेर्ने भनिएकी केटीकी विधवा दिदी कुसुमप्रति आकर्षित बन्छ र प्रेम गर्न थाल्छ । उसको त्यो प्रस्ताव कुसुम र उसका बाबुआमाका लागि सुरुमा अस्वीकार्य भए तापनि पछि उनीहरू विवाहका लागि सहमत बन्छन् ।

राणाकालीन सामाजिक परिवेशको यथार्थ चित्रण गरिएको कथा हो **निलमपरी** । चौध वर्षकै कलिलो उमेरमा मेजर जर्नेल जानकी शमशेरको घरमा सुसारेको रूपमा प्रवेश गरेकी निलमपरीको जवान बन्दै गएपछि आफ्नै मालिकसँग सम्बन्ध बढ्न थाल्छ । यो कुरा थाह पाएपछि जानकी शमशेरकी श्रीमतीले निलमपरीलाई घरबाट निकालिदिएपछि निराश बनेर निलमपरी योगीनीको आचरणमा बस्न थाल्छे । एकदिन धनीबाबुको छोरा मोहनले निलमपरीलाई भेटेपछि आशक्त बन्छ र विवाहको प्रस्ताव राख्छ । निलमपरीले उसको प्रस्ताव अस्वीकार गर्छे र जानकी शमशेरकी श्रीमतीको निधनपछि उसैसँग नै विवाह गर्छे ।

**काशीवास** कथा धर्म र मुक्तिका सम्बन्धमा नेपाली जनमानसमा व्याप्त धारणा प्रकट भएको कथा हो । यसमा सत्तरी वर्ष पुगीसकेका वृद्ध दम्पतिका बीचमा मृत्युपछि स्वर्ग प्राप्त गर्न के गर्ने भन्ने सम्बन्धमा भएके तर्कवितर्कहरू प्रस्तुत गरिएको छ । श्रीमान्ले मुक्तिका लागि काशीमा गएर

देहत्याग गर्नुपर्ने विचार प्रकट गर्छ तर श्रीमतीले शरीर आफ्नै देशको माटोमा नमिलाई मुक्ति प्राप्त गर्न सकिँदैन भन्दै देशभक्तिको भावना प्रकट गरेकी छ । **दशैं आयो** सीमित आम्दानीबाट घरखर्च धान्न कठिन बनेको निम्न वर्गीय परिवारको कथा हो । श्रीमान्‌को थोरै तलबले दैनिक खर्च चलाउन नसकेको अवस्थामा दशैं मान्नका लागि गहना समेत बेच्नुपरेको अवस्थालाई यो कथामा मार्मिक रूपमा प्रस्तुत गरिएको छ ।

**बुझैँ हजुर बुझैँ** कथामा घुसखोरी र भ्रष्टाचारबाट आक्रान्त बनेको कर्मचारीतन्त्रको सपाट चित्र उतारिएको छ । प्रक्रिया पूरा नगरी ल्याइएको फाइललाई घुस खाएर हाकिमले स्वीकृत गराए पछि त्यसको परिणामका बारेमा मुखियाले सचेत गराएपछि उक्त फाइललाई अस्वीकृत गर्नका लागि गरेको प्रयास यस कथामा प्रस्तुत गरिएको छ ।

**माछो आफ्नै दाउपेचको जालमा** कथामा राजनीतिक दाउपेचलाई प्रस्तुत गरिएको छ । राजनीतिमा नै आफ्नो जन्म भएको ठान्ने विजयले राजनीतिलाई पेसाको रूपमा लिएको छ । राजनीतिको माध्यमबाट शक्ति हासिल गर्ने ऊ क्रियाशील छ । उसले अछुत जातकी युवती कमलालाई प्रेम गर्छ तर समाजको डरले विवाह गर्न चाहँदैन । उता कमला सामाजिक क्षेत्रमा लाग्छे र गाउँलेहरूको प्रिय बन्छे । चुनाव आएपछि गोपालले आफू चुनाव लड्ने घोषणा तर गाउँलेहरूले कमलालाई उमेद्‌वार बन्न आग्रह गर्छन् । यस्तो अवस्थामा राजनीतिक सफलता हात पार्न गोपालले कमलासँग विवाह गर्न बाध्य बन्छ ।

नेपालमा भूमिसुधार कार्यक्रमको उद्देश्य र प्रभावकारितालाई **पश्चाताप** कथामा विषयवस्तुको रूपमा प्रस्तुत गरिएको छ । राष्ट्रिय पञ्चायतको सदस्य समेत बनेको जमिनदार रामलाल भूमिसुधार विधेयक पारित गराउन र भुमिसुधार कार्यक्रम कार्यान्वयन गराउन प्रयत्नशील रहन्छ । मोहीलाई उनीहरूको हकअधिकार दिलाउन हिँडेको रामलालले आफूले हदबन्दीभन्दा बढी जग्गा लुकाएर राखेकोमा पश्चाताप गर्छ । त्यसपछि राष्ट्रिय पञ्चायतको सदस्य पदबाट राजिनामा दिन्छन् र सजायको भागिदार बन्न तयार हुन्छ । **रामु, रमेश र अजवसिंह** कथा पनि भूमिसुधार कार्यक्रमलाई नै विषयवस्तु बनाइएको कथा हो । यसमा जमिनदार अजबसिंहद्वारा शोषित रमेश भूमिसुधार कार्यक्रममा स्वयंसेवक बन्न पुग्छ । त्यसपछि मोहीको पहिचान तथा हकअधिकार उपलब्ध गराउने विषयको तालिम प्राप्त गरेपछि ऊ सचेत बन्न पुग्छ र मोहीको हक दिलाउन क्रियाशील बन्छ । यसरी सामन्ती प्रवृत्तिको विरोधमा लागेकाले गाउँपञ्चायतको चुनावमा अजबसिंहको विपक्षमा उठेको रमेशलाई गाउँलेहरूले विजयी गराउँछन् ।

**समस्यापूर्ति** कथा नेपाल एकीकरणपूर्वको राजनैतिक पृष्ठभूमिमा लेखिएको कथा हो । यो कथामा गोर्खा राज्यको आर्थिक समस्यालाई चतुऱ्याइँद्वारा समाधान गरिएको सन्दर्भ प्रस्तुत छ ।

राज्यमा नुन र राडीको आपूर्ति बन्द भएपछि राजा श्री ५ पुरन्दरशाहको दरवारमा कुटनीतिक उपायबाट ती वस्तुको आपूर्ति सुचारु गर्ने बारेमा छलफल हुन्छ । जसअनुसार वारपाकका चाग्या र सुर्तानलाई गोरखामा रहेका हात्ती हेर्न निमन्त्रणा गरिन्छ गरेपछि उनीहरूबाट गोरखामा नुन र राडीको समस्यापूर्ति हुन्छ । **श्री ५ रामशाहको न्याय** कथामा न्यायभूमि गोर्खाका राजा रामशाहले आफ्ना जनतालाई न्याय प्रदान गरेको एक प्रसङ्गलाई प्रस्तुत गरिएको छ । गोरखाकै एक दारागौडाका बिर्तावाल कालु पन्थको अन्याय र अत्याचारले सीमा नाघेपछि झिल्के बोहोराले प्रतिवाद गर्छ । कालु पन्थले उसलाई यातना दिन्छ । द्वारेको पद प्राप्त गर्न दरबार गएको बेला रामशाहकै अगाडि डम्बरेले कालु पन्थको अत्याचरको भण्डाफोर गरेपछि रामशाहले उचित कारवाही गरेर गाउँलेहरूलाई न्याय दिलाउँछन् । **इतिहासको एक पाना** कथामा गोरखाका चौतारिया सुल्तानशाहले अवधका नबावको पाल्पामाथि कुदृष्टि परेको कुरा जाहेर गर्दा घमण्डी पाल्पानरेश गन्धर्वसेन यसलाई महत्त्व दिँदैनन् । तर अवध नरेश बुटवलमा आई कर बढाएर तिर्न आदेश दिएपछि आत्तिएका गन्धर्वसेनलाई सुल्तानशाहले नै सहयोग गर्छन् । उनले पाल्पालीको शक्ति र बहादुरीको महसुस गराएर अवध नबावलाई बुटवल छोड्न बाध्य पार्दछन् ।

नेपाल-अङ्ग्रेज युद्धमा देशका लागि जिउज्यान अर्पण गर्ने नेपालीको वीरताको गाथालाई **स्वाधीनताको निमित्त** कथामा प्रस्तुत गरिएको छ । यसमा बलभद्र कुँवरसँग खलङ्गाको युद्धमा मातंगी र उसले देखाएको बहादुरीको वर्णन गरिएको छ । लोग्ने र आठ वर्षीय छोरा देशका लागि लडेर वीरगति प्राप्त गरेकोमा गर्व गर्ने मातंगी अन्तमा आफू पनि वीरतापूर्वक लडेर प्राण त्याग गर्दछे । **फिक्री** कथा २००७ सालको जनक्रान्तिको पृष्ठभूमिमा लेखिएको कथा हो । यस कथामा देशको बारेमा चासो राख्ने वीरमान तत्कालीन अवस्था बुझ्न गाउँबाट कान्तिपूरतर्फ लाग्छ । ऊ कान्तिपुर पुगेपछि क्रान्तिमा समाहित हुन्छ र जेल पर्छ । देशमा प्रजातन्त्रको स्थापना भएपछि जेलमुक्त भएर गाउँ पुग्छ । गाउँ फर्कंदा गाउँलेहरू खुसियाली मनाउँछन् र उसको अनुपस्थितिमा सुर्ताएर बसेकी उसकी प्रेमिका प्रफुल्लित बन्छे ।

कुनै कथामा झिनो कथावस्तुको प्रयोग गरिएको छ भने कुनै कथामा जीवनको लामो खण्डलाई समेटिएको पाइन्छ । आदि, मध्य र अन्त्यको श्रृङ्खलामा रचिएका यी कथाहरुमा कथानक सरल गतिमा अगाडि बढेको पाइन्छ ।

**ख) चरित्रचित्रण**

कथाको विषयवस्तुलाई स्वाभाविक बनाउन र परिवेशलाई यथार्थ रूपमा चित्रण गर्न पात्रको भूमिका महत्त्वपूर्ण हुन्छ । कथाकार मल्लले कथामा पात्रको जीवन्त चित्रण गरेर कथालाई यथार्थको रङ दिएका छन् । सीमित पात्रको प्रयोग गरेर घटनालाई स्वाभाविक बनाउन उनी सफल बनेका

छन् । अधिकांश कथामा प्रमुख पात्रका रूपमा पुरुष पात्र आएको भए तापनि केही कथाहरूमा स्त्री पात्र पनि मुख्य भूमिकामा उपस्थित भएका छन् । **मालती रोएर नै बसी** कथाकी मालती, **विद्रोह** कथाकी गीता, **ललिता** कथाकी ललिता, **निलमपरी** कथाकी  निलमपरी सशक्त भूमिकामा उपस्थित केन्द्रीय चरित्र हुन् ।

कथाहरूमा समाजका विभिन्न वर्गका पात्रहरूको प्रयोग पाइन्छ । **मनशोभाको रक्सीको बोतल** कथाको बुद्धिबल, **निलमपरी** कथाको माइला तामाङ, **दशैं आयो** कथाका लोग्ने-स्वास्नी, **रामु, रमेश र अजबसिंह** कथाको रामु, **श्री ५ रामशाहको न्याय** कथाको झिल्के बोहरा आदि पात्रहरू निम्न वर्गीय चरित्र हुन् भने **मालती रोएर नै बसी** कथाको डाक्टर दीपकजङ्ग, **मनशोभाको रक्सीको बोतल** कथाको मुखिया, **निलमपरी** कथाको जानकी शमशेर र मोहन, **बुझैँ हजुर बुझैँ** कथाको हाकिम, **पश्चाताप** कथाको रामलाल, **रामु, रमेश र अजबसिंह** कथाको अजबसिंह, **समस्यापूर्ति** कथाको श्री ५ पुरन्दर शाह, **श्री ५ रामशाहको न्याय** कथाको रामशाह र कालु पन्थ, **इतिहासको एक पाना** कथाको गन्धर्व सेन र नवाब आदि पात्रहरू उच्च वर्गीय चरित्र हुन् । यसैगरी **उद्‌बोधन** कथाको श्रीराम उपाध्याय, **ऊ** कथाको ऊ, **रामुको अवस्था** कथाको रामु र श्याम, **विवेक** कथाको सुदर्शन र सुधा, **विद्रोह** कथाकी गीता, **ललिता** कथाकी ललिता, **सरुवा** कथाको म, **गाउँमा उसको एक** दिन कथाको गोपाल, **माछो आफ्नै दाउपेचको जालमा** कथाको विजय आदि मध्यम वर्गीय चरित्र हुन् ।

कालुपन्थ, सुदर्शन, हाकिम, जिलेरूपी, गन्धर्वसेन आदि प्रतिकूल चरित्र हुन् श्रीराम उपाध्याय, वृद्धा, लम्बोदर अर्याल, सुल्तानशाह, मातंगी, जंगध्वज, नरध्वज, वीरमान राष्ट्रभक्त नेपालीको प्रतिनिधित्व गर्ने अनुकूल चरित्र हुन् । ऊ, मालती, सुधा, ज्ञानकुमार, बुद्धिबल, निलमपरी, कमला, आदि स्वाभिमानी र स्वविवेकी पात्र हुन् । यी आफ्नो मात्र निजी स्वार्थमा नभुल्ने अनुकूल चरित्र हुन् । गीता, गोपाल, मोहन, रमेश, झिल्के बोहोरा, वीरमान आदि यथास्थितिबाट उम्कन चाहने प्रगतिशील चरित्र हुन् । अन्य पात्रहरू तटस्थ भूमिकामा रहेका पात्र हुन् ।

**ग) परिवेश**

कथाकार मल्ल नेपाली ग्रामीण तथा सहरी परिवेशलाई यथार्थ रूपमा चित्रण गर्न सफल देखिन्छन् । **विवेक, विद्रोह, ललिता, सरुवा, निलमपरी, दशैं आयो, बुझैँ हजुर बुझैँ, माछो आफ्नै दाउपेचको जालमा** आदि कथाहरूमा सहरीया परिवेश पाइन्छ भने **रामुको अवस्था, मनशोभाको रक्सीको बोतल, गाउँमा उसको चौबीस घण्टा** आदि कथाहरूमा मूलतः ग्रामीण परिवेशको चित्रण गरिएको पाइन्छ । अन्य कथाहरू ग्रामीण र सहरी परिवेशको चित्रण गरिएको छ । सहरी परिवेशमा लेखिएका अधिकांश कथाहरूमा काठमाडौ सहरका इन्द्रचोक, नयाँसडक, क्षेत्रपाटी, भक्तपुर, बालाजु, पशुपति, गुहेश्वरी आदि  विभिन्न स्थानहरू समेटिएका छन् । काठमाडौं भन्दा बाहिरका विराटनगर

र पोखरा तथा भारतका हरिद्वार , देहरादुन आदि स्थानलाई पनि कथामा वर्णन गरिएको छ । काठमाडौं सहरका आरपासका विभिन्न गाउँहरू र पश्चिम नेपालका म्याग्दी र पर्वतमा पर्ने केही पहाडी गाउँहरूको पनि चर्चा गरिएको छ ।

यस सङ्ग्रहका कथाहरूमा समसामयिक र एतिहासिक परिवेशको चित्रण गरिएको छ । नेपालमा प्रजातन्त्रको स्थापना भएपछि नेपाली जनतामा आएको परिवर्तन र चेतनाको लहर छाउन पुग्छ । व्यक्तिगत स्वतन्त्रता र मानवअधिकारको प्रत्याभूतिसँगै राजनैतिक तथा सामाजिक क्षेत्रमा देखापरेका विभिन्न किसिमका विकृति र विसङ्गतिहरूलाई प्रस्तुत गरिएको छ । ऐतिहासिक परिवेशमा लेखिएका कथाहरूमा गोरखाका राजा राम शाह, पुरन्दर शाह, नरभूपाल शाह आदि राजाको शासनकालका विभिन्न सन्दर्भहरू कथात्मक रूप दिइएको पाइन्छ । नेपाल एकीकरणपूर्वका बाइसे र चौबीसे राज्यहरूको आपसी सम्बन्ध, सामाजिक-सांस्कृतिक अवस्था र शासन शैलीलाई पनि चित्रण गरिएको छ । नेपाल-अङ्ग्रज युद्ध र २००७ सालको जनक्रान्तिमा राष्ट्रभक्त नेपालीले दिएको बलिदानलाई कथामा कथामा देखाइएको छ ।

**घ) भाषाशैली**

कथाकार मल्ल यथार्थवादी कथाकार भएकाले उनका कथामा सरल, सहज र सम्प्रेष्य भाषा शैलीको प्रयोग गरिएको पाइन्छ । पात्रको मानसिक तथा शारीरिक क्रियाकलापको सुक्ष्म रूपमा अवलोकन गरेर स्वाभाविक रूपमा प्रस्तुत गर्न कथाकार सफल बनेका छन् । मनोवैज्ञानिक यथार्थवाद कथाकार मल्लको अर्को प्रमुख कथागत प्रवृत्ति हो । मानिसका मनमा दमित भावनाहरूको अचानक प्रष्फुटनबाट हुने दुर्घटना, यौनजन्य कुण्ठा तथा बालबालिका र नारीका विविध मानोदशाको चित्रण उनका कथामा यथार्थ रूपमा प्रस्तुत भएको पाइन्छ ।

अधिकांश कथा आदि, मध्य र अन्त्यका श्रृङ्खलामा रचना गरिएको भए पनि केही कथाका घटनाहरूलाई पूर्वदीप्तिको रूपमा प्रस्तुत गरिएकाले व्यतिक्रमिक ढाँचा देखा परेको छ । कथामा घटनालाई सरल ढङ्गमा वर्णन गरिएको छ भने पात्रहरूका बीच भएका प्रश्नोत्तर, वादविवाद र पत्रका माध्यमबाट पनि कथानकलाई गति दिने काम भएको छ । **विद्रोह** कथाको अन्त्यमा गीताले उसकी आमालाई लेखेको पत्रका माध्यमबाट विभिन्न रहस्य खोलेर कथालाई उत्कर्षमा पुऱ्याएको छ । तत्सम, आगन्तुक र मौलिक शब्दको स्वाभाविक प्रयोग गरिएको कथाको भाषालाई उखान, टुक्काको प्रयोगले अझ सुन्दर बनाएको छ । विदेशी भाषा र संस्कृतिको प्रभावमा परेका सहरीया उच्च वर्गीय पात्रहरूको संवादमा आएका अङ्ग्रेजी र हिन्दी भाषाका शब्दहरू स्वाभाविक लाग्दछन् । सबै कथाहरूले अभिधात्मक अर्थ सम्प्रेषण गर्दछन् ।

यस सङ्ग्रहका कथाहरूमा संवादको स्वाभाविक रूपमा प्रयोग गरिएको पाइन्छ । पात्र अनुसार संवादमा पनि विविधता रहेको पाइन्छ । पात्रको आर्थिक, सामाजिक र बौद्धिक क्षमताअनुसारको संवाद प्रयोग गरिएको छ । उखान-टुक्काको प्रयोग, सरल भाषा र गम्भीर अभिव्यक्ति यी पात्रको बोलीमा रहेको पाइन्छ ।

*मैले भनें- "सबैको यही आग्रह हो भने मैले पनि सोच्नुपर्ला ।"*

*मिनाले भने- "के सोच्नु, सोच्नु भन्छ यो बाजे ता ? हामी ता बस्नु भन्छ ।"*

*(उद्‌बोधन, पृष्ठ : ७)*

**विद्रोह**, **दशैं आयो** र **बुझ्नैं हजुर बुझ्नैं** कथामा कथाकार मौन रहेर पात्रका संवादबाट नै सम्पूर्ण कथावस्तु प्रस्तुत भएको छ । कहींकतै कथाकारले पात्रका माध्यमबाट आफ्नो बौद्धिकता प्रस्तुत गर्न खोजेको भए तापनि पात्रका अभिव्यक्तिमा कुनै बाधा पुगेको छैन । निम्न र मध्यम वर्गीय परिवारका व्यक्तिहरूमा अवस्थाअनुसार सामान्य, मध्यम र उच्च आदरार्थीको प्रयोग गरिए पनि उच्च वर्गका व्यक्तिसँग गरिने कुराकानीमा भने सबैले उच्च र विशिष्ट आदरार्थीको नै प्रयोग गरिएको छ ।

**च) दृष्टिबिन्दु**

यस कथासङ्ग्रहका बाइसओटा कथाहरूमध्ये १२ वटा कथाहरू तृतीय पुरुष दृष्टिबिन्दुमा लेखिएका छन् भने बाँकी दशओटा कथाहरू प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएका छन् । **मालती रोएर नै बसी, रामुको अवस्था, विवेक, मनशोभाको रक्सीको बोतल, गाउँमा उसको चौबीस घण्टा, नीलमपरी, रामु रमेश र अजबसिंह, समस्यापूर्ति, रामशाहको न्याय, इतिहासको एक पाना, स्वाधीनताको निमित्त र फिक्री** तृतीय पुरुष दृष्टिबिन्दुमा लेखिएका कथा हुन् । यी कथाहरूमा सर्वदर्शी, सीमित र वस्तुगत दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस सङ्ग्रहका कथाहरूमा **उद्‌बोधन, ऊ, विद्रोह, ललिता, सरुवा, माछो आफ्नै दाउपेचको जालमा, पश्चाताप** प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएका कथाहरू हुन् । यीमध्ये **उद्‌बोधन** कथाको श्रीराम उपाध्याय र सरुवा कथाको ज्ञानकुमारले 'म' पात्रको रूपमा उपस्थित भई कथा प्रस्तुत गरेकाले केन्द्रिय दृष्टिबिन्दु रहेको छ भने अरु कथाहरूमा केन्द्रिय चरित्रको सहायकको रूपमा उपस्थित भएकाले परिधीय दृष्टिबिन्दु पाइन्छ । **काशीवास, दशैं आयो, बुझ्नैं हजुर, बुझ्नैं** कथा नाटकीय शैलीमा लेखिएको छ । यी कथामा समाख्याता रहेको छैन ।

छ) उद्देश्य

कथाकार मल्लले यी कथाहरूमा सामान्य जनजीवनको यथार्थको प्रस्तुति मात्र गरेका छैनन् त्यसबाट सामाजिक सुधारको अपेक्षा पनि गरेको पाइन्छ । व्यक्तिमा नैतिक सुधार हुनुपर्छ जसले परिवार, समाज र सिङ्गो राष्ट्रकै उन्नति हुन्छ भन्ने धारणा प्रस्तुत गरेको पाइन्छ । जीवनमा आशक्तिरहित बनेर सत्कर्म र परसेवा गर्नुपर्छ भन्नेतर्फ उनले जोड दिएको पाइन्छ । यसरी उनको सामाजिक यथार्थवादी कथाहरूमा आदर्शोन्मुख प्रवृत्ति पनि रहेको पाइन्छ । बालबालिकाहरूलाई गरिएको कठोर व्यवहारले उनीहरूलाई भविष्यमा कस्तो प्रभाव पार्दछ भन्ने देखाएर बालबालिकाहरूप्रति उदार बन्न प्ररित गरिएको छ । नारी र पुरुषबीचको सम्बन्धलाई हेर्ने समाजको सङ्कुचित विचारदेखि डराएर भाग्ने होइन, त्यस्तो दृष्टिकोणलाई परिवर्तन गर्नेतर्फ लाग्नुपर्छ भन्ने कुरा पनि यस सङ्ग्रहका कथाहरूमा देखाइएको छ ।

### ५.३.२ गोविन्दलाल श्रेष्ठ र उनका प्रमुख कथा-सङ्ग्रहको अध्ययन

#### ५.३.२.१ कथाकार गोविन्दलाल श्रेष्ठको परिचय

साहित्यकार गोविन्दलाल श्रेष्ठको जन्म वि. सं १९८९ मा बागलुङ जिल्लाको सुन्डाँडामा भएको थियो । प्रारम्भिक शिक्षा स्थानीय प्राथमिक भाषा पाठशालाबाट प्राप्त गरेका श्रेष्ठले स्रेस्ता पाठशाला पास जाँच अड्डा काठमाडौंबाट वि. सं. २००६ मा भाषा मध्यमा उत्तिर्ण गरेका थिए । उनी वि. सं. २००८ मा वनारसबाट प्रकाशित हुने **युगवाणी** पत्रिकामा **हामी किन दुःखी** शीर्षकको रचना प्रकाशित गरेर साहित्यको क्षितिजमा देखापरेका हुन् ।[१२४] श्रेष्ठको सक्रियतामा वि. सं. २००८ सालमा बागलुङबाट समाचारमूलक हस्तलिखित पाक्षिक पत्रिका **सही बाटो** निकालिएको थियो । उनले **धवलागिरि** साप्ताहिक र **कोसेली** त्रैमासिक पत्रिकाको पनि सम्पादन गरेको पाइन्छ । उनी केही समय राजनीतिमा सक्रिय रहे । वि. सं. २०२१ सालदेखि धवलागिरि अञ्चल पञ्चायतको सचिव भई जागिरे जीवनमा प्रवेश गरेपछि उनी शाखा अधिकृत, प्रमुख जिल्ला अधिकारी, सहायक अञ्चलाधिश आदि पदमा रही सरकारी सेवा गरेर अहिले सेवानिवृत्त जीवन बिताइरहेका छन् ।

कथा विधामा सशक्त देखिएका श्रेष्ठले कथा, कविता, निबन्ध, संस्मरणलगायत साहित्यका विविध विधामा कलम चलाएका छन् । उनका हालसम्म प्रकाशित कृतिहरू निम्नलिखित रहेका छन्:

१) नयाँ नेपाललाई नयाँ सन्देश (कवितासङ्ग्रह, २००९)

२) झ्याउरे गीत (गीतसङ्ग्रह)

३) सही बाटो (निबन्धसङ्ग्रह, २०१२)

४) अधुरो सपना (कथासङ्ग्रह, २०१६)

---

[१२४] ठाकुरप्रसाद पराजुली, पूर्ववत्, पृष्ठ :६ ।

५) दशकथा (कथासङ्ग्रह, २०४१)

६) धवलागिरि अंचलको परिचय (?)

७) बागलुङबासी (२०४२)

८) सेरोफरो मेरो (संस्मरण, २०५७)[१२५]

कथाकार श्रेष्ठ धवलागिरि अञ्चलको कथाको विकासक्रमअन्तर्गत पहिलो चरणका सशक्त कथाकार हुन् । सामाजिक परिवेशमा छोटो आयामका यथार्थवादी कथा लेख्ने श्रेष्ठका कथामा प्रयुक्त भाषाशैली भने विश्वेश्वरप्रसाद कोइरालाको शैलीसँग निकट देखिन्छ । सरलता, सरसता, सम्प्रषणीयता र प्रभावकारीता आदि उनका कृतिगत वैशिष्ट्य हुन् ।

**५.३.२.२ 'अधुरो सपना' कथा-सङ्ग्रहको विश्लेषण र मूल्याङ्कन**

कथाकार गोविन्दलाल श्रेष्ठद्वारा लिखित **अधुरो सपना** कथासङ्ग्रह (२०१६) उनको चौंथो प्रकाशित कृति हो । विभिन्न रसका कथाहरूको सङ्ग्रह भनिएको यो कथासङ्ग्रहभित्र यथार्थवादी धारामा लेखिएका नौओटा कथाहरू सङ्गृहित छन् । यसमा  २०१० देखि २०१६ सालसम्म **भरती, कल्पना, परोपकार, मञ्जरी** आदि पत्रपत्रिकामा प्रकाशित तथा रेडियो नेपालबाट प्रसारित कथाहरू सङ्गृहित छन् ।[१२६] मूलतः युवायुवतीका बीचका प्रणयप्रसङ्गलाई विषयवस्तु बनाइएका कथाहरूमा सामाजिक परिवेशलाई चित्रण गरिएको पाइन्छ ।

**क) कथावस्तु**

**अधुरो सपना** कथामा सामाजिक विषयवस्तुमा आधारित भएर लेखिएका कथाहरू समावेश गरिएका छन् । यी कथाहरूमा पुरुष र महिलाबीचका विविध सम्बन्धलाई विश्लेषण गरिएका छन् । प्रणयलाई सहज रुपमा प्रस्तुत गरिएका यी कथाहरूले समाजको यथार्थलाई नै पस्किएको पाइन्छ ।

**प्रेम मिलन** यस कथासङ्ग्रहको पहिलो कथा हो । यो प्रेमसम्बन्धी सङ्कीर्ण मानसिकतालाई प्रस्तुत गरिएको कथा हो । पश्चिम पोखराबाट काठमाडौ आई जागिर खाइरहेको साधारण परिवारको मोहनलाल र सम्पन्न परिवारकी शशीकला एकआपसमा प्रेम गर्छन् । त्यो प्रेमसम्बन्धलाई समाजले पचाउन सक्दैन । यतिसम्म कि शशीकलाका आफ्नै साथीहरूले पनि इर्ष्या गरेर उनको विरुद्ध बाबुआमाको कान भरिदिन्छन् । उनको विवाह अर्कै केटासँग गरिदिने निर्णय गरिन्छ तर शशीकलाले विवाह मण्डपबाटै भागेर मोहनलालसँग विवाह गर्दछिन् ।

---

[१२५] प्रेम छोटा, पूर्ववत्, पृष्ठ :

[१२६] गोविन्दलाल श्रेष्ठ, अधुरो सपना, काठमाडौं, २०१६ ।

**सम्झना** बिरगञ्जदेखि वनारससम्मको रेल यात्रामा 'म' पात्रले गरेका अनुभूतिहरूलाई समेटेर लेखिएको वर्णनात्मक शैलीको कथा हो । 'म' पात्र बनारसका लागि बिरगञ्जका लागि एक्लै प्रस्थान गरेको हुन्छ । एक अपरिचित युवतीको साथले एक्लै यात्रा गर्नुपर्दाको पट्यारलाग्दो स्थितिलाई रोचकतामा बदलिदिन्छ । कुरा गर्दै जाँदा उनी पनि वनारस नै जाने भएकाले 'म' पात्र झन् खुशी हुन पुग्छ । युवती पनि रसिक स्वभावकी भएकाले यात्राभरि उनीहरू बीच ख्यालठट्टा र छेडखानी हुन्छ । महिला संघकी सदस्यासमेत रहेकी उक्त युवतीले खुवाएको लिचीको बदला केरा खुवाउने विचारले स्टेसनमा उत्रेको 'म' पात्र चढ्न नभ्याउँदै रेल हिँडिदिन्छ । यत्तिकैमा उसको तन्द्रा भङ्ग हुन्छ ।

**अधुरो सपना** पनि प्रणय प्रसङ्गमा आधारित कथा हो । यस कथामा सडकमा गाडीले कुल्चन लागेकी सरितालाई प्रदीपले बचाएपछि दुवैका मनमा एक-अर्कापति प्रेम टुसाउन थाल्छ । सरिताको बाबु र प्रदीप पूर्वपरिचित भएकाले सरिताको घरमा उसको आवतजावत चलिरहन्छ । यसैक्रममा सरिताको बाबुले प्रदीपको योग्यता देखेर ऊसँग आफ्नी छोरीको विवाह गरिदिने चाहना प्रकट गर्दछ । यस कुराले सरिता र प्रदीप दुवै खुसी भए पनि विवाहपछि आफ्नो गाउँ छाडेर सहरमा नै बस्नुपर्ने सरिताको बाबुको प्रस्ताव प्रदीपलाई स्वीकार्य हुँदैन । सुरुमा सरिता बाबुआमाको इच्छाविरुद्ध जान नसके पनि पछि प्रदीपको चाहना नै आफ्नो चाहना भएको विचार व्यक्त गर्दछे ।

**लोग्नेलाई के भन्ने** ? कथा परम्परागत समाजमा नारीलाई हेर्ने सङ्कुचित दृष्टिकोण अभिव्यक्त भएको कथा हो । यस कथाका सुब्बा सङ्कीर्ण विचारका व्यक्ति हो । उसले आफ्नी श्रीमतीलाई घरभित्र सीमित गर्न खोज्छ तर महत्त्वाकांक्षी स्वभावकी सुब्बिनी सुवर्णप्रभादेवी भने महिला संघमा लागेर सामाजिक क्षेत्रमा लाग्न चाहन्छे । सुवर्णप्रभादेवीको महत्त्वाकांक्षा र व्यक्तित्वको प्रभावले ऊ मन्त्री बन्न सफल हुन्छे । आफू सुब्बा भएकोमा श्रीमतीलाई सुब्बिनी भएको धाक दिने सुब्बासाहेब आफ्नी श्रीमती मन्त्री हुँदा लोग्नेलाई के भन्ने भनेर अलमलिन पुग्दछ ।

पहिरनले पनि मानिसको व्यक्तित्व निर्धारण गर्दछ भन्ने कुरालाई **मेरो शेरावानी कोट** कथाले प्रष्ट्याएको छ । यस कथाको 'म' पात्र विदेशी भूमिमा आयोजित प्रवासी नेपालीहरूको एक सभामा भाग लिन जान्छ । त्यस सभामा भेट भएकी एक अपरिचित युवतीलाई प्रभाव पार्न आफूसँग भएको शेरावानी कोट पहिरिएर जान्छ । कोट पहिरिएपछि उसमा एक किसिमको उत्साह र आत्मविश्वास उत्पन्न हुन्छ तर साँझमा घर फर्किएपछि आफूले लगाएको कोट पुरानो भई फाटेको पाएपछि उसमा हीनताबोधले पिरोल्न थाल्छ ।

**चुरोट** कथामा लागुपदार्थको सेवनबाट मान्छेको जीवन नै कसरी बर्बाद हुन्छ भन्ने कुरालाई देखाइएको छ । तरुनीहरूले लाहुरेले दिएको चरोट मात्र खाने कुराले प्रेरित भएर लाहुरे बन्न हिँडेको

गोठे नभन्दै लाहुरे बनेर गाउँ फर्कन्छ । त्यसपछि उसबाट सेती पनि प्रभावित बन्न पुगेकी छ । लाहुरे र सेतीका बीचमा सम्बन्ध गहिरिँदै जान्छ । फलतः सेती दोजिया बन्न पुग्छे । यसरी कुमारी आमा बन्न पुगेकी सेती गोठेको अनुपस्थितिमा ठूलो अपमान सहनु पर्दछ । अन्ततः गोठे पल्टनबाट फर्किएपछि कथा संयोगान्तमा टुङ्गिएको छ ।

**शशीमा दाग** कथामा एक युवतीको प्रेम र अनुरागका कारण युवकको मानसिक क्रिया-प्रतिक्रियालाई यस कथामा प्रस्तुत गरिएको छ । शशीप्रति हुरुक्क हुने 'म' पात्र भेट हुँदा पनि उनीसँग बोल्न सक्दैन । उनी पनि आफूप्रति आकर्षित भएको ठान्छ तर कतै उनी अरुसँग लाग्छिन् कि भन्ने शङ्का मनमा पालिरहन्छ ।

शान्ति प्राप्तिका लागि एक युवकले अवलम्बन गरेको सत्याग्रह र समर्पण **सत्याग्रह** कथाको विषयवस्तु रहेको छ । सत्याग्रहको औचित्य र यसको प्रभावकारिता प्रेमको सन्दर्भमा विश्लेषण गर्न खोजिएको छ । शान्तिलाई विवाह गर्न चाहने 'म' पात्र ले उनलाई प्राप्त गर्नका लागि गरेको प्रयासमा अन्य साथीहरूसँग सहयोगको अपेक्षा गर्दछ । परिस्थितिले बाधा पुऱ्याएको भए पनि उसको सत्याग्रह निरन्तर चलिरहेको छ ।

**घोषित स्वयम्वर** यस कथासङ्ग्रहको अन्तिम कथा हो । यो एक युवतीको अनिच्छित विवाह र त्यसले निम्त्याएको अनिष्ठ घटनामा आधारित कथा हो । सुशीलाले दीपकलाई मन पराउँछे तर परिवारको दबावका कारण उनले आफ्नो चाहनाविपरित अर्कैसँग विवाह गर्न बाध्य हुन्छे । आत्माले नस्वीकारेको वरसँग स्वयम्वर गर्न बाध्य भए पनि उसँग जीवन बिताउन नसक्ने भएकाले आत्महत्या गर्नु उत्तम ठानेर ऊ नदीमा हामफाल्छे । ऊसँगै दीपक पनि हाम्फाल्छ ।

कुनै एउटा सामान्य घटनालाई पनि रोचक पारामा प्रस्तुत गरी कथाको स्वरुप दिन कथाकार सफल देखिन्छन् । कथावस्तुको आयाम मध्यम खालका छन् । रैखिक ढाचाँमा लेखिएकाले कथानक सरल गतिमा अघि बढेको पाइन्छ ।

### ख) चरित्रचित्रण

प्रस्तुत सङ्ग्रहभित्रका कथाहरूमा सामाजिक मुल्य र मान्यतालाई यथार्थ ढङ्गले प्रस्तुत गर्न स्वाभाविक चरित्रको चित्रण गरिएको पाइन्छ । सबैजसो कथामा सीमित पात्रको प्रयोग गरिएको छ । अधिकांश निम्न-मध्यम वर्गीय र केही उच्च वर्गीय पात्रहरूको प्रयोग गरिएको छ । यस सङ्ग्रहभित्रका पात्रहरू वर्गीय विभेदबाट उत्पन्न विभिन्न समस्याहरूको सामना गर्न विवश छन् । नारी र पुरुषको सम्बन्धलाई कथावस्तुको रूपमा प्रयोग गरिएकाले मुख्य पात्रका रूपमा स्त्री र पुरुषलाई समान रूपमा प्रयोग गरिएको पाइन्छ । सीमित सङ्ख्यामा वर्गीय चरित्रको प्रयोग गरिए पनि व्यक्तिगत चरित्रको प्रयोग बढी पाइन्छ ।

**प्रेम र मिलन** कथाको नायक मोहन लाल र **अधुरो सपना** कथाको नायक प्रदीपको चरित्रमा समानता पाइन्छ । दुवै निम्न-मध्यमवर्गीय पात्र हुन् । निम्न आर्थिक अवस्थाका कारण जागिरका लागि गाउँ छाडेर सहरमा बस्नु दुवैको बाध्यता हो । दुवैले सहरका सम्पन्न परिवारका युवतीसँग प्रेम गर्छन् तर आफ्नो प्रेमका सम्बन्धमा मोहनलाल भन्दा प्रदीपको दृष्टिकोण फरक देखिन्छ । मोहनलाल आफ्नी प्रेमिका शशीकलाको अर्कै व्यक्तिसँग विवाह हुन लागेपछि विवाहकै दिन भगाएर लैजान्छ । उसले आफ्नो प्रेमलाई नै सर्वश्व ठानेको हुन्छ भने प्रदीप प्रेमलाई आदर्शवादी दृष्टिकोणबाट हेर्छ । सरितासँग विवाह गरेर सहरमै बस्ने सरिताको बाबुको प्रस्ताव उसलाई स्वीकार्य हुँदैन । यसबाट उसको स्वाभिमानी व्यक्तित्वको परिचय मिल्छ । यसैगरी शशीकला र सरिता दुवै आफ्नो प्रेमप्रति समर्पित नारी चरित्र हुन् । शशीकला परिवारसमक्ष आफ्नो प्रेमको प्रकटीकरण गर्न नसक्ने र अन्तिम समयमा भागेर प्रेमीसँग जाने कमजोर मनोबल भएकी पात्र हो भने सरिताको प्रेममा परिवार अवरोध बने पनि उसले प्रदीपसँग विवाह गर्ने कुरा लेखेर आत्मनिर्णय गर्न सक्ने नारीको रूपमा देखिएकी छ ।

**सम्झना** र **मेरो शेरावानी कोट** कथामा प्रमुख पात्रको रूपमा 'म' पात्र आएका छन् । यी दुवै मध्यम वर्गीय चरित्र हुन् । अपरिचित युवतीप्रति आकर्षित बनेर नजिकिन खोजेर पनि असफल बन्ने यिनीहरू गतिशिल स्वभावका चरित्र हुन् । यी दुई कथामा 'उनी' का रूपमा प्रस्तुत गरिएका स्त्री पात्रहरू 'म' पात्रको प्रभावमा नआउने स्थिर स्वभावका चरित्र हुन् । **लोग्नेलाई के भन्ने ?** कथाको पुरुष पात्र सुब्बा नारीलाई तुच्छ वस्तुका रूपमा व्यवहार गर्ने प्रतिकूल प्रवृत्तिको चरित्र हो । नारीलाई घरकै कामकाजमा सीमित गर्न खोज्ने सुब्बा श्रीमती मन्त्री बन्दा पनि उसको प्रगतिमा खुसी हुन सक्दैन ।

**चुरोट** कथाको प्रमुख पात्र गोठे पनि गतिशील स्वभावको चरित्र हो । सेतीलाई प्रेम गरेर अविवाहित अवस्थामा नै गर्भवती तुल्याएर ऊप्रतिको जिम्मेवारी पूरा नगर्ने गोठे चरित्र प्रतिकूल चरित्रको रूपमा आएको छ । **घोषित स्वयम्वर** कथामा आफ्नी प्रेमिकाको अर्कैसँग विवाह हुँदा पनि कुनै प्रतिक्रिया नजनाउने दीपक प्रेमिकाले आत्महत्या गर्न नदीमा हामफालेपछि सँगै नदीमा हामफाल्ने कमजोर स्वभावको चरित्र हो । **शशीमा दाग** कथाको 'म' पात्र मनको कुरा प्रकट गर्न नसक्ने कमजोर मनस्थिति भएको पात्र हो । आफ्नो मनका चाहना पूर्ण गर्न सङ्घर्ष गर्नुभन्दा निष्क्रिय रहेर जे-जस्तो परिस्थिति आउँछ त्यसैलाई चुपचाप सहन गर्न ऊ तयार रहन्छ भने **सत्याग्रह** कथाको 'म' पात्र शान्तिलाई प्राप्त गर्नका लागि हरेक तरिका अपनाउँछ । यसरी हेर्दा **शशीमा दाग** कथाको 'म' पात्रभन्दा **सत्याग्रह** कथाको 'म' पात्रको चरित्र सबल र दृढ र स्थीर देखिन्छ ।

**प्रेम र मिलन** कथाका शशीकलाको बाबु, साथीहरू र नोकर्नी, **अधुरो सपना** कथाको सरिताको बाबु, **लोग्नेलाई के भन्ने ?** कथाको 'म', **सत्याग्रह** कथाका साथीहरू, **घोषित स्वयम्वर** कथाको 'म' सहायक पात्रका रूपमा आएका छन् । शशीकलाको बाबु र सरिताको बाबुको भूमिकाले कथानकलाई नै प्रभाव पारेकाले यी दुवै बद्ध चरित्रका रूपमा रहेका छन् । अन्य सहायक पात्रहरू कथामा तटस्थ बनेर आएका छन् र कथानकलाई प्रभाव पार्ने कुनै चारित्रिक गुण नभएकाले यी पात्रहरू मुक्त चरित्र हुन् ।

**ग) परिवेश**

**अधुरो सपना** कथासङ्ग्रहका कथामा बाह्य परिवेशको रूपष्ट चित्रण गरिएको छ । वि. सं. २०१० देखि २०१६ सम्मको समयावधिमा लेखिएका यी कथाहरूमा तत्कालीन परिवेशलाई समेटिएको छ । राणाहरूको चकडी गर्ने र सत्याग्रह गर्ने दुई प्रवृत्तिले २००७ सालको क्रान्तिको सेरोफेरोलाई झल्काउँछ । निरङ्कुश शासन व्यवस्था र जनक्रान्तिको कारण देशमा उत्पन्न राजनैतिक अस्थिरतालाई कथामा उल्लेख गरेका छन् । कथामा वर्णित घटनाहरू एकदिनदेखि केही वर्षको लामो समयावधि समेटिएको पाइन्छ ।

काठमाडौंको त्रिचन्द्र कलेज, घण्टाघर, क्षेत्रपाटी, पश्चिम नेपालका पोखराआदि सहरी परिवेश र पहाडी भेगका ग्रामीण क्षेत्रहरू कथामा चित्रित छन् । यसैगरी नेपाल तथा छिमेकी देश भारतका विभिन्न स्थानको भौगोलिक परिवेश कथामा प्रस्तुत छ । बिरगञ्जदेखि वनारससम्मको सडक, विद्यालय, घर, जङ्गल, नदी, रेल आदि विभिन्न स्थानहरूमा घटना घटाइएका छन् । उच्च वर्गीय सहरीया जनजीवन र ग्रामीण क्षेत्रको निम्नवर्गीय जनजीवनको चित्रण पनि यी कथाहरूमा पाइन्छ । परम्परा र कुसंस्कारबाट ग्रसित समाज, युवावर्ग र अघिल्लो पुस्ताबीचको अन्तर, रोजगारका लागि विदेशिने प्रवृत्ति तथा शिक्षित र अशिक्षित वर्गका बीचको अन्तरलाई यस सङ्ग्रहका कथाहरूमा चित्रण गरिएको छ ।

**घ) भाषाशैली**

यस कथासङ्ग्रहका कथाहरूको प्रस्तुतीकरण निकै सरल र सहज रहेको छ । सामान्यतया छोटो आयाम भएका यी कथाहरूमा संवृत्त शैलीको प्रयोग गरिएको छ । कथानकलाई आदि, मध्य र अन्त्यको ढाँचामा प्रस्तुत गरिएको छ । परिवेशको चित्रण वर्णनात्मक तथा विवरणात्मक ढाँचामा गरिएको छ । कथाकै पात्रका माध्यमबाट पनि कथाको घटना र परिवेशको वर्णन गरिएको छ ।

तत्सम, आगन्तुक र मौलिक झर्रा शब्दको समुचित प्रयोगले भाषालाई सशक्त बनाएको पाइन्छ । टायम, मिस्टर, सुटकेस, बेडिङ, वेटिङ रुम, फस्ट क्लास, मोटर एक्सिडेन्ट, पोस्ट मेन, ड्रामा आदि अङ्ग्रेजी र दोस्तानी, नाराजी आदि हिन्दी भाषाका आगन्तुक शब्दको प्रयोग गरिएको

छ । उखान, तुक्का, लोकगीत आदिले कथामा मीठास थपेको छ । व्यङ्ग्य र तार्किकताले कथ्य भाषाको प्रयोगलाई स्वाभाविक बनाएको पाइन्छ :

*अहिले गोठे यतैतिर आइरहेको देखेर उसलाई जिस्काउने आशयले त्यो घनघोर जङ्गलको बीचबाट सुरिलो कण्ठ खोली मीठो लयमा पहाडकी छोरीहरूले भने "आयो लाहुरे बुटपट्टी कसेर, गयो लाहुरे खरानी धसेर"*

*यसरी आफूलाई छेड हानेको सुनेर लाहुरेले उतंगा गाँसेर गायो-"आयो लाहुरे बुटपट्टी कसेर, गयो लाहुरे दुईघुँडा धसेर"* (चुरोट, पृष्ठ : ३९)

**अधुरो सपना** कथामा पत्रात्मक शैलीलाई पनि अँगालेको छ । यसैगरी सत्याग्रह र **शशीमा दाग** कथामा प्रतिकात्मक भाषाको प्रयोग गरिएको पाइन्छ । अधिकांश पात्रले छोटा-छोटा संवाद बोलेका छन् । व्यङ्ग्यमिश्रित छोटा संवादहरूले पनि गहन भाव, पात्रको अवस्था र चरित्रको चित्रण गरेको पाइन्छ :

*मैले अङ्ग्रेजी शब्द मिसाएर खिचडी बनाईकन प्रश्न उठाएँ, "तपाईं मिस हुनुहुन्छ कि मिसेश ?"*

*उनले भनिन्- "मिसेश सिसेस होइन म त कामरेड" (सम्झना, पृष्ठ : १२)*

पात्रानुकूलको संवाद प्रयोगले पनि कथालाई स्वाभाविकता थप्न सहयोग गरेको छ । शिक्षित र अशिक्षित, ग्रामीण र सहरीया युवायुवती र प्रौढ पात्रहरूको भाषामा भाषागत र अभिव्यक्तिगत विविधता रहेको पाइन्छ ।

### ङ) दृष्टिबिन्दु

यस सङ्ग्रहका नौओटा कथाहरूमध्ये तीनओटा कथाहरू तृतीय पुरुष दृष्टिबिन्दुमा लेखिएका छन् भने बाँकी सबै प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएका छन् । **प्रेम-मिलन**, **अधुरो सपना** र **चुरोट** तृतीय पुरुष कथन ढाँचामा लेखिएका कथा हुन् । यी तीनओटै कथाहरूमा सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग भएको छ । **सम्झना**, **मेरो शेरावानी कोट**, **शशीमा दाग** र **सत्याग्रह** कथामा 'म' पात्र नै प्रमुख पात्रको रूपमा उपस्थित छ । त्यसैले यी कथाहरू प्रथम पुरुषअन्तर्गत केन्द्रीय दृष्टिबिन्दु रहेको छ । **लोग्नेलाई के भन्ने** ? र **घोषित स्वयम्वर** कथामा प्रथम पुरुष कथन ढाँचामा लेखिएको भए तापनि 'म' पात्र तटस्थ बनेर अन्य पात्रहरूको गतिविधिलाई प्रस्तुत गरेको हुनाले परिधीय दृष्टिबिन्दु रहेको पाइन्छ ।

### च) उद्देश्य

सामाजिक परिवेशलाई यथार्थ रूपमा प्रस्तुत गरी पाठकलाई स्वच्छ मनोरञ्जन प्रदान गर्नु नै कथाको उद्देश्य रहेको छ । युवासुलभ प्रेमलाई विषयवस्तुको रूपमा प्रयोग गरिएका यस

सङ्ग्रहका कथाहरूमा सच्चा प्रेमको आदर्शलाई प्रस्तुत गर्ने काम भएको छ । नारीपुरुषबीचको सम्बन्धलाई देखाएर पुरुषप्रधान समाजमा नारीको कस्तो अवस्था रहेको छ भन्ने कुरालाई छर्लङ्ग पारिएको छ । कथाहरूमा विभिन्न सामाजिक समस्या र विकृतिलाई प्रस्तुत गरिएको छ । परम्परागत संस्कार र रुढीवादी सोचाइका कारण कैयौं युवायुवतीहरूको जीवन अन्धकार बन्न पुगेको तर्फ पनि कथाकारले सचेत गराउन खोजेका छन् । कथाका केही प्रसङ्गहरूमा प्रतीकात्मक रूपमा राजनीतिक सचेतनाको आह्वान पनि गरिएको छ । अतः यस सङ्ग्रहका कथाहरूमा निहित उद्देश्य सामाजिक तथा राजनैतिक सुधार र मनोरञ्जन प्रदान गर्नु रहेको छ ।

### ५.३.२.३ 'दशकथा' कथा-सङ्ग्रहको विश्लेषण र मूल्याङ्कन

कथाकार श्रेष्ठको दोस्रो कथासङ्ग्रह **दश कथा** हो । वि. सं. २०४१ सालमा पहिलो पटक प्रकाशित यस कथासङ्ग्रहका प्रकाशक काठमाडौंका प्रवीण प्रबोध सैंजू हुन् । **परोपकार**, **भारती**, **दर्पण**, **इन्दु**, **कल्पना**, **मञ्जरी** आदि पत्रिकाहरूमा प्रकाशित तथा रेडियो नेपालबाट प्रसारित दशओटा कथाहरूलाई यस सङ्ग्रहमा समेटिएको पाइन्छ । यीमध्ये **बाध्यता** पछिल्लो समयमा लेखिएको कथा हो ।[१२७] यस सङ्ग्रहमा सङ्गृहित दश ओटामध्ये छ ओटा कथाहरू कथाकारको पहिलो कथासङ्ग्रहमा नै सङ्गृहित छन् । त्यसैले यहाँ पहिलो सङ्ग्रहमा नपरेका चार ओटा कथाहरूको मात्र विश्लेषण गरिएको छ ।

### क) कथावस्तु

यस कथासङ्ग्रहमा भएका सबै कथा सामाजिक विषयवस्तुमा आधारित छन् । यस सङ्ग्र सङ्गृहित पहिलो कथा **बाध्यता** हो । समाजले निःसन्तानप्रति गर्ने फरक व्यवहारका कारण सन्तानको आवश्यकता महसुस गर्ने दम्पतिले सन्तान प्राप्तिका लागि गरेको फरक व्यवहारलाई यस कथामा प्रस्तुत गरिएको छ । आफ्नै कमजोरीले गर्दा श्रीमतीबाट सन्तान नभएको थाहा पाएपछि केशव चिन्तित बन्न पुग्छ । केशवको यस अवस्थामा विभिन्न व्यवहारिक कुरा गरेर राधाले सान्त्वना प्रदान गर्छे र कुनै तरिकाले सन्तान प्राप्त गर्नुपर्ने कुरामा उसलाई सहमत तुल्याउँछे । पुरानो साथी बालकृष्णसँग सहवास गरी राधा गर्भवती बन्छे तर वास्तविकता समाजका अगाडि आउँदैन ।

**तक्मा** कथामा योग्यताको सम्मानको बदलामा निजी स्वार्थ पूरा गर्ने प्रवृत्तिलाई उदाङ्ग पारिएको छ । एक साहित्यिक गोष्ठीमा पहिलो पटक देखेपछि 'म' पात्र कलेजकी एक छात्रा मृगनयनीप्रति आकर्षित बन्न पुग्छ । कलेजको वार्षिकोत्सवमा आयोजित कार्यक्रममा मृगनयनीले नृत्य प्रस्तुत गर्छे । उसको कलाबाट प्रभावित भएर 'म' पात्रले सुनको तक्मा पुरस्कार दिने घोषणा

[१२७] गोविन्दलाल श्रेष्ठ, **दश कथा**, प्रवीण प्रबोध सैंजु, काठमाडौं, २०४१ ।

गर्छ । यही तक्मा दिने बहानामा उसले एकान्तमा बोलाई मृगनयनीको कुमारित्व लुट्न पनि पछि पर्दैन ।

**भैँसी ब्यायो** कथामा आफ्नी श्रीमतीको सुखका लागि चिन्तित लोग्नेको क्रियाकलापलाई देखाइएको छ । घरमा श्रीमती र छोराछोरीहरू हुँदाहुँदै पनि धनबहादुरले बुढेसकालमा एक्काइस वर्षीया मनमायालाई कान्छी श्रीमतीको रूपमा भित्रयाउँछ । कान्छी श्रीमतीले यसको विशेष किसिमले सेवा गर्छे तर उसलाई एक किसिमको उदासीले छोप्न थाल्छ । ऊ खेतीपातीको रेखदेख र भैँसीको स्याहारसुसारमा  केन्द्रित हुन थाल्छ । उसको यो परिवर्तित स्वभाव मनमायालाई मनपर्दैन । अन्त्यमा भैँसी ब्याएपछि मनमायाले पर्याप्त दुध खान पाउने कुराले उसको अनुहारमा प्रसन्नता देखिन्छ ।

विवाहका निम्ति परिवारले रोजिदिएको केटीका बारेमा साचेर मनमा उत्पन्न विभिन्न शङ्का-उपशङ्काले तड्पिएको युवाको अवस्थालाई **काँचो शंका** कथामा देखाइएको छ । 'म' पात्रको विवाहका लागि कुनै विवाहको भोजमा लगेर एउटी केटी देखाइएको हुन्छ । तर त्यो भोजमा उपस्थित युवतीहरूमध्ये आफूलाई देखाइएकी केटी कुन हो भन्ने कुरा उसले निश्चय गर्न सक्दैन । घरमा फर्केपछि आफ्नो लागि छानीदिएकी केटी कुरूप वा अपाङ्ग पो छ कि भन्ने शङ्काले उसको मन भित्रभित्रै छटपटिन थाल्छ ।

आदि, मध्य र अन्त्यको श्रृङ्खलामा संरचित यी कथाहरूको कथानक सरल गतिमा अघि बढेको पाइन्छ । युवायुवतीबीचका वैवाहिक सम्बन्ध र प्रणयलाई विषय बनाएर लेखिएका कथाहरूमा भावको प्राधान्यता रहेको पाइन्छ ।

**ख) चरित्रचित्रण**

यस सङ्ग्रहका कथामा नेपाली समाजका मध्यम वर्गीय पात्रहरूको चरित्र चित्रण गरिएको छ । केही पात्रहरू परम्परा र संस्कारले थिचिएका छन् र केही पात्रहरू आफ्नै सोचाइ र मानसिकताका कारण पीडित छन् । यी कथाका स्त्री पात्रहरू पुरुषप्रधान समाजमा पुरुषबाट शोषित छन् । यी सबै खाले पात्रको यथार्थ अवस्थाको चित्रण कथामा गरिएको छ ।

**बाध्यता** कथाको प्रमुख पात्र केशव हो । उच्च वर्गीय परिवारको शिक्षित युवक भएर पनि उसमा समाजमा व्याप्त पुरातन मान्यतामा परिवर्तन गर्ने आँट र साहस छैन । यसले गर्दा ऊ विचलित बन्न पुगेको छ । राधा यसै कथाकी अर्की प्रमुख पात्र हो । आफ्नो लोग्नेबाट सन्तान नहुने थाहा पाएपछि उसले लोग्नेलाई सहमत गराएर परपुरुषसँग शारीरिक सम्पर्क गरेर गर्भवती बन्ने गतिशील चरित्र हो । **तक्मा** कथाको 'म' पात्र उच्च वर्गीय पुरुष पात्र हो । धनको आडमा नारीको अस्मितामाथि खेल्न चाहने यो प्रतिकूल चरित्र हो । मृगनयनी यसै कथाकी अर्की पात्र हो । ऊ

पुरुषबाट शोषित बन्ने आम नारीको प्रतिनिधित्व गर्ने स्त्री चरित्र हो । **भैँसी ब्यायो** कथाको धनबहादुर घरमा श्रीमती र छोराछोरी भएर पनि अर्को विवाह गर्ने परम्परागत सोचाइ भएको पुरुष पात्र हो । धनबहादुरकी कान्छी पत्नी मनमाया यस कथाकी प्रमुख स्त्री चरित्र हो । सौतामाथि धनबहादुरसँग विवाह गर्ने मनमाया लोग्नेप्रति इमानदार भए पनि सधैँ लोग्नेमाथि शङ्का उपशङ्का गर्ने स्त्रीसुलभ स्वभाव उसमा देखिन्छ । **काँचो शंका** कथाको 'म' पात्र विवाहका लागि जीवनसाथी चयन गर्ने क्रममा केटीका बारेमा सानो शङ्का मनमा उत्पन्न हुँदा विचलित बन्न पुगेको कमजोर चरित्र हो ।

यस सङ्ग्रहका कथाहरूमा मुख्य पात्रका अतिरिक्त सहायक र गौण पात्रहरू पनि उपस्थित छन् । पात्रका क्रियाकलापहरूका माध्यमबाट कथाकारले घटनाक्रमलाई विकसित गर्न र परिवेशको चित्रण गर्न सफल छन् ।

**ग) परिवेश**

यस सङ्ग्रहमा सङ्कलित कथाहरूमा पनि कथाकार श्रेष्ठले ग्रामीण र सहरीया दुवै परिवेशलाई समेटेका छन् । **बाध्यता** कथाको केशव सहरीया र शिक्षित परिवारको उदार व्यक्ति हो । तक्मा कथामा पनि सहरी परिवेशलाई समेटिएको छ । कलेजका विभिन्न कार्यक्रम र कलेजका विद्यार्थीको गतिविधिलाई कथामा उल्लेख गरिएको छ । **काँचो शंका** कथा सहरी परिवेशमा लेखिएको कथा हो । यस कथामा एउटा विवाहको भोज र त्यस भोजमा सहभागी भएपछि 'म' पात्रको मनमा उत्पन्न हलचलको चित्रण गरिएको छ । **भैँसी ब्यायो** कथा ग्रामीण परिवेशमा लेखिएको कथा हो । गाई भैँसी पाल्ने र खेतीपती गर्ने ग्रामीण किसानको दिनचर्यालाई यस कथामा थोरै भए पनि उल्लेख गरिएको छ ।

नेपाली समाजको समसामयिक सन्दर्भ प्रस्तुत गरिएका यी कथाहरूमा विभिन्न सांस्कृतिक पक्षहरूको प्रस्तुति पाइन्छ । केही व्यक्तिहरूमा सन्तान प्राप्तिका लागि परपुरुषसँग सम्बन्ध राख्ने कुरालाई पनि सहज रूपमा लिएको भए तापनि निःसन्तानलाई हेर्ने फरक दृष्टिकोणका कारण सन्तान प्राप्त गर्नैपर्ने मान्यताबाट मुक्त हुन नसकेको रुढीवादी समाज पनि यी कथामा चित्रण गरिएको छ ।

**घ) भाषाशैली**

सामाजिक यथार्थवादी शैलीमा लेखिएका यी कथाहरूमा घटना र परिवेशको वर्णनात्मक प्रस्तति पाइन्छ । कथाको विषय र उद्देश्यलाई अभिधात्मक रूपमा प्रस्तत गरिएको छ । संस्कृत तत्सम शब्दको प्राचुर्य रहेको यस सङ्ग्रहका कथामा 'सन्तानार्थ मैथुनम्' जस्ता संस्कृत पदावली पनि प्रयोग गरिएको पाइन्छ । अङ्ग्रेजीका शोकेस, बुकऱ्याक, मास्टर डिग्री, फेसन, सिनियर, स्टेज

जस्ता शब्द र हिन्दीका कहावत, इजाजत, यार जस्ता आगन्तुक शब्दहरूका साथै नेपाली झर्रा शब्द र उखान र टुक्काको यथोचित प्रयोगले कथाको भाषालाई स्वाभाविक बनाएको छ ।

यी कथा कथाकारले संवादको निकै कम प्रयोग गरेका छन् । अन्य कथाहरूभन्दा **बाध्यता** कथामा केही बढी संवाद प्रयोग गरिएको छ । सन्दर्भअनुसार एकदुई शब्दका छोटा संवाद र केही लामा संवादको पनि प्रयोग गरेका छन् । **बाध्यता** कथाकै प्रमुख पात्र राधाले बोलेका संवाद अलि लामा रहेका छन् । पात्रको शैक्षिक र सामाजिक स्तरअनुसारका संवादको प्रयोगले पात्रको अनुकूलका बन्न पुगेका छन् ।

**ङ) दृष्टिबिन्दु**

यस सङ्ग्रहका कथाहरूमा प्रथम पुरुष र तृतीय पुरुष शैलीको प्रयोग गरिएको छ । **तक्मा** र **काँचो शंका** कथामा प्रथम पुरुष शैलीको प्रयोग गरिएको छ भने **बाध्यता** र **भैँसी ब्यायो** कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । **बाध्यता** र **भैँसी ब्यायो** कथामा कथाकारले सबै पात्रहरूका अन्तरमनमा पुगेर अवस्थाको वर्णन गरिएकाले यी सर्वदर्शी तृतीय पुरुष दृष्टिबिन्दु रहेको छ । **तक्मा** र **काँचो शंका** कथामा 'म' पात्र नै प्रमुख पात्रका रूपमा रहेकाले यी कथाहरूमा प्रथम पुरुष केन्द्रिय दृष्टिबिन्दु रहेको छ ।

**च) उद्देश्य**

यस सङ्ग्रहका कथाहरू कुनै सन्देश दिने उद्देश्यले नलेखिएको भए पनि कुनै न कुनै जीवनदृष्टि प्रस्तुत गरिएको पाइन्छ । चोखो भावनाले गरेका सबै कुरा क्षम्य हुन्छन् भन्ने अदर्शलाई **बाध्यता** कथामा जोड दिइएको पाइन्छ । **तक्मा** कथामा महानताको आडम्बर गर्ने समाजसेवी भनाउँदाको चरित्रको भण्डाफोर गरिएको छ । **भैँसी ब्यायो** कथामा जवान पत्नीप्रति एक प्रौढ व्यक्तिको व्यवहार चित्रण गरिएको छ भने **काँचो शङ्का** कथामा शङ्काले मानिसलाई कुन अवस्थामा पुऱ्याउँछ भन्ने कुरा देखाउन खोजिएको छ । यसरी व्यक्तिको चारित्रिक सुधार गरी उन्नत र सभ्य समाजको निर्माणको उद्देश्य यस सङ्ग्रहका कथाहरूमा पाइन्छ ।

### ५.३.३ नरसिंहभक्त तुलाचन 'अथक' र उनका प्रमुख कथा-सङ्ग्रहको अध्ययन

#### ५.३.३.१ कथाकार नरसिंहभक्त तुलाचन 'अथक' को परिचय

नरसिंहभक्त तुलाचन 'अथक' को जन्म मुस्ताङ जिल्लाको थाक टुकुचेमा वि. सं. १९८७ सालमा भएको हो । बाल्यकालदेखि नै पढ्ने र लेख्ने कार्यमा अत्यन्त उत्सुक रहने तुलाचनले थाकखोलाकै गुम्बामा गुरु लामाबाट अनौपचारिक शिक्षा प्राप्त गरेका थिए । त्यसपछि स्वाध्ययनबाट आफूलाई आवश्यक ज्ञान आर्जन गरेका छन् । कला साधनाप्रतिको गहिरो रुचिका कारण उनी १३ वर्षको उमेरदेखि नै साहित्यिक क्षेत्रमा प्रवेश गरेका हुन् ।[१२८] मुस्ताङ जिल्लाजस्तो दुर्गम र पिछडिएको क्षेत्रमा जन्मिएर पनि उनले लेखन, प्रकाशन र सम्पादन कार्यमा व्यक्तिगत र संस्थागत रूपमा सक्रिय रहेर नेपाली साहित्यको विकासमा ठूलो योगदान पुऱ्याएका छन् । साहित्यको अतिरिक्त सामाजिक र राजनीतिक क्षेत्रमा पनि उत्तिकै रुचि राख्ने साहित्यकार तुलाचनले गृह सहायक मन्त्री र गाउँफर्क राष्ट्रिय अभियानका केन्द्रिय समिति सदस्यजस्ता उल्लेखनीय पदमा बसेर काम गरेका थिए ।[१२९]

साहित्यकार नरसिंहभक्त तुलाचनले कथा, कविता, नाटक, प्रबन्ध आदि विभिन्न विधामा कलम चलाएका छन् । उनका प्रकाशित पुस्तकाकार कृतिहरू निम्नानुसार छन् :

१) नेपालका चार महापुरुष (कविता, २०१०)

२) एभरेष्टको चढाइ (ऐतिहासिक घटना वर्णन, २०१०)

३) युगलप्रेमी (कथासङ्ग्रह, २०१३)

४) नेपालको चित्रकला (प्रबन्ध)

५) नौलो बिहान (कवितासङ्ग्रह, २०२०)

६) लामाहरूलाई चिठी (निबन्धसङ्ग्रह, २०३०)

७) टिकट खरिदा ( हिन्दी कवितासङ्ग्रह)

८) स्व. श्री ५ महेन्द्रको जीवनी (उगे भाषामा जीवनी)[१३०]

साहित्यका विविध विधामा कलम चलाएका अथकले कथा विधामा एक मात्र कृति **युगल प्रेमी** कथासङ्ग्रह प्रकाशित गरेर पनि धवलागिरिका सशक्त कथाकारहरूमाझ उभिन सफल भएका छन् । यथार्थवादी शैलीलाई अँगालेर सामाजिक विषयवस्तुमा आधारित कथा लेख्ने कथाकार अथक

---

[१२८] प्रेम छोटा, पूर्ववत्, पृ. २८ ।

[१२९] ऐजन् ।

[१३०] प्रेम छोटा, पूर्ववत् पृ. ४८ ।

एक कुशल चित्रकार पनि हुन् । उनको युगलप्रेमी कथासङ्ग्रहमा समावेश गरेका दुई ओटा चित्रकथाले उनको कथाकारिताका साथै कलाकारिताको पनि परिचय दिएको छ । उनले मुस्ताङ जिल्लाको शून्य प्रायः साहित्यिक फाँटलाई मात्र उर्वर तुल्याएका छैनन्, धवालागिरि अञ्चलकै नेपाली साहित्यको विकासका लागि उल्लेखनीय योगदान दिएका छन् । त्यसैले कथाकार अथकलाई मुस्ताङ जिल्लाका महान् कवि भूपि शेरचनपछिका एक मात्र सशक्त साहित्यकार हुन् ।

### ५.३.३.२ 'युगलप्रेम' कथा-सङ्ग्रहको विश्लेषण र मूल्याङ्कन

वि. सं. २०१३ मा प्रकाशित **युगलप्रेमी** (सामाजिक कहानीसङ्ग्रह) कथाकार अथकको एक मात्र प्रकाशित कथासङ्ग्रह हो । संकठा प्रेस वाराणासीमा मुद्रण गरी आफैले प्रकाशन गरेको प्रस्तुत सङ्ग्रह प्रकाशनका दृष्टिल उनको दोस्रो कृति हो । यस सङ्ग्रहमा **युगल प्रेमी**, **दासता**, **लुम्बिनी सम्मेलन**, **चित्कार**, **नौकरी खोजमा** र **आमा** गरी ६ वटा कथाहरू समेटिएका छन् । यीमध्ये **नौकरी खोजमा** र **आमा** चित्रकथा रहेका छन् ।[१३१] शैलीगत विविधता रहेका प्रस्तुत सङ्ग्रहका कथाहरूमा व्यङ्ग्यको प्रधानता रहेको पाइन्छ । यस सङ्ग्रहमा सङ्गृहित कथाहरूलाई विधा तत्वका आधारमा क्रमशः तल विश्लेषण गरिन्छ :

**क) कथावस्तु**

कथाकार  अथकका सम्पूर्ण कथाहरूमा सामाजिक विषयवस्तु रहेको पाइन्छ । सामाजिक समस्याहरू उजागर गर्ने क्रममा निम्न-मध्यम वर्गीय जनताका संस्कृति  रहनसहन र क्रियाकलापहरूको यथार्थ चित्रण गरिएको पाइन्छ । समाजमा व्याप्त आर्थिक विषमता, जातीय विभेद र राजनैतिक चेतनाको अभावमा नेपाली नेपाली जनताले भोग्नुपरेका कठिनाइहरूलाई कथाकारले मार्मिक रूपमा प्रस्तुत गरेका छन् । युवासुलभ प्रेम, पारिवारिक सम्बन्ध, सामाजिक मर्यादा र राष्ट्रप्रतिको दायित्व-बोधजस्ता कुराहरू यस सङ्ग्रहका कथाहरूमा पाउन सकिन्छ ।

**युगल प्रेमी** यस सङ्ग्रहको पहिलो कथा हो । यस कथामा युवासुलभ प्रेमसम्बन्ध र समाज परिवर्तनका लागि क्रान्तिकारी गतिविधिमा संलग्न युवाको जीवनमा आएका उतारचढावलाई रोमाञ्चक रूपमा प्रस्तुत गरिएको छ । कुनै एक गाउँमा शिक्षित युवक वीरेन्द्र र त्यसै गाउँको डिट्ठाकी छोरी शिला एकआपसमा प्रेम सम्बन्धमा गाँसिएका हुन्छन् । तर पुरातनवादी डिट्ठाले विरेन्द्र र शिलाको विवाह गरिदिने वीरेन्द्रकी आमा रणदेवीको प्रस्ताव अस्वीकार गर्छ र अर्कैसँग जबर्जस्ती छोरीको विवाह गरिदिन्छ । त्यसको केही समयपछि शिला लोग्नेको घरबाट भागेर भूमिगत जीवन बिताइरहेको वीरेन्द्रको खोजीमा जान्छे र ब्रह्मपुत्रमा उनीहरूको सुखद मिलन हुन्छ । **दासता** यस

---

[१३१] नरसिंहभक्त तुलाचन, **युगल प्रेमी**, थाक टुकुचे, २०१३ ।

सङ्ग्रहको दोस्रो कथा हो । यसमा पनि आर्थिक विषमताका कारण उत्पन्न सामाजिक समस्यालाई औंल्याइएको छ । एउटै समाजमा पनि कोही मालिक बनेर सुविधा भोग गर्ने र कोही नोकर बनेर उनीहरूको सेवामा जीवन अर्पिनुपर्ने यथार्थको चित्रण गरिएको छ । बाबुआमाले छाडेर गएको ऋण चुक्ता गर्न साहु कहाँ नाकर्नी बनेर बसेकी स्यानी माइलादाइसँग विवाह गरेपछि उसको सहयोगबाट त्यो ऋण चुक्ता गर्न सफल हुन्छे । त्यसपछि स्वतन्त्र बनेर जीवनयापन गर्न थालेको भएपनि आफ्नो अवस्थालाई विचारै नगरी धेरै सन्तान जन्माउनाले गरिबी अझ विकराल बन्न पुग्छ । यस्तो अवस्थामा ऋण काढेर उपचार गर्दा पनि क्षयरोगले ग्रसित भएर स्यानी र उसको लोग्ने माइलादाइको मृत्यु भएपछि तिनका सन्तान फेरि दासतामा बाँधिन पुग्छन् ।

**लुम्बिनी सम्मेलन** कथा स्वैरकल्पनात्मक कथा हो । यसमा देशमा शान्ति स्थापनाका लागि गरिएका प्रयास र त्यसमा देखिएका समस्याहरूको व्यङ्ग्यात्मक प्रस्तुति पाइन्छ । नेपाल तथा भारतका कवि, दार्शनिक र राजा महेन्द्रसमेतको उपस्थिति र करिब २६०० वर्षअघि जन्मिएका गौतम बुद्धको प्रमुख आतिथ्यमा लुम्बिनीमा शान्ति सम्मेलन हुन्छ । त्यस सम्मेलनमा नेपालमा स्थायी शान्ति स्थापना गर्नका लागि हरेक क्षेत्र र तहका मानिसले आ-आफ्नो प्रतिबद्धता जाहेर गर्छन् । त्यसपछि समाजमा केही सकारात्मक परिवर्तन देखापरेको भए तापनि एक महिनामै कानुनले अचानक सबै क्षेत्रमा धावा बोलेर आतङ्क सिर्जना गर्दछ । पिछडिएको हिमाली भेगका गरिब जनताको दयनीय जीवनशैलीलाई प्रस्तुत गरेको कथा हो **चित्कार** । बाबुले छाडेर गएको ऋण तिर्न सबै सम्पत्ति सकेपछि डोल्माकी विधवा आमाले मागेर गुजारा चलाउनुपर्ने हुन्छ । आमा पनि मरेपछि डोल्मा मुखियाको घरमा नोकर्नीका रूपमा रहन्छे तर त्यहाँ पनि ऊ सुरक्षित रहन सक्तिन । मुखियाद्वारा बलत्कृत भएपछि गर्भवती बनेकी डोल्मा मुखिनीको यातना सहन नसकी घर छाडेर असहाय भौंतारिन बाध्य हुन्छे ।

**नौकरीको खोजमा** कथा चित्र-कथा हो । यसमा गरिबहरूको जीवनशैली झल्काउने तीनओटा चित्रहरू रहेका छन् । पोखराको सुन्दर र रमणीय स्थलमा कान्छा र कान्छी प्रणय-सम्बन्ध गाँसेर सरल जीवनशैलीमा रमाइरहेका हुन्छन् तर पोखरामा विमानस्थल बनेपछि विस्थापित बन्न पुगेका उनीहरू रोजगारीको निम्ति मुग्लान पस्नुपरेको कुरा यो चित्रकथामा देखाइएको छ । **आमा** शीर्षकको चित्रकथामा आमा र उसको सन्तानको बीचको सम्बन्धलाई देखाउन खोजिएको छ । चित्रले कुर्न लामो कथानक प्रस्तुत नगरेको भए तापनि आमाका लागि शिशु अमूल्य श्रृङ्गार हो भने शिशुका लागि आमा नै सम्पूर्ण कुरा हो भन्ने भाव प्रकट गरिएको पाइन्छ ।

यस सङ्ग्रहका सम्पूर्ण कथाहरू सोद्दश्यमूलक रहेका छन् । कथाहरूको प्रस्तुतीकरणमा सरल प्रविधिको प्रयोग गरिएको छ । कथाहरूमा रैखिक ढाँचामा लेखिएको हुनाले आदि, मध्य र अन्त्यको श्रृङ्खला मिलेको पाइन्छ ।

**ख) चरित्रचित्रण**

**युगल प्रेमी** कथासङ्ग्रहका कथाहरूमा सङ्कलित कथाहरूमा सामाजिक यथार्थलाई पस्कन यथार्थ पात्रहरू उपस्थित भएका छन् । हिमाली र पहाडी ग्रामीण भेगका गरिबी, अशिक्षा र शोषणबाट पिल्सिएका नेपालीहरू नै यी कथाका पात्र बनेका छन् ।

**युगल प्रेमी** कथाको प्रमुख पात्र विरेन्द्र एक शिक्षित युवक हो । स्वतन्त्रता र स्वाधिनताका लागि निरन्तर सङ्घर्षरत रहने विरेन्द्रमा क्रान्तिकारी विचारधारा रहेको पाइन्छ । उसले शीलालाई प्रेम गर्छ तर सामाजिक परिवर्तनका लागि राजनैतिक गतिविधिमा लागेको कारण आफ्नी प्रेमिका र आमालाई नै छाडेर भूमिगत बन्छ । यस स्थितिमा पनि ऊ आफ्नो प्रेमप्रति दृढ छ । विरेन्द्रकी प्रेमिका शीला पनि विरेन्द्रको प्रेममा चुर्लुम्म डुबेकी छ । विरेन्द्रको अनुपस्थितिमा परिवारको दवाबका कारण अर्कैव्यक्तिसँग विवाह गर्न तयार हुन्छे र विवाहपछि लोग्नेलाई छाडेर आफ्नो प्रेमीको खोजीमा निस्कन्छे । प्रेमप्रति इमानदार भएर पनि उचित समयमा उचित निर्णय गरी सामाजिक मर्यादाको पालना गर्न नसकेकाले उसमा चारित्रिक कमजोरी रहेको देखिन्छ । रणदेवी विरेन्द्रकी आमा हो । ऊ आफ्नो छोराको खुसीका लागि जुनसुकै काममा अग्रसर बन्छे । विरेन्द्र र शीलाको प्रेमसम्बन्धप्रति सकारात्मक भएर काम गरेकी हुनाले उसलाई अनुकूल चरित्र मान्न सकिन्छ । शीलाको बाबु डिठ्ठा गाउँको मुखिया हो । उच्च वर्गको प्रतिनिधि पात्र डिठ्ठा विरेन्द्र र शीलाको प्रेमसम्बन्ध मन नपराउने प्रतिकूल चरित्र हो । राजनीतिमा संलग्न रहेका कारण डिठ्ठाले विरेन्द्रलाई मनपराउँदैन र भूमिगत बन्न बाध्य तुल्याउँछ ।

स्यानी र माहिला **दासता** कथाका नायक-नायिका हुन् । पुर्ख्यौली ऋण चुक्ता गर्नका लागि साहुको घरमा नोकर बनेर बसेकी स्यानी विपन्न वर्गकी अपठित युवती हो । स्यानीलाई दिलोज्यानले चाहने युवक माहिला पनि निम्नवर्गीय अशिक्षित युवक हो । आफ्नो प्रेमलाई सफल बनाई विवाहमा परिणत गर्नका लागि स्यानीको ऋण चुक्ता गर्न सर्वस्व लगाउन पछि हट्दैन । यसरी माहिला कथामा एक आदर्श प्रेमी र लोग्नेका रूपमा प्रस्तुत भएको अनुकूल चरित्र हो ।

**लुम्बिनी सम्मेलन** एक स्वैरकल्पनात्मक कथा भएकाले यसमा प्रयोग गरिएका पात्रहरू विविधता रहेको छ । ऐतिहासिक घटना र पात्रहरूलाई समसामयिक सन्दर्भमा प्रस्तुत गरिएको यो कथामा गौतम बुद्ध, राजा महेन्द्र, लेखनाथ, देवकोटा, बालकृष्ण सम, हृदयचन्द्रसिंह, राहुल सांस्कृत्यायन, अम्बेडकर, नेहरू, दलाइ लामा, ब्राह्मण, क्षेत्री, वैश्य, शुद्र आदि ऐतिहासिक र

समसामयिक व्यक्तित्वका साथै कानुनजस्तो अमानवीय वस्तुलाई पनि पात्रका रूपमा प्रयोग गरिएको छ । यी सबे पात्र विभिन्न प्रतीकका रूपमा प्रयोग गरिएको छ ।

**चित्कार** कथाकी प्रमुख पात्र डोल्मा हो । ऊ नेपालको हिमाली भेगका निम्नवर्गीय अशिक्षित जनताकी प्रतिनिधि पात्र हो । गरिबीको कारण मुखियाको घरमा नोकरी गर्न विवश डोल्मा मुखिया र मुखिनीबाटै शोषित बन्न पुग्छे । यसरी डोल्मा उच्च वर्गबाट शोषित हुने असङ्ख्य निम्न वर्गका नेपाली जनताको प्रतिनिधि पात्रका रूपमा कथामा उपस्थित भएकी छ । यस कथाको मुखिया र मुखिनी गरिबको श्रम शोषण गरेर आफ्नो स्वार्थ पूर्ति गर्ने प्रतिकूल स्वभाव भएका सामन्त वर्गको प्रतिनिधि चरित्र हुन् । **नौकरीको खोजीमा** कथाका कान्छा कान्छीको स्पष्ट रूपमा चरित्र चित्रण नगरिएको भए पनि उनीहरू आर्थिक विपन्नता  र बेरोजगारीको समस्याबाट ग्रसित निम्नवर्गीय पात्रका रूपमा देखिन्छन् । चित्रकथाको रूपमा समावेश गरिएको अर्को कथा **आमा** मा पनि स्पष्ट रूपमा पात्रको चरित्र चित्रण गरिएको छैन ।

**ग) परिवेश**

**युगल प्रेमी** कथासङ्ग्रहमा सङ्कलित कथाहरूमा नेपालको हिमाल, पहाड र तराई भेगको परिवेश समेटिएको छ । मूलतः ग्रामीण परिवेशलाई रोजेर लेखिएका यी कथाहरूको सुरुआत नै भौगोलिक बनावट, प्राकृतिक सौन्दर्य र सामाजिक अवस्थाको वर्णनबाट गरिएको पाइन्छ । **युगल प्रेमी** कथामा गगनचुम्बी हिमालयको पृष्ठभूमिमा झरनायुक्त पहाड र हरियाली छाएको डाँडाको मनमोहक वर्णन गरिएको छ भने **लुम्बिनी सम्मेलन** कथामा नेपालको भौगोलिक तथा राजनैतिक परिचय दिने प्रयास गरिएको छ । यसैगरी **चित्कार** कथामा नेपालको उत्तरी सीमा क्षेत्र, तिब्बतको विशाल घाँसे मैदान, चौरी र भेडाको बथान, ब्रह्मपुत्र नदीको वर्णन गरिएको छ ।

नेपालमा प्रजातन्त्रको स्थापनाको लागि भएको क्रान्ति र त्यसपछिको सङ्क्रमणकालिन राजनैतिक र सामाजिक परिवेशलाई पनि यी कथाहरूमा झल्काइएको छ । सामाजिक रुढीवादी संस्कार तथा सामन्तवादी सोचको कारण जनताले भोग्नुपरेका समस्यालाई पनि यी कथाहरूमा चित्रण गरिएको छ। **लुम्बिनी सम्मेलन** कथामा काल्पनिक घटना र परिवेशको सिर्जना गरिएको छ। यसरी विविध परिवेशलाई यथार्थ रूपमा चित्रण गर्नमा कथाकार सफल छन् ।

**घ) भाषाशैली**

यस सङ्ग्रहका कथाहरू सरल भाषामा लेखिएका छन् । यथार्थवादी शैलीमा लेखिएका यी कथाहरूमा सर्वसाधारणले पनि सहजै बुझ्न सक्ने खालको भाषा र भाव प्रस्तुत भएको छ । उखान, टुक्का, गीत, श्लोक समावेश भएका कथ्य भाषाको प्रयोगले कथाको प्रस्तुतीकरणलाई रोचक

बनाएको छ । नेपाली लगायत नेपालका अन्य केही भाषामा पनि दख्खल गरेका कथाकारले कथाको पात्रअनुसारको भाषा प्रयोग गरेका छन् ।

*ह्यम्पू कोरला फेप्सोड, ल्हो घाङ धावा ह्यला दोसोङ ।*

*घोराङ फयुहल्या मठी, डीप्कूला हूला हयला मने ॥* (*चित्कार, पृष्ठ : ३०*)

लाउड स्पिकर, सेक्रेटरी, क्लब, ज्वाइन्ट, कम्पाउण्डर, टायम आदि नेपाली जनजिब्रोमा भिजेका अङ्ग्रेजी शब्दहरू, थोरबहुत, नसिब, बल्कि, गांव जस्ता हिन्दी शब्द र पर्याप्त मात्रामा संस्कृत तत्सम शब्द र नेपाली मौलिक शब्दको प्रयोग उनका भाषामा पाइन्छ । पदसङ्गति, पदवियोग-पदयोग र वर्णविन्यासमा ध्यान दिइएको पाइँदैन । समग्रमा यी सामान्य त्रुटिले भाषिक मीठासमा कुनै कमी ल्याएको छैन ।

कथानकलाई गति दिन र पात्रको चरित्रचित्रण गर्न यी कथाहरूमा आवश्यकताअनुसारका लामा छोटा संवादको प्रयोग गरिएको छ । **लुम्बिनी सम्मेलन** कथामा राहुल सांस्कृत्यायन र गौतम बुद्धले दिएका भाषण कथाका सर्वाधिक लामा संवाद हुन् । यी बाहेक अन्य कथाका पात्रले प्रयोग गरेका संवाद छोटा छरिता र मीठा रहेका छन् । संवादमा कथ्य भाषाले अझ स्वाभाविकता प्रदान गरेको छ ।

*“यो साल पनि आइ. ए. हो कि साइमा हो पास गरिएछ, छट्टिटीमा त घर आइहाल्ला ?” रणदेवीले आफ्नी भदैनीलाई भनिन् ।*

*“को ....?” शीलाले नबुभिइएकी जस्तो गरि सोधिन् ।*

*“पानी खर्चेको छोरा क्या !” रणदेवीले कुरा बदलिन् ।* (*युगलप्रेमी, पृष्ठ : १*)

यसरी सरल शब्द संयोजनबाट व्यङ्ग्य मिश्रित भाषाको प्रयोग गरिएको छ । ग्रामीण क्षेत्रका अशिक्षित नेपालीले बोल्ने कथ्य भाषालाई स्वाभाविक रुपमा प्रस्तुत गरिएको पाइन्छ ।

**ङ) दृष्टिबिन्दु**

**युगल प्रेमी** कथासङ्ग्रहका कथाहरूमा तृतीय पुरुष कथन ढाँचाको प्रयोग पाइन्छ । कथाकार तटस्थ रहेर पनि आफूले देखेको वा भोगेझैं गरी कथामा उपस्थित पात्र तथा घटनाहरूको प्रस्तुति गरिएकोले यी सबै कथामा तृतीय पुरुष दृष्टिबिन्दुअन्तर्गत सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ ।

**च) उद्देश्य**

यस सङ्ग्रहका कथाहरूमा स्पष्ट रूपमा कुनै जीवनदर्शन प्रवाह नगरिएको भए पनि सूक्ष्म रूपमा मानव जीवनलाई आदर्शतर्फ मोड्ने उद्देश्य बाकेको पाइन्छ । प्रेमको आदर्श प्रस्तुत गर्दै पारिवारिक र सामाजिक मर्यादा कायम रख्न यी कथाहरूले प्ररित गरेको पाइन्छ । यसैगरी कथाकारले कथाका माध्यमबाट स्वतन्त्रता, समानता, विश्वबन्धुत्व र मानवताको आवाज उठाएको पाइन्छ । नेपालमा निरङ्कुश राणाशासनको भर्त्सना गर्दै राजनैतिक सुधारको चाहना पनि प्रकट भएको पाइन्छ । सामाजिक विकृति र विसङ्गति र असमानताको चित्रण गरेर आदर्श समाजको स्थापना गर्नु यी कथाहरूको उद्देश्य रहेको छ ।

### ५.३.४ प्रेम छोटा र उनका प्रमुख कथा-सङ्ग्रहको अध्ययन

#### ५.३.४.१ कथाकार प्रेम छोटाको परिचय

प्रेम छोटा बागलुङका सुपरिचित साहित्यकार हुन् । उनको जन्म वि. सं. २००२ साल बैशाख १४ गतेका दिन बागलुङ बजारमा भएको थियो । वास्तविक नाम प्रेमप्रसाद श्रेष्ठ भए पनि उनी साहित्यिक क्षेत्रमा प्रेम छोटाका नामले परिचित छन् । बागलुङ बजारमा अवस्थित विद्यामन्दिर मा. वि. बाट प्रारम्भिक शिक्षा हासिल गरेका छोटाले आइ. ए. सम्मको अध्ययन पूरा गरेका छन् ।[१३२] विद्यालयमा साहित्यिक गतिविधिमा संलग्न हुन चाहने छोटा बागलुङबाट प्रकाशित हुने हस्तलिखित पत्रिका **सरोज** मा वि. सं. २०१७ मा **असम्भव के** ? शीर्षकको कविता प्रकाशित गरेर नेपाली साहित्याकाशमा उदाएका हुन् । उनले साहित्यको लेखनका अतिरिक्त धौलागिरिको भाषा-साहित्य एवम् लोकसंस्कृतिमूलक खोज अनुसन्धानमा महत्त्वपूर्ण योगदान दिएका छन् ।[१३३]

वि. सं. २०१७ देखि नै पत्रिका प्रकाशन र सम्पादन कार्यमा जुटेका छोटाले **सरोज**, **ज्योति**, **बुकी**, **झिल्का**, **कालीको छाल**, **मुनो** आदि पत्रपत्रिकाहरूमा सम्पादकको भूमिका निभाएका छन् । उनी सरस्वती पुस्तकालय, सरोज सुधासङ्घ, रत्न श्रेष्ठ पुरस्कार गुठी र रत्न श्रेष्ठ पुस्तकालयका संस्थापक, धवलागिरि साहित्य पुरस्कार प्रतिष्ठान, लक्ष्मीनारायण कलामन्दिर, लक्ष्मीनारायण धार्मिक पुस्तकालय, हनुमान नाच संरक्षण परिषद्, नेपाल भाषा मंकाः खल, नेपाल भाषा एकेडेमी, तेजरत्न स्मृति पुरस्कार संस्थान, आदिकवि भानुभक्त स्मृति पुरस्कार परिषद्, सिंह श्रेष्ठ पसखल : कल्याण कोष, ओमप्रसाद सेवा गुठी, पश्चिमाञ्चल साहित्य समाज, दीप-अमृत प्रकाशन शाखा आदि सङ्घ-संस्थाहरूमा संलग्न रहेका छन् ।[१३४]

---

[१३२] प्रेम छोटाबाट प्राप्त मौखिक जानकारी ।

[१३३] आनन्द सिलवाल, पूर्ववत्, पृ. ३७ ।

[१३४] ऐजन्, ।

धवलागिरि अञ्चलको लोकसंस्कृति र साहित्यका विविध पक्षको खोजीमा उल्लेखनीय योगदान पुऱ्याएर चर्चामा आएका साहित्यकार छोटा नेपाली साहित्यका विविन्न विधाको सिर्जनामा पनि उत्तिकै सक्रिय रहेका छन् । कविता, कथा, नाटक, निबन्ध, उपन्यास, समालोचना आदि विधामा उनले कलम चलाएका छन् । छोटाका हालसम्म प्रकाशित कृतिहरू निम्नलिखित रहेका छन्:

१) प्रकारान्त (कथासङ्ग्रह, २०४२)

२) गुरु गणेशप्रसाद श्रेष्ठ केही संस्मरणहरू (संस्मरण, २०४३)

३) धवलागिरिका केही लोक संस्कृतिहरू (२०४४)

४) प्रेमका केही कविता (कवितासङ्ग्रह, २०४५)

५) काव्य-त्रिवेणी (सम्पा. कविता, २०५०)

६) धवलागिरिका कथाहरू (सम्पा. कथासङ्ग्रह, २०५३)

७) सिंह (श्रेष्ठ) पास्ताखलको वंशावली (२०५२)

८) शास्वत स्वरहरू (सम्पा. कवितासङ्ग्रह, २०५२)

९) धवलागिरिका कवि र कविता (कवितासङ्ग्रह, २०५५)

१०) धवलागिरिका पुरस्कृत कृति र विहङ्गम दृष्टि (समालोचना, २०५७)

११) प्रेमका उद्‌गारहरू (कवितासङ्ग्रह, २०५९)

१२) स्रष्टा र संस्कृति (?)

१३) धवलागिरिको वाङ्मय-सूची (२०६०)[१३५]

सामाजिक परिवेशलाई लिएर यथार्थवादी शैलीमा लेखिएका कथामा नेपाली समाजका नारीहरूको दयनीय अवस्थाको चित्रण गरिएको पाइन्छ । धवलागिरि अञ्चलको कथापरम्पराअन्तर्गत दोस्रो चरणका सशक्त कथाकार छोटा लेखन र सम्पादनका  माध्यमबाट कथा विधाको विकाशमा जुटिरहेका छन् ।

### ५.३.४.२ 'प्रकारान्त' कथा-सङ्ग्रहको विश्लेषण र मूल्याङ्कन

**प्रकारान्त** प्रेम छोटाको हालसम्म प्रकाशित एक मात्र कथासङ्ग्रह हो । रत्न श्रेष्ठ पुरस्कार संस्थान, बागलुङद्वारा वि. सं. २०४२ मा प्रकाशित यस सङ्ग्रहमा लामाछोटा गरी २० ओटा कथाहरू रहेका छन् । विभिन्न समयमा **रूपरेखा**, **सँगालो**, **गरिमा** आदि पत्रिकाहरूमा प्रकाशित कथाहरू र केही अप्रकाशित कथाहरू सङ्गृहित छन् ।[१३६] यस सङ्ग्रहका कथाहरूमा समाजमा व्याप्त विभिन्न समस्याबाट ग्रसित पात्रहरूको स्थितिलाई चित्रण गरिएको छ ।

---

[१३५] प्रेम छोटा, पूर्ववत्, पृ. १० ।

[१३६] प्रेम छोटा, प्रकारान्त, र. श्रे. पु. सं., बागलुङ, २०४२ ।

**क) कथावस्तु**

प्रेम छोटा सामाजिक यथार्थवादी कथाकार हुन् । समाजमा घटेका वा घट्न सक्ने घटनाहरूलाई वास्तविकताको रङ दिएर प्रस्तुत गर्नमा उनी सफल देखिन्छन् । समाजमा व्याप्त जातीय असमानता, वर्गीय सङ्घर्ष, लैङ्गिक विभेदजस्ता कुराबाट उत्पन्न समस्याहरूको मार्मिक प्रस्तुतीकरण उनका कथाहरूमा पाइन्छन् । अधिकांश ग्रामीण परिवेशमा रचिएका कथामा नेपाली समाजको वास्तविक स्वरूप, सांस्कृतिक विविधता, आर्थिक अवस्था झल्किएको हुन्छ ।

यस सङ्ग्रहका कथाहरूमध्ये **रात सिद्धिइसकेछ** पहिलो कथा हो । यस कथामा प्रेम र विवाहका सम्बन्धमा स्वतन्त्र निर्णय गर्न नपाउने परम्परागत पुरुषप्रधान नेपाली समाजकी एक युवतीको अवस्था चित्रण गरिएको छ । रमली स्यामुको प्रेममा चुर्लुम्म डुबेकी छे तर उसको स्वर्गीय बाबुले झैं दाजुले पनि उसको विवाह उसले चाहेको केटासँग नगरी अर्कैसँग गरिदिन चाहन्छ । दाजुको यस कार्यले ऊ मानसिक रूपमा विक्षिप्त बन्न पुग्छे । उसले विद्रोह गर्छे र स्यामुसँगको सुखद दाम्पत्य जीवनको कल्पनामा नै रात बिताउन पुग्छे ।

आर्थिक विपन्नतामा बाँचेका निम्नवर्गीय परिवारको दुखद अवस्थालाई **चर्किएको घाउ** कथामा चित्रण गरिएको छ । पक्षघातको रोगले थलिएको किश्वरको शारीरिक पीडा र उसकी श्रीमती शैलजाको मानसिक पीडालाई यस कथामा मार्मिक रूपमा प्रस्तुत गरिएको छ । सम्पन्नतामा मात्र सबै अनुकूल हुने यस समाजमा विपन्न परिवारमा पुरुषको मृत्यु भएपछि उसकी श्रीमती र बालबच्चाहरूको अवस्था कस्तो हुनसक्छ भन्ने कुरालाई यस कथाले छर्लङ्ग पारेको छ । सामाजिक आडम्बर र यसबाट विकसित अपराधिक मनोवृत्तिको **म भित्र म बाहिर** कथाको विषयवस्तु बनाइएको छ । जातीय विभेदलाई नाघेर कमल क्षेत्रीले छोइने जातकी कान्तिसँग प्रेमसम्बन्ध गाँसे तापनि साहसपूर्वक त्यस सम्बन्धलाई अन्तिम नतिजा दिन सक्दैन । ऊ आफ्नो जिम्मेवारीबाट हटेपछि विचलित बनेकी कान्तिले पनि आडम्बरी समाजसँग जुध्ने आँट गर्दिन । आफ्नो कोखबाट जन्मेको कमलको सन्तानलाई जन्मनेबित्तिकै हत्या गरी पछुताउनुपरेको अवस्थाको चित्रण गरिएको छ । **मृत्युपछिको सगुन** कथामा आर्थिक विपन्नताको भार धान्न नसकी आत्महत्यातर्फ उन्मुख निम्नवर्गीय चरित्रको चित्रण गरिएको छ । लक्ष्मीले घरपरिवार सबै राम्रो लागेर प्रेम विवाह गरेकी हुन्छे । त्यस घरको आर्थिक विपन्नता अवगत भएपछि समस्याको समाधानका लागि यथासक्य प्रयास गर्छे तर कतै सफलता हात नलागेपछि आफूसँग भएको केही गहना लोग्नेका लागि  छाडेर अर्को जुनीमा सगुनसहित भेट्ने प्रण गर्दै सुटुक्क मृत्युलाई अँगाल्न पुग्छे । **सम्बद्धता** कथा जातीय विभेदमा आधारित समस्यामूलक कथा हो । निश्वार्थ प्रेमको उचाइ सामाजिक आडम्बरभन्दा माथि भए तापनि त्यसलाई स्वीकार्न नसक्ने प्रवृत्तिले कहीँ प्रेमी र

प्रेमिकाबीच अनि कहीँ बाबुआमा र छोराछोरीका बीचको दुरी बढाइदिएको हुन्छ । यहाँ नेवार युवतीसँगको प्रेमसम्बन्धलाई चाहने युवक लीलाले आफ्नो परिवारसँगको सम्बन्धलाई चिस्याउनु परेको छ ।

**वरण** कथामा दिदी अविवाहित नै भएकाले सामाजिक मर्यादाको पालना गर्दै दिदीको विवाहपूर्व आफ्नो प्रेम अभिव्यक्त गर्न नचाहने बहिनी रमिताले अँगालेको कठोरताको चित्रण गरिएको छ । आफ्नो खातिर सबै चाहनाको बली चढाएको कुरा थाहा पाएपछि दिदीले रमितासँग विमलको प्रेमप्रस्ताव स्वीकार्न आग्रह गर्छे । आफूले विमललाई चाहेर पनि दिदीको विवाहअघि आफूले विवाह गर्न नसक्ने भन्दै रमिताले आफ्नो मौनता भङ्ग गर्छे । एकले अर्कालाई चाहेर पनि चाहनाको अभिव्यक्ति गर्न नसक्ने युवायुवतीको अधुरो प्रेमलाई **आँखीझ्याल** कथाले प्रस्तुत गरेको छ । श्यामदाइ र कमलीले एकअर्कालाई चाहेर पनि आफ्नो प्रेम प्रकट गर्न सक्दैनन् । यही कमजोरीले श्यामदाइ कमलीलाई प्राप्त गर्ने चाहनाको तीलाञ्जली दिन पुग्छ भने कमलीले पनि भारी मनले श्यामदाई गएको दिशातर्फ चिहाइरहन्छे । शारीरिक रूपमा अशक्त व्यक्ति कसरी परिवार र समाजबाट तिरष्कृत बन्नुपर्छ भन्ने कुरा **हीनताबोध** कथामा देखाइएको छ । शिशु अवस्थामा नै आमाको सानो लापर्वाहीले हातका औँला गुमाउन पुगेको मनबहादुर आमाको निधनपछि परिवार र समाजबाट अपहेलित बन्न पुग्छ । अपाङ्ग भए तापनि ऊसँग हावामा महल ठड्याउने र समुद्रमा बाँध बाध्न सक्ने आत्मविश्वास छ । यही आत्मविश्वास लिएर परदेशमा नोकरीको खोजीमा परदेश लाग्छ र छिट्टै नै एउटा साधारण नोकरी गर्न थाल्छ । बाबु र सौतेनी आमा विरामी भएको र भाइबहिनीको विचल्ली भएको थाहा पाएपछि आफ्नो जिम्मेवारी पूरा गर्न ऊ घर फर्कन्छ ।

**माटोको माया** कथामा नेपालका पहाडी गाउँमा विद्यमान लाहुरे संस्कृतिलाई यथार्थ रूपमा प्रस्तुत गरिएको छ । एकपटक लाहुरे बन्न पाए जीवन सफल भएको ठान्ने आम युवा जस्तै दिले थापा पनि लाहुरे बन्ने चाहना गर्छ । जब लाहुरे बन्छ तब त्यहाँको पराधीनता उसलाई असह्य हुन थाल्छ । एकपटक युद्धमा मृत्युको मुखमा पुगेर बाँच्न सफल भएपछि उसले अर्काको गुलामीमा जीवन खेर नफाल्ने बरु आफ्नै मातृभूमिमा जीवन अर्पण गर्ने प्रण गर्दछ । अत्याचारले सीमा नाघेपछि जस्तोसुकै निर्धो र सहनशील मानिस पनि प्रतिकारमा उत्रिन्छ । **प्रतिकार** कथामा पनि चुले हलीले एक्काइस वर्षसम्म हलो जोतेर सेवा गरेको बदलामा नन्दराजले षड्यन्त्र गरी उल्टै चुलेको खेतबारी लिलाम गराइदिन्छ । नन्दराजको अत्याचारले पराकाष्ठा नाघेपछि बदलाको भावनाले चुलेले नन्दराजमाथि आक्रमण गरी मरणासन्न तुल्याउँछ । **गुञ्जन** कथा ठूलाठूला सपना बोकेर परदेश लागेका समस्त नेपाली युवकहरूको व्यथा बोकेको कथा हो । विदेश जाने र आफ्नो देशमा प्राप्त गर्न नसकेको सुख-सम्पत्ति प्राप्त गर्ने चाहनाले लाहुरे बन्न पुगेको दाउरेकान्छा विदेशमा गएर पनि कुनै ठूलो उपलब्धि विना नै गाउँ फर्कन्छ । पाखुरामा बल रहुन्जेल विदेशको सेव गर्ने र अशक्त

अवस्थामा गाउँ फर्कने प्रवृत्तिलाई धिक्कार्दै आफ्नो बाँकी जीवन आफ्नै देशमा नयाँ सिर्जना गरेर बिताउने प्रण गर्छ ।

**स्निग्ध अनुहार** लोग्नेले अवहेलना गरेपछि माइतमा बसेर दिन बिताइरहेकी युवतीको बेदना पोखिएको कथा हो । माझरीको विवाह उसको इच्छाविपरीत विवाह गरिदिएका हुन्छन् । विवाहपछि उसले लोग्नेबाट त माया पाउन सकिन नै उसको चाहनाको वारेमा अरु आफन्तबाट पनि कुनै रुचि देखाइएको हुँदैन । जसले गर्दा ऊ माइतघरबाट भौंतारिएर निस्कन्छे । संयोगवश उसले सहयात्रीको रूपमा एक युवक भेट्छे जसले उसमा आशाका नया किरण छरिदिन्छ । **मैले हत्या गर्दैछु** कथामा मानसिंहले बाल्यकालमा पढ्न नसकेकाले राम्रो काम गरी बाबुले कमाएको धनसम्पत्ति र मान-मर्यादा जोगाउन सक्तैन । रक्सीको लत र ऋण बढ्दै जानाले उसले समाजमा घृणा मात्र पाउन थालेको छ । यसैले गर्दा मानसिक रूपमा सन्तुलन गुमाउने अवस्थामा समेत ऊ पुगेको छ । **उघ्रिँदै गएको कालो बादल** बालविवाह प्रथा र त्यसले सिर्जिएको जारी जीवनका थप जटिलत परिस्थितिलाई चित्रण गरिएको छ । नौ वर्षकै कलिलो उमेरमा माधुरीको विवाह बुढो ड्राइभरसँग गरिदिएका हुन्छन् तर उसको मृत्युपछि विधवा बनेकी माधुरीलाई उसका काका-काकीले आश्रय दिन्छन् । उसको रहरलाग्दो जवानी उजाड बनेर बितिरहेको हुन्छ । त्यसलाई सुलसुले दमाईको सामिप्यताले केही सिंचेको हुन्छ । त्यो सम्बन्धलाई समाजले हेयको दृष्टिले हेर्न थालेपछि बिरक्तिएर आत्महत्यातर्फ प्रवृत्त बनेकी माधुरीलाई सुलसुलेले उचित समयमा पहुँची बचाउँछ र अन्ततः दुवैले संयुक्त रूपमा नयाँ जीवनको सुरुआत गर्दछन् । लोग्ने र स्वास्नीका बीचमा उत्पन्न असमझदारीले सिर्जिएको समस्याहरूलाई **अल्झिएका आकृतिहरू** कथामा प्रस्तुत गरिएको छ । यसमा आफूहरू बीचको फाटोले घर र बालबच्चाको भविष्य बिग्रन सक्ने भएकाले त्यसबाट कुनै नकरात्मक असर पर्नुअघि नै एकअर्काको कमजोरी महसुस गरी गल्ती सच्याउन नरेशले सनालाई आग्रह गरेको छ । यस क्रममा नरेशले आफूबाट भएका सारा गल्तीहरू स्वीकार्दै सनासमक्ष आत्मसमर्पण गरेको छ तर सना तटस्थ रहेकी छ । प्रेमीबाट टाढिएकी युवतीले आफ्नो अनुपस्थितिमा उसका क्रियाकलापका सम्बन्धमा उब्जिएका शङ्का उपसङ्कालाई **अभिलाषा** कथामा प्रस्तुत गरिएको छ । उच्च शिक्षा हासिल गर्न गाउँबाट टाढा गएकी युवतीले आफ्नो प्रेमीले अन्य युवतीसँग सम्बन्ध बढाएर आफूलाई बिर्सला कि भन्ने चिन्ताले ग्रसित बनेकी छ । सत्य र विश्वासमा अटल भएकाले आफूले गरेको प्रेम अन्ततः सफल भएरै छाड्ने कुरामा विश्वस्त बनेकी छ ।

**खेलका गोटी यिनका चाल** कथामा गरिबीमा पिल्सिएका नेपालीको जीवनशैली कति कष्टकर छ भन्ने कुरा देखाउन खोजिएको छ । छोरी गुञ्जनको बालहठका अगाडि केही जोर नचलेपछि उसलाई लिएर श्याममान दर्शनसँग मेलातर्फ लाग्छ । वर्षभरि उत्पिडनमा बाँचेर पनि एकदिन मेलामा आउँदा रमाएका महिला र अभावमा बाँचेका युवायुवतीको अवस्था देखेर श्याममान

र दर्शन गम्भीर बन्न पुगेका छन् । **अन्तरमन** कथामा श्रीमान्को अनैतिक क्रियाकलाप र आफ्नै सङ्कीर्ण विचारका कारण एक स्वाभिमानी नारीले भोग्नुपरेको दुर्गतिलाई कारुणिक रूपमा प्रस्तुत गरिएको छ ।

शिक्षण पेसालाई सेवा भावभन्दा व्यवसायिक रूपमा लिने प्रवृत्ति बढ्दै जानाले शैक्षिक स्थिति गिर्दै गएको तथ्यलाई **पेसा** कथामा उजागर गरिएको छ । आफ्नो सम्पूर्ण समय ट्युसन पढाउनमा खर्चने तर त्यसको उपलब्धितर्फ जिम्मेवार बन्न नचाहने शिक्षकहरूका कारण बालबालिकाहरूको भविष्य अन्धकारमय बनेको र शिक्षण पेसाको मर्यादामा आँच आउन थालेको कुरालाई यस कथाले सङ्केत गरेको छ ।

**तीन लघुकथाहरू : गोडधुवा, धार र जबाफ** सामाजिक विसङ्गतिमा आधारित कथा हुन् । पहिलो कथामा दाइजो प्रथाले गरिबलाई पारेको समस्यालाई चित्रण गरिएको छ । विवाहको मण्डपमा पुगिसकेपछि दाइजो कम देखेपछि साथीहरूका बीच हीनताबोधले पिल्सिएको दुलाहा र दुलाहाको प्रतिक्रियाबाट विचलित दुलहीको बाबुको समस्या चित्रण गरिएको छ । दोस्रो कथामा दुई पुस्ताबीचको सोचाइको अन्तर देखाइएको छ । दिनकर बाजेले ठूलो कष्ट झेलेर आफ्ना छोराछोरीलाई राम्रोसँग लालनपालन गर्छन् र 'ठूला मान्छे' बनाउँछन् । बुढेसकालमा सुखपूर्वक छोराहरूसँग बस्ने इच्छा राख्दा छोराहरू आफूले पनि आफ्ना सन्तानका लागि काम गर्नुपर्ने भएकाले बाबुको इच्छा पूरा गर्न नसक्ने बताएर जिम्मेवारीबाट पछि हट्छन् । छोराहरूको यस्तो व्यवहारले दिनकर बाजेलाई छाँगाबाट खसेको महसुस हुन्छ । तेस्रो कथामा अयोग्य र असक्षम नेतृत्वबाट अन्योलग्रस्त बन्न पुगेका कर्मचारीहरूको अवस्था देखाइएको छ । कर्मचारी 'क' ले इमान्दारीपूर्वक आदेश पालना गरे पनि हाकिम कमलकान्त सन्तुष्ट हुँदैन र पटक-पटक त्यही काम गर्न लगाउँछन् । हाकिमको व्यवहारबाट आजित बनेर कर्मचारी 'क' ले त्यो काम उल्टोपाल्टो गर्दा हाकिम सन्तुष्ट बन्छ ।

हाम्रो सामाजिक, सांस्कृतिक र धार्मिक मान्यताभित्र नारीको स्थान खोज गर्ने कार्य छोटाका कथामा भएको पाइन्छ । नारीले भोगेका पीडाप्रति सहानुभूति प्रकट गर्दै उनीहरूको सशक्तीकरणको आवाज बुलन्द गरेका छन् । आर्थिक विषमता र यसले उत्पन्न गरेको वर्गीय विभेदप्रति पनि छोटाले प्रकाश पारेका हुन्छन् । समाजमा आफ्नो मुल्य अस्तित्वको सङ्कट आउन थालेपछि सङ्घर्षमा उत्रिएका गरिबका व्यथालाई पनि कथामा समेटेका छन् । यसैगरी व्यक्ति मनका विभिन्न अवस्थाको सुक्ष्म विश्लेषण पनि उनका कथाहरूमा पाइन्छन् ।

### ख) चरित्रचित्रण

**प्रकारान्त** कथासङ्ग्रहभित्रका कथाहरूका पात्रमा चरित्रगत विविधता पाइन्छ । सीमित पात्रको प्रयोग गरिएका उनका कथाहरूमा विभिन्न वर्ग, जाति र क्षेत्रका स्त्री तथा पुरुष पात्रको स्वाभाविक प्रयोग पाइन्छ । गरिबी, अशिक्षा, जातीय असमानता आदि सामाजिक समस्याबाट पिल्सिएका मानिसहरूको वास्तविक चित्र उतारिएको छ । अधिकांश कथामा नेपाली समाजमा नारीले भोग्नुपरेका विभिन्न अवस्थाको सूक्ष्म चित्रण गरिएको हुनाले प्रमुख पात्रका रूपमा स्त्री पात्रको प्रयोग गरिएको पाइन्छ ।

**चर्किएको घाउ** कथाकी शैलजा र **मृत्युपछिको सगुन** कथाकी लक्ष्मीले पुरुषप्रधान समाजमा पतिलाई सर्वस्व मान्ने नारीहरूको प्रतिनिधित्व गरेका छन् । आफ्नो पतिको हरेक कदममा साथ दिन उनीहरू तत्पर छन् । यी दुवै पात्र स्वाभिमानी छन् तर शैलजाको चरित्र स्थीर छ भने लक्ष्मीको चरित्र गतिशील रहेको पाइन्छ । शैलजा लोग्ने मृत्युशैयामा पुग्दा आफूले कसरी जीवन धान्ने भन्ने कुराले चिन्तित छ भने लक्ष्मी बेरोजगार लोग्नेलाई कुनै सहयोग गर्न नसकेपछि उसको भार बन्न नचाहेर मृत्यतर्फ उन्मुख बनेकी छ । वरण कथाकी रमिता, **आँखीभ्याल** कथाकी कमली र **स्निग्ध अनुहार** कथाकी माफ्ररी अन्तर्मुखी स्वभावका पात्र हुन् । सामाजिक संस्कारले थिचिएका यी पात्रले आफ्ना सम्पूर्ण चाहनालाई मनभित्रै गुम्साएर राखेका छन् । यिनीहरूमध्ये कमली र रमिताले चाहेर पनि आफ्नो चाहना पूरा गर्ने प्रयास गरेका छैनन् भने माफ्ररीले आफ्नो चाहना पूर्तिका लागि प्रयासरत बनेकी छ । **म भित्र म बाहिर** कथाकी ममता प्रतिकूल चरित्र हो । सामाजिक आडम्बरले गर्दा आफूले जन्माएको शिशुको हत्या गर्ने क्रुर ममता अन्तमा पश्चाताप गरेकी छ । **उघ्रिँदै गएको कालो बादल** कथाकी प्रमुख पात्र माधुरी र **अन्तरमन** कथाकी पुष्पा परिस्थिति आफ्ना चाहना विपरित भइदिँदा आत्महत्या नै गर्न तम्सने मनोबल कमजोर भएका चरित्र हुन् । **अल्भिएका आकृतिहरू** कथाकी सना र **सम्बद्धता** कथाकी जुनेली महत्त्वाकाक्षी र स्थीर स्वभावका चरित्र हुन् ।

**सम्बद्धता** कथाको लीला र **प्रतिकार** कथाको चुलेहली दुवै प्रगतिशील विचार बोकेका वर्गगत चरित्र हुन् । लीला अन्तर्जातीय विवाहका लागि आँट गर्छ भने चुलेहलीले आफू अन्यायमा परेपछि सामन्त नन्दराजको हत्या गरिदिन्छ । **रात सिद्धिइसकेछ** कथाको श्यामु, **म भित्र म बाहिर** कथाको कमल नेपथ्य पात्र हुन् । **माटोको ममता** कथाको दिले थापा र **गुञ्जन** कथाको दाउरेकान्छा दुवै कथाका प्रमुख चरित्र हुन् । विदेशमा गई काम गर्ने र फर्केर आएपछि नेपाललाई नै प्यारो ठान्ने यी पात्रहरू अनुकूल प्रवृत्तिका चरित्र हुन् । **प्रतिकार** कथाको नन्दराज र **अन्तरमन** कथाको प्रयास सामन्त र वर्गीय सोच भएका प्रतिकूल पात्र हुन् । **पेशा** कथाका शिक्षक, **तीन लघुकथाः जवाफ गोडधुवा र धार** कथाको हाकिम भ्रष्ट आचरण भएका कर्मचारीको प्रतिनिधित्व गर्ने प्रतिकूल चरित्र हो । दाइँजो प्रथाको पक्षपाती दुलाहा र दिनकर बाजेका स्वार्थी छोराहरू पनि प्रतिकूल चरित्र हुन् ।

**ग) परिवेश**

यस कथासङ्ग्रहमा आन्तरिक तथा बाह्य परिवेशको चित्रण गरेर लेखिएका कथाहरू सङ्गृहित छन् । आन्तरिक परिवेशको चित्रण गरिएका कथाहरूमा मुख्य पात्रका अन्तरमनमा उत्पन्न भाव र अवस्थालाई यस सङ्ग्रहका कथाहरूमा देखाइएको पाइन्छ । विविध कारणबाट पात्रले भोग्नुपरेका पीडा, जलन, छटपटी, अस्थिरता आदिको चित्रण गरिएको छ ।

कथामा ग्रामीण र सहरी दुवै परिवेशको चित्रण गरिएको छ । **रात सिद्धिइसकेछ, चर्किएको घाऊ, म भित्र म बाहिर, मृत्युपछिको सगुन, वरण, आँखीभ्याल, मैले हत्या गर्दैछु, अल्भिएका आकृतिहरू, अभिलाषा, खेलका गोटी यिनका चाल, अन्तरमन** आदि सहरी परिवेशमा लेखिएका कथाहरू हुन् । यी कथाका पात्रहरूले सहरी जनजीवनमा देखापरेका विभिन्न विकृतिहरू र विसङ्गतिहरूको सिकार भएका छन् । सहर विभिन्न सुविधा उपलब्ध भए तापनि सँगसँगै समस्याहरू पनि थपिएका छन् भन्ने कुरा यी कथाहरूमा देखाइएको छ । सहरी परिवेशलाई लिएर लेखिएका कथाहरूमा सहरी सभ्यता र संस्कृतिमा आएको ह्रास र सङ्कट उल्लेखित छ । ग्रामीण परिवेशलाई अँगालेर लेखिएका कथाहरूमा **माटोको माया, प्रतिकार, स्निग्ध अनुहार, गुञ्जन, उघ्रिँदै गएको कालो बादल, खेलका गोटी यिनका चाल, पेसा** आदि कथाहरू पर्दछन् । यी कथाहरूमा गरिबी, अशिक्षा र अन्धविश्वासले पिल्सएका गाउँलेहरूको अवस्थालाई प्रस्तुत गरिएको पाइन्छ । यसैगरी **सम्बद्धता, हीनताबोध, तीन लघुकथाहरू** आदि कथाहरूमा ग्रामीण तथा सहरी दुवै परिवेश समेटिएको पाइन्छ ।

**घ) भाषाशैली**

कथाको प्रस्तुतिलाई सुन्दर र सम्प्रेष्य बनाउन आवश्यक भाषाशैली **प्रकारान्त** कथासङ्ग्रहभित्रका कथाहरूमा प्रयोग गरिएको छ । कथाकारले आफ्ना निजी अनुभूति र धारणाहरूलाई कथाका माध्यमबाट व्यक्त गर्न खोजिएको पाइन्छ । यस क्रममा केही कथामा कथाकार स्वयम् समाख्याता बनेर प्रस्तुत भएका छन् भने अधिकांश कथामा कथाकार तटस्थ बनेर पात्रका माध्यमबाट नै सम्पूर्ण घटना र परिवेशको प्रस्तुति गरेका छन् ।

कथाको प्रस्तुतीकरणमा पात्रका एकालाप वा आत्मालाप, वार्तालाप, प्रश्नोत्तर, अन्तर्क्रिया आदि विभिन्न शैलीको प्रयोग गरेको पाइन्छ । संवादमा पात्रानुकूल भाषाको प्रयोग गरिएको भए पनि कथाको समाख्यानमा नेपाली मानक भाषाको प्रयोग गरिएको छ । कथामा प्रयुक्त भाषामा संस्कृतका तत्सम, तद्भव, आगन्तुक र मौलिक शब्दहरूको प्रयोग गरिएको पाइन्छ । नेपाली भाषामा मिलेका हिन्दी र अरबी शब्दहरूका साथै नेपाली जनजिब्रोमा भिजेका प्राउडी, इफेक्ट, सेल्सियस, प्रेसक्रिप्सन, फि, पकेट, हबी, स्पेस, डाइलग आदि अङ्ग्रजी शब्दहरूको प्रयोग गरिएको पाइन्छ । कथामा विभिन्न उखान टुक्काहरूको प्रयोगले भाषिक मिठास थपेको पाइन्छ । गद्य कविता जस्तो

लाग्ने आलङ्कारिक भाषाको प्रयोगले कथाको भावलाई अझ गहन तुल्याएको पाइन्छ । खण्डित वाक्य, पदविचलन, पदयोग तथा पदवियोगमा अनियमितता र वर्णविन्यासका सामान्य त्रुटीहरूले कहीँ कतै खल्लो बनाएको महसुस हुन्छ ।

यी कथाहरूमा एकालाप, वार्तालाप र मनोवादको प्रयोग गरिएको छ । पात्रानुकूलको भाषा प्रयोग गर्ने प्रयास भए तापनि सबै पात्रहरूको अभिव्यक्ति क्षमता समान किसिमको रहेको पाइन्छ । गहन अभिव्यक्तिलाई पनि कथाकारले सरल र सहज भाषामा प्रस्तुत गर्नाले संवाद सूक्तिमय लाग्दछन्:

*"सरल र मृदुलतामा जति छिटो कडा प्रहार हुन्छ के त्यति छिटो अरु वस्तुहरूमा पर्न सक्ला ?"*

*(अन्तरमन : पृष्ठ : १३७)*

जनजिब्रोमा झुण्डिएका अङ्ग्रजीलगायत अन्य भाषका आगन्तुक शब्दहरू, उखान-टुक्का, लोकगीत र संस्कृतका श्लोकहरूको प्रयोगले संवादलाई स्वभाविक बनाएका छन् । भारतमा गई लाहुरे बनेर फर्केको एक नेपालीले बोलेको यो संवाद पनि उनको उत्कृष्ट प्रयोग हो :

*"अरे यार छे महिना बाद, म फेरि आफ्नै जग्गामा फिर्नु पर्छ, आफ्नो डिप्टी त यार पुरा गरी छाड्नु पर्छ ।" (माटोको ममता : पृष्ठ : ६२)*

एक-दुई शब्दका छोटा संवाददेखि सिङ्गै कथा संवादको रूपमा प्रस्तुत गर्ने लामा संवाद पनि छोटाका कथामा प्रयोग भएको पाइन्छ । रात सिद्धिइसकेछ कथाको उत्तरार्द्ध, **आँखीझ्याल** कथाको पूर्वार्द्ध र वरण कथाको सम्पूर्ण भाग पात्रकै संवादका रूपमा आउनाले कथाको मिठासलाई केही घटाए पनि समग्रमा अन्य कथाहरूका प्रस्तुतीकरण सशक्त बनाएका छन् ।

**ङ) दृष्टिबिन्दु**

यस सग्रहका कथाहरू प्रथम पुरुष र तृतीय पुरुष दृष्टिबिन्दुमा लेखिएका छन् । केही कथाहरू प्रथम पुरुष ढाँचामा लेखिए पनि अधिकांश कथाहरू तृतीय पुरुष ढाँचामा लेखिएका छन् । **म भित्र म बाहिर**, **मृत्युपछिको सगुन**, **हीनताबोध**, **अल्झिएका आकृतिहरू** र **अभिलाषा** प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दुमा रचिएका कथा हुन् । यी कथाहरूमा मुख्य पात्रका माध्यमबाट सम्पूर्ण घटना र परिवेशको प्रस्तुति गरिएको छ । तृतीय पुरुष कथन ढाँचामा लेखिएका कथाहरूमा पनि सीमित र सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग गरिएको पाइन्छ ।

**च) उद्देश्य**

कथाकार छोटामा सामाजिक पृष्ठभूमिमा कथा लेखेर समाजका विभिन्न अवस्थाको बोध गराउने उद्देश्य रहेको पाइन्छ । समाजिक, सांस्कृतिक, आर्थिक, राजनैतिक क्षेत्रमा देखापरेका विकृति

र विसङ्गतिहरूलाई प्रस्तुत गरेर समाज सुधारको भावना जागृत गराउने उद्देश्य पनि यो सङ्ग्रहका कथाहरूमा रहेको देखिन्छ । चेतनाको ज्योति बालेर अशिक्षा, अज्ञानता र अन्धविश्वासभित्र रुमल्लिईरहेको समाजलाई परिवर्तन गर्ने उत्कट चाहना कथाकारमा रहेको पाइन्छ । जातीय, वर्गीय र लैङ्गिक विभेदबाट उत्पन्न विभिन्न समस्याहरूलाई यथार्थ चित्रण गरेर समाजमा समानता कायम गर्ने तथा राष्ट्रियताको भावनाबाट ओतप्रोत पात्रका क्रियाकलापका माध्यमबाट जनतामा राष्ट्रप्रति बफादार बन्ने सन्देश यी कथाहरूले दिएका छन् । प्रेमको आदर्श रूपको प्रस्तुतिबाट समाजमा अनुशासन कायम गर्नु पनि यस कथासङ्ग्रहभित्रका कथाहरूको उद्देश्य रहेको पाइन्छ ।

### ५.३.५ साधना प्रतीक्षा र उनका प्रमुख कथा-सङ्ग्रहको अध्ययन

#### ५.३.५.१ कथाकार साधना प्रतीक्षाको परिचय

साधना प्रतीक्षा (न्वारानको नाम डिलकुमारी पन्त) को जन्म वि. सं. २०२९ मंसिर ५ गते पर्वत जिल्लाको लिमिठाना गा. वि. सं. वडा नं. ७ मा माता शारदा पन्त र पिता भोजराज पन्तकी सुपुत्रीको रूपमा भएको हो । त्रि. वि. बाट नेपाली विषयमा स्नातकोत्तर गरेकी प्रतीक्षा सर्वप्रथम २०४२ सालमा **सौगात** पत्रिकामा **सेवा** शीर्षकको कथा प्रकाशित गरेर नेपाली साहित्यमा प्रवेश गरेकी हुन् ।[१३७] हाल एस. ओ. एस. हर्मन माइनर उ. मा. वि., भक्तपुरमा अध्यापनरत प्रतीक्षा काठमाडौको त्रिचन्द क्याम्पसमा पनि प्राध्यापनरत छिन् । धवलागिरि साहित्य प्रतिष्ठान, बागलुङ, पर्वत साहित्य सङ्गम, पर्वत आदि साहित्यिक संघसंस्थाहरूमा संलग्न रहदै साहित्यिक क्रियाकलाममा सक्रिय रहँदै आएकी छन् । उनी वि. सं. २०५३ को 'काजीरोशन साहित्य पुरस्कार' बाट सम्मानित भइसकेकी छिन् ।

प्रतीक्षाले कविता, निबन्ध, समालोचना आदि विविध विधामा कलम चलाएको भए तापनि कथा विधामै विशिष्टता हासिल गरेकी छन् । उनका हालसम्म प्रकाशित कृतिहरूमा दुई ओटा कथासङ्ग्रहहरू रहेका छन् :

१) रगतका दुई रङ (२०५३)

२) अतृप्त आकाश (२०६३)[१३८]

कथाकार साधना प्रतीक्षा धवलागिरि अञ्चलका सशक्त साहित्यकारहरूमध्ये एक हुन् । नारी वर्गका समस्यालाई मूल विषय बनाइएका उनका कथाहरूमा आर्थिक, सामाजिक र राजनैतिक विसङ्गतिबाट कष्टकर बन्न पुगेको निम्न वर्गीय नेपालीहरूको जीवनस्तरलाई प्रस्तुत गरिएको छ । यसरी सामाजिक विषयवस्तु, यथार्थवादी शैली, सरल एवम् काव्यात्मक भाषा, मार्मिक अभिव्यक्ति र

---

[१३७] साधना प्रतीक्षाबाट प्राप्त मौखिक जानकारी ।

[१३८] इन्द्रकुमार विकल्प, पूर्ववत्, पृष्ठ : ३७ ।

सामाजिक परिवर्तनको अपेक्षा उनको कथागत विशेषता हुन् । समग्रमा उनी धवलागिरिका प्रतिनिधि महिला कथाकार हुन् ।

### ५.३.५.२ 'रगतका दुई रङ' कथा-सङ्ग्रहको विश्लेषण र मूल्याङ्कन

वि. सं. २०५३ मा प्रकाशित **रगतका दुई रङ** कथासङ्ग्रह साधना प्रतीक्षाको पहिलो साहित्यिक कृति हो । काजीरोशन साहित्य पुरस्कारबाट पुरस्कृत यो कृति धवलागिरि साहित्य पुरस्कार प्रतिष्ठान, बागलुङबाट प्रकाशित भएको हो । यस सङ्ग्रहमा सङ्गृहित कथाहरूमा **स्मृतिका पानाभित्र**, **पूर्णिमा**, **अव्यक्त पीडा**, **आधा आकाश**, **आँशुले पखालिएको आत्मनिर्णय**, **सिन्दुर मेटाइदिन्छु**, **रगतका दुई रङ**, **प्यासो नदी र विधवा** शीर्षकका कथाहरू रहेका छन् ।[१३९] नेपाली समाजमा नारीले भोग्नु परेका पीडा र व्यथालाई प्रमुख विषय बनाएर लेखिएका यी कथाहरू यथार्थवादी ढाँचामा लेखिएका छन् ।

**क) कथावस्तु**

**रगतका दुई रङ** कथासङ्ग्रहमा सङ्गृहित सम्पूर्ण कथाहरू सामाजिक पृष्ठभूमिमा लेखिएका छन् । सम्पूर्ण कथाहरूमा नेपाली समाजमा व्याप्त लैङ्गिक विभेद र त्यसबाट महिलाहरूले भोग्नु परेका कारुणिक जीवनको चित्रण गरिएको पाइन्छ । समाजमा प्रचलित परम्परा र कुसंस्कार, पुरुषले गर्ने हिंसा, महिलाबाटै गरिने दुर्व्यवहार, तथा आफ्नै कमजोर मानसिकताका कारण जटिल बन्न पुगेको महिलाहरूको जीवनको यथार्थ यी कथाहरूमा पाइन्छ ।

**स्मृतिका पानाभित्र** कथा **रगतका दुई रङ** कथासङ्ग्रहभित्रको पहिलो कथा हो । यस कथामा विगतको सम्झना गर्दै आफ्नो प्रेमीसामु प्रकट भएका भावनालाई प्रस्तुत गरिएको छ । समीरको कमजोरी र विभाको महत्त्वाकांक्षाले गर्दा यी दुई प्रेमी-प्रेमिकाको मिलन हुन सक्दैन । यसैबीच विभा विद्यावारिधि उपाधि हारिल गर्न विदेश जान्छे भने समीर कसैसँग विवाह गरी गरजम बसाउँछ । अन्तमा विद्यावारिधि उपाधि हासिल गरेर फर्किएकी विभाले सफलता र खुशी एकैसाथ प्राप्त गर्न नसकेको असन्तुष्टी प्रकट गर्न पुग्छे । **पूर्णिमा** नेपाली समाजमा असहाय महिलाले भोग्नुपर्ने नारकीय जीवनको चित्रण गरिएको कथा हो । रोगी बाबुले परिवारको आर्थिक बोझ थाम्न नसकेपछि पूर्णिमाले जागिरका लागि आफ्नो बाबुको काम गर्ने कार्यालयको हाकिमलाई गुहार्न पुग्छे । तर ऊ त्यही हाकिमको व्यभिचारको सिकार बन्न बन्छे । यस घटनापछि उसले पुरुषको कमजोरीको फाइदा उठाएर उनीहरूलाई लुट्न थाल्छे । यसरी भौतिक रूपमा सुखसयल प्राप्त गर्न सके पनि आफूमा एड्स रोग लागेको थाहा पाएपछि जीवन नै शून्य बनेको महसुस गर्न थाल्छे । नयाँ पुस्ताको जीवनशैलीमा देखा परेका विभिन्न विकृति र विसङ्गतिलाई **अव्यक्त पीडा** कथाले देखाएको छ ।

---

[१३९] साधना प्रतीक्षा, **रगतका दुई रङ**, धवलागिरि साहित्य पुरस्कार प्रतिष्ठान, बागलुङ, २०५३ ।

आफ्नो पारिवारिक दायित्व र सांस्कृतिक मूल्यलाई बिर्सिएर आधुनिकताको नाममा छाडा क्रियाकलापमा रमाउन चाहने युवाहरू अन्ततः भयावह परिणामको सामना गर्नुपर्छ भन्ने कुरालाई यस कथाको युवकको माध्यमबाट प्रस्तुत गरिएको छ ।

**आधा आकाश** कथामा नारी पनि पुरुष बराबर सक्षम रहेकाले नारीप्रति तच्छ व्यवहार गर्न नहुने धारणा प्रस्तुत गरिएको छ । एउटी नारीको आत्मीयताभन्दा जवानीको चाहना राख्ने युवकलाई धिक्कार्दै 'म' पात्रले विद्रोहको चेतावनी दिएकी छ । शिक्षित भएर पनि एउटी नारीले घर र समाजमा प्रताडित बन्नुपर्छ भन्ने कुरालाई **आँशुले पखालिएको आत्मनिर्णय** कथामा देखाइएको छ । उषा अध्ययन तथा सामाजिक गतिविधिमा सक्रिय युवती हो । तर उसको चाहना र प्रतिभालाई उसकै भाउजूबाट दमन गरिएको छ । यसरी एक नारीको प्रगतिपथमा अर्की नारी अवरोध बनेकाले सामाजिक उत्थान हुन नसकेको अवस्था चित्रण गरिएको छ । छोरीलाई पढाउनु हुँदैन भन्ने पुरातन सोचाइ राख्ने अभिभावकको कारण सन्तानले भोग्नुपरेको दुःख **सिन्दुर मेटाइदिन्छु** कथाको विषय हो । अनपढ भएकै कारण लोग्नेले अर्की श्रीमती ल्याएपछि बिचल्लीमा परेकी बेलीले परम्पराप्रति नै विद्रोह गर्दै विवाहका सम्पूर्ण चिन्हहरू मेटाएर नयाँ जीवनको सुरुआत गर्छे ।

रोगीको उपचार गर्नुपर्ने डाक्टर अध्ययनकै क्रममा एड्स जस्तो प्राणघातक रोगको सिकार बन्न पुगेको विसङ्गगत अवस्था **रगतका दुई रङ** कथामा चित्रित छ । विदेशमा अध्ययन गरेर फर्किएको डा. प्रभातले आफूसँगै एड्स रोग पनि बोकेर आउँछ । पहिले रक्तदान गरेर रजनीलाई पुनर्जीवन दिने प्रभातले आफ्नो रगतको ग्रुप मिल्ने भए तापनि रगतको अभावमा विरामी मरेको हेर्न विवश छ । यस अवस्थामा हतास बनेको प्रभातको सबै वास्तविकता बुझेर पनि रजनीले उसँग विवाहका लागि तयार हुन्छे ।

**प्यासो नदी** कथा पनि उत्पीडित नारीको मर्म पोखिएको कथा हो । यस कथामा सम्पन्न परिवारमा विवाह गरेर गएपछि चार वर्षसम्म माइत फर्केर नआएपछि बहिनी प्रभालाई लिन दाजु बहिनीको घर जान्छ । दाइँजो नल्याएको कारणले प्रभालाई उसकै परिवारले यातना दिएर मृत्युको मुखमा पुऱ्याएका हुन्छन् । बहिनीको मृत्युले विक्षिप्त बनेको दाजु गन्तव्यहीन बनेर भौंतारिन पुग्छ । **विधवा** संकुचित सामाजिक धारणालाई उजागर गरिएको कथा हो । वैवाहिक जीवनको सुन्दर सपना सजाएकी गङ्गा विवाहको एक वर्ष पनि नहुँदै विधवा बन्न पुग्छे । लोग्नेको मृन्युपछि घरबाट विस्थापित बनेर माइत जान्छे तर माइतीमा पनि आमाको मृत्युपछि आत्मीयता नपाएपछि बिरानो ठाउँमा गई कडा परिश्रमका साथ जीवन निर्वाह गर्न थाल्छे । पहिले सम्मानित जीवन बाँचेकी एक नारीको जीवन पुरुषको धोखाबाट कसरी कारुणिक बन्न पुगेको सन्दर्भ **जिन्दगी दुखिरहेछ** कथामा देखाइएको छ । गाउँमा शिक्षण पेसा अपनाएर गुजरा गरेकी निम्न वर्गीय एक युवतीलाई विवाहको

वाहनामा मुग्लानमा लगेर बेच्छ । त्यहाँबाट संयोगवश भागेर गाउँमा फर्कन सफल बनेपछि गाउँलेहरूको अपमानले विक्षिप्त बनी मानसिक सन्तुलन गुमाउन पुगेकी छ ।

**ख) चरित्रचित्रण**

**रगतका दुई रङ** कथासङ्ग्रहभित्रका कथाहरूमा नेपाली समाजका मध्यमवर्गीय नारीहरूको पीडा र व्यथाहरू पस्किएका हुनाले प्रमुख पात्रका रूपमा स्त्री पात्रको बढी प्रयोग भएको पाइन्छ । यी कथाहरूमा सीमित सङ्ख्यामा पात्रहरूको प्रयोग गरिएको छ ।

**स्मृतिका पानाहरू** कथाकी नायिका विभा महत्त्वाकांक्षी स्वभावकी चरित्र हो । परिवारले उसलाई अस्वीकार गरेपछि आफै समीरबाट टाढिन्छे र विद्यावारिधि गर्न विदेश जान्छे । विदेशबाट फर्किएर आएपछि पनि उसलाई आत्मतृप्ति हुँदैन । **पूर्णिमा** कथाकी प्रमुख चरित्र पूर्णिमा व्यभिचारको सिकार बन्न पुगेका नारीको प्रतिनिधि वर्गीय चरित्र हो । जागिर खोज्ने क्रममा अस्मिता गुमाउन परेपछि पनि उसले समाजसँग सङ्घर्ष गरिरहन्छे र अन्ततः आफूलाई समर्पण गर्न बाध्य बन्छे । **अव्यक्त पीडा** कथाको युवक क्षणिक उन्मादमा अनमोल जीवन बर्बाद गर्ने र मृत्युको मुखमा पुगेपछि पछुताउने गतिशील चरित्र हो । यसै कथाकी झरना युवकको उपहासबाट विचलित नबन्ने र अन्तिम समयमा पूर्वाग्रहरहित भएर सेवा गर्ने स्थीर स्वभावकी अनुकूल चरित्र हो । **आधा आकाश** कथाकी 'म' पात्र पनि एक पुरुषमाथिको भरोषा टुटेपछि विक्षिप्त बनेकी एक स्त्री पात्र हो । ऊ नारीलाई ऐयासीको साधनको रूपमा लिने पुरुष समाजविरुद्ध सशक्त विद्रोह गर्ने स्वावलम्बी र स्थीर चरित्र हो । नेपथ्य चरित्रका रूपमा आएको उसको प्रेमी विजय स्त्रीहरूसँग खेलवाड गर्ने प्रतिकूल चरित्र हो । **आँशुले पखालिएको आत्मनिर्णय** कथाकी उषा सङ्कुचित विचार भएको आफ्नै परिवारबाट उपेक्षित स्त्रीचरित्र हो । आफ्नो जीवनको बारेमा आफैले निर्णय गर्न नसकेर भाग्यलाई धिक्कार्ने ऊ कमजोर चरित्र हो । बेली पनि उषा जस्तै कमजोर चरित्र हो तर पढाइको बारेमा आफूले निर्णय गर्न नसके पनि आफ्नो घरबाट उपेक्षित बनेपछि परम्पराविरुद्ध सङ्घर्ष गर्ने सशक्त नारी हो । **रगतका दुई रङ** कथाको प्रमुख पात्र प्रभात डाक्टर बनेर पनि एड्स रोगले पीडित विसङ्गत र गतिशील चरित्र हो भने रजनी प्रभात डाक्टर बन्नुअघि र एड्स रोग लागेपछि पनि समान रूपमा व्यवहार गर्ने आदर्श प्रेमिका हो । निम्न वर्गको प्रतिनिधित्व गर्ने रजनी अनुकूल चरित्र हो । **प्यासो नदी** कथाकी प्रभा दाइजो प्रथाबाट पीडित नारी हो । पारिवारिक हिंसाको सिकार बनेकी प्रभा मध्यम वर्गीय उत्पीडित नारीकी प्रतिनिधि चरित्र हो भने उसको दाजु अधीश बहिनीको मायामा पागल बन्ने अनुकूल चरित्र हो । **विधवा** कथाकी गङ्गा परम्परागत समाजको सङ्कुचित दृष्टिकोणका कारण अपहेलित बनेर सङ्घर्षपूर्ण जीवन व्यतित गरेकी वर्गीय चरित्र हो

भने **जिन्दगी चलिरहेछ** कथाकी चमेली विभेदपूर्ण सामाजिक परिपाटी र खराब व्यक्तिको भरोषाको कारण जीवन बर्बाद भएकी स्त्री चरित्र हो । उसमा गङ्गाको जस्तो दृढ मानसिकता छैन ।

यस कथासङ्ग्रहका कथाहरूमा पूर्णिमाको जीवन बर्बाद गर्ने हाकिम, उषाकी भाउजू, विकास, बेलीको सासु, जेठानी र लोग्ने, प्रभाका सम्पूर्ण परिवार,चमेलीको प्रेमी आदि पात्र स्वार्थपूर्तिका लागि दानवीय व्यवहार गर्ने प्रतिकूल चरित्र भएका पात्रहरू हुन् ।

**ग) परिवेश**

कथाकार प्रतीक्षाले कथामा विभिन्न किसिमको परिवेशको चित्रण गरेकी छन् । अधिकांश कथाहरूमा शहरी क्षेत्रका मध्यम वर्गीय समाजको चित्रण गरिएको छ भने केही कथाहरूमा ग्रामीण क्षेत्रका वस्तुस्थिति र जीवनशैलीलाई पनि चित्रण गरिएको छ । पारिवारिक समस्यालाई विषयवस्तु बनाएर लेखिएको हुनाले यी कथाहरूमा पारिवारिक सम्बन्ध, लैङ्गिक असमानता र त्यसबाट उत्पन्न क्रिया-प्रतिक्रियालाई पनि यथार्थ रूपमा चित्रण गरिएको छ । सहरी क्षेत्रमा मानिसहरूका दैनिक गतिविधिअन्तर्गत अध्ययन, जागिर र घरायसी कामकाजको उल्लेख गरिएको छ भने ग्रामीण जनजीवनमा घाँस-दाउरा गर्नु, खेतीपाती र उकाली-ओरालीको चित्रण गरिएको छ ।

> *पहाडको फेदमा नागवेली परेको नदी सुसाउँदै बगिरहेको छ । उसको निरन्तरताको बहाव, हतारै र सुसाइ देख्दा लाग्छ ऊ वर्षौंदेखि तिर्खाएको छ, आफ्नो त्यो अतृप्त प्यास मेट्न भौंतारिइरहेको छ, कहिले खहरे बनेर किनारालाई क्षत-विक्षत पार्दै, कहिले लहरहरूसँग लहराउँदै दौडिइरहेछ ।* *(प्यासो नदी, पृष्ठ : ४८)*

यसप्रकार कथामा प्रकृतिको उतरचढावका साथै व्यक्तिको मनका अन्तर्द्वन्द्व र छटपटीलाई समानान्तर रूपमा चित्रण गरिएको पाइन्छ । यस सङ्ग्रहका अन्य कथाहरूमा पनि बाह्य परिवेश र आन्तरिक परिवेशको चित्रण गर्न कथाकार सफल देखिन्छन् ।

**घ) भाषाशैली**

प्रतीक्षा सामाजिक विषयवस्तु अँगालेर यथार्थवादी शैलीमा कथा लेख्ने कथाकार हुन् । उनले यस कथासङ्ग्रहका कथाहरूमा पनि यही शैलीलाई अँगालेको पाइन्छ । भाषालाई परिष्कार गरेर काव्यात्मक अलङ्कारिक शैलीमा कथा प्रस्तुत गर्ने कथाकारका यी कथामा संस्कृत तत्सम शब्दहरूका साथै अङ्ग्रेजी भाषाका शब्दहरूको व्यापक प्रयोग गरी पात्रानुकूल बनाउने प्रयास गरिएको छ । सादगी, अफवाह, बरबादी आदि हिन्दी शब्द तथा इन्सेक्ट किलर, अपरेशन थियटर, थ्याङ्स् डक्टर, इमर्जेन्सी वार्ड, ओ आई एम सरी सिस्टर आदि अङ्ग्रेजी पदावली र वाक्यको प्रयोगले कथ्य भाषालाई स्वाभाविक बनाएको छ ।

*.... नन्द कराउँथिन्- "मेरो ड्रेस धोएको छैन ? सधैँ भनिराख्नुपर्ने । कालो अक्षर भैँसी बराबर भएपछि के गर्नु ?" (सिन्दुर मेटाइदिन्छु, पृष्ठ : ३२)*

यसैगरी प्रसङ्गानुकूल गीत, उखान-टुक्का, बिम्ब, प्रतीकको प्रयोगले भाषिक अलङ्कारको सिर्जना गरेको पाइन्छ :

*धोखा दियौ तिमीले कलेजीमा घाउ लाग्यो,*

*विछोडको गोलीले बदनामको दाग लाग्यो (आधा आकाश, पृष्ठ : २१)*

पात्रका विभिन्न अवस्ता र चरित्रको चित्रण गर्न राम, रावण, सीता, कृष्ण, द्रौपदी आदि विभिन्न पौराणिक पात्रलाई पनि प्रतीकका रूपमा उपस्थित गराइएको पाइन्छ ।

यस सङ्ग्रहका कथाहरूमा संवादलाई एकालाप, वार्तालाप र मनोवादको रूपमा प्रस्तुत गरिएको छ । संवादमा कथ्य भाषालाई प्राथमिकता दिइएको छ र यस्ता संवादले पात्रको चरित्रलाई रूपष्ट रूपमा चित्रण गरेको पाइन्छ :

*"ल हेर अलछिनी त यसवेलासम्म सुतिराखेकी रैछ । घाम धुरीमाथि आइसक्यो ।"*

*यस्तै खोटो कर्मले त सौता बेहोर्नु पऱ्यो नि, अझ घरको पनि वास्ता गर्दिन कहाँ जाउँला भनेर होला ?" (सिन्दुर मेटाइदिन्छु, पृष्ठ : ३४)*

परम्परागत समाजमा सासु, बुहारी, र नन्द-आमाज्यूका बीचको सम्बन्धमा पाइने सङ्कुचितता यी सम्वादहरूमा देख्न सकिन्छ । एक नारीले अर्की नारीप्रति गर्ने अन्याय र अत्याचारलाई पनि सम्वादका माध्यमबाट प्रस्तुत गरिएको छ ।

**ङ) दृष्टिबिन्दु**

यस कथासङ्ग्रहका दश ओटा कथाहरूमध्ये छ ओटा कथाहरूमा प्रथम पुरुष वा आन्तरिक दृष्टिबिन्दुको प्रयोग गरिएको छ भने बाँकी चारओटा कथाहरूमा तृतीय पुरुष वा बाह्य दृष्टिबिन्दुको प्रयोग गरिएको छ । स्मृतिका पानाहरू कथामा विभा र **आधा आकाश** कथामा 'म' पात्रले आफ्ना प्रेमीहरू समीर र विकासलाई सम्बोधन गरेर आफ्ना भावना प्रकट गरेका छन् । **पूर्णिमा**, **अव्यक्त पीडा**, **आँशुले पखालिएको आत्मनिर्णय** र **विधवा** कथाहरूमा प्रमुख पात्र पूर्णिमा, झरना, उषा र गङ्गाले प्रथम पुरुष शैलीमा कथा प्रस्तुत गरेका छन् । यी सबै कथाहरूमा प्रथम पुरुष केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको छ । **सिन्दुर मेटाइदिन्छु**, **रगतका दुई रङ**, **प्यासो नदी** र **जिन्दगी दुःखिरहेछ** कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । पात्रहरूको अन्तरमनसम्म पुगेर मानसिक द्वन्द्वको चित्रण गरिको हुनाले यी कथाहरूमा तृतीय पुरुषअन्तर्गत सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

**च) उद्देश्य**

समाजमा अपहेलित नारीहरूको अवस्था जानकारी गराएर उनीहरूप्रति पाठकहरूमा समवेदना जगाउनु यी कथाहरूको उद्देश्य रहेको पाइन्छ । शिक्षाको अभावमा एउटी चेलीले भोग्नुपर्ने कठिनाइको चित्रण गरेर शिक्षाको महत्त्व बोध गराउन खोजिएको छ । समाजबाट अपहेलित नारीलाई समस्याबाट भाग्दा त्यसले झन नराम्रोसँग गाँज्ने भएकाले आफ्नो हक-अधिकार प्राप्त गर्न र अस्मिताको रक्षाका लागि अझ जुझारु बनेर लाग्न आग्रह गरेको पाइन्छ । एक नारीप्रति अर्की नारीले गर्ने व्यवहार नसच्चिएकाले समाजमा नारीको स्थान सुरक्षित हुन नसकेको धारणा कथामा प्रकट भएको छ । यसैगरी विदेशी संस्कृतिको प्रभावमा परेका युवावर्गले सकारात्मक कुराभन्दा बढी विकृति र विसङ्गति भित्राएका छन् भन्ने कुरा पनि **अव्यक्त पीडा** कथाको युवक र 'रगतका दुई रङ' कथाको डा. प्रभातले एड्सजस्तो प्राणघातक रोगबाट ग्रसित भएकोबाट प्रष्ट पारिएको छ । समग्रमा यस सङ्ग्रहका कथाहरूमा समाज सुधारको सन्देश दिने उद्देश्य रहेको पाइन्छ ।

**५.३.५.४ 'अतृप्त आकाश' कथा-सङ्ग्रहको विश्लेषण र मूल्याङ्कन**

**अतृप्त आकाश** कथासङ्ग्रह कथाकार प्रतीक्षाको दोस्रो प्रकाशित कथासङ्ग्रह हो । साझा प्रकाशनबाट २०६१ सालमा पहिलोपल्ट प्रकाशित यो कथासङ्ग्रहमा वर्तमान परिवेशलाई समेटिएका २० वटा सामाजिक कथाहरू समेटिएको छ ।[१४०] यी कथाहरू सामाजिक, राजनैतिक तथा आर्थिक विसङ्गति, प्रणय-प्रसङ्ग र मानसिक द्वन्द्वलाई विषय बनाएर यथार्थवादी शैलीमा लेखिएको छ ।

**क) कथावस्तु**

**अतृप्त आकाश** कथासङ्ग्रहभित्रका कथाहरूमा सामाजिक स्रोतबाट विषय ग्रहण गरी लेखिएका कथाहरूलाई समावेश गरिएको छ । विकृति र विसङ्गतिले व्याप्त वर्तमान परिवेश र निम्नवर्गीय जनजीवनका समस्याहरूलाई यी कथाहरूमा प्रस्तुत गरिएको छ ।

**मिस्टर नेपाल** संक्रमणकालीन नेपाली समाजका पीडित जनताको वास्तविक अवस्था चित्रण गरिएको कथा हो । यस कथाको प्रमुख पात्र मिस्टर नेपाल आम नेपाली जनता जस्तै गरीबी बेरोजगारी, महङ्गीजस्ता समस्याबाट ग्रसित चरित्र हो । एउटा सानो जागिरले सहरमा बसेर गुजारा गर्न मुस्किल भइरहेको अवस्थामा द्वन्द्वबाट पीडित आमा र दुई भाइबुहारीसमेतको अभिभारा उसले नै लिनुपरेको छ । कुनै एक युवकलाई एकतर्फी रूपमा प्रेम गर्ने एक युवतीको मानसिक अवस्थालाई

[१४०] साधना प्रतीक्षा, **अतृप्त आकाश**, साझा प्रकाशन, ललितपुर, २०६१ ।

**सपनाको भूत** कथाले प्रकट गरेको छ । मेघा एक शिक्षित र रोजगार प्राप्त युवती हो । उसले एक युवकलाई चाहेकी हुन्छे र यही चाहनासँगै अनेक सपनाहरू बुनेकी छे तर ती सपना त्यतिबेला भङ्ग हुन पुग्छन् जब त्यही युवक आफ्नो विवाहको निम्ता दिन मेघाकहाँ उपस्थित हुन्छ ।

**ठूली** गरिबी र लैङ्गिक विभेदबाट पिल्सिएकी एक ग्रामीण महिलाको दुःखद अवस्थाको चित्रण गरिएको कथा हो । यस कथाकी प्रमुख पात्र ठूली परिवारको सम्पूर्ण बोझ एक्लै बोक्न विवश छे । परिवारका सबै सदस्यले खाइसकेपछि बाँकी रहेको खाना खाएर सबैको काम गरिदिने ठूली यही प्रताडनाका कारण मृत्युलाई वरण गर्न पुगेकी छ । **खण्डित आस्था** कथामा सरोजीनी अशिक्षित भएको भान परेकाले ऊसँग प्रेमप्रस्ताव राख्न हिचकिचाउने सरोज ऊ एम. ए. को पढाइ पूरा गरेकी शिक्षित युवती हो भन्ने कुरा थाहा पाएपछि उसको मनबाट भ्रमको पर्दा हट्न पुग्छ र सरोजिनीप्रतिको आस्था खण्डित बन्न पुग्छ । जीवन र मृत्युसम्बन्धी विभिन्न विसङ्गत पक्षहरूलाई **अतृप्त आकाश** कथाले प्रस्तुत गरेको छ । बिरामी बनेर अरूपतालमा भर्ना भएकी प्रतिभा जीवनदेखि नै हरेस खाएकी छे । त्यसैले डा. प्रभातको प्रेमप्रस्तावलाई अस्वीकार गरेर आत्महत्या गर्छे यस घटनाले प्रभातको जीवनमा पनि निराशा छाएको छ ।

व्यभिचारी पुरुषको वासनाको सिकार बन्न पुगेकी जुनुले परिस्थितिलाई आत्मसात् गरेर सरल र सुविधासम्पन्न जीवनयापन गर्न थाल्छे तर पछि उसको मनमा आत्मग्लानी उत्पन्न हुन थाल्छ । उसको यही छटपटी **दाग** कथामा चित्रण गरिएको छ । सङ्घर्षशील र महत्त्वाकाङ्क्षी पत्नी सुमना तथा वासना र भौतिक सुखमा लिप्त पति राजनका बीच उत्पन्न असमझदारीका कारण सुमनाको निधन भएपछि पछुताएको राजनको अभिव्यक्ति लुटिएको वस्ती कथामा आएका छन् । **अनिँखा आँखाहरू** कथामा पनि नारीप्रति समाजको दृष्टिकोण कस्तो हुन्छ भन्ने कुरा प्रस्तुत गरिएको छ । अध्ययन र लेखनमा सधैँ व्यस्त रहने टाइपिस्ट पूजाप्रति विभिन्न शङ्का-उपशङ्का गरी निकृष्ट लाञ्छना लगाउने समाज ऊ कार्यरत संस्थाको डाइरेक्टर बनेर आएपछि स्तब्ध बन्न पुग्छ ।

**शरणार्थी** कथामा भुटानबाट खेदिएर नेपालमा आई बसोबास गरेका भुटानी शरणार्थी र नेपालकै सामान्य जागिरका लागि आफ्नै गाउँघर छाडेर विभिन्न स्थानमा भौँतारिइरहन बाध्य नेपालीहरूको व्यथा प्रस्तुत गरिएको छ । यसैगरी वाध्यता र रहरले विदेश पलायन हुने नेपालीहरूको दुर्दशाको कारुणिक अवस्थाको चित्रण **विषकन्या** कथामा गरिएको छ । यसमा रोजगारीका लागि विदेश गएकी सुन्तली देहव्यापारमा संलग्न हुन बाध्य भई एड्स रोगबाट संक्रमित बनेपछि आफ्नै घर फर्केकी छ । **बितेको समय** कथामा आर्थिक विपन्नताका कारण बच्चा जन्माएर पालनपोषण गर्न नसक्ने देखेपछि अनुपमाले गर्भपतन गराउँछे तर समयको अन्तरालसँगै आफू प्राध्यापक र श्रीमान् मन्त्री बनेपछिको सम्पन्न अवस्थामा उसको बाँझो कोखले पीडा दिइरहन्छ । **तुहिएको सपना** कथामा आफूसँग जतिसुकै योग्यता र क्षमता भए पनि उच्च तहमा

आफ्नो मान्छे नभए जागिर पाउन नसकिने वर्तमान विसङ्गत सामाजिक तथा आर्थिक अवस्थामा नेताको आश्वासनमा सपना सजाउने निम्न वर्गीय नेपालीको अवस्था चित्रण गरिएको छ ।

**मोहभङ्ग** कथाको प्रमुख पात्र 'म' निलिमालाई देखेपछि आकर्षित बन्छ र ऊसँग सम्बन्ध गाँस्न पुग्छ तर उसको पुरुष अहम्ले निलिमाको स्वाभिमानलाई आत्मसात् गर्न सक्दैन । जसको फलस्वरूप दुवै एक अर्काबाट विमुख बन्न पुग्छन् । **लक्षहीन** कथा वर्गीय असमानतालाई विषय बनाइएको कथा हो । यस कथामा 'म' पात्रले ठूलो परिश्रमका साथ सुन्दर संसारको निमार्ण गर्छ तर त्यसमा अर्कै व्यक्ति आएर आधिपत्य जमाउन पुग्छ । **झरेको कोपिला** कथामा कोपिला र 'म' पात्रका माध्यमबाट व्यक्ति, परिवार र समाजबाट अबोध बालिका र नारीहरूमाथि हुने शोषण र अत्याचारलाई कारुणिक रूपमा प्रस्तुत गरिएको छ ।

**मेरो अजन्मा भुन्टेलाई** कथामा 'म' पात्रद्वारा वर्तमान परिवेशको तीतो यथार्थलाई उजागर गरिएको छ । यसमा वर्तमान नेपालको विषाक्त र प्रतिकूल वातावरणमा चाहेर पनि कुनै नयाँ र सिर्जनात्मक कार्य गर्न नसकिएको बाध्यात्मक स्थितिप्रति व्यङ्ग्य गरिएको छ । अन्याय, अत्याचार र शोषण व्याप्त समाजमा सामाजिक परिपाटीप्रतिको वितृष्णा **बाँच्न पाउनुपर्छ** कथामा प्रस्तुत भएको छ । **भड्केका पाइला** बैंसलाई नियन्त्रण गर्न नसक्दा बर्वाद हुन पुगेको एक युवतीको कथा हो । यस कथामा प्रिया मिसको अर्ती नमानेर रहरैरहरले बैंसलाई खुला रूपमा पस्कँदै हिँड्ने विमला अन्ततः जिविकाका लागि नचाहेर पनि देहव्यापारमा संलग्न हुनुपर्दाको पीडा देखाइएको छ । **दृष्टिकोण** कथामा जीवनजगत्का विभिन्न पक्षहरूमाथि विभिन्न व्यक्तिका फरकफरक दृष्टिकोणलाई प्रस्तुत भएका छन् । **नजितिएको युद्ध** कथामा नारीलाई विलासको साधन ठान्ने समाजका प्रतिष्ठित व्यक्तिहरूको चरित्रलाई उदाङ्ग पारिएको छ । एक युवतीलाई प्राप्त गर्न विभिन्न जाल बुन्ने पुरुषको अहम् त्यो युवतीको स्वाभिमानको अगाडि चुरचुर बन्न पुगेको छ ।

झिनो कथावस्तु, वर्णनात्मक र विश्लेषणात्मक प्रस्तुति र अति भावुकता यी कथामा पाइने विशेषता हुन् । कथाहरू आदि, मध्य र अन्यको श्रृङ्खलामा रचिएका छन् भने केही कथाहरूमा पूर्वदीप्तिको पनि प्रयोग गरिएको छ ।

**ख) चरित्रचित्रण**

प्रस्तुत कथासङ्ग्रहभित्रका कथाहरूमा विविध वर्ग, जाति, लिङ्ग आदिलाई प्रतिनिधित्व गर्ने पात्रहरू आएका छन् । लैङ्गिक विभेदलाई कथाको विषयवस्तु बनाइएकाले प्रमुख पात्रका रूपमा स्त्री पात्र नै उपस्थित भएर नारी वर्गको आवाज प्रतिध्वनित गरेका छन् ।

**मिस्टर नेपाल** कथाको प्रमुख पात्र मिस्टर नेपाल हो । ऊ गरीबी र वर्तमान परिवेशबाट पिल्सिएका आम नेपालीहरूको प्रतिनिधि चरित्र हो । **सपनाको भूत** कथाकी प्रमुख पात्र मेघा हो र उसले प्रेम गरेको युवक सहायक पात्र हो । ऊ युवकलाई प्रेम गरेर पनि समयमै प्रकट गर्न नसक्ने

मानसिक द्वन्द्वमा अल्झिएको अस्थीर चरित्र हो । **ठूली** कथाकी प्रमुख पात्र ठूली अन्याय, अत्याचार, गरिबी, शोषणबाट पीडित प्रतिनिधि स्त्री चरित्र हो । आफ्नै सासु र लोग्नेको गैरजिम्मेवारीबाट पीडित बनेर अन्ततः प्राण त्याग्न विवश हुन्छे ।

**खण्डित आस्था** कथामा प्रमुख पात्रका रूपमा सरोज र सरोजिनी उपस्थित छन् । सरोजिनीलाई अशिक्षित ठानेर सरोजको मनमा सहानुभूति उब्जेर पनि प्रेमप्रस्ताव राख्न सक्दैन तर जब सरोजिनी शिक्षित युवती हो भन्ने कुरा थाहा पाउँछ तब उसलाई हीनताबोध हुन्छ । यसरी सरोजिनी शिक्षित, सबल र स्थीर स्वभावकी चरित्र हो भने सरोज पुरुष अभिमान प्रबल भएको गतिशील चरित्र हो । **अतृप्त आकाश** कथामा प्रतिभा, डाक्टर, सिस्टर आदि पात्रहरू आएका छन् । विसङ्गत सामाजिक परिवेशले गर्दा प्रतिभाको जीवन नै विसङ्गत बन्न पुगेको छ । प्रतिभाको मृत्युपछि उसलाई प्रेम गर्ने डाक्टर पनि मानसिक रूपमा कमजोर बन्न पुगेको छ र डाक्टरको पीडालाई आत्मसात् गर्ने सिस्टर पनि एक सम्वेदनशील स्त्री चरित्र हो । **दाग** कथामा आकाशको चन्द्रमासँग एक महत्त्वाकांक्षी नारीलाई सादृश्य गरी प्रस्तुत गरिएको छ ।

**लुटिएको बस्ती** कथाका प्रमुख पात्र सुमना र राजन हुन् । उच्च महत्त्वाकाङ्क्षाका कारण सुमनाले दाम्पत्य जीवनलाई सन्तुलित राख्न सक्दिन भने विलासी जीवन बिताउन चाहने राजनले सुमनाको भावना बुझ्न सक्दैन । यसरी आ-आफ्नै वैचारिक अडानका कारण उनीहरूको दाम्पत्य जीवन सुखी छैन । **अनिँदा आँखाहरू** कथाकी नायिका पूजा दृढ सबल, स्वाभिमानी तथा शिक्षित नारी हो । कार्यालय र समाजमा प्रतिकूल व्यवहारको सामना गर्नुपरे पनि विचलित नहुने ऊ स्थीर नारी चरित्र हो ।

**शरणार्थी** कथाको 'म' पात्र र शिक्षिका राजनैतिक तथा सामाजिक विसङ्गतिको सिकार बनेका निम्नवर्गीय गरित्र हुन् । **विषकन्या** कथाकी सुन्तली गरिबी र अज्ञानतावश आफ्नो जीवन बर्बाद गर्ने अस्थिर गरित्र हो भने यसै कथाको बीरु सचेत र स्वाभीमानी युवक हो । **बितेको समय** कथाको प्रमुख चरित्र अनुपमा हो । ऊ सुरुमा गरिबी र पछि निसन्तान हुनुको पीडामा छटपटिएकी सङ्घर्षशील स्त्री चरित्र हो भने उसको लोग्ने राजन स्थीर स्वभावको चरित्र हो । **तुहिएको सपना** कथाको भुन्टेको बाबु राजनीतिक र आर्थिक विसङ्गतिलाई झेल्न विवश निम्न वर्गीय नेपालीको प्रतिनिधि चरित्र हो ।

**मोहभंग** कथाकी प्रमुख चरित्र निलिमा पुरुषको व्यवहारप्रति सचेत र स्वाभिमानी स्त्री चरित्र हो । यसै कथाको 'म' पात्र पनि निलिमालाई चाहने सङ्कुचित विचार राख्ने पुरुष पात्र हो । **लक्षहीन** कथाको 'म' पात्र निम्नवर्गीय परिश्रमी जनताको प्रतिनिधि चरित्र हो । **झरेको कोपिला** कथाकी भावना मिस र कोपिला बाल्यकालमा समान किसिमको नियति भोग्न विवश वर्गीय चरित्र हुन् । भावना मिसलाई सारा अवरोध पार गरेर सम्मानित जीवन जिउन सफल बनेकी छ भने

कोपिलालाई त्यो अवसर प्राप्त हुँदैन । **मेरो अजन्मा भुन्टेलाई** कथामा वर्तमान परिवेशप्रतिको असन्तुष्टि प्रकट गर्न 'म' पात्र उपस्थित छ । यसैगरी **बाँच्न पाउनुपर्छ** कथामा पनि अन्याय, अत्याचार र शोषणको प्रतिकार गर्दै अत्या, हिंसा र बलात्कारबाट पीडित निर्दोष बालबालिकाहरूको अधिकारको पक्षमा आवाज उठाउने स्त्री चरित्र हो ।

**भड्केको पाइला** कथामा प्रिया मिसको अर्ती उपदेश नमानेर खराब आचरणमा लाग्ने विमला जीवन निर्वाहका लागि निकृष्ट पेसा अपनाउनु पर्दा पछुताएकी छ । सुरुमा रहरले र पछि बाध्यताले देहव्यापारमा संलग्न भएकी विमला चारित्रिक रूपमा कमजोर र अस्थिर चरित्र हो । दृष्टिकोण कथामा अलगअलग दृष्टिकोण भएका थुप्रै चरित्रको प्रस्तुति छ । **नजितेको युद्ध** कथाको 'म' पात्र नारीलाई खेलौनाको रूपमा हेर्ने र उनीहरूलाई प्राप्त गर्न विभिन्न दाउपेच रच्ने प्रतिकूल स्वभावको पुरुष चरित्र हो ।

यसरी यस कथासङ्ग्रहमा प्रयोग भएका पात्रहरूमा चरित्रगत विविधता पाइन्छ । वर्तमान नेपाली समाजको तीतो यथार्थ बोकेका यी पात्रहरूले कथानकलाई गति दिन र परिवेशलाई जीवन्तता प्रदान गर्न विशेष किसिमको भूमिका खेलेका छन् ।

**ग) परिवेश**

यस कथासङ्ग्रहभित्रका कथाहरूमा आन्तरिक र बाह्य परिवेशको उत्तिकै सफलताका साथ चित्रण गरिएको छ । वर्तमान परिवेशलाई चित्रण गरिएका कथाहरूमा **मिस्टर नेपाल**, **शरणार्थी**, **तुहिएका सपना**, **मेरो अजन्मा भुन्टेलाई** आदि उल्लेखनीय रहेका छन् । यी कथाहरूमा गरिबी, बेरोजगारी, महङ्गी र अभावले व्याप्त बनेको वर्तमान राष्ट्रिय परिवेशका साथै नेपाली मूलका भुटानीहरू राज्यबाट खेदिएर नेपालमा शरणार्थी बनेर सङ्घर्षशील जीवन बिताइरहेका अवस्था पनि यी कथाहरूमा देखाइएको छ । समाजका हरेक पक्षमा राजनीतिले प्रभाव पारेको र राजनीति पनि विकृत बन्दै गएको अवस्थालाई उल्लेख गरिएको छ ।

*"प्रधानमन्त्रीद्वारा देशमा शान्तिसुरक्षा, सुशासन कायम राखी भ्रष्टाचार नियन्त्रणमा प्रतिबद्धता । विपक्षीहरूद्वारा प्रधानमन्त्रीको राजीनामा माग गर्दै तेस्रो चरणको आन्दोलन सुरु । तराईका केही गाउँहरू औलोको चपेटामा । शरणार्थी समस्या यथावत्, शिविरमा महामारी फैलिन सक्ने सम्भावना । भोलिदेखि अनिश्चितकालीन चक्काजाम ।" (मिस्टर नेपाल, पृष्ठ :३ )*

यी कथामा **सपनाको भूत**, **दाग**, **लुटिएको बस्ती**, **बितेको समय**, **लक्ष्यहीन** आदि कथाहरूमा आन्तरिक परिवेशको सशक्त चित्रण गरिएको छ । यी कथाका पात्रको मनका विभिन्न अवस्था, चेतन र अचेतन मनको द्वन्द्व र त्यसले जीवनलाई झन जटिलतातर्फ डोऱ्याइरहेको पाइन्छ । यसैगरी प्रेम, विवाह, दाम्पत्य जीवनका विविध समस्या, आर्थिक तथा सामाजिक विसङ्गतिमा रुमल्लिइरहेका जनता

तथा बाध्यता र रहरले विदेशिने नेपाली युवायुवतीहरूको मानसिकतालाई पनि कथामा प्रस्तुत गरिएको छ ।

उच्च, मध्य र निम्न वर्गीय पात्रहरूका मानसिक एवम् शारीरिक परिवेशको चरित्राङ्कन यस सङ्ग्रहका कथामा भएको पाइन्छ । यसरी कथाकारले आफ्ना कथामा देश, काल, परिस्थितिको समुचित एवम् प्रभावकारी चित्रण गरेका छन् ।

**घ) भाषाशैली**

यस सङ्ग्रहका कथाहरूमा कलाग्मक भाषाशैलीको प्रयोग गरिएको छ । कथाकार प्रतीक्षाले अघिल्लो कथासङ्ग्रहमा प्रयोग गरेको काव्यात्मक भाषालाई यस सङ्ग्रहका कथाहरूमा पनि प्रयोग गरेकी छन् । कथानकको संवादात्मक प्रस्तुति पनि सशक्त देखिन्छ । करिब करिब एकै किसिमको विषयवस्तु समावेश गरिएका कथाहरूमा काव्यात्मक र आलङ्कारिक भाषा अनि बिम्ब र प्रतिकको उचित समायोजनले कथाको प्रस्तुतीकरणमा रोचकता र कुतुहलता प्रदान गरेको छ ।

*पल्लो कोठामा बस्ने भाइ म्याद नाघेको दरखास्तजस्तो अनुहार लिएर उभिन्छ ।*

*(शरणार्थी, पृष्ठ : ५७)*

यसरी सूक्तिमय वाक्यहरूको व्यापक प्रयोग गरिएको उनको भाषामा संस्कृतका तत्सम, तत्भव र विभिन्न स्रोतका आगन्तुक भाषाको व्यापक प्रयोग गरिएको छ भने नेपालीका मौलिक शब्दहरूको प्रयोगमा पनि आकर्षण देखिन्छ । कथानकलाई विकसित गर्दै अगाडि लैजान संवादको विशिष्ट भूमिका रहेको हुन्छ । कथाकार प्रतीक्षाका कथाहरूमा पनि संवादले यस्तै भूमिका निर्वाह गरेको पाइन्छ । सामान्यतया यी कथाहरूमा छोटा संवादको प्रयोग गरिएको भए पनि लुटिएको बस्ती कथामा सुजनाले बोलेका संवाद अपेक्षाकृत लामा छन् । व्यङ्ग्यमिश्रित संवादले परिवेशको उद्घाटन गरिएको छ ।

*"होइन, यो देशमा बढ्नबाहेक पनि केही जानेको छ कि ?"*

*"छ नि ! नैतिकता, इमानदारिता र मानवता घट्दाघट्दै हराइ नै सक्यो । राष्ट्रियता पनि घटेरै हराउन लागेको छ ।" (मिस्टर नेपाल, पृष्ठ : ३)*

कथाको समाख्यानमा कथाकारको भाव तथा अभिव्यक्तिको प्रस्तुतीकरणमा जुन किसिमको परिष्कृत भाषाशैली र काव्यात्मकता प्रयोग भएको छ त्यो जटिलता पात्रका संवादमा पाइँदैन । बोलीचालीका सरल शब्द, उखान, टुक्का, प्रतीकको प्रयोगले संवादलाई विशिष्ट बनाएको छ ।

## ङ) दृष्टिबिन्दु

यस कथासङ्ग्रहमा सङ्कलित कथाहरूमा कथाकारे प्रथम पुरुष तथा द्वितीयपुरुष दुबै दृष्टिबिन्दुको प्रयोग गरेकी छन् । यस सङ्ग्रहका कथाहरूमध्ये **सपनाको भूत**, **खण्डित आस्था**, **दाग**, **लुटिएको बस्ती**, **शरणार्थी**, **विषकन्या**, **बितेको समय**, **मोहभङ्ग**, **लक्षहीन**, **झरेको कोपिला**, **मेरो अजन्मा भुन्टेलाई**, **बाँच्न पाउनुपर्छ**, **भड्केका पाइला र नजितेको युद्ध** मा प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ भने **मिस्टर नेपाल**, **ठूली**, **अतृप्त आकाश**, **अनिँदा आँखाहरू**, **तुहिएका सपना र दृष्टिकोण** कथामा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । प्रथम पुरुष ढाँचामा लेखिएका कथाहरूमा केन्द्रीय दृष्टिबिन्दु रहेको पाइन्छ । तृतीय पुरुष कथन ढाँचामा लेखिएका कथाहरूमा कथाकार पात्रका मनोलोकमा पुगेर विचरण गरेकाले सर्वदर्शी दृष्टिबिन्दु रहेको पाइन्छ । **लुटिएको बस्ती** मा 'म' पात्र (राजन) ले सुमनालाई र **मेरो अजन्मा भुन्टेलाई** कथामा 'म' पात्रले जन्मदै नजन्मिएको छोरालाई सम्बोधन गरी कथा प्रस्तुत गरिएको छ ।

## च) उद्देश्य

यस कथासङ्ग्रहका कथाहरूमा सामाजिक यथार्थवादी, अस्तित्ववादी, निराशावादी जीवनदृष्टि प्रस्तुत भएको छ । वर्तमान युगको यान्त्रिकता, विकृति र विसङ्गतिलाई प्रस्तुत गर्दै राजनीतिक सामाजिक र मनोवैज्ञानिक अवस्थाको विश्लेषण गर्ने कार्य पनि यस कथामा भएको पाइन्छ । समाजमा नारीको कारुणिक अवस्थाको चित्रण गर्नु र अधिकारका पक्षमा आवाज उठाउनु पनि यस सङ्ग्रहका कथाहरूको उद्देश्य रहेको पाइन्छ ।

## ५.३.६ इन्द्रकुमार विकल्प र उनका प्रमुख कथा-सङ्ग्रहको अध्ययन

### ५.३.६.१ कथाकार इन्द्रकुमार विकल्पको परिचय

साहित्यिक नाम 'इन्द्रकुमार विकल्प' बाट परिचित इन्द्रकुमार जोशीको जन्म पिता गोपीमान जोशी र माता नन्दकुमारी जोशीका सुपुत्रका रूपमा २०१८ साल कार्तिक २ गते मल्लाज माझफाँट गा. वि. स. वडा नं. ३ बेनीबजारमा भएको हो । प्रविणता प्रमाणपत्र तहको अध्ययनलाई स्थगित गरी शिक्षण पेशामा संलग्न विकल्पले औपचारिक शिक्षा बेनी प्राथमिक विद्यालय, बेनीबजारबाट प्रारम्भ गरी बाँकी शिक्षा कुस्माको नारायण मा. वि. बाट हासिल गरेका हुन् ।[१४१] उनी विद्यार्थी जीवनदेखि नै साहित्यको लेखनमा सक्रिय रहने गर्दथे ।

विकल्प पर्वत साहित्य सङ्गम, धौलागिरि बाङ्मय समाज, धौलागिरि साहित्य प्रतिष्ठान, करुणा साहित्य समाज, मोति पुस्तकालय, नेपाल राष्ट्रिय गजल प्रतिष्ठान, हाम्रो मझेरी साहित्य

[१४१] इन्द्रकुमार विकल्पबाट प्राप्त जानकारी ।

प्रतिष्ठान, संरक्षण कविता आन्दोलनलगायतका साहित्यिक सङ्घ-संस्थाहरूका साथै थप्रै सामाजिक सङ्घ-संस्थाहरूमा सक्रियतापूर्वक संलग्न रहँदै आएका छन् । धौलागिरि साहित्य प्रतिष्ठान बागलुङबाट सर्वोत्कृष्ट कविता पुरस्कार, पर्वत जेसीजबाट 'उत्कृष्ट युवा' सम्मान, हाम्रो मझेरी साहित्य प्रतिष्ठान चितवनबाट अभिनन्दन, यूनिभर्सल पीस फेडरेसनबाट 'पीस एम्बेस्डर' उपाधि आदि विभिन्न सम्मान र पुरस्कार प्राप्त गरेका[१४२] विकल्प नवप्रतिभाहरूका लागि प्ररणा स्रोत बनेका छन् । कविता, कथा, उपन्यास, जीवनी, समालोचना आदि साहित्यका विभिन्न विधामा कलम चलाएका विकल्पका हालसम्म प्रकाशित कृतिहरू निम्नलिखित छन् :

१) सम्झनाका डोबहरू (कवितासङ्ग्रह, २०४४)

२) मनका खुसीहरू (कवितासङ्ग्रह, २०५२)

३) दुई आत्माको मिलन (उपन्यास, २०५६)

४) झुल्काहरू (मुक्तकसङ्ग्रह, २०५८)

५) सर्वदलीय घर (लघुकथासङ्ग्रह, २०६०)

६) लालीगुराँस फुल्ने मन (गजलसङ्ग्रह, २०६१)

७) बैँसका रहरहरू (कथासङ्ग्रह, २०६३)

८) निस्तो सम्झौता (कथासङ्ग्रह, २०६४)[१४३]

सामाजिक यथार्थवादी शैलीलाई अँगालेर कथा लेख्ने कथाकार विकल्पका हालसम्म तीनओटा कथाहरू प्रकाशित भएका छन्- **सर्वदलीय घर** (२०५८), **बैँशका रहरहरू** (२०६३) र **निस्तो सम्झौता** (२०६४) । **बैँशका रहरहरू** र **निस्तो सम्झौता** कथासङ्ग्रहका अधिकांश कथाहरूमा विशेष गरी प्रणयप्रसङ्गलाई विषयवस्तुका रूपमा प्रस्तुत गरिएको छ ।

### ५.३.६.२ 'सर्वदलीय घर' कथा-सङ्ग्रहको विश्लेषण र मूल्याङ्कन

सर्वप्रथम २०३७ सालमा **पुरस्कार** शीर्षकको कथा प्रकाशित गरेर नेपाली साहित्यको क्षेत्रमा औपचारिक रूपमा प्रवेश गरेका विकल्पले कविता, मुक्तक, उपन्यास र गजल विधाका कृतिहरू प्रकाशित गरिसकेपछि वि. सं. २०६० मा **सर्वदलीय घर** लघुकथा-सङ्ग्रह प्रकाशन गरेका हुन् । यो उनको पहिलो प्रकाशित कथासङ्ग्रह हो । रामचन्द्र जोशी प्रकाशक रहेको यो लघुकथा-सङ्ग्रह धवलागिरि अञ्चलकै पहिलो लघुकथा सङ्ग्रह पनि हो ।[१४४] यस सङ्ग्रहभित्र २१ ओटा छोटा कथाहरू

[१४२] ऐजन् ।

[१४३] इन्द्रकुमार विकल्पबाट प्राप्त जानकारी ।

[१४४] रामचन्द्र जोशी, **प्रकाशकीय**, सर्वदलीय घर, पर्वत, २०६० ।

रहेका छन् । यस कथासङ्ग्रहको शीर्षक र बाहिरी आवरण-कला हेर्दा राजनीतिक विषयवस्तु-प्रधान कथासङ्ग्रह जस्तो लागे पनि अधिकांश कथाहरूमा विषयवस्तुगत विविधता रहेको छ ।

**क) कथावस्तु**

जीवन भोगाइका विविध अनुभूति, आशा, निराशा, त्याग स्वार्थजस्ता मानवीय प्रवृत्तिलाई दार्शनिक दृष्टिकोणबाट प्रस्तुत गरी कथाहरू पस्किएका छन् । ग्रामीण जनजीवन, वर्गभेद र त्यसबाट उत्पन्न विभिन्न समस्याहरू, नयाँ र पुरानो पुस्ताका बीच अनि ग्रामीण र सहरीया सभ्यताका बीचको द्वन्द्व कथामा प्रस्तुत भएका छन् । सम्पन्न र विपन्न वर्गका बीच वर्गसङ्घर्ष, सम्पन्न वर्गद्वारा विपन्न वर्गमाथि गरिएका शोषण र निम्नवर्गका जनताको विकराल आर्थिक अवस्था कथामा चित्रण गरिएको छ ।

नरेकाकाले अनुभव गरेको निराशावादी जीवनदृष्टि नै **नरेकाका** कथाको कथावस्तु हो । कथामा नरेकाकाले जवानीका मोजमस्तीमा भुलेर महत्त्वपूर्ण कुरालाई समेत उपेक्षा गरेको र बुढेसकालमा सबैबाट उपेक्षित बन्न पुगेको देखाएर समयको महत्त्वलाई बुझाउन खोजिएको छ । **कुकुरको मुत** निम्न वर्गीय मानिसहरूको यथार्थ जीवनलाई प्रस्तुत गरिएको कथा हो । यस कथामा एकातिर कडा परिश्रम गरेर घर परिवार धान्नुपर्ने निम्न आयस्रोत भएका मानिसहरूको बाध्यतालाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ भने अर्कोतिर आफ्नो हैसियत बिर्सेर आम्दानीभन्दा बढी अनावश्यक खर्च गर्ने काइँला मिस्त्रीजस्ता विवेकहीन मानिसप्रति व्यङ्ग्य गरेका छन् । **इज्जत** कथा ऋण सापट गरेर आफ्नो जीविकोपार्जन गर्नुपर्ने बाध्यता भएका रामप्रसादजस्ता अधिकांश गरिब नेपालीको कथा हो । लैनु भैँसी हडप्ने उद्देश्यले समयभन्दा पहिले नै रामप्रसादसँग ऋण असुल गर्न खोज्ने धुर्त साहु बिर्खबहादुर रामप्रसादकी छोरीलाई देखेपछि उसको जवानीमा आँखा गाड्न पुग्छ ।

हरेक मानिसको आ-आफ्नै विशिष्टता हुन्छ र तिनीहरूकको अफ्नै ठाउँमा महत्त्व रहेको हुन्छ तर पनि यी विशिष्टताका बीच स्वभाविक रूपमा अवगुण पनि अन्तर्निहित हुन्छ भन्ने कुरा **मर्का पऱ्यो** कथामा अग्ला र होचा दुई साथीको अनुभवको माध्यमबाट व्यक्त गरिएको छ । असल साथीको परिचय विपद्को बेलामा मात्र प्राप्त हुन्छ भन्ने कुरा **असल साथी** कथामा व्यक्त गरिएको छ । अपार सम्पत्ति गुमाएर अभावमा बाँच्नु पर्ने अवस्थामा पुगेको विश्वासले आफ्ना पुराना सबै इष्टमित्र गुमाउन परे पनि उसको छायाँ भने उसको साथ छोडेको छैन । यसबाट मानिसको वास्तविक साथी उसको आत्मविश्वास र स्वावलम्वीपना नै हो भन्ने बुझ्न सकिन्छ ।

**बिहे** शीर्षकको लघुकथामा जीवनसाथीको रोजाइमा मान्छे बाहिरी सौन्दर्यको पछि लाग्ने सन्तवीरजस्ता व्यक्तिहरूको सङ्कुचित विचार र अर्काको व्यक्तितग जीवनको बारेमा अनावश्यक हस्तक्षेप गरेर नानाथरिका टिप्पणी गर्ने समाजप्रति झटारो हानिएको छ । हिन्दू नारीका लागि सिन्दुर, चुरा, पोते विवाहित हुनुका चिन्ह मानिएका छन् । परम्परागत समाजले नारीको सौभाग्यको

रूपमा लिने यी चिन्हहरूको आफ्नै किसिमको महत्त्व रहेको छ । तर **खै ! विवाहितका चिन्हहरू** कथामा आफ्नो संस्कार कुल्चिएर, आफ्नो श्रीमान् र छोराछोरीसमेतलाई बिर्सेर परपुरुषसँग रोमान्स गर्ने स्मृतिजस्ता शिक्षित र आधुनिक नारीका अनैतिक क्रियाकलापबाट संस्कृति र सभ्यता खतरामा पर्न गएकोमा सचेत गराउन खोजिएको छ ।

**हात लाग्यो शून्य** आर्थिक विसङ्गतिमा आधारित लघुकथा हो । न्यून आय, असमान भूमिवितरण र ठूलो परिवार गरिबीका प्रमुख कारण हुन् । यस्तै समस्याबाट पीडित बखतमान आफ्नो सबै घरजग्गा बेचेर तराईमा सस्तोमा जग्गा किनेर केही सुविस्तासँग जीविका चलाउने सपना देखेको छ । तर जग्गा बेचेपछि परिवारको सामान्य चाहना पुरा गर्दा र केही सामाजिक प्रक्रिया पुरा गर्दैमा आफ्नो सपना अपूरो रहने ठहर गरेपछि ऊ निराश बन्न पुगेको छ । **तोकिएको चन्दा** वर्तमान राजनीतिक परिवेश झल्काउनेण कथा हो । देशमा स्थापना भएका विभिन्न राजनैतिक वा अन्य सङ्घ-सङ्गठनहरूले आफ्नो साङ्गठनिक सुदृढीकरणका लागि जनमतको सट्टा हतियारको भरमा चन्दा सङ्कलन कार्य थालेको तीतो सत्य यस कथामा उद्घाटित गरिएको छ ।

**आशाकाकी** कथामा भाइलाई पढाएर ठूलो मान्छे बनाउने सपना पूरा गर्न आफ्नो सारा खुशीहरूलाई तिलाञ्जली दिने आशाकाकी आफ्ना सपना पूरा नहुँदै भाइबाट घृणा र उपेक्षा प्राप्त गर्न पुगेकी छ । **परिबन्दले दिएको सजाय** कथामा एउटा निर्दोष मानिस परिवन्दमा परेर सजाय पाएको घटनालाई रोमाञ्चक कथाका रूपमा प्रस्तुत गरिएको छ । वास्तविकता नबुझी हल्लाको भरमा चोर पक्रन खोज्दा आफूलाई नै चोरको आरोप लाग्न पुगेको छ भने चोरी भएको हो वा होइन भन्ने कुरा छानविन  नगरीकन चोरलाई सजाय दिन खोज्दा समाजले पनि पछुताउन परेको छ ।

संसारमा सबैभन्दा दानी को छ ? भन्ने बह्माजीको जिज्ञासा नै **सबभन्दा दानी** शीर्षकको कथाको विषयवस्तु हो । राम्रो कार्यबाट आर्जित सम्पत्ति निस्वार्थ दान गर्ने व्यक्ति नै सबैभन्दा ठूलो दानी हो भन्ने निष्कर्ष नै यस कथाको मूल भाव हो । बलिया र शक्तिसम्पन्न मानिसद्वारा गरिने अन्याय, अत्याचार, शोषण दमनलाई निर्धा मानिसले चुपचाप सहनुपर्ने यथार्थलाई बलिया र निर्धो कथामा देखाइएको छ । **पुरेतबाजे र ठट्यौलो यजमान** शीर्षकको लघुकथामा कथाकारले धर्मको आडमा सिधासाधा मानिसमाथि हुने गरेका शोषणप्रति व्यङ्ग्य प्रहार गरेका छन् । सामाजिक विकृतिलाई बढावा दिने खराब प्रवृत्तिका धार्मिक नेताहरूको विरुद्ध यस कथाको ठट्यौलो यजमानले झैं कडा प्रतिकार गर्नुपर्ने कुरामा कथाकारले जोड दिएका छन् ।

**कहालीलाग्दो भविष्य** कथामा बेरोजगारीको समस्यामा पिल्सिनु परेको शिक्षित वर्ग, राजनैतिक गतिविधिले शैक्षिक संस्थाहरूम परेको नकरात्मक प्रभाव र देशको गिर्दो आर्थिक अवस्थाका कारण अन्यौलग्रस्त बन्न पुगेको देशको अवस्थाको चित्रण गरिएको छ । रोजगारीको

निम्ति जुनसुकै सम्झौता गर्न तयार हुनु परेकाले शिक्षित वर्ग पनि शोषक वर्गबाट उम्किन सकेका छैनन् भन्ने कुरालाई यस कथामा प्रस्तुत गरिएको छ । सत्तामा पुगेपछि राष्ट्र र जनताको भविष्यप्रति खेलवाड गर्ने स्वार्थी प्रवत्तिका राजनेताहरूले आफ्नो कुटिल चालद्वारा कसरी जनतालाई उल्लु बनाउँछन् भन्ने कुरा **चक्रेको मन्त्र** कथामा व्यक्त गरिएको छ । फरक निर्देशन कथामा सम्पन्न वर्ग र विपन्न वर्गका बीचमा पाइने वैचारिक अन्तरलाई प्रस्तुत गर्न खोजिएको छ । अधिकांश धनी मानिसहरूमा स्वाभाविक रूपमा अहम् भाव हुने भएकाले उनीहरूले आफ्ना छोराछोरीलाई सिकाउने कुरामा पनि त्यसैको प्रभाव परेको हुन्छ भन्ने कुरा देखाएका छन् ।

**सर्वदलीय घर** कथा वर्तमान दलीय राजनीतिप्रति लक्षित कथा हो । यस कथाको प्रमुख पात्र रनबहादुर आफू र आफ्ना छोराहरू काँग्रेस, कम्यूनिष्ट, पञ्च, क्रान्तिकारी आदि विभिन्न राजनीतिक सङ्गठनमा लागेकाले जुन पार्टीको सरकार आए तापनि आफूहरूलाई फाइदै हुने कुरामा निश्चित छ । रनबहादुरको घरमा देखिएको मिलाप निश्चय पनि शुभ सङ्केत हो तर यो कुरा पनि साँचो हो कि राजनैतिक पार्टीका फरकफरक सिद्धान्त र आस्थामा देखिने भिन्नताले पारिवारिक तथा सामाथिक विखण्डन भित्रिन सक्छ । कथाले यसतर्फ बेलैमा सचेत बनाउन खोजेको पाइन्छ ।

**विनाबाबुको छोरो** कर्मले भन्दा जन्मले मानिस ठूलो हुन्छ भन्ने परम्परागत सामाजिक मान्यताले बिगारिदिएको एक युवकको जीवन कहानी हो । समाजमा एकातिर अनैतिक कार्यहरू रोकिएका छैनन् जसको परिणम रोहनजस्ता विनाबाबुको छोरोले जन्म लिनुपरेको छ भने अर्कोतर्फ सामाजिक आडम्बरका कारण यसरी जन्मिएका बालबालिका उपेक्षित बन्न पुग्दछन् । यदि यस्ता बालबालिका सत्कर्मबाट असल नागरिक बन्न सफल भए तापनि  समाजले उनीहरूलाई स्वीकार्न सक्दैन । यसैगरी जब आफ्नो मान्छे आफ्नो हुँदैन र विश्वासमा आघात हुन्छ भने उसले समाजमा पनि एक्लो बन्न पुग्छ । **उसको व्यथा** कथामा गिरी साँहिलाले यस्तै व्याथा बोकेको छ । पीडामाथि पीडा थपिँदा मानसिक सन्तुलन पनि गुम्न पुगेको छ ।

सामजिक यथार्थ प्रस्तुत गर्ने र विभिन्न विकृति र विसङ्गतिमाथि व्यङ्ग्य प्रहार गर्ने यी लघुकथाहरूमा छोटो आयामका कथानक रहेको पाइन्छ । कथानक सरल गतिमा अगि बढेर एउटा उत्कर्षमा पुगेर टुङ्गिएका छन् ।

**ख) चरित्रचित्रण**

प्रस्तुत सङ्ग्रहमा अधिकांश सामाजिक यथार्थवादी लघुकथाहरू सङ्गृहित छन् । हाम्रै गाउँ र समाजमा घटेका र घट्न सक्ने स्वाभाविक किसिमका घटनालाई स्वाभाविक पात्रका माध्यमबाट प्रस्तुत गरिएको छ । केही कथाहरूमा स्त्री पात्रलाई प्रमुख चरित्रको रूपमा उभ्याइएको छ भने अधिकांश कथाका प्रमुख चरित्र पुरुष पात्रलाई बनाइएको पाइन्छ । कथामा प्रस्तुत सामाजिक पृष्ठभूमि र पात्रको स्थितिलाई दृष्टिगत गरी यस सङ्ग्रहका विभिन्न लघुकथाहरूमा समाविष्ट

भएका पात्रहरूलाई मुख्यतः उच्च र निम्न वा शोषक र शोषित वर्गमा विभाजन गर्न सकिन्छ । **कुकुरको मुत** कथाको पात्र हर्के साहु, **इज्जत** कथाको पात्र बिर्खबहादुर, **चक्रेको मन्त्र** कथाको पात्र चक्रबहादुर, **पुरेतबाजे र ठट्यौलो यजमान** कथाको पुरेत आदि उच्च वर्गीय चरित्र हुन् भने **कुकुरको मुत** कथाको पात्र काँइलो मिस्त्री, **इज्जत** कथाको पात्र रामप्रसाद, **हातलाग्यो शून्य** कथाको पात्र बखतमान, **दिउँसोको सपना** कथाको पात्र काले, **कहाली लाग्दो भविष्य** कथाको पात्र ऋषि गिरी र **उसको व्यथा** कथाको पात्र साँहिला आदि निम्न वर्गीय चरित्र हुन् । निम्न वर्गीय पात्रहरू उच्च वर्गीय पात्रहरूद्वारा शोषित र पीडित छन् भने केही पात्रहरू आफ्नै बुद्धि र कर्मद्वारा दुःखमय जीवन बाँच्नुपर्ने स्थितिमा पुगेका छन् । यस्ता पात्रहरूमा **नरेकाका** कथाको पात्र नरेकाका, **कुकुरको मुत** कथाको काँइलो मिस्त्री, **बिहे** कथाको पात्र सन्तवीर, **खै विवाहितका चिन्हहरू ?** कथाको पात्र वसन्त, **आशाकाकी** कथाकी पात्र आशाकाकी आदि पर्दछन् । यस्तै जीवन जगत्का विविध पक्षहरूको उद्घाटन गर्न ब्रह्मा र नारद आदि पौराणिक पात्रहरू पनि लघुकथामा समावेश भएका छन् ।

**ग) परिवेश**

यस सङ्ग्रहका लघुकथाहरू नेपाली ग्रामीण तथा सहरी क्षेत्रमा लेखिएका छन् । पश्चिम पहाडी परिवेशलाई कथामा समेटिएको छ । केही लघुकथामा चुवा र शिवालयचोक आदि पर्वत जिल्लाका वास्तविक स्थलहरूलाई प्रयोग गरी घटना र परिवेशलाई अझ स्वाभाविकता थप्ने प्रयास गरिएको छ । मेलापात र मजदुरी गर्ने निम्नस्तरका ग्रमीण मानिसको जीवनशैलीलाई मार्मिक ढङ्गले चित्रण गरिएको छ । काठमाडौंका होटल र रेष्टुरेन्ट, कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय आदि विभिन्न स्थानलाई पनि समेटिएको छ ।

रिक्सा चलाउने, घर ढलान गर्ने र मागेर जीविका गर्ने गरिब र मजदुरहरूको जीवनचर्याबाट सहरी परिवेशको यथार्थ झल्किएको पाइन्छ । सबै कथाहरूमा समयावधि उल्लेख नगरिएको भए तापनि विशेष बहुदलीय प्रजातन्त्रको उदय र त्यही सेरोफेरोमा घटेका घटनाहरू यस सङ्ग्रहका कथामा आएका छन् ।

**घ) भाषाशैली**

कथा रचनामा प्रयुक्त भाषा सरल, सहज र सरस छ । लघुकथाको प्रस्तुतीकरण वर्णनात्मक, विवरणत्मक र संवादात्मक शैली अपनाइएको छ । बिम्ब, प्रतीक, उखान, टुक्का आदिको प्रयोगले कथाको भाषालाई कलात्मक बनाएको छ । सरल नेपाली भाषा र सामान्य नेपाली जनजिब्रोमा भिजेका संस्कृत तत्सम र अङ्ग्रेजी शब्दको प्रयोगले लघुकथाको भाव र भाषा सम्प्रेष्य बनेको छ ।

एक वा दुई घटना, एउटै उत्कर्ष र छोटो आयाम लघुकथाका विशेषता हुन् र यस सङ्ग्रहका कथाहरूमा पनि यिनै विशेषताहरू पाइन्छन् । तर आशाकाकी शीर्षकको लघुकथाको कथानकले केही विस्तृत आयाम लिएकाले लघुकथाको सीमा नाघ्न खोजेको महसुस हुन्छ ।

संवादको प्राचुर्य भएर पनि कथाको प्रस्तुतीकरणमा रोचकता थपेको पाइन्छ । शिक्षित र अशिक्षित, ग्रामीण र सहरीया तथा उच्च र निम्न वर्गका पात्रहरूले प्रयोग गर्ने संवादमा भाषिक एकरूपता पाइन्छ । पद विचलन र खण्डित वाक्यको अन्याधिक प्रयोग गरिएका छोटा-छोटा संवादले कथ्य भाषालाई स्वाभाविक बनाउने प्रयत्न गरिएको छ ।

*“काइँला खान त खा भोलि पैसा दिँदा आनेकाने नगरे नि ...... ” होटल्नी दिदीले भनिन् ।*

*“ए ...... दिदी भोलि ढलानमा जाने कुरा थाहा छैन कि क्या ..... हो ?” रक्सी लागेको तालमा रौसिँदै काइँलाले भन्यो । (कुकुरको मुत, पृष्ठ ३ )*

यस्ता सम्वादले कथ्य भाषाको स्वाभाविक रूप भेटिनुका साथै पात्रको आर्थिक, सामाजिक अवस्थाको पनि चित्रण गरेको पाइन्छ ।

**च) दृष्टिबिन्दु**

कथाको प्रस्तुतीकरणमा कथाकार विकल्पले प्रथम पुरुष तथा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरेका छन् । **नरेकाका**, **मर्का पर्‍यो** र **आशाकाकी** कथा प्रथम पुरुष दृष्टिबिन्दुमा लेखिएका छन् भने बाँकी सबै कथाहरू तृतीय पुरुष दृष्टिबिन्दुमा रचना भएका छन् । **नरेकाका** र **आशाकाकी** कथाहरू प्रथम पुरुष परिधीय दृष्टिबिन्दुको प्रयोग भएको छ भने **मर्का पर्‍यो** कथामा केन्द्रीय कथनढाँचाको प्रयोग गरिएको छ । तृतीय पुरुष दृष्टिबिन्दु प्रयोग भएका कथाहरूमा पनि कथाकार पात्रको अन्तरमनका सम्पूर्ण कुरालाई केलाउन सफल बनेका छन् । यसैले यी कथाहरूमा सर्वदर्शी दृष्टिबिन्दु रहेको पाइन्छ ।

**छ) उद्देश्य**

यथार्थवादी ढाँचामा लेखिएका यस सङ्ग्रहका कथाहरूमा सामाजिक, सांस्कृतिक तथा राजनैतिक पक्षहरूको जानकारी गराउनुका साथै सामाजिक सुधारको उद्देश्य पनि रहेको रहेको छ । प्रस्तुत सङ्ग्रहका कथाहरूले  नेपाली समाजमा देखिने विकृति–विसङ्गतिप्रति तीव्र व्यङ्ग्य प्रहार गर्नुका साथै त्यहाँका मानिसहरूमा चेतना फैलाउन सफल बनेका छन् । त्यस्तै वर्तमान राजनीतिमा देखा परेका विविध विकृति-विसङ्गति, समाजको शैक्षिक अवस्था, ग्रामीण तथा सहरिया जीवनको यथार्थ अङ्कन गर्नु यस सङ्ग्रहका कथाहरूको मुख्य उद्देश्य हो ।

### ५.३.६.३ 'बैंशका रहरहरू' कथा-सङ्ग्रहको विश्लेषण र मूल्याङ्कन

कथाकार विकल्पको दोसो प्रकाशित कथासङ्ग्रह **बैंसका रहरहरू** कथासङ्ग्रह २०६३ सालमा जनमत प्रकाशन, काभ्रेबाट प्रकाशित भएको हो । यस कथासङ्ग्रहभित्र सामाजिक विषयवस्तुलाई लिएर लेखिएका यथार्थवादी कथाहरूलाई समावेश गरिएको छ । **बैंसका रहरहरू**, **खुसीको आँसु छचल्कियो**, **अप्रत्याशित भेट**, **टेलीफोनको घण्टी बज्न छोड्यो**, **भाग्यले जुराएको जोडी**, **कान्छा र मैसाप**, **अच्छा लाहुरे र मखमली** र **सरिताको भाग्य** गरी आठ ओटा कथाहरू रहेका छ ।

**क) कथावस्तु**

**बैंसका रहरहरू** कथामा भर्खर यौवनमा प्रवेश गरेका रश्मी, राज, रिना र विक्रमको प्रणयप्रसङ्ग प्रस्तुत गरिएको छ । यिनीहरूको प्रेम वासनाबाट निर्देशित देखिन्छ किनकि रिना, विक्रम र राजले विवाहका सम्बन्धमा कुनै सोच नबनाए पनि शारीरिक सम्बन्धका लागि आतुर छन् । रश्मी भने आफूलाई नियन्त्रित गर्छे र राजलाई आदर्श प्रेमको पाठ सिकाउँछे । **खुसीको आँशु छचल्कियो** कथाको प्रकाश विदेशमा बस्दा प्रशस्त धनसम्पति पठाउँछ टर न्यानो माया र सामिप्यताको भोकी उसकी पत्नी सरितालाई त्यतिले पर्याप्त हुँदैन । प्रकाशले विदेशमै विवाह गरेको छ भन्ने कुरा सुनेपछि उसले आफ्नो सारा सम्पत्ति बालग्राम संचालनमा लगाउँछे । अन्ततः धेरै हण्डर खाएर प्रकाश पनि सरिताकै पास आउँछ ।

**कान्छा र मैसाप** कथामा प्रेममा धनी-गरिब र उँच-निचको भेद हुँदैन भन्ने कुरालाई छर्लङ्ग पारिएको छ । सुरुमा मैसाप वासनात्मक भोक तृप्त गर्न आफ्नै घरको नोकर कान्छाप्रति आकर्षित भए पनि अन्ततः आत्मिक प्रेम गर्न थालेकी छ । आफ्नै इमानदारिताप्रतिको प्रश्न र मालिकको डरले कान्छा भागेर गएपछि उसको अनुपस्थितिमा मैसाप आत्महत्या गर्न तत्पर हुन्छे तर त्यति नै बेला कान्छा फर्केर आउँछ र उनीहरूको सुखद मिलन हुन्छ ।

**अप्रत्याशित भेट** कथाको प्रमुख पात्र निमेषले निरूपाप्रति प्रेम हुँदाहँदै पनि जातीय विभेदका कारण विवाह गर्ने आँट गर्दैन । आफ्नै कमजोरी र हीनताबोधले गर्दा ऊ घर र समाजबाट पलायन हुनछ । यसरी सडक गल्लीमा भौंतारिँदै हिँडेको बेला एक दिन एउटी अबोध बालिकाले बाबा भनी सम्बोधन गरेर बोलाउँछे । त्यस बालिकाको वास्तविकता बुझ्दै जाँदा ऊ निरूपाबाट जन्मिएकी आफ्नै छोरी भएको थाह पाउँछ । अनि उसैको माध्यमबाट निरूपासँग पुनर्मिलन हुन्छ । आफ्ना यौन चाहनालाई नियन्त्रण गर्न नसक्दा गलत बाटो अपनाउन पुगेका व्यक्तिको चरित्र **टेलिफोनको घण्टी बज्न छोड्यो** कथामा प्रस्तुत गरिएको छ । इशुभ र शैशला दुबै विवाहित भएर पनि आफ्नो श्रीमान् र श्रीमतीको आँखा छलेर आपसमा सम्बन्ध गाँस्न खोज्छन् तर इशुभकी पत्नी दियाको सचेतताका कारण कुनै दुर्घटना हुनुपूर्व नै उनीहरूको सम्बन्ध समाप्त हुनपुग्छ । **भाग्यले जुराएको जोडी** कथामा समाजमा शोषित र उपेक्षित मानिसका सम्मानित जीवन जिउने चाहनालाई यस कथाको विषयवस्तु

बनाइएको छ । देहव्यापारबाट आफ्नो जिविका चलाइरहेकी अञ्जलीले एकदिन यस्तो पुरुष भेट्छे जो यौन क्रियाकलापमा पटक्कै रुचि राख्दैन । ऊसँगको भेटपछि अञ्जलीमा पनि आफ्नो पेसाप्रति घृणा उत्पन्न हुन्छ र त्यो सहर र पेसा दुबैलाई छाडेर नयाँ तरिकाबाट जीवन जिउने उद्देश्यले पोखराकालागि प्रस्थान गर्छे । यात्राका क्रममा अचानक उही युवकसँग भेट हुन्छ । दुवैको सोच, विचार र अवस्था मिलेपछि विवाह गर्छन् ।

**अच्छा लाहुरे र मखमली** कथा उल्लासमय यौवनका रोमाञ्चक प्रणय प्रसङ्गहरू पस्किएको कथा हो । विवाहपूर्व नै गर्भवती बनेकी मखमली अच्छालाहुरे सुटुक्कै पल्टन फर्किएपछि हतास बनेर आत्महत्या गर्न खोज्छे तर त्यतिनै बेला नाटकीय रूपमा अच्छा लाहुरे प्रकट हुन्छ र मखमलीलाई बचाउँछ । यसैगरी **सरिताको भाग्य** कथाकी नायिका एक विवाहित पुरुषसँग प्रेम गरेर त्यसलाई साकार रूप दिन सक्दिने र विवाहपछि आफ्नो लोग्नेबाट पनि उपेक्षित हुन पुग्छे । माइतीको सहयोगबाट सहरमा सानो नोकरी गरी आफू र आफ्नो सन्तानको पालनपोषण गर्न थाल्छे । आफूले गरेको दुर्व्यवहारको पश्चातापले पागल बनेको सरिताको लोग्ने रणबहादुरको निधनले पनि उसलाई अर्को चोट थपिन्छ । यसरी एउटी नारीले जीवनको हरेक पलमा खेप्नुपरेको पीडालाई यस कथामा प्रस्तुत गरिएको छ ।

**ख) चरित्रचित्रण**

**बैंसका रहरहरू** कथासङ्ग्रहभित्र रहेका कथाहरूमा नेपाली समाजका यथार्थ चरित्रलाई चित्रण गरिएको छ । सङ्ख्या र भूमिकाका दृष्टिले पुरुष र स्त्री चरित्रको समानान्तर उपस्थिति रहेको पाइन्छ । प्रमुख पात्रका अतिरिक्त प्रशस्त सहायक र गौण पात्रको पनि उपस्थिति रहेको पाइन्छ । अधिकांश मध्यम वर्गीय पात्रको प्रयोग गरिएका यी कथाहरूमा अनेकता पाइन्छ ।

**बैंसका रहरहरू** कथाका विक्रम, रीना, रश्मि र राज प्रमुख पात्र हुन् । यी पाश्चात्य संस्कृतिको प्रभावमा विकृत बनेको सहरीया परिवेशमा हुर्केका स्वच्छन्द किसिमका चरित्र हुन् । **खुसीको आँसु छचल्कियो** कथामा सरिता, दिदी (म), प्रकाश, हेमन्त आदि प्रमुख पात्रका रूपमा रहेका छन् । नेपालीहरू कामको खोजीमा विदेशमा भौंतारिनु पर्ने बेरोजगार नेपाली युवाको प्रतिनिधित्व प्रकाशले गरेको छ । **अप्रत्याशित भेट** कथामा आएका निमेष, निरूपा, शिलुका माध्यमबाट प्रेमको एउटा आदर्शलाई प्रस्तुत गरिएको छ । निमेष प्रेम गरेर पनि कर्तव्यबाट भाग्ने कमजोर चरित्र हो भने निरूपा प्रेमप्रति दृढ रहने स्थीर स्वभावकी चरित्र हो । शिलु यी दुई प्रेमीप्रेमिकालाई सहयोग गर्ने अनुकूल चरित्र हो । **टेलिफोनको घण्टी बज्न छोड्यो** कथामा शैशला, इशुभ, दियाआदि पात्रहरू आएका छन् । शैशला र इशुभ आफ्ना प्रणय सुख भोग गर्नका लागि परिवार र सामाजिक मर्यादालाई नै बिर्सने अनैतिक चरित्रका रूपमा प्रस्तुत भएका छन् । **भाग्यले जुराएको जोडी** कथामा अञ्जली प्रमुख पात्रका रूपमा रहेकी छे । अञ्जली बाध्यताले यौन व्यवसाय

गरे पनि स्वाभिमानको रक्षाका लागि प्रयत्नरत छे भने उसलाई सहारा दिने अभागी युवक सत्पात्रका रूपमा आएको छ । **कान्छा र मैसाप** कथामा कान्छा निम्नवर्गीय पात्रका रूपमा उपस्थित छ भने मैसाप अभिजात वर्गको प्रतिनिधित्व गर्ने पात्रका रूपमा आएकी छ । मैसापलाई जिद्दी र निडर पात्रका रूपमा र कान्छालाई हीनताबोधले ग्रसित देखाएर उनीहरूलाई वर्गीय चरित्रका रूपमा प्रस्तुत गरिएको छ । **अच्छा लाहुरे र मखमली** कथामा अच्छा लाहुरे र मखमली प्रमुख पात्रहरू हुन् । ग्रामीण क्षेत्रका निम्नवर्गीय चरित्रका प्रतिनिधित्व यी पात्रहरूले गरेका छन् । **सरिताको भाग्य** कथामा सरिता र रनबहादुर प्रमुख पात्रका रूपमा आएका  छन् । सरिता सामाजिक मर्यादाविपरित विवाहित पुरुषसँग प्रेम गर्ने भावुक र कमजोर चरित्र हो भने रनबहादुर वास्तविकतालाई बुझ्न नसक्ने र पछि पछुताउने गतिशील एवम् प्रतिकूल चरित्र हो ।

**ग) परिवेश**

**बैंसका रहरहरू** कथासङ्ग्रहभित्र सङ्कलित कथाहरूमा आन्तरिक र बाह्य दुवै परिवेशको चित्रण पाइन्छ । वर्तमान समय र परिस्थितिलाई झल्काउने यस कथासङ्ग्रहका अधिकांश कथाहरू सहरीया परिवेशलाई समेटिएर लेखिएका छन् । काठमाडौं, पोखरा, विराटनगर आदि नेपालका प्रमुख सहरको परिवेश यी कथाहरूमा आएका छन् । सूचना, सञ्चार र यातायातका विविध प्रसङ्ग र विद्यालय, कलेज, होटल, रेस्टुरेन्टमा घटेका विभिन्न घटनाहरूको चित्रण गरिएकाले सहरीया परिवेशको रूपष्ट झलक पाइन्छ । प्रेम-घृणा, विश्वास-अविश्वास, आशा-निराशा, शङ्का, डर आदि भावमा अल्झिएका प्रेमका अनेक रूपहरू यस सङ्ग्रहका कथाहरूमा अभिव्यञ्जित भएका छन् । उच्च, मध्य र निम्न वर्गीय पात्रहरूका मानसिक एवम् शारीरिक परिवेशको चरित्राङ्कन यस सङ्ग्रहका कथामा भएको पाइन्छ ।

**घ) भाषाशैली**

यस सङ्ग्रहका कथामा सलर,  सरस र गम्भीर भावले युक्त कलात्मक भाषाको प्रयोग भएको छ । स्वच्छन्दतावादी-यथार्थवादी शैलीमा लेखिएका यी कथाहरूमा वर्णनात्मक शैलीभन्दा संवादात्मक शैलीलाई प्राथमिकता दिइएको छ । घटना, परिवेश र पात्रको चरित्रचित्रणका क्रममा उनले शिष्ट व्यङ्ग्यको उपयोग गरेका छन् :

*"अर्की केटी होँची-होँची प्वाइन्टहिल चप्पलमा आफू अग्ली हुने चाहना पूरा गरिरहेकी छे । सायद उसलाई रामदेवको लौका खाने सल्लाहझैँ कसैले सल्लाह दिएका छैनन् । तैपनि उसले एक नम्बरकी गायिका बन्ने सोच बनाएकी छे ।"  (बैंसका रहरहरू, पृष्ठ १७)*

युवापिँढीको वास्तविकता उतार्ने क्रममा उनले युवा वर्गका पात्रहरूको संवादमा अङ्ग्रेजी शब्दको प्रचुर प्रयोग गरेका छन् । अङ्ग्रेजीका अतिरिक्त हिन्दी, ऊर्दू तथा संस्कृतका शब्दहरूको प्रयोग पनि कथामा गरेका छन् । वर्णनात्मक, विवरणात्मक शैलीमा संरचित यसका कथाहरूमा प्रचलित, तथा चलनचल्तीका उखान टुक्काहरू तथा बिम्बप्रतीकको प्रयोग पनि भएको छ ।

यस सङ्ग्रहका कथाहरूमा पात्रानुकूल भाषाशैलीको प्रयोग पनि भएको छ । कथाहरूमा पनि संवादको प्रचुर प्रयोग छ । पात्रानुकूलको भाषा र अभिव्यक्तिले संवादलाई स्वाभाविक बनाएको छ जसले गर्दा कथाका पात्र र परिवेश पनि जिवन्त देखिएका छन् । पल्टनबाट फर्किएको लाहुरेको हिन्दी भाषाको प्रभाव परेको यो संवादले पात्रको चरि*त्रचित्रण गर्न सफल छ :*

*"अच्छा माफ गरिलेऊ । साथीहरू म त हिजो रातमा थोडा रम लिएको त खत्तम भइलिएछु, लु छिटो हिँड ।"  (अच्छा लाहुरे र मखपली, पृष्ठ : ९४)*

कथामा पात्रका एकालाप, वार्तालाप र मनोवादको प्रयोगले कथाको बाह्य र आन्तरिक परिवेशको चित्रणमा मद्दत मिलेको छ । एक-दुई शब्दका छोटा संवाद र १२-१४ वाक्यका लामा संवादको प्रयोग स्वाभाविक रूपमा गरिएको छ । संवादात्मकता नै यस सङ्ग्रहका कथाहरूमा पाइने प्रमुख विशेषता बनेको छ ।

**ङ) दृष्टिबिन्दु**

कथाकार विकल्पले सामान्यतया तृतीय पुरुष कथन ढाँचामा कथा लेख्ने गरेको पाइन्छ । यस सङ्ग्रहका कथाहरूमध्ये **खुसीको आँशु छचल्कियो** कथा प्रथम पुरुष शैलीमा लेखिएको छ भने बाँकी सम्पूर्ण कथाहरूमा तृतीय पुरुष कथन ढाँचा नै प्रयोग भएको छ । **खुशीको आँशु छचल्कियो** कथामा कथाको समाख्याता 'म' पात्र सरिता र प्रकाशको जीवनका सम्पूर्ण घटनाहरूलाई नजिकबाट नियाल्ने र आवस्यक सहयोग पुऱ्याउने सहायक पात्रका रूपमा उपस्थित छ । त्यसैले यस कथामा प्रथम पुरुष परिधीय दृष्टिबिन्दु रहेको पाइन्छ । तृतीय पुरुष दृष्टिबिन्दुमा लेखिएका कथाहरूमा प्रमुख पात्रहरूका हरेक गतिविधि र मानसिक अवस्थालाई नजिकबाट नियालेर चित्रण गरिएको छ । त्यसैले यी कथाहरूमा तृतीय पुरुषअन्तर्गत सर्वदशी दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

**च) उद्देश्य**

यस कथासङ्ग्रहका कथाहरूको लेखनको मुख्य उद्देश्य प्रणयमूलक रतिरागका अनेक रूपलाई देखाउनु रहेको छ । प्रेमप्रतिको सामाजिक दृष्टिकोण प्रस्तुत गरेर प्रेमलाई सम्मानित र आदर्श रूपमा प्रस्तुत गर्नु यी कथाको उद्देश्य रहेको छ । युवावर्गका विविध आवेग र संवेगयुक्त विविध प्रणयमूलक सन्दर्भहरूलाई  प्रस्तुत गरी स्वस्थ मनोरञ्जन दिनु पनि यी कथाको अभीष्ट

रहेको छ । नेपालको वर्तमान सामाजिक, आर्थिक, राजनैतिक अवस्था र नेपालीहरूको जीवनशैलीलाई पनि यी कथाहरूले झल्काएका छन् ।

### ५.३.६.४ 'निस्तो सम्झौता' कथा-सङ्ग्रहको विश्लेषण र मूल्याङ्कन

**निस्तो सम्झौता** कथासङ्ग्रह कथाकार विकल्पको तेस्रो तथा हालसम्मको अन्तिम प्रकाशित कथासङ्ग्रह हो । पर्वत साहित्य सङ्गम, पर्वतबाट वि. सं. २०६४ मा पहिलो पल्ट प्रकाशित भएको यस सङ्ग्रहमा **सजाय**, **जिन्दगी चलिहाल्छ नि**, **समवेदनाका पानाहरू**, **समस्या समाधान**, **निस्तो सम्झौता**, **तोडिएको कसम**, **साइँला दाइ**, **शशीको इच्छा** र **उल्लु** शीर्षकका जम्मा नौओटा कथाहरू समावेश गरिएको छ ।[१४५] प्रेम र जीवनका विविध अनुभूतिहरूलाई सँगालेर सामाजिक परिवेशमा लेखिएका यी कथाहरूमा यथार्थवादी शैली अँगालिएको पाइन्छ ।

**क) कथावस्तु**

यस सङ्ग्रहका कथाहरूमा प्रेम, जीवन र समाजका विविध पक्षहरूलाई समेटिएको छ । सच्चा प्रेममा पाइने भावुकता, समर्पण, त्याग, धोखाजस्ता विभिन्न अवस्था र त्यसले जीवनमा पार्ने प्रभावलाई यी कथाहरूमा केलाउने प्रयास गरिएको छ । सामाथिक र आर्थिक विसङ्गतिलाई पनि कथाको विषय बनाइएको छ ।

**सजाय** कथामा चोखो प्रेमलाई घात गरेर भौतिक सुखमा लिप्त हुन चाहने स्वार्थी प्रेमिकाले अन्ततः पश्चातापमा जल्न पुगेको प्रसङ्ग उल्लेख गर्दै आदर्श प्रेमको वकालत गरिएको छ । राजेशसँगको प्रेमसम्बन्ध तोडेर रजनी धनी व्यक्तिसँग विवाह गर्न पुग्छे तर राजेश घरजम गरेर सफल पारिवारिक जीवन बिताइरहँदा रजनी बिधवा बनी परिवार र सम्पत्तिबाट पनि विमुख बनेकी छ । **जिन्दगी चलिहाल्छ नि** कथा एउटी सङ्घर्षशील नारीको कथा हो । यस कथाकी नायिका सारिका बाल्यकालदेखि नै माया ममता र आफन्तको सद्भाव नपाइकन हुर्केकी हुन्छे । विवाहपछि पनि लोग्नेको अनुत्तरदायी व्यवहार र सासुको बुहार्तन खेप्नु परेको छ । लोग्ने आत्महत्या गरेपछि ऊ सारा पीडा लुकाएर जिन्दगी बिताउने आँट लिएकी छ । **समवेदनाका पानाहरू** दुई युवायुवतीको अधुरो प्रेमको मार्मिक रूपमा प्रस्तुति भएको कथा हो । पारिवारिक दवावले विवाह गरेको पन्ध्र दिनमै विधवा बन्न पुगेकी विजयाले माइतमा आएर आफ्नो पुरानो प्रेमी विश्वासको खाजी गर्न थाल्छे । उसको प्रेमी विश्वास ऊसँगको विछोडले पीडित भई साहित्यिक सिर्जनामा एकोहोरिएको हुन्छ । एउटा साहित्यिक कार्यक्रममा विजया र विश्वासको भेट हुन्छ । त्यसको केही दिनमै विश्वास मृत्यु भएकाले विजयाको चाहना पूर्ण हुन सक्दैन ।

---

[१४५] इन्द्रकुमार विकल्प, **निस्तो सम्झैता**, पर्वत साहित्य सङ्गम, पर्वत, २०६४ ।

**समस्या समाधान** कथामा  एउटी युवतीको एक विवाहित युवकप्रतिको अन्धप्रेम देखाइएको छ । रश्मीले 'म' पात्रलाई एकतर्फी रूपमा चाहन्छे, 'म' पात्रमा ऊप्रति कुनै अनुराग नभए पनि उसकी श्रीमती लक्ष्मीको शङ्का निवारण गर्न रश्मीलाई घरमा बोलाएर सम्भmउँछन् । यसरी सम्भmाउँदा पनि उसको मनमा कुनै परिवर्तन नभएपछि लक्ष्मीले कठोर व्यवहार गर्छे । त्यसपछि मात्र रश्मी उनीहरूको जीवनबाट सदाका लागि टाढिन्छे । **निस्तो सम्झौता** कथामा नारीहरूमा मातृत्वको चाहना कस्तो हुन्छ भन्ने कुरा देखाउन खोजिएको छ । यस कथाकी नायिका तारा आफू गर्भवती बनेकीमा खुसी छैन त्यसैले पनि विवशको चाहनाविपरित गर्भपतन गर्छे । पूजा अविवाहित भएर पनि सन्तान जन्माएर मातृत्व प्रदान गर्न चाहन्छे । पूजाले विवशको गर्भधारण गरेर दुई बच्चा जन्माउँछे तर उसको तुरुन्तै मृत्यु भएकाले ती बच्चाहरूको जिम्मा विवशले लिन्छ र पछि ताराले पनि आफ्नै सन्तान ठानेर मातृत्व प्रदान गर्छे । **तोडिएको कसम** कथामा जीवन जिउन कसम पनि तोड्नुपर्दोरहेछ भन्ने सत्यलाई उद्घाटित गरिएको छ । कौशिला र गोपाल आपसमा प्रेम गर्छन् एकअर्कासँग विवाह गर्न नपाए अविवाहित बस्ने कसम खान्छन् । तर गोपाल विदेश गएर फर्कंदा कौशीलाको विवाह वाध्यतावश भइसकेको हुन्छ । त्यसपछि विरक्त बनेको गोपाललाई कौशिलाले विवाह गरेर सुखी जीवन बिताउन प्रेरित गर्छे ।

**साँइलादाइ** कथामा कसैको कुचक्रमा परेर बिग्रिएको साँहिलादाइको पारिवारिक र मानसिक स्थितिको चित्रण गरिएको छ । साँइलादाइ र कमलीबीचको पवित्र सम्बन्धलाई बङ्ग्याएर रणबहादुरले साँइलादाइकी पत्नी मखमलीलाई भड्काउँछ र उसको जीवन नै तहसनहस पारिदिन्छ । **शशीको इच्छा** कथामा शशी र देवको प्रेमसम्बन्धलाई शशीको परिवारले स्वीकार्न सक्दैन । त्यसैले देवलाई मरणासन्न हुनेगरी कुटपिट गर्छन् भने शशीलाई अर्कै केटासँग विवाह गर्न बाध्य तुल्याउँछन् । यस घटनाबाट बिग्रँदै गएको देवको मनस्थिति सुधार्नका लागि शशीले आफ्नै साथी शैलको विवाह ऊसँग गरिदिन्छे । **उल्लु** कथामा नायक र नायिकाका रूपमा बिनोद र रञ्जना उपस्थित भएका छन् । उनीहरू एकअर्कालाई चाहन्छन् तर आ-आफ्नै अहम्का कारण उनीहरूको बीच दुरी बढ्दै जान्छ । यस्तो स्थितिमा उनीहरूकी साथी रेखाले मध्यस्थको भूमिका निभाएर उनीहरूको मिलन गराइदिन्छे ।

यस कथासङ्ग्रहका कथामा कथानक सरल गतिमा प्रवाहित छन् । आदि, मध्य र अन्त्यको श्रृंखलामा संरचित यी कथाहरूमध्ये **सजाय**, **तोडिएको कसम**, **साहिँलादाइ** आदि कथाहरूमा पूर्वदीप्तिको पनि प्रयोग गरिएको छ ।

**ख) चरित्रचित्रण**

यस सङ्ग्रहका कथाहरूमा समावेश गरिएका पात्रहरूमा चारित्रिक विविधता पाइन्छ । कथामा प्रस्तुत घटना र परिवेशलाई विभिन्न वर्ग, जाति र उमेरका ग्रामीण-सहरीया, शिक्षित-

अशिक्षित, अनुकूल-प्रतिकूल पात्रहरूको सन्तुलित प्रयोगले कथालाई स्वाभाविकता प्रदान गरेको छ। कथामा भूमिकाका दृष्टिले प्रमुख, सहायक र गौण पात्रहरू रहेका छन्।

**सजाय** कथाका प्रमुख पात्र रजनी र राजेश हुन्। रजनी राजेशसँग प्रेम गरेर धोखा दिने र अन्तमा पश्चाताप गर्ने गतिशील चरित्र हो भने राजेश रजनीलाई सच्चा प्रेम गर्ने र उसबाट धोखा पाएर पनि विचलित नभई जीवनमा निरन्तर अगि बढ्ने धीर पुरुष हो। **जिन्दगी त चलिहाल्छ नि** कथाकी नायिका सारिका कर्तव्यपरायण र सङ्घर्षशील वर्गीय नारी चरित्र हो। **समवेदनाका पानाहरू** कथाका नायक नायिका विश्वास र विजया दुवै आत्मविश्वासको कमी भएक गतिशील चरित्र हुन्। **समस्या समाधान** कथाकी प्रमुख पात्र रश्मी भावुक र जिद्दी स्वभावकी युवती हुन् भने लक्ष्मी नारीसुलभ इर्ष्यालु स्वभावकी चरित्र हुन्। यस कथाको 'म' पात्र स्थीर स्वभावको तटस्थ पात्र हो। **निस्तो सम्झौता** कथाकी तारा र पूजा दुवै नारी अस्मिता र स्वतान्त्रताप्रति सचेत स्त्री चरित्र हुन्। यी दुई मध्ये तारा विवाहित भएर पनि सन्तान जन्माउन चाहँदिने भने पूजा विवाह नगरी बच्चा जन्माउन चाहन्छे। विवश साधारण पुरुष चरित्र हो। **तोडिएको कसम** कथाका प्रमुख पात्र गोपाल र कौशिला दुवै प्रेमप्रति इमानदार भएर पनि परिस्थितिअनुसार आफूलाई डोऱ्याउन नसक्ने कमजोर चरित्र हो। मखमलीमा स्त्रीसुलभ शङ्का छ जसले गर्दा ऊ सधैँ आफ्नो पतिमाथि शङ्का गर्छे। रनबहादुर इर्ष्यालु स्वभावको प्रतिकूल चरित्र हो। **शशीको इच्छा** कथाकी नायिका शशी र नायक देव दुवै स्थीर एक-अर्काप्रति इमानदार प्रेमी-प्रेमिका हुन् भने **उल्लु** कथाका रञ्जना र विनोद दुवै आत्मविश्वासको कमी भएका अस्थिर चरित्र हुन्।

यी कथाहरूमा सहायक र गौण भूमिकामा प्रशस्त पात्रहरू उपस्थित छन्। यीमध्ये **जिन्दगी त चलिहाल्छ नि** कथाको सारिकाको लोग्ने र सासु, **साइँलादाइ** कथाकी कमली, **शशीको इच्छा** कथाकी शैल र **उल्लु** कथाकी रमा उल्लेखनीय भूमिकामा रहेका सहायक पात्र हुन्। अन्य पात्रहरूको उपस्थिति कथामा त्यति प्रभावकारी छैन।

**ग) परिवेश**

**निस्तो सम्झौता** कथामा विभिन्न किसिमको परिवेश चित्रण गरिएको छ। आन्तरिक र बाह्य दुवैखाले परिवेशको चित्रण यी कथाहरूमा गरिएको छ। यी कथाहरूमा प्रस्तुत समयसनदर्भ हेर्दा वर्तमान नेपाली समाजको परिवेशको स्पष्ट झलक पाइन्छ। २०६५ सालतिरको परिवेशलाई समेटिएको **समस्या समाधान** कथामा स्पष्ट रूपमा मिति नै तोकिएको पाइन्छ भने साइँला दाई कथामा बागलुङ्को चैतेदशैँ मेला र पर्वतको अर्मादी र कुश्माबजारको परिवेशलाई स्पष्ट रूपमा प्रस्तुत गरिएको छ। तराई र तराई तथा ग्रामीण र सहरी क्षेत्रका निम्न, मध्यमर उच्च वर्गीय नेपालीहरूको जनजीवनको चित्रण गरिएका यी कथाहरूमा सामाजिक र सांस्कृतिक परिवेश पनि झल्किएको पाइन्छ। गरिबीबाट सिर्जित व्यक्तिका मानसिक स्थितिका साथै पारिवारिक र सामाजिक

समस्यालाई पनि यी कथामा प्रस्तुत गरिएको छ । परिवारमा आमाबाबु, छोराछोरी, सासूबुहारी, श्रीमान्श्रीमतीका बीचको समबन्धको विविध अवस्थालाई उनका कथाहरूमा देखाइएको छ ।

**घ) भाषाशैली**

कथाकार विकल्पका कथाहरूमा प्रयुक्त भाषा सरल, सहज, सम्प्रेष्य र भाव गम्भीरता रहेको हुन्छ । कथ्य भाषाको प्रयोग र संवादात्मक प्रस्तुति यी कथाहरूको प्रमुख भाषिक विशेषता हो । उखान-टुक्कामिश्रित सूक्तिमय वाक्यको प्रयोगले भाषिक सबलता प्रदान गरेको छ । यी कथाहरूमा तत्सम र तद्भव शब्दका साथै नेपाली मौलिक र आगन्तुक शब्दको प्रचुर प्रयोग गरिएको छ । व्याकरणिक दृष्टिले वर्णविन्यास र वाक्यगठनमा केही त्रुटी देखिए तापनि कथाको आस्वादनमा कुनै अवरोध आएको छैन । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको स्वाभाविक प्रयोगले प्रस्तुतीकरण यथार्थ बनेको छ । चलनचल्तीमा रहेको भाषाको प्रयोगले कथालाई विषयवस्तुअनुरूप सरल र सहज तुल्याएका छन् ।

विकल्पका कथाहरू संवादात्मक शैलीमा लेखिएका हुन्छन् । त्यसैले उनका कथाहरूमा परिवेश, पात्र र घटनाको चित्रण पात्रका संवादको माध्यमबाट नै गरिएको पाइन्छ । **निस्तो सम्झौता** कथासङ्ग्रहमा सङ्कलित कथाहरूमा पनि कथाकारले यही शैलीलाई निरन्तरता दिएको पाइन्छ । कथामा पात्रहरूको स्तरअनुरूपका छोटा–छोटा संवादहरूको प्रयोग गरिएको छ । कथामा अङ्ग्रेजीका शब्दहरूको प्रयोग भए पनि नेपाली जनजिब्रोमा भिजेका शब्दहरूले कथालाई दुरुह बनाएको छैन । यसरी भाषिक कला र शिल्प-सौन्दर्यको चमत्कारपूर्ण प्रस्तुतिलाई भन्दा सहजानुभूति र भावगाभीर्यलाई प्राथमिकता दिइएकोले यी कथाहरूमा प्रयोग भएको भाषाशैली उत्कृष्ट बन्न पुगेको छ ।

**ङ) दृष्टिबिन्दु**

**निस्तो सम्झौता** कथासङ्ग्रहका कथाहरूमा प्रथम पुरुष र तृतीय पुरुष दुवै दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस सङ्ग्रहका धेरैजसो कथाहरूमा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । समस्या समाधान कथामा प्रथम पुरुषअन्तर्गत केन्द्रीय दृष्टिबिन्दुको प्रयोग गरिएको छ । यस कथाको नायक 'म' पात्रले आफ्नो जीवनको कुनै एउटा घटनाको प्रस्तुतीकरण प्रथम पुरुष शैलीमा गरेको छ । केही कथामा पात्रका सम्पूर्ण आन्तरिक परिवेशको चित्रण गरिएको छ भने केही कथाहरूमा वस्तुपरक वर्णन मात्र रहेको छ ।

**च) उद्देश्य**

यस कथासङ्ग्रहमा सङ्कलित कथाहरूमा कथाकारले स्पष्ट रूपमा कुनै गहन जीवनदर्शन वा उद्देश्य प्रस्तुत गर्न खोजेको पाइँदैन तर पढिसकेपछि यी कथाहरूले पाठकहरूमा कुनै न कुनै

प्रभाव छाड्न सफल छन् । कथाहरूमा प्रेमका विविध रूपको प्रदर्शन गरेर आदर्शको प्रतिस्थापन गर्न खोजिएको पाइन्छ । वर्तमानको विसङ्गत युगीन परिवेशमा मानिसले भोग्नुपरेका पीडा, वेदना, असन्तोष आदि विविध अनुभूतिलाई चित्रण गर्नु तथा समाजमा महिलाको स्थिति चित्रण गर्दै लैङ्गिक विभेदलाई समाप्त पारेर नारी अस्मिताको खोजी गर्नु पनि यी कथाहरूको उद्देश्य रहेको पाइन्छ । यसरी बौद्धिकता र भाषिक चमत्कार देखाउनु भन्दा सामाजिक यथार्थको प्रस्तुतिबाट स्वस्थ मनोरञ्जन प्रदान गर्नु यी कथाहरूको अभिष्ट हो ।

### ५.३.७ कथाकार ध्रुवलाल शर्मा र उनका प्रमुख कथा-सङ्ग्रहको अध्ययन

### ५.३.७.१ कथाकार ध्रुवलाल शर्माको परिचय

ध्रुवलाल शर्माको जन्म वि. सं. २००५ मा म्याग्दी जिल्लाको अर्थुङ्गे भन्ने ठाउँमा भएको हो । यिनी पेसाले शिक्षक भए पनि निरन्तर साहित्यमा लागिरहने व्यक्तित्व हुन् । यिनी पिता गंगादत्त शर्मा र माता मन्दोदरीका ज्येष्ठ सुपुत्र हुन् । यिनले सि.एड. (आइ.ए.) सम्मको शिक्षा हासिल गरेका छन् । यिनी नेपाली साहित्यमा **१८ सालका सवाई** कविता प्रकाशन गरी प्रवेश गरेका हुन् ।[१४६]

म्याग्दी जिल्लामा रहेर नेपाली साहित्यको सेवा गर्ने शर्मा व्यक्तिगत र संस्थागत दुवै किसिमबाट सक्रिय बनेका छन् । यसै सन्दर्भमा यिनी म्याग्दी साहित्यिक समाज, पौलस्त्य साहित्य समाज, मधुसूदन स्मृति साहित्य प्रतिष्ठान, धौलागिरि वाङमय समाज, पर्वत साहित्य सङ्गम आदि धवलागिरि अञ्चलका स्थापित साहित्यिक संस्थाहरूमा संलग्न रहेका छन् । यिनी साहित्यका अतिरिक्त विभिन्न साहित्यिक तथा साहित्येतर सङ्घ-संस्थामा पनि संलग्न रहँदै आएका छन् । विद्यार्थी कालदेखि नै साहित्यिक, सांस्कृतिक, खेलकूद आदि कार्यक्रमहरूमा सक्रिय भई पुरस्कृत समेत हुने शर्मा धवलागिरि साहित्य पुरस्कार प्रतिष्ठानद्वारा पुरस्कृत भएका छन् भने ढोरपाटन साप्ताहिक बागलुङद्वारा वार्षिकोत्सव कार्यक्रम २०६४ मा सम्मानित तथा राष्ट्रिय गजल उत्सव २०६४ बागलुङमा पुरस्कृत पनि भएका छन् । यसका अतिरिक्त UNIVERSAL PEACE FEDERATION NEPAL द्वारा साहित्य विधामा AMBASSADOR FOR PEACE घोषित तथा पुरस्कृत भएका छन् ।[१४७]

यिनका हालसम्म प्रकाशित साहित्यिक कृतिहरू निम्नलिखित रहेका छन् :

१. आमाको सम्झना (कवितासङ्ग्रह २०६३)

२. यौटा कथाको कथा (कथासङ्ग्रह २०६३)

---

[१४६] ध्रुबलाल शर्माबाट प्राप्त मौखिक जानकारी ।

[१४७] ऐजन् ।

३. खोरभित्रको स्वर (गीतिसङ्ग्रह २०६४) प्रकाशित छन् ।[१४८]

विभिन्न पत्रत्रिकाहरुमा फुटकर रुपमा रचना प्रकाशन गर्दै आएका कथाकार शर्माको **यौटा कथाको कथा** (२०६३) एक मात्र प्रकाशित कथासङ्ग्रह हो । कथाकार शर्मा सामाजिक यथार्थवादी कथाकारका रुपमा देखिएका छन् ।

### ५.३.७.२ 'यौटा कथाको कथा' कथा-सङ्ग्रहको विश्लेषण र मूल्याङ्कन

वि. सं. २०६३ सालमा प्रकाशित एउटा कथाको कथा कथासङ्ग्रह कथाकार ध्रुवलाल शर्माको एक मात्र प्रकाशित कथाकृति हो । कथाकार शर्माले आमा मन्दोदरी शर्मा पौडेलप्रति समर्पित यस सङ्ग्रहका प्रकाशक प्रमोद शर्मा र कविता शर्मा 'सङ्घर्ष' रहेका छन् । आफूले बाँचेको समाजबाट कथावस्तु ग्रहण गरी यथार्थवादी शैलीमा कथा लेख्ने कथाकार शर्माले यस सङ्ग्रहमा पनि यस्तै लामाछोटा १५ ओटा कथाहरू समावेश गरेका छन् ।[१४९]

**क) कथावस्तु**

यस कथासङ्ग्रहमा सङ्गृहित कथाहरूमा सामाजिक विषयवस्तुलाई नै ग्राह्यता दिइएको छ । ग्रामीण तथा शहरी क्षेत्रका नेपाली जनताहरूका जीवन भोगाइहरूलाई कथात्मक प्रस्तुति गरिएको छ । सामाजिक, आर्थिक तथा राजनैतिक विकृति र विसङ्गतिको चिरफार गरिएका यी कथाहरूमा व्यक्तिको चरित्र निर्माण र सामाजिक उन्नतिको कामना गरिएको पाइन्छ ।

**द्रष्टा र दृष्टि** यस सङ्ग्रहको पहिलो कथा हो । यसमा समाजका सबल र प्रतिष्ठित व्यक्तिहरूमा नभएको मानवता एक अपाङ्गमा हुनसक्छ भन्ने कुरालाई देखाइएको छ । लँगडो भएर पनि कर्फ्यूको समयमा सडकमा अचेत अवस्थामा रहेको दिलिमको उद्दार कार्यमा जुटेको राजीवको उदारताको चित्रण गरिएको छ । आफ्नै जीवनदेखि अघाएर नसामा डुब्ने हीन मानसिकता भएका व्यक्तिको जीवनचर्या **पीडा पखाल्ने पेय** कथाको विषयवस्तु हो । यसमा सम्पन्नताबाट विपन्नतातर्फ उन्मुख बनेपछि नसाको सहारा लिन पुगेको रनेको अवस्थाप्रति सहानुभूति प्रकट गरिएको छ ।

**गुरुहरूको गोज्याउरी** शिक्षा क्षेत्रमा देखिएका विकृतिहरू उजागर गरिएको कथा हो । शिक्षण पेसामा भित्रिएका विभिन्न विकृतिहरूलाई यस कथामा प्रस्तुत गरिएको छ । विद्यालयको अध्यापन कार्यभन्दा ट्युसनलाई प्राथमिकता दिनाले शिक्षाको गुणस्तर खस्किँदै गएको यथार्थ धनबहादुर बस्नेतको चरित्रबाट प्रस्तुत गरिएको छ । गरिबी, अन्धविश्वास र रुढीवादी संस्कृतिबाट पीडित ग्रामीण नेपालीहरूको व्यथाको कथा हो **ऊ फेरि कहिल्यै फर्केन** । जमानसिंह जन्मनेबित्तिकै उसको

---

[१४८] इन्द्रकुमार विकल्प, पूर्ववत्, पृ. ३७ ।

[१४९] ध्रुवलाल शर्मा, **यौटा कथाको कथा**, स्याग्दी, २०६४ ।

बाबु रामवीर तराईतिर जान्छ र उतै मर्छ । आमा मनसराले जमानसिंहलाई मुटुको टुक्राझैँ गरी हुर्काउँछे । स्वाभिमानी जमानसिंह अन्यायको विरोधमा लाग्दा पञ्चायतकालीन सामन्तको फन्दामा पर्छ र बहुदल आए पनि उसले मुक्ति पाउँदैन । लोग्नेझैँ छोरो पनि फर्केर नआएपछि मनसरा पिरैपिरले प्राण त्याग्न पुग्छे ।

नेपालका वीर पुर्खाका सन्तानको नालायकीपनले देशको राष्ट्रियता र स्वाभिमान धरासयी बन्दै गएको अवस्थामा राष्ट्रभक्त नेपालीको आत्मामा परेको चोटलाई **यौटा कथाको कथामा** चित्रण गरिएको छ । **बिन्ती** कथामा द्वन्द्वले बाल-मस्तिष्कमा परेको नराम्रो प्रभावलाई यथार्थ ढङ्गले प्रस्तुत गरिएको छ । सरकार र माओवादीबीचको यद्धको घटना प्रत्यक्ष देखेपछि मानसिक रूपमा अस्वस्थ बन्न पुगेको नसिबको अवस्था र उसको अवस्थाले चिन्तित उसकी आमाको कारुणिक अवस्था कथामा  देखाइएको छ । आर्थिक विपन्नताका कारण कष्टपूर्ण जीवन बिताइरहेको विप्लवको परिवारको सङ्घर्षलाई पीडाभित्रको प्रण कथामा देदाइएको छ । गरिबीकै चपेटामा परेर बाबुआमाको मृत्यु भएपछि पनि विप्लवले पढीलेखी असल मानिस बन्ने प्रण गर्छ ।

**आज चेली भित्रिएकी छन्** कथाले चेलीबेटी बेचबिखनविरुद्ध आवाज उठाएको छ । गजवीरको कुचक्रमा परेर कान्ती बम्बैको कोठीमा बेचिन विवश हुन्छे । त्यहाँबाट फर्किएर आफ्नो गाउँमा आएपछि गजवीरको कुकर्मको भण्डाफोर हुन्छ । गाउँलेहरूको प्रयासबाट गजवीरलाई सजाय हुन्छ भने कान्तीलाई ससम्मान गाउँमा भित्राइन्छ । **श्रद्धाञ्जली** कथा उच्च पदस्थ कर्मचारीहरूले तल्लो तहका कर्मचारीहरूलाई गर्ने अन्याय र शोषणको चित्रण गरिएको छ । जिल्ला शिक्षा अधिकारी श्यामभक्त अधिकारीको व्यवहारबाट पीडित पियन कर्णध्वज पालिखेका समस्या र हाकिमविरुद्धको सङ्घर्ष नै यस कथाको कथावस्तु हो ।

**पुनर्विवाह** नारी स्वतन्त्रता र लैङ्गिक समानताको पक्षमा लेखिएको कथा हो । यस कथामा सन्तान नभएको निहुँमा रेखाको पति धिरजले अर्को विवाह गरेपछि उसकै बहिनी गीताले आफ्नी भाउजू रेखाको अर्कै पुरुषसँग विवाह गराई पुरुषप्रधान समाजलाई गतिलो जवाफ दिएकी छ । यसैगरी **फैसला** कथाले अन्तर्जातीय विवाहलाई महत्त्व दिएर सामाजिक परिवर्तनको सन्देश दिएको छ । आफ्नो छोरा पार्थिवले दलित परिवारकी उर्मिलासँग प्रेम गरेर विवाह गर्न लागेको थाहा पाएपछि गोरखबहादुरले उनीहरूको सम्बन्ध विच्छेद गराउन भरमग्दुर प्रयत्न गर्छ तर उसको प्रयासलाई असफल गराउँदै पार्थिवले कानुनी रूपमा उर्मिलासँग विवाह गरी एक उदाहरणीय कार्य गर्दछ ।

**हाँडीभिर जस्तै महान् भएस्** कथा सहरी सभ्यता र सरकारी कामकाजमा अनियमिततालाई व्यङ्ग्य गरिएको कथा हो । बेनीबजारदेखि काठमाडौँसम्मका सहरहरूको खोक्रोपनलाई उदाङ्ग पारिएको यस कथामा जिल्ला शिक्षा कार्यालय म्याग्दीले कार्यालयका लागि जग्गा खरिद गर्दाको

भ्रष्टाचार र अनियमिततालाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरिएको छ । **शहीद सम्मेलन** कथामा नेपालमा विभिन्न समयमा भएका आन्दोलनमा बलिदान भएका सहीदप्रति राजनीतिज्ञहरूले गरेको बेवास्तालाई प्रस्तुत गरिएको छ । घटना र पात्रको प्रतीकात्मक प्रस्तुतीकरण भएको यस कथामा पनि जनतामाथि शोषण गर्ने राजा र राजतन्त्रमाथि कसिलो व्यङ्ग्य गरिएको छ । **आन्दोलन अभिनन्दन** कथामा आन्दोलनका क्रममा आफ्नो स्वार्थपूर्तिमा लाग्ने र आन्दोलनपछि परिस्थितिको फाइदा उठाउने कार्यमा अग्रसर हुने अवसरवादी चरित्रहरूलाई नङ्ग्याउने प्रयास गरेका छन् ।

**ख) चरित्रचित्रण**

प्रस्तुत कथासङ्ग्रहमा सङ्कलित कथाहरूमा विभिन्न सामाजिक परिवेशलाई प्रतिबिम्बित गर्ने पात्रहरू समावेश भएका छन् । अधिकांश कथाहरू नेपालको मध्य तथा पश्चिमी पहाडका ग्रामीण क्षेत्रलाई पृष्ठभूमि बनाएर लेखिएको हुनाले यी कथाहरूमा निम्न-मध्यम वर्गीय नेपालीहरू नै पात्रका रूपमा उपस्थित भएका छन् । आर्थिक, सामाजिक र शैक्षिक स्तर असमान भएका विविधताले युक्त चरित्रहरूको चित्रणले कथामा यथार्थ झल्किएको पाइन्छ ।

**द्रष्टा र दृष्टि** कथामा शारीरिक रूपमा अपाङ्ग एक व्यक्तिमा रहेको मानवता र कर्तव्यनिष्ठताको चित्रा गरिएको छ । यस कथाको प्रमुख पात्र राजिव लङ्गडो भएर पनि आत्मविश्वास, सद्भावले गर्दा पूर्ण मानव बन्न सफल छ । यस कथाको दिलिप र **पीडा पखाल्न पिएको पेय** कथाको प्रमुख पात्र रनेका बीचमा चारित्रिक अन्तर रहेको छ । जीवनका असफलता र कठिनाइसँग भाग्न नशाको सहारा लिने यी पात्र कमजोर चरित्र भएका पात्र हुन् । यद्दपि कसैप्रति कलुषित भावना नराख्ने भएकाले यी दुवै पात्रलाई सत्पात्रका रूपमा लिन सकिन्छ । **गुरुहरूको गोज्याउरी** कथामा आफ्नो स्वार्थपूर्तिका लागि अवसरवादी बन्ने र ट्युसनलाई महत्व दिने शिक्षकहरूको चरित्रको चित्रण गरिएको छ । **ऊ फेरि कहिल्यै फर्केन** कथाको जमानसिंह, मनसरा र रामवीर निम्न वर्गीय परिवारका सदस्य हुन् । एक कर्तव्यनिष्ठ, सङ्घर्षशील र ममतामयी नारीका रूपमा उपस्थित मनसरा यस कथाकी प्रमुख पात्र हो । **यौटा कथाको कथा** कथामा प्रमुख पात्रका रूपमा एक कथाकार उपस्थित छ । पुर्खाहरूले रचेको गौरवमय इतिहासलाई अवमूल्यन गर्दै निजी स्वार्थमा लिप्त नेपालीहरूको सोचाइ र व्यवहारप्रति असन्तुष्ट कथाकार राष्ट्रिय भावनाले युक्त सच्चा नेपालीको प्रतिनिधि चरित्र हो ।

**बिन्ती** कथाको प्रमुख पात्र नसिब प्रतिकूल परिवेशले मानसिक अवस्था विकृत बन्न पुगेको बाल चरित्र हो । ऊ देशमा व्याप्त द्वन्द्वको सिकार बन्न पुगेका लाखौं बालबालिकाहरूको प्रतिनिधि चरित्र हो । यसैगरी **पीडाभित्रको प्रण** कथाको प्रमुख पात्र विप्लव सङ्कटग्रस्त वर्तमान परिवेश र अनिश्चित भविष्यका बावजुद पनि सङ्घर्ष गरेर जीवनमा अघि बढन चाहने बालक हो । ऊ

कसैबाट सानो सहयोग पाएमा पढीलेखी योग्य र असल मानिस बन्ने आँट गर्ने आत्मविश्वासी बाल चरित्र हो ।

**आज चेली भित्रिएकी छिन्** कथामा प्रमुख पात्रको रूपमा उपस्थित कान्ती उत्पीडित महिलाहरूकी प्रतिनिधि पात्र हो । ऊ गजवीरको पाशवीक व्यवहारले गर्दा बम्बईको कोठीमा बेचिनु परे पनि गाउँ फर्किएपछि न्यायका लागि सङ्घर्ष गर्ने जुझारु स्वभावकी पात्र हो । **श्रद्धाञ्जली** कथाकी प्रमुख पात्र कर्णध्वज पालिखे निम्नवर्गीय स्वाभिमानी र कर्तव्यपरायण पात्र हो भने यसै कथाको अर्को पात्र श्यामभक्त महर्जन दुष्ट प्रवृत्तिको प्रतिकूल चरित्र हो । **पुनर्विवाह** कथाकी प्रमुख पात्र रेखा नारी समानता र स्वतन्त्रताका लागि सङघर्षरत विद्रोही पात्र हो । यसै कथाकी गीता र लक्ष्मण व्यक्तिगत स्वतन्त्रता भन्दा सामाजिक मर्यादालाई महत्त्व दिने गतिशील चरित्र हुन् । धीरज नारी जातिको सम्मान गर्न नजान्ने अभिमानी प्रतिकूल पुरुष पात्र हो ।

**हाँडीभीर जस्तै महान् भएस्** कथाको प्रमुख पात्र म र उसको मित्र हुन् । यी दुवै सामाजिक विकृतिप्रति असन्तुष्ट भएर पनि सशक्त विद्रोहमा उत्रन नसक्ने साधारण चरित्र हुन् । **शहीद सम्मेलन** कथामा एतिहासिक र काल्पनिक पात्रहरू समावेश भएका छन् भने **कथा इतिहासको** कथामा नेपालका राजाहरूलाई विष्णुको अवतारका भनी प्रतीकात्मक रूपमा चित्रण गरिएको छ । **आन्दोलन अभिनन्दन** कथामा विभिन्न थरि चरित्र भएका कार्यालयका हाकिम, कर्मचारीहरू र शिक्षकहरू पात्रका रूपमा उपस्थित छन् ।

यस कथामा प्रसङ्गानुकूल सहायक र गौण पात्रहरू पनि आएका छन् । यस्ता पात्रहरू कथामा निरपेक्ष नभए तापनि उल्लेख्य भूमिकामा देखिदैन्न् । कथामा केही पात्रहरूको चरित्रचित्रण कथाकार स्वयम्ले वर्णनात्मक शैलीमा गरेका छन्  भने केही पात्रहरूको चरित्र उनीहरूको संवाद र क्रियाकलापबाट प्रष्टिएको छ ।

**ग) परिवेश**

यौटा कथाको कथा कथासङ्ग्रहभित्र सङ्गृहित कथाहरूमा आन्तरिक परिवेश र बाह्य परिवेशलाई समान रूपमा चित्रण गरिएको पाइन्छ । कथाकार आफू बाँचेको परिवेशलाई नै कथाको आधारभूमि बनाएकाले यस सङ्ग्रहका अधिकांश कथाहरूमा पश्चिम नेपालको पहाडी ग्रामीण परिवेश र केही कथाहरूमा सहरी परिवेशको पनि चित्रण गरिएको पाइन्छ । बेनी बजार, बागलुङ, बुर्तिवाङ, कालीगण्डकी, म्याग्दीखोला, भैरहवा, सुनौली, नेपालगञ्ज, स्याङ्जा पुतलीखेत आदि विभिन्न स्थानलाई कथामा समेटिएको पाइन्छ । यसैगरी विद्यालय, अस्पताल, पसल, सडक, नदीकिनार, पाखापर्वत र उकाली ओरालीको यथार्थ रूपमा उल्लेख गरिएको छ । राणाकालीन युग, पञ्चायतकाल र वर्तमानकालको विभिन्न राजनैतिक तथा सामाजिक परिवेश पनि कथामा प्रस्तुत गरिएको छ । **शहीद सम्मेलन** कथमा बैकुण्ठको काल्पनिक चित्रण गरिएको छ ।

पात्रको आन्तरिक परिवेशको चित्रणका क्रममा गरिबी, अशिक्षा, अन्धविश्वास, अशान्ति, र सामाजिक भेदभावका कारण उत्पीडित मानिसको मानसिक अवस्थाको चित्रण गरिएको छ । व्यक्तिगत, पारिवारिक, सामाजिक समस्याबाट ग्रस्त मानिसको मनमा उत्पन्न छटपटीलाई चित्रण गरिएको छ । यसैगरी वर्गीय चेतनाले ल्याएका राष्ट्रिय अन्तराष्ट्रिय स्तरका सङ्घर्ष र युद्धको भिषण परिणाम र जनतामा परेको नकरात्मक असरलाई चित्रण गरिएको छ ।

यसरी कथामा परिवेश चित्रणलाई विशेष ध्यान नदिइएको भए पनि स्थानीय स्तरदेखि विश्व परिवेश र व्यक्ति-मनका स्वाभाविक अवस्थादेखि जटिल स्थितिको चित्रण गर्नमा कथाकार सफल देखिन्छन् ।

**घ) भाषाशैली**

यस सङ्कलित कथाहरू यथार्थवादी शैलीमा लेखिएका छन् । सामान्यतया सरल भाषाशैलीको प्रयोग गरिएको पाइन्छ । सरल भाव र अभिव्यक्ति प्रस्तुत भएका यी वाक्यमा संस्कृत तत्सम, तत्भव र आगन्तुक आदि सबै स्रोतका शब्दहरू प्रयोग गरिएको पाइन्छ । पात्र र घटनाको प्रस्तुतीकरणमा वर्णनात्मक शैलीको प्रयोग गरिएको छ । अधिकांश कथाहरु मध्यम आयामका छन् भने **पीडा पखाल्न पिएको पेय** कथामा लघु आयाम रहेको छ । घटना र पात्रको वर्णनमा व्यङ्ग्यात्मक शैली प्रयोग गरिएको छ । कतिपय कथाका शीषक नै व्यङ्ग्यात्मक रहेका छन् ।

*अल्लि अस्ति एकजना मित्रको जन्मतिथि, दुईचार जना ब्राम्हणहरूद्वारा शान्ति-स्वस्ति गर्ने परम्परा धान्दै आएका निज मित्रले मलाई पनि फूलप्रसादको निम्तो दिएका हुँदा म पनि ठिक्क खाने बेला अड्कलेर उनको घरतर्फ लागेँ । (हाँडीभीर जस्तै महान् भएस : पृष्ठ ६४)*

व्यक्ति, समाज र राष्ट्रिय-अन्तराष्ट्रिय परिवेशमा देखापरेका विभिन्न विसङ्गतिलाई प्रस्तुत गर्ने क्रममा कथाकारले विभिन्न बिम्ब र प्रतीकहरूको प्रयोग गरेको पाइन्छ । कथामा पात्रानुकूल संवादको प्रयोग गरिएको छ । एक-दुई शब्दका छोटा संवाद

**ङ) दृष्टिबिन्दु**

यस कथासङग्रहमा संकलित कथाहरूमा प्रथमपुरुष र तृतीयपुरुष दुवै प्रकारको कथन ढाँचा रहेको पाइन्छ । **गुरुहरूको गोज्याउरी**, **यौटा कथाको कथा**, **पीडाभित्रको प्रण**, **हाँडीभीर जस्तै महान् भएस्** र **आन्दोलन अभिनन्दन** कथामा प्रथमपुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ भने **द्रष्टा र दृष्टि**, **पीडा पखाल्न पिएको पेय**, **ऊ फेरि कहिल्यै फर्केन**, **बिन्ती**, **श्रद्धाञ्जली**, **पुनर्विवाह**, **फैसला**, **शहीद सम्मेलन** र **कथा इतिहासको** कथामा तृतीयपुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ । प्रथमपुरुष दृष्टिबिन्दुको प्रयोग भएका सबै कथाहरूमा परिधीय दृष्टिबिन्दु रहेको पाइन्छ । तृतीयपुरुष दृष्टिबिन्दु प्रयोग भएका अधिकांश कथाहरूमा सर्वदर्शी दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

**च) उद्देश्य**

सामाजिक पृष्ठभूमिमा लेखिएका सम्पूर्ण कथाहरूमा कुनै न कुनै भाव वा सन्देश अभिव्यक्त गरेको पाइन्छ । मानिसमा पाइने विविध खालका चारित्रिक विशेषता, सामाजिक स्वरूप र वर्तमान परिवेशलाई यी कथाहरूमा प्रस्तुत गरिएको छ । मानिस विवेकशून्य बन्दै गएकाले कथाकारले कथाका माध्यमबाट उसमा मानवीय सम्वेदनाको विकास गराउन खोजेका छन् । व्यक्तिको चारित्रिक विकासका साथै वर्गीय चेतना, सामाजिक भावना र राष्ट्रियताको विकास गराउनु यी कथाको अभिप्राय रहेको पाइन्छ ।

## परिच्छेद् छ

## ६. उपसंहार

नेपालको पश्चिमाञ्चल विकास क्षेत्रअन्तर्गत पर्ने धवलागिरि अञ्चल नेपाली साहित्यको विकासका दृष्टिले महत्त्वपूर्ण रहेको छ । नेपाली साहित्यको क्षेत्रमा महान् स्रष्टा र साहित्यिक कृतिहरू फलाएर यस क्षेत्रले ठूलो योगदान दिएको छ। धवलागिरि अञ्चलको साहित्यिक स्थितिबारे अध्ययन गर्ने क्रममा विभिन्न खोज अध्ययन भइरहेका छन् । प्रस्तुत शोधपत्र धवलागिरिको कथा विधामा केन्द्रित रहेको छ । यसमा धवलागिरि अञ्चलको सङ्क्षिप्त चिनारी, साहित्यिक सर्वेक्षण गर्नुका साथै धवलागिरि अञ्चलका कथाको स्वरूप, विकास प्रक्रिया तथा कथाकारहरूको प्रवृत्ति र योगदानको चर्चा गरिएको छ ।

धवलागिरि अञ्चल भौगोलिक विविधता भएको अञ्चल हो । हिमाली र पहाडी प्रदेशमा फैलिएर रहेको यो अञ्चलमा सामाजिक रूपमा पनि विविधता पाइन्छ । धवलागिरि हिमालको काखमा अवस्थित यस अञ्चलको भूभाग कालीगण्डकी, म्याग्दी खोला, मोदी खोलालगायतका नदीहरूद्वारा सिंचित छ। यस अञ्चलमा ब्राह्मण, क्षेत्री, मगर, नेवार, कामी, सार्की जस्ता जातिको बसोबास रहेको पाइन्छ। यो जिल्ला सांस्कृतिक दृष्टिले पनि महत्त्वपूर्ण मानिन्छ। यो जिल्ला विविध धर्म मान्ने मानिसहरू बसोबास गर्ने जिल्ला पनि हो। यहाँ हिन्दू धर्मावलम्बीहरूको बाहुल्यता रहेको छ। हिन्दूधर्मका अतिरिक्त बौद्ध, इस्लाम, क्रिस्चियन जस्ता धर्म मान्ने मान्छेहरू पनि रहेका छन् । त्यसैले यहाँ धर्मअनुरूपका विविध चाडवाड, संस्कृति, रहनसहन तथा खानपान देख्न सकिन्छ । भाषिक दृष्टिले यस अञ्चललाई हेर्दा यहाँ प्रायजसो मानिसहरू मानक नेपाली भाषा नै प्रयोग गर्छन् भने पर्वत जिल्लाका अधिकांश बासिन्दाहरूले पर्वती भाषिकाको प्रयोग गर्दछन् । मगर र छन्त्याल भाषा बोल्ने मानिसहरूको पनि बाहुल्य रहेको छ । यहाँका मानिसहरू भारतदेखि लिएर अरब राष्ट्रहरू, सिङ्गापुर, बेलायत, अमेरिका, जापान, कोरियालगायत थुप्रै मुलुकमा पैसा कमाउन गएका छन्। यो अञ्चल सञ्चार, यातायातका दृष्टिले सुगमतातर्फ ढल्किँदै गएको देखिन्छ।

लोकसाहित्यिक परम्परा र बौद्धिक चिन्तनको परम्पराको पृष्ठभूमिमा धवलागिरि अञ्चलको साहित्यिक परम्परा आरम्भ भएको स्पष्ट समयसीमा उल्लेख गर्न सकिँदैन तर यहाँ प्राचीन कालदेखिनै साहित्यको लेखन हुँदै आएको पाइन्छ। यस्ता कविहरूमा प्राथमिककालीन कवि वीरशाली पन्त उल्लेखनीय रहेका छन् । उनीपछि प्रेमनिधि पन्त, लक्ष्मीदत्त पन्त, सुकृतिदत्त पन्त, देवनारायण

पौडेल, नरहरि सुबेदी आदी साहित्यकारहरूको चर्चा गरिए तापनि यिनीहरूमध्ये केही साहित्यकारको बारेमा स्पष्ट जानकारी प्राप्त गर्न सकिएको छैन । माध्यमिककालमा नेपाली साहित्यलेखनका प्रयासहरू नभएका त होइनन् तर आधुनिककालमा आएर मात्र यहाँको साहित्यले उल्लेख्य गति लिएको पाइन्छ । नेपाली साहित्यमा आधुनिककालको आरम्भ भएपछि मोहनबहादुर मल्ल, कृष्णबम मल्ल, भूपि शेरचन, गोमादेवी उपाध्याय, शिवकुमार प्रधान, गणेशलाल श्रेष्ठ, नरसिंह भक्त तुलाचन आदि स्रष्टाहरू सिङ्गो नेपाली साहित्यको मूल धारमै सशक्त रूपमा देखा परे । आधुनिककालको पहिलो चरणमा देखापरेका यी साहित्यकारहरूको पथलाई पछ्याएर प्रेम छोटा, ठाकुर पराजुली, शास्त्रदत्त पन्त, काजीरोशन, होमनाथ सुबेदी, चन्द्रप्रकाश बानियाँ, बानियाँ कान्छा, अविनाश श्रेष्ठ, नरु थापा, शान्तिनारायण श्रेष्ठ, इन्द्रकुमार विकल्प, साधना प्रतीक्षालगायतका थुप्रै साहित्यकारहरूले कथा, कविता, निबन्ध, नाटक, समालोचना, उपन्यास, आदि विधामा योगदान पुऱ्याई रहेको पाइन्छ । यस जिल्लाका साहित्यकारका अतिरिक्त साहित्यिक या साहित्येतर विभिन्न सङ्घ-संस्था, पत्रपत्रिका तथा पुरस्कारहरूले पनि जिल्लाको साहित्यिक विकासका लागि योगदान पुऱ्याइरहेका छन् । यसरी व्यक्तिगत र सामूहिक प्रयासबाट हाल यहाँको साहित्यिक फाँट धेरै नै उन्नत बनेको छ ।

धवलागिरि अञ्चलमा साहित्यका विभिन्न विधाहरूमध्ये कविता विधा प्राचीन र सर्वाधिक लोकप्रिय विधा बनेको भए तापनि आधुनिककालको आरम्भसँगै नेपाली कथा विधाले पनि उल्लेख्य रूपमा विकास भएको पाइन्छ । नेपाली साहित्यमा प्रथम आधुनिक नेपाली कथाकारका रूपमा गुरूप्रसाद मैनालीको जुन स्थान रहेको छ धवलागिरि अञ्चलको नेपाली साहित्यमा कथाकार कृष्णबम मल्लको पनि त्यस्तै स्थान रहेको छ । उनी वि. सं. १९९६ मा 'बच्ची' शीर्षकको कथा प्रकाशन गरेर नेपाली नेपाली साहित्यको क्षेत्रमा प्रवेश गरेका हुन् । सामाजिक यथार्थवादी र केही मात्रामा मनोवैज्ञानिक यथार्थवादी कथा लेख्ने कथाकार मल्ल यहाँका विशिष्ट कथाकारका रूपमा परिचित छन् । उनीबाट सुरु भएको धवलागिरि अञ्चलको नेपाली कथापरम्परालाई दुई चरणमा विभाजन गरिएको छ- पहिलो चरण (१९९६-२०२०) र दोस्रो चरण (२०२१ देखि हालसम्म) ।

धवलागिरि अञ्चलको नेपाली कथापरम्पराको पहिलो चरणमा कथाकार कृष्णबम मल्लपछि सशक्त कथाकारका रूपमा मोहनबहादुर मल्ल, शिवकुमार प्रधान, गोविन्दलाल श्रेष्ठ, नरसिंहभक्त तुलाचन, शास्त्रदत्त पन्त, बालकृष्ण नेभा, ठाकुरप्रसाद पराजुली आदि कथाकारहरूले धवलागिरि अञ्चलको कथापरम्परालाई अगाडि बढाएका छन् । दोस्रो चरणका प्रमुख कथाकारहरूमा प्रेम छोटा, दिल साहनी, भास्कर, बानियाँ कान्छा, साधना प्रतीक्षा, अविनाश श्रेष्ठ, नरु थापा, इन्द्रकुमार विकल्प, ध्रुवलाल शर्मा, सदानन्द अभागी, दिनबन्धु शर्मा आदि रहेका छन् । यसैगरी षडानन्द पौड्याल,

कृष्णादेवी शर्मा, पूर्णबहादुर कार्की, यज्ञप्रसाद सुवेदी, विष्णु अदीप्त, झलक गरुङ, रामजी आचार्य, गोविन्दप्रसाद भुषाल, सिमा रोशी, ओमप्रसाद घायल, सूर्य के. सी., लीलाधर शर्मा, धनराज सापकोटा, हरिहर पोखरेल, श्रीकृष्ण भुषाल, प्रदीप प्रधान, भविलाल लामिछाने सूर्यनाथ सापकोटालगायत थुप्रै कथाकारहरू धवलागिरिको नेपाली कथाको विकासका निम्ति पछिल्लो समयमा सक्रिय रहेका छन् ।

धवलागिरि अञ्चलको कथा विधाको बारेमा जानकारी लिन यहाँका कथाकार र तिनका कृतिहरूको अध्ययन हुनु आवश्यक छ । तर यहाँका सम्पूर्ण कथाकारहरू र कथाकृतिको गहन अध्ययन गरी निष्कर्ष प्रस्तुत गर्नु जटिल कार्य हो । त्यसैले यहाँका सम्पूर्ण कथाकारहरूमध्ये केही कथाकारहरूलाई प्रतिनिधि कथाकारका रूपमा छनोट गरी तिनका कथाकृतिको विश्लेषण गर्नु सान्दर्भिक देखिन्छ । प्रतिनिधि कथाकार छनोट गर्दा कथाकारको कृतित्वका अतिरिक्त लिङ्ग, वर्ग, जाति, क्षेत्र आदि कुरालाई पनि मुख्य आधार बनाइएको छ । यसरी छनोट गरिएका प्रतिनिधि कथाकारहरूमा पर्वत जिल्लाका कृष्णबम मल्ल, साधना प्रतीक्षा र इन्द्रकुमार विकल्प, बागलुङ जिल्लाका गोविन्दलाल श्रेष्ठ र प्रेम छोटा, म्याग्दी जिल्लाका ध्रुबलाल शर्मा तथा मुस्ताङ जिल्लाका नरसिंहभक्त तुलाचन रहेका छन् ।

कथकाकार कृष्णबम मल्ल धवलागिरिका प्रथम कथाकार मात्र होइनन्, कथाको सङ्ख्या र गुणात्मकताका  दृष्टिले पनि सबल र सफल कथाकार हुन् । सामाजिक यथार्थवादी र मनोवैज्ञानिक यथार्थवादी कथाकारका रूपमा परिचित कथाकार मल्ल धवलागिरि अञ्चलका अग्रणी कथाकार हुन् । गोविन्दलाल श्रेष्ठ, कथाकार मल्लकै प्रवृत्ति र शैलीलाई पछ्याएर देखा परेका कथाकार हुन् । नससिंहभक्त तुलाचन 'अथक' मुस्ताङ जिल्लाका एकमात्र कथाकार हुन् । स्वच्छन्दतावादी शैली अँगालेर सामाजिक विषयका कथा लेख्ने कथाकार अथक धवलागिरि अञ्चलको कथापरम्पराको पहिलो चरणकै कथाकार हुन् । प्रेम छोटा धवलागिरि अञ्चलको कथा क्षेत्रमा सिर्जना र खोज दुवै दृष्टिले सक्रिय कथाकार हुन् । उनले आफ्ना सामाजिक विषयवस्तुलाई गहन रूपमा प्रस्तुत गरेका छन् । कथाकार साधना प्रतिक्षा धवलागिरि अञ्चलकी प्रतिनिधि महिला कथाकार हुन् । यथार्थवादी शैलीमा सामाजिक कथा लेख्ने कथाकार प्रतीक्षाले विशेषतः नारी समस्यालाई विषयवस्तुका रूपमा लिने गरेको पाइन्छ । साहित्यिक विकासका लागि समर्पित पर्वत जिल्लाका कथाकार इन्द्रकुमार विकल्प स्वच्छन्दतावादी शैलीमा कथा लेख्ने कथाकार हुन् । सामाजिक विषयवस्तु अँगालेर कथा लेख्ने कथाकार विकल्पले मूलतः प्रेम विषयक कथालाई सशक्त रूपमा प्रस्तुत गरेको पाइन्छ ।

ध्रुवलाल शर्मा म्याग्दीमा रहेर साहित्यको सेवा गर्ने सशक्त कथाकार हुन् । उनी समसामयिक विषयलाई यथार्थ रूपमा प्रस्तुत गरी मार्मिक अभिव्यक्ति दिने कथाकार हुन् ।

यसरी जम्मा सात जना कथाकारहरूलाई प्रतिनिधि कथाकारका रूपमा छनोट गरिए पनि यी कथाकारहरू र तिनका कथाकृतिका माध्यमबाट धवलागिरि अञ्चलको कथा विधाको झलक पाउन सकिन्छ ।

धवलागिरि अञ्चलमा साहित्यको विकास तीव्र गतिमा भइरहेको छ । प्रस्तुत शोधपत्रको लेखन आरम्भदेखि यसको समाप्तिसम्म यहाँ धेरै स्रष्टा र कृतिहरू जन्मिसकेका छन् । शोधपत्र एउटा निश्चित समय-सीमा निर्धारण गरी लेखिने भएकाले यस शोधपत्रमा पनि २०६४ सम्म देखापरेका साहित्यकार, कृति, साहित्यिक र साहित्येतर सङ्घ-संस्था, पत्रपत्रिका र पुरस्कारको सङ्क्षिप्त जानकारी दिने कार्य मात्र गरिएको छ । हालसम्मका तथ्यहरूका आधारमा तयार गरिएको यो शोधपत्र आगामी दिनहरूमा पनि त्यति नै महत्त्वपूर्ण रहने छ । धवलागिरि अञ्चलका कुनै पनि जिल्ला र क्षेत्रभित्रका विभिन्न विधामा अध्ययन गर्न चाहने अध्येताहरूका लागि प्रस्तुत शोधपत्रले टेवा पुऱ्याउने छ । यस अञ्चलको साहित्यिक अध्ययन गर्न चाहेमा शोधार्थीले निम्न शीर्षकहरूमा शोधकार्य गर्न सक्नेछन्:

१. धवलागिरि अञ्चलका प्रतिनिधि कवि र कविताको अध्ययन

२. धवलागिरि अञ्चलका प्रतिनिधि उपन्यासकार र उपन्यासको अध्ययन

३. धवलागिरि अञ्चलका प्रतिनिधि नाटककार र नाटकको अध्ययन

३. पर्वत, बागलुङ, म्याग्दी र मुस्ताङ जिल्लाका प्रतिनिधि कवि र कविताको अध्ययन

४. पर्वत, बागलुङ, म्याग्दी र मुस्ताङ जिल्लाका गजलकार र गजलको अध्ययन

५. पर्वत, बागलुङ, म्याग्दी र मुस्ताङ जिल्लाको निबन्धकार र निबन्धको अध्ययन

## सन्दर्भसामग्रीसूची

### (क) पुस्तकसूची


अवस्थी, महादेव (२०५५) **नेपाली कथा भाग- २**, ललितपुरः साझा प्रकाशन ।

आचार्य, नरहरि र अन्य, (२०५४) **नेपाली कथा भाग-१**, ललितपुरः साझा प्रकाशन ।

गौतम, देवीप्रसाद (२०५४) **नेपाली कथा**, काठमाडौंः नवीन प्रकाशन ।

छोटा, प्रेम (२०४२) **प्रकारान्त**, बागलुङः र. श्रे. पु. सं. ।

..................... (२०५३) **धवलागिरिका कथाहरू** काठमाडौंः ने. रा. प्र. प्र. ।

.................... (२०६०) **धवलागिरिको वाङ्मय सूची**, बागलुङः विद्यामन्दिर पुस्तकालय ।

तुलाचन, नरसिंहभक्त (२०१३) **युगल प्रेमी**, थाक टुकुचेः लेखक स्वयम् ।

न्यौपाने, टेकप्रसाद (२०५५) **साहित्यको रूपरेखा**, ललितपुरः साझा प्रकाशन ।

पोखरेल, बालकृष्ण र अन्य (२०५४) **बृहत् नेपाली शब्दकोश**, काठमाडौंः ने. रा. प्र. प्र. ।

पौडेल 'बी', कृष्ण (२०६१) **नानी हजुरको,** जैदी कुइधाङ, (नेत्र ढुङ्गाना) ।

पौड्याल, हीरामणि शर्मा (२०४४) **पर्वत भाषिकाको स्वरुप र संरचना**, पर्वतः इन्दिरा शर्मा पौड्याल ।

प्रतीक्षा, साधना (२०५३) **रगतका दुई रङ**, बागलुङः ध. सा. पु. प्र. ।

प्रतीक्षा, साधना (२०६१) **अतृप्त आकाश**, ललितपुरः साझा प्रकाशन ।

प्रपन्नाचार्य, स्वामी (२०५१) **कार्तविर्योदय**, काठमाडौंः ने. रा. प्र. प्र. ।

बन्धु, चुडामणि (२०४३) **भाषाविज्ञान**, ललितपुरः साझा प्रकाशन ।

बराल, ईश्वर (२०५३) **झ्यालबाट**, ललितपुरः साझा प्रकाशन ।

बराल, ऋषिराज र घिमिरे, कृष्णप्रसाद (२०५५) **नेपाली कथा, भाग ३**, ललितपुरः साझा प्रकाशन ।

बानिया, चन्द्रप्रकाश (२०६३) **ऐतिहासिक पर्वतराज्य,** म्याग्दीः म्याग्दी पुस्तकालय ।

भट्टराई, ज्ञानेश्वर (२०६१)**बृहत् ज्ञान कोश**, काठमाडौंः नवीन प्रकाशन ।

मल्ल, कृष्णबम (२००९) **गुरुजीको मलामी**, वनारसः नेपाली साहित्य मण्डल ।

………………… (२०१८) **देवता**, ललितपुरः साझा प्रकाशन ।

………………… (२०४१) **श्री ५ राम शाहको न्याय**, ललितपुरः साझा प्रकाशन ।

यादव, योगेन्द्र र रेग्मी, भीमनारायण (२०५९) **भाषाविज्ञान**, कीर्तिपुरः न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

विकल्प, इन्द्रकुमार (२०६०) **सर्वदलीय घर**, पर्वतः रामचन्द्र जोशी ।

…………………… (२०६३) **बैंसका रहरहरू**, काभ्रेः जनमत प्रकाशन ।

…………………… (२०६४) **निस्तो सम्झैता**, पर्वत साहित्य सङ्गम, पर्वत, ।

शर्मा, ध्रुवलाल (२०६४) **यौटा कथाको कथा**, म्याग्दीः प्रमोद शर्मा ।

श्रेष्ठ, गोविन्दलाल (२०१६) **अधुरो सपना**, काठमाडौंः लेखक स्वयम् ।

……………… (२०४१) **दश कथा**, काठमाडौंः प्रवीण प्रबोध स्रैंजु ।

श्रेष्ठ, टेकबहादुर (२०४९) **पर्वत राज्यको एतिहासिक रूपरेखा**, कीर्तिपुरः नेपाल र एसियाली अनुसन्धान केन्द्र ।

श्रेष्ठ, दयाराम, (२०६१) **साहित्यको इतिहासः सिद्धान्त र सन्दर्भ**, काठमाडौंः त्रिकोण प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०५७) **नेपाली कथा भाग -४**, ललितपुरः साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम र मोहनराज शर्मा, (२०४९) **नेपाली साहित्यको सङ्क्षिप्त इतिहास**, ललितपुरः साझा प्रकाशन ।

सिलवाल, आनन्दराज (२०५९) **प्रेम छोटाः व्यक्तित्व र कृतित्व**, बागलुङः रत्नश्रेष्ठ पुरस्कार प्रतिष्ठान ।

सुवेदी, राजेन्द्र (२०६१) **स्नातकोत्तर नेपाली कथा**, ललितपुरः साझा प्रकाशन ।

**(ख) शोधपत्रको सूची**

उच्चै, वेलकमारी (२०५७) **कृष्णबम मल्लको कथाकारिता** (अप्रकाशित शोधपत्र), नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

के. सी., सूर्य (२०६१) **इन्द्रकुमार विकल्पः व्यक्तित्व र कृतित्व** (अप्रकाशित शोधपत्र), म. ब. क्या. बागलुङ।

पौडेल 'बी', कृष्ण, (२०६१) धौलागिरिका बोटे जातिको अर्घो संस्कार गीतः एक अध्ययन, (अप्रकाशित शोधपत्र), नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, ।

पौड्याल, यदुनाथ (२०४८) **उपन्यासकार मोहनबहादुर मल्ल र उनका प्रतिनिधि उपन्यास**, (अप्रकाशित शोधपत्र), नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

शर्मा, गणेशप्रसाद (२०५५) **नेपाली साहित्यमा बागलुङ जिल्लाको योगदान** (अप्रकाशित शोधपत्र), नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

सुबेदी, सुमन्तनाथ (२०५६) **नेपाली साहित्यमा पर्वत जिल्लाको योगदान** (अप्रकाशित शोधपत्र), नेपाली केन्द्रीय विभाग, कीर्तिपुर ।

सुबेदी, रामचन्द्र (२०६४) **म्याग्दी जिल्लाको साहित्यिक सर्वेक्षण** (अप्रकाशित शोधपत्र), नेपाली केन्द्रीय विभाग, त्रि. वि., कीर्तिपुर ।

**(ख) पत्रपत्रिकाहरूको सूची**

विकल्प, इन्द्रकुमार, **पर्वत जिल्लाको सङ्क्षिप्त साहित्यिक गतिविधि**, जनमत, वर्ष २४, अङ्क ७-८, २०६४ ।

केन्द्रीय तथ्याङ्क विभाग, **बागलुङ जिल्ला : एक चिनारी**, काठमाडौं, २०६१ ।

केन्द्रीय तथ्याङ्क विभाग, **मुस्ताङ जिल्ला : एक चिनारी**, काठमाडौं, २०६१ ।

केन्द्रीय तथ्याङ्क विभाग, **पर्वत जिल्ला : एक चिनारी**, काठमाडौं, २०६१ ।

केन्द्रीय तथ्याङ्क विभाग, **मुस्ताङ जिल्ला : एक चिनारी**, काठमाडौं, २०६१ ।

श्री ५ को सरकार, सूचना विभाग, **मेचीदेखी महाकाली**, भाग ३, काठमाडौं २०३१ ।

कँडेल, हरि, **खनिज श्रोतका दृष्टिमा धौलागिरि**, धौलागिरि प्रवाह, धौलागिरि विद्यार्थी समाज, त्रि. वि., काठमाडौं, २०६३ ।

जिल्ला विकास समिति, **बागलुङ जिल्लाको वस्तुगत विवरण**, बागलुङ, २०६३/०६४ ।

जिल्ला विकास समिति, **पर्वत जिल्लाको वस्तुगत विवरण**, पर्वत, २०६४ ।